# शिक्षक निर्देशिका

## नेपाली

## कक्षा ९

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# शिक्षक निर्देशिका

# नेपाली

## कक्षा ९

लेखक

ध्रुवप्रसाद ढुङ्गाना

सचितानन्द घिमिरे

केदारप्रसाद दाहाल

Draft

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

कक्षा ९ नेपाली विषयको शिक्षक निर्देशिका

पाठ्यभार वितरण तालिका

| पाठ न. | पाठ शीर्षक | विधा | पाठ्य भार |
|---|---|---|---|
| १. | अनारको बोट | कथा | १० |
| २. | यात्रा सुरु गरौं | कविता | ९ |
| ३. | सङ्गीतज्ञ रामशरण दर्नाल | जीवनी | १० |
| ४. | म को हु“ ? | कथा | ९ |
| ५. | मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व | वक्तृता | १० |
| ६. | बहिनीलाई चिठी | चिठी | ९ |
| ७. | निद्रा | कथा | १० |
| ८. | वसन्त कोकिल | कविता | ९ |
| ९. | जैविक खेती | प्रबन्ध | ९ |
| १०. | मङ्गलाका चार दिन | दैनिकी | ९ |
| ११. | डाक्टर अङ्कल | कथा | १० |
| १२. | आङ सान सुकी | जीवनी | १० |
| १३. | सय रङ इन्द्रेनी | कविता | ९ |
| १४. | महिला हिंसा | संवाद | ९ |
| १५. | छात्रावास | निवेदन | ९ |
| १६. | बन्धनबाट मुक्ति | कथा | ९ |
| जम्मा | | | १५० |

Draft

**सिकाइ सहजीकरण क्रियाकलाप गराउ“दा शिक्षकले विशेष ध्यान दिनुपर्ने कुराहरू**

१. **समूह निर्माण गर्दा**

- दुई दुई जनाको समूह निर्माण गर्दा समान्यतः एक जना छात्र र एक जना छात्रा राखी समूह निर्माण गर्नुपर्छ । कन्या विद्यालय भएमा एक जना जान्ने छात्रा र अर्को कम जान्ने छात्रा को समूह निर्माण गर्नुपर्छ ।
- दुईभन्दा बढी विद्यार्थीको समूह निर्माण गर्दा लैङ्गिक, जातीय, भाषिक, अपाङ्गता, कम जान्ने, जान्ने आदि सबै खाले विद्यार्थीलाई समूहभित्र समेट्ने गरी समावेशी समूह निर्माण गर्नुपर्छ ।

- एउटा क्रियाकलाप गराउ"दा बनाएको समूहलाई नै अर्को क्रियाकलाप गराउ"दा पनि निरन्तरता नदिई सामान्यतः अर्को क्रियाकलाप गराउ"दा समूह सदस्यमा हेरफेर गर्नुपर्छ ।

- भाषिक त्रुटि पहिचान गर्ने काममा भने एउटै मातृभाषा बोल्ने विद्यार्थीहरूलाई एउटै समूहमा राख्नुपर्छ ।

२. **समूहको टोली नेता छनोट गर्दा :**

- समूह क्रियाकलापका लागि समूहको टोली नेता छनोट गर्दा फरक फरक क्रियाकलापमा फरक फरक विद्यार्थी टोली नेता बन्नुपर्ने प्रावधान बनाई त्यसलाई अनिवार्य रूपमा लागु गर्ने संस्कारको विकास गर्नुपर्छ ।

- समूहको टोली नेता समूहका सदस्यलाई समन्वय गरी तोकिएको समयभित्र काम सम्पन्न गराउन सहयोग पुऱ्याउने नेतृत्व कर्ता हो भन्ने बोध विद्यार्थीका बिचमा गराउनु पर्दछ । ऊ नै प्रस्तुत कर्ता हो भन्ने बोध भएमा समूहका बा"की सदस्य निस्क्रिय रहने सम्भावना बढी हुन्छ ।

३. **विद्यार्थी क्रियाकलापको प्रस्तुतीकरण गर्दा र गराउदा :**

- समूहले गरेको कार्यको प्रस्तुतीकरण गराउ"दा समूह कार्य सम्पन्न भइसकेपछि मात्र समूहका सदस्यमध्येबाट गोला प्रथा गराई प्रस्तुत कर्ता छनोट गनुपर्ने परम्पराको विकास गर्नुपर्छ । यसले गर्दा प्रस्तुतीकरणको काम मेरो भागमा पनि पर्न सक्छ ठानी सबै सदस्यहरू उत्तिकै मात्रामा सचेत भई समूह कार्यमा सक्रिय हुन्छन् ।

- अगिल्लो क्रियाकलापमा प्रस्तुत कर्ता भइसकेको समूह सदस्य भएमा उसलाई छोडेर अरू सदस्यका विचमा मात्र गोला प्रथा गराउनु पर्दछ । यसले गर्दा सबै विद्यार्थीलाई प्रस्तुतीकरण गर्ने समान सहभागिताको अवसर प्राप्त हुन्छ ।

- गोला प्रथा विधिबाट छनोट भएको प्रस्तुत कर्ताले आफ्नै समूहबाट एक जना सहयोगी लिन सक्ने प्रावधान राख्नुपर्छ । यसो गर्दा प्रस्तुत कर्ता प्रस्तुतिको क्रममा अलमलिएमा सो सहयोगीले विषय वस्तुलाई स्पष्ट पार्ने काममा सहयोग गर्न सक्छ भन्ने विश्वास हु"दा प्रस्तुत कर्ता स्वयम्को आत्मबल बढ्छ । साथै समूहको प्रस्तुति पनि प्रभावकारी हुन्छ ।

- समूह कार्यको प्रस्तुतीकरण गर्दा समान्यतः कक्षा अगाडि आएर प्रस्तुत गर्ने मौका दिनुपर्छ र विषय वस्तुको प्रस्तुति गर्नुअगि सबैलाई नमस्कार गर्दै प्रस्तुत कर्ताको नाम, प्रस्तुत गरिने कार्यको विषय, समूह सदस्यहरूको नाम भन्नुपर्ने व्यवहार कुशल सिपको प्रयोग गर्नुपर्ने नियम राख्नुपर्दछ ।

- एउटा समूह कार्यको प्रस्तुति लगत्तै अन्य समूहलाई पालैपालो सो प्रस्तुतिका सम्बन्धमा टिप्पणी गर्ने मौका दिनुपर्छ । यसरी टिप्पणी गर्दा पहिला सबल पक्षहरू र पछि

Draft

मात्र सुधार गर्नुपर्ने पक्षहरूलाई भन्नुपर्ने व्यवहार कुशल सिपको को संस्कारलाई विकास गराउनुपर्छ ।

- टिप्पणी कार्य सकिएपछि सो समूहको कार्य प्रस्तुतिका लागि ताली बजाई सम्मान गर्ने बानीको समेत विकास गराउनुपर्छ ।

## ४. शिक्षकले सहजीकरण गर्दा

- सहजीकरण गर्दा शिक्षकले अवलोकन कर्ता, निर्देशन कर्ता, परामर्शदाता र सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ ।
- विद्‍यार्थीहरूले समूह वा एकल कार्य गर्दा सबैतिर उत्तिकै ध्यान पुऱ्याई जहा“ विद्‍यार्थीहरू अलमलमा परेका छन्, त्यस स्थानमा तत्काल पुगी समस्या समाधानमा सहयोग पुऱ्याउनु पर्दछ ।
- यसरी सहजीकरण गर्दा विशेष गरी अपाङ्गता भएका, ढिलो सिकाइ क्षमता रहेका र इतर नेपाली मातृभाषा भएका विद्‍यार्थीहरूलाई विशेष ध्यान दिई आवश्यक सहयोग पुऱ्याउनुपर्छ ।
- यस्तो सहजीकरण कार्यमा सहपाठी सिकाइ (धरै जान्ने विद्‍यार्थीले कम जान्ने विद्‍यार्थी साथीलाई सहयोगात्मक सिकाइ गर्ने) पद्‍धतिको उपयोगमा पनि जोड दिनु ज्यादै प्रभावकारी हुन्छ ।

## ५. पृष्ठपोषण दि“दा

- विद्‍यार्थीहरूबाट हरेक क्रियाकलाप प्रस्तुत गरेपछि शिक्षकले सबैभन्दा पहिले उनीहरूले गरेका राम्रा पक्षहरूको प्रशंसा गर्नुपर्छ । त्यसपछि सुधार गर्नुपर्ने पक्षहरूलाई स्पष्ट पार्दै सुधारात्मक शिक्षण गर्नुपर्छ । अन्त्यमा फेरि पछिका दिनमा थप सुधार हुने आत्मबल प्रदान गर्दै सबलीकरण गर्नुपर्छ ।
- स्मरण रहोस् सुधार गर्नुपर्ने पक्षहरू विद्‍यार्थीलाई कुनै कुराभन्दा कुनै पनि विद्‍यार्थीलाई व्यक्तिगत रूपमा नाम नलिई वा सङ्केत नगरी समग्र विद्‍यार्थीलाई भने जस्तो गरी पृष्ठपोषण दिनुपर्छ ।

## ६. दैनिक विद्‍यार्थी मूल्याङ्कन गर्दा

- विद्‍यार्थीहरूको सिकाइको मूल्याङ्कन निरन्तर रूपमा गर्नुपर्छ । हरेक क्रियाकलापको अन्त्यमा एउटा व्यक्ति वा समूहले प्रस्तुत गरेको कार्य ठिक बेठिक कस्तो भयो ? प्रस्तुत कर्ताले कुन कुन कुरामा सुधार गर्नुपर्छ भनी अरू विद्‍यार्थीहरूबाट नै मूल्याङ्कन गर्ने कार्यका लागि प्रोत्साहित गर्नुपर्छ ।
- शिक्षकले भने विशेष गरी सुधारात्मक शिक्षण कार्यका लागि कक्षा मूल्याङ्कन कार्यलाई उपयोग गर्नुपर्छ ।

- अभिलेखका लागि मूल्याङ्कन गर्दा भने विद्यार्थीहरूले हरेक कक्षा क्रियाकलापहरू गर्दै गर्दा उनीहरूको बोध पक्ष (सुनाइ र पढाइ), अभिव्यक्ति पक्ष (बोलाइ र लेखाइ), कक्षा कार्यमा सक्रियता एवम् सहभागिता, सिर्जनात्मक कार्य, समालोचनात्मक चिन्तन, प्रस्तुतीकरण शैली, व्यवहार परिवर्तन आदि समग्र पक्षको अवलोकन गरी व्यक्तिगत मूल्याङ्कन अभिलेख राख्नुपर्छ ।

- धेरै विद्यार्थीहरू भएका कक्षामा भने कतिपय लिखित सामग्रीलाई विद्यार्थीहरूमा एक आपसमा साटासाट गराई मूल्याङ्कन कार्य गर्न सकिन्छ ।

## ७. गृहकार्य, परियोजना कार्य वा सिर्जनात्मक कार्य दिदा

- सामान्य अर्थमा गृहकार्य भन्नाले विद्यार्थीलाई घरमा गएर गर्न दिने कार्य हो । यस्तो कार्य दि"दा विशेष गरी विषय वस्तु जति कक्षामा सिकाउने र पाठमा भएका अभ्यासहरूलाई जतिसक्दो बढी दिने चलन छ । यस्तो कार्यको अन्त्य गरी पाठमा भएका अभ्यास कार्यलाई कक्षा क्रियाकलापमा नै समायोजन गरी क्रियाकलापमुखी कार्य गराउनु पर्दछ । निर्धारित समयभित्र पाठमा दिइएका केही अभ्यासलाई कक्षा क्रियाकलापमा समेट्न नसकिएको अवस्था वा कुनै विषय वस्तुमा बढी अभ्यास गराउनुपर्ने भएको स्थिति वा धेरै दिन विद्यालयमा विभिन्न कारणले उपस्थित हुन नसकेका विद्यार्थीका हकमा मात्र गृहकार्य दिनु उपयुक्त हुन्छ । अर्को ध्यान दिनुपर्ने कुरा के छ भने एउटा विषयको गृहकार्य विशेषतः आधा घन्टाभन्दा बढी समयको लागि दिनु हु"दैन किनभने नेपाली भाषा विषयबाहेकका अन्य विषयको पनि गृहकार्यको बोझ विद्यार्थीमा हुन्छ भन्ने कुरालाई मनन् गर्नुपर्छ ।

- परियोजना कार्य भनेको विद्यार्थीले आफैंले सोधखोज, अध्ययन, अनुसन्धान गरी दिइएको विषय वस्तु सम्बन्धित कार्य सम्पादन गरी त्यसको लिखित वा मौखिक प्रतिवेदन पेस गर्ने कार्य हो । यस किसिमको कार्यबाट विद्यार्थीले आफैंले गरेर सिक्ने बानीको विकास हुन्छ । यस्तो सिकाइ दिगो पनि हुन्छ । यसका अतिरिक्त परियोजना कार्यले विद्यार्थीमा प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सिप, निर्णय तथा समालोचनात्मक सोचाइ सम्बन्धी सिप र आत्म व्यवस्थापन सम्बन्धी सिप आदि जीवनोपयोगी सिपहरूको विकासमा सहयोग पुऱ्याउ"छ । त्यसैले विद्यार्थीलाई गृहकार्य भन्दा पाठ्वस्तु सम्बन्धी परियोजना कार्य दिनु उपयुक्त हुन्छ ।

- सिर्जनात्मक कार्य भनेको विद्यार्थीले आफ्नै मौलिक शिल्प र शैलीको प्रयोग गरी सिकाइमा प्रभावकारिता ल्याउने तरिका हो । यस किसिमको कार्य दि"दा विद्यार्थीको अन्तर्निहित प्रतिभाको पञ्स्फुटन हुनुका साथै विद्यार्थीहरूमा तार्किक एवम् काल्पनिक क्षमताको विकासमा पनि ठुलो मदत पुऱ्याउ"छ ।

- यसै अर्थमा विद्यार्थीहरूलाई पुरानै तरिकाले गृहकार्य दिने कार्यलाई भन्दा परियोजना वा सिर्जनात्मक कार्यलाई गृहकार्यका रूपमा दिने कार्यमा जोड दिनुपर्दछ ।

- स्मरण रहोस् गृहकार्य काम गर्न दिने मात्र नभई अर्को दिनको कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्ने खालको हुनुपर्छ ।

## पाठ : एक

**पाठ शीर्षक : अनारको बोट**

**एकाइगत पाठ्य वस्तु विभाजन योजना**

| **क्र.सं.** | **पाठ्य वस्तुहरू** | **अनुमानित घन्टी** |
|---|---|---|
| १ | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २ | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३ | श्रुतिबोध र पठन बोध | १ |
| ४ | व्याख्या लेखन | १ |
| ५ | बु“दा टिपोट र सारांश लेखन | १ |
| ६ | घटना वर्णन र निर्देशित कथा लेखन | १ |
| ७ | विवेचनात्मक उत्तर लेखन | १ |
| ८ | कार्यमूलक व्याकरण (भूत काल यसका पक्षहरूको पहिचान र प्रयोग) | १ |
| ९ | स्वतन्त्र रचना (तार्किक शिल्प) | १ |
| १० | निरन्तर मूल्याङ्कन | १ |
| | **जम्मा** | **१०** |

### दिन : पहिलो

पाठ्य वस्तु : सस्वर वाचन र शुद्धोच्चारण

अपेक्षित सिप विकास: बोलाइ (उच्चारण शिक्षण) र पढाइ

Draft

१. **विशिष्ट उद्‌देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्‌यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कथालाई शुद्‌धस“ग भावानुकूल हाउभाउसहित सस्वर वाचन गर्न,

(ख) कथामा प्रयुक्त उच्चारणगत दृष्टिले समस्या भएका शब्दहरूको शुद्‌धस“ग उच्चारण गर्न
।

२. **शैक्षिणिक सामग्री**

- गोजीतालिका र शब्दपत्तीहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- आफ्नो समुदायमा चल्तीमा रहेका लोक कथाका शीर्षकहरू विद्‌यार्थीहरूलाई सोध्नुहोस् र उनीहरूले भनेका उत्तरलाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- लोक कथामा मानवीय र मानवेतर दुवै पात्रहरू रहन सक्ने प्रसङ्‌गलाई जोड्दै यस्ता कथा यथार्थपरकभन्दा पनि सन्देशमूलक हुने जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम छात्र/छात्रा, जातजातिमा, भाषाभाषी, सुस्त श्रवण, दृष्टिविहिन, बोल्न नसक्ने आदि विद्‌यार्थीहरूको पहिचान गरी समावेशी कक्षा व्यवस्थापनको सुनिश्चितता गर्नुहोस् ।
- शिक्षक कथाको कुनै एक अनुच्छेद गति, यति मिलाई हाउभाउसहित आदर्श वाचन गर्नुहोस् । उपयुक्त सिकाइ वातावरणको सुनिश्चितता गर्नुहोस् । विद्‌यार्थीहरूलाई आवश्यक निर्देशन दिनुहोस् ।
- दोस्रो भाषी विद्‌यार्थी, सस्वर वाचनलाई कठिन मान्ने विद्‌यार्थी तथा फरक सिकाइ क्षमता भएका विद्‌यार्थीसमेतलाई सिकाइमा सक्रिय गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्‌यार्थीलाई पालैपालो एक एक अनुच्छेद गति, यति मिलाई भावअनुसार शुद्‌धस“ग सस्वर वाचन गराउनुहोस् । अन्य विद्‌यार्थीलाई साथीले वाचन गरेका शब्दहरूको उच्चारण शुद्‌ध भए/नभएको ध्यानपूर्वक सुनी मूल्याङ्‌कन गर्न निर्देशन दिनुहोस् । गल्ती भएमा वाचन कार्य रोकी सच्याउन निर्देशन गर्नुहोस् ।
- सस्वर वाचनका क्रममा भएको उच्चारण पक्षलाई मूल्याङ्‌कन/निगरानी/अवलोकन गर्दै उच्चारणगत दृष्टिले कठिन भएका शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्

Draft

**क्रियाकलाप ३**

- कथाको सस्वर वाचन गराइसकेपछि विद्यार्थीलाई उच्चारणगत समस्या भएका शब्दहरू पहिचान गर्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् । ती शब्दहरूको शुद्धोच्चारण गर्न विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् ।
- पाठका लक्षित शब्दहरू शब्दपत्ती र गोजीतालिका मार्फत प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई सामूहिक तथा एकल शुद्धोच्चारण अभ्यास गराउनुहोस् ।
- आवश्यकताअनुसार विद्यार्थीहरूलाई सहपाठी सिकाइमा प्रोत्साहित गर्नुहोस् ।
- उच्चारणगत दृष्टिले सिकाइको गति ढिलो भएका विद्यार्थीप्रति सचेत रहनुहोस् ।

४. **प्रतिबिम्बन**

आजको कक्षामा विद्यार्थीहरूले उच्चारण गर्न सिकेका नया“ शब्दहरू आआफ्नो कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

पढाइ अभ्यासको प्रश्न न. २ को अभ्यास घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

- आगामी कक्षाका लागि निम्न लिखित शैक्षणिक सामग्रीको तयारी गर्नुहोस् :

  निम्न लिखित शब्दको अर्थ लेखिएको शब्द सूची :

  मट्याङ्ग्रो, पि“ढी, झल्झलाकार, वृत्तान्त, प्रवृत्ति, स्थापना, वार्षिकी ।

  निम्न लिखित शब्दलाई वाक्यमा प्रयोग गरिएको वाक्य सूची :

  प्रदूषण अचेत, औषधोपचार, परीक्षण, बहुमूल्य, प्रतिमा ।

Draft

दिन : दोस्रो

**पाठ्य वस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

अपेक्षित सिप विकास : शब्दार्थ र वाक्य निर्माण

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको अर्थ बताउन :

मट्याङ्ग्रो, पिंढी, झल्झलाकार, वृत्तान्त, प्रवृत्ति, स्थापना, वार्षिकी ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न :

प्रदूषण अचेत, औषधोपचार, परीक्षण, बहुमूल्य, प्रतिमा ।

२. **शैक्षणिक सामग्री**

गोजितालिका, शब्दार्थ सूची, वाक्य सूची ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

गत दिनका क्रियाकलापका बारेमा सङ्क्षिप्त चर्चासहित पाठको पुनरावृत्ति गराई गत दिन र आजको पाठ्य वस्तुको संयोजन प्रस्तुत गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- १५ मिनेटको समय दिई विद्यार्थीहरूलाई पाठको सस्वर वाचन गर्न लगाउनुहोस् । अर्थबोध नभएका शब्द माग गरी शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- उक्त शब्दका अर्थहरू बताउन विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीबाट अर्थ नआएका शब्दहरूका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा कठिन शब्दका अर्थहरू आआफ्नो कापीमा समेत टिपोट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई आफूले लगेको वाक्य पत्ती प्रदर्शन गर्नुहोस् र दुई दुई जनाको समूहमा १५ मिनेटको समय दिई त्यस्तै प्रकृतिका अन्य एक एक ओटा वाक्य निर्माण गर्न दिनुहोस् । विद्यार्थीले समूहमा काम गरेको समयमा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई बा“की विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

विद्यार्थीहरूलाई शब्दको अर्थ र वाक्यमा प्रयोग गर्ने प्रश्नोत्तर क्रियाकलाप गर्न १० मिनेटको समय दिनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

- निम्न शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर ल्याउन लगाउनुहोस् :



Draft

प्रदूषण, अचेत, बिलौना, औषधपोचार, मट्याङ्ग्रो, वृत्तान्त, परीक्षण, बहुमूल्य, वार्षिकी, प्रतिमा ।

६. **शिक्षकका लागि परियोजना कार्य**

आगामी कक्षाको लागि निम्न लिखित शैक्षणिक सामग्रीको तयारी गर्नुहोस् :

निम्न लिखित बोध प्रश्नहरूको सूची

(१) गाउ“ किन सबै खाले प्रदूषणबाट मुक्त थियो ?

(२) कल्पलताका पतिको कसरी निधन भयो ?

(३) कल्पलताले दैवलाई निर्दयी भन्नुको कारण के थियो ?

(४) "भाग्य भए डोकोमा दुध दुहे पनि अडिन्छ" भन्नुको तात्पर्य के हो ?

(५) गाउ“लेहरू कल्पलतास“ग किन खुसीले गद्गद् भए ?

(५) "अनारको बोट" कथाले के सन्देश दिएको छ ?

दिन : तेस्रो

**पाठ्य वस्तु : श्रुतिबोध र पठन बोध**

अपेक्षित सिप विकास : सुनाइ, बोलाइ र पढाइ

**१. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, बोध प्रश्नहरूको सूची र फ्लाटिन पाटी ।

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- अगिल्लो दिनको गृहकार्य ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापलाई शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- कुनै एक विद्यार्थीलाई कथा पाठ सस्वर वाचन गर्न लगाई बा“कीलाई ध्यान दिई सुन्न लगाउनुहोस् । सोपछि किताब बन्द गर्न लगाई पालैपालो सुनाइ अभ्यासको प्रश्न न. १ र ३ का प्रश्नोत्तर क्रियाकलाप गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई सुनाइ अभ्यासको प्रश्न न. २ को क्रियाकलाप गराउनुहोस् । पाठ पल्टाई स्वमूल्याङ्कनका लागि समय दिई अनुभव आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गरी पढाइ अभ्यासको प्रश्न न. ३ र ४ का क्रियाकलाप गराउनुहोस् ।

- विद्यार्थी क्रियाकलापको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सम्पन्न भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा कापी साटासाट गरी पृष्ठपोषण आदान प्रदान गर्न निर्देशन दिनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले गरेका सकारात्मक पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

३. **प्रतिबिम्बन**

- विद्यार्थीहरू समक्ष निम्न लिखित प्रश्नहरू शैक्षणिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूलाई एक आपसमा प्रश्न सोध्ने र उत्तरदिने क्रियाकलाप गर्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

**प्रश्नहरू**

(१) गाउ“ किन सबै खाले प्रदूषणबाट मुक्त थियो ?

(२) कल्पलताका पतिको कसरी निधन भयो ?

(३) कल्पलताले दैवलाई निर्दयी भन्नुको कारण के थियो ?

(४) “भाग्य भए डोकोमा दुध दुहै पनि अडिन्छ” भन्नुको तात्पर्य के हो ?

(५) गाउ“लेहरू कल्पलतास“ग किन खुसीले गद्गद् भए ?

(५) “अनारको बोट” कथाले के सन्देश दिएको छ ?

४. **गृहकार्य :**

- पाठको पढाइ अभ्यासको प्रश्न न. ५ र लेखाइ अभ्यासको प्रश्न न. १ घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

५. **शिक्षकका लागि परियोजना कार्य**

- आगामी कक्षाको लागि निम्न लिखित शैक्षणिक सामग्रीको तयारी गर्नुहोस् :

  कुनै एक उद्धरणको व्याख्या गरिएको नमुना ।

## दिन : चौथो

**पाठ्य वस्तु : व्याख्या लेखन**

अपेक्षित सिप विकास : लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) कथाको विशिष्ट वाक्यांश पहिचान गरी व्याख्या गर्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, व्याख्या गरिएको नमुना र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- कुनै रोचक प्रस्तुतीकरण गराई विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा उत्प्रेरणा प्रदान गर्नुहोस् ।

कक्षामा आज सम्पन्न गरिने मुख्य कार्यबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- उद्देश्यमा उल्लेखित कुनै एक गद्यांशलाई व्याख्या गरिएको नमुना प्रदर्शन गर्नुहोस् । यस बारेमा छलफल चलाउनुहोस् । व्याख्या क्रम/तरिकाबारे धारणा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- निम्न लिखित वाक्यलाई शैक्षणिक पाटीमा लेखी कुनै एक भनाइलाई १० मिनेटको समय दिएर छलफल चलाउनुहोस् । आवश्यकताको पहिचान गरी सहजीकरण गर्नुहोस् ।

क) 'सेवा गरे मेवा मिल्छ' भनेको यही त हो नि ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई १५ मिनेटको समय तोकी छलफल भएको भनाइमा आधारित रहेर मौलिक शैलीमा व्याख्या गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- निर्धारित समय समाप्त भएपछि समावेशितालाई ख्याल गर्दै पालैपालो भाव विस्तारलाई कक्षा प्रस्तुतीकरण गराउनुहोस् । साथै प्रत्येक प्रस्तुतीकरणपश्चात् उक्त भाव विस्तार सम्बन्धमा विद्यार्थीहरूको टिप्पणी माग गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीका प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्ट पार्दै उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूले कक्षा कार्यका रूपमा गरेका दुई ओटा उत्कृष्ट व्याख्यालाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

- लेखाइ खण्डको अभ्यास न. ४ का प्रश्नहरूका उत्तर शुद्ध र सफास“ग मौलिक ढङ्गमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

दिन : पा“चौ“

**पाठ्य वस्तु : बु“दा टिपोट र सारांश लेखन**

अपेक्षित सिप विकास: लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) पाठका निर्दिष्ट अनुच्छेदबाट बु“दा टिपोट गर्न

(ख) निर्दिष्ट अनुच्छेदलाई एक तृतीयांशमा सारांश लेख्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, बु“दा टिपोटको नमुना र सारांश लेखनको नमुना

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- छोटो तर रोचक नीतिकथा सुनाउनुहोस् र त्यसका मुख्य मुख्य बु“दा बताउनुहोस् । यसका माध्यमबाट विद्यार्थीहरूको ध्यान खिची उत्प्रेरणा जगाउनुहोस् ।
- आजको घन्टीको प्रमुख कार्यहरूबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- पाठको दोस्रो अनुच्छेदमा आधारित बु“दा टिपोटको नमुना र सारांश लेखनको नमुना प्रस्तुत गर्नुहोस् । यसका साथै विद्यार्थीहरूलाई बु“दा टिपोट र सारांश लेखनको तरिका बारे स्पष्ट तरिका बताउनुहोस् ।

Draft

१. कल्पलताका पति घा“स काट्न वनमा जानु

२. रूखबाट खसेर ढुङ्गामा बजारिनु

३. अचेत अवस्थामा गाउ“लेहरूले बोकेर घर पु¥याउनु

४. आफ्ना पतिको मृत्युमा कल्पलता धेरै दुःखी हुनु ।

**एक तृतीयांशमा सारांश लेखन**

**दुर्घटना**

कल्पलताका पति घा“स काट्ने क्रममा गोडा चिप्लिएर भुइ“मा खसे । उनलाई गाउ“लेहरूले अचेत अवस्थामा फेला पारे । उनलाई बोकेर घर लगे । केही समयपछि उनको मृत्यु भयो । उनको मृत्युमा पत्नी कल्पलता र छोरोस“गै गाउ“लेहरू पनि रोए । असल बानीलाई गाउ“लेहरूले सम्झिए ।

- पाठको कुनै एक अनुच्छेदमा आधारित भई बु“दा टिपोटका बारेमा छलफल चलाउनुहोस् । विद्यार्थीहरूको टिप्पणी लिई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- भर्खरै छलफल गरिएको अनुच्छेदमा आधारित रही बु“दा टिपोट गर्न १० मिनेटको समय तोक्नुहोस् ।
- बु“दा टिपोटका लागि निर्धारित समय समाप्त भएपछि समावेशीताका आधारमा पालैपालो विद्यार्थीहरूलाई बु“दाहरू सुनाउन लगाउनुहोस् । बा“की विद्यार्थीलाई सो प्रस्तुतिउपर टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- सिकाइ गति मन्द भएका विद्यार्थीसमेतलाई दृष्टिगत गरी बु“दा टिपोटका सम्बन्धमा उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३**

- क्रियाकलाप २ मा बु“दाहरूका आधारमा एक तृतीयांशमा सारांश लेख्न १५ मिनेटको समय तोक्नुहोस् । विद्यार्थीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्तिपश्चात् विद्यार्थीहरूलाई पालैपालो सारांशको कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । साथीको सारांश प्रस्तुतीकरणका विषयमा प्रतिक्रिया माग्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूका सकारात्मक प्रयासको प्रशंसा गर्दै समग्रमा बु“दा टिपोट र सारांश लेखन गर्ने तरिकालाई थप स्पष्ट पार्नुहोस् ।

Draft

४. **प्रतिबिम्बन**

- आजको कक्षा कार्यकलापमा बु“दा टिपोट र सारांश लेखन सम्बन्धी सिकेका नया“ कुराहरूबारे साथीहरूस“ग विचार आदान प्रदान गर्न केही समय दिनुहोस् ।

५. **गृहकार्य :**

- पाठको चौंथो अनुच्छेद पढी त्यसबाट चार ओटा बु“दा टिपी उक्त अनुच्छेदलाई एक तृतीयांशमा शीर्षकसहित सारांश लेख्न लगाउनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

आगामी कक्षाका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

छोटो मिठो कथा, हात्ती र कमिला कथाका बु“दाहरू ।

Draft

## दिन : छैटौ“

**पाठ्य वस्तु : घटना वर्णन र निर्देशित कथा लेखन**

अपेक्षित सिप विकास : बोलाइ र लेखाइ

### १. विशिष्ट उद्देश्य

(क) आफूले जाने सुनेका कथा वा घटनालाई हाउभाउसहित सन्दर्भ मिलाई भन्न

(ख) निर्देशित बु“दाहरूको आधारमा सिर्जनात्मक शैलीमा कथा लेखन गर्न ।

### २. शैक्षणिक सामग्री

- छोटो मिठो कथा, हात्ती र कमिला कथाका बु“दाहरू ।

### ३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूको उमेर र स्तर  सुहाउ“दो छोटो तर घतलाग्दो छोटो कथा (नैतिक, उपदेशात्मक, चरित्र प्रधान आदि) सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।
- कुनै पनि विषय वस्तुको प्रस्तुतिपश्चात् हौसला प्रदान गर्ने संस्कारको विकास गराउन विद्यार्थीहरूलाई ताली बजाउन निर्देशन दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम घटना वर्णन गर्ने तरिकाका बारेमा लघु प्रवचन दिनुहोस् । यस क्रममा विद्यार्थीबाट आएका हरेक जिज्ञासाको सम्बोधन गर्नुहोस् ।

**क्रियाकलाप २**

- शिक्षक आफूले आफ्नै जीवनमा घटेको विशेष घटनाको नमुनाको रूपमा वर्णन गरेर सुनाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई आफ्नो जीवनमा घटेका कुनै एक महत्त्वपूर्ण घटना सोच्नका लागि २ मिनेटको समय दिनुहोस् र पालैपालो घटना वर्णन क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीको घटना वर्णन गरेको सुनेको आधारमा राम्रा पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष देखिएमा आवश्यक सुधारका लागि थप पथ प्रदर्शन गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले न्युजप्रिन्टमा ठुला अक्षरले लेखिएको हात्ती र कमिला कथाका बु“दाहरू कक्षामा प्रदर्शन गर्नुहोस् ।

कथा लेखनका लागि बु“दाहरू

Draft

(१) जङ्गलमा एउटा कमिला हुनु

(२) कमिलाले हात्ती देख्नु

(३) कमिलाले हात्तीलाई ठुलो र शक्तिशाली ठान्नु

(४) कमिलाले हात्तीस“ग ठुलो हुने तरिका सोध्नु

(५) हात्तीले तिम्रो शरीर नै सानो र फुर्तिलो छ भन्ने जवाफ दिनु

(६) हात्तीले कमिलास“ग शरीरअनुसारको तौल बोक्न र सत्रुलाई हमला गर्न सक्ने क्षमता भएको बताउनु

(७) कमिलो दङ्ग पर्नु

(८) हात्तीले कमिलाको शरीर देखेर आफू लोभिएको बताउनु

(९) आफ्ना विशेषता चिन्न नसक्दा सङ्कुचित हुनु

(१०) आफ्ना क्षमता र विशेषताको पहिचान गरी कर्तव्य पथमा लाग्नु पर्ने सन्देश ।

**क्रियाकलाप ४**

- माथिका बु“दाहरूको अध्ययन गरेर सिलसिला मिलाई कथा लेख्नका लागि १० मिनेटको समय दिनुहोस् ।
- सो लेखिएको कथा त्यसपछि ठाउ“ ठाउ“बाट प्रस्तुति गर्नका लागि निर्देशन दिनुहोस् । बा“की विद्यार्थीलाई साथीको प्रस्तुति सुनी त्यसका बारेमा टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीले कथा कथन गर्दा अवलोकन गरेको आधारमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कथा लेखन र घटना वर्णन क्रियाकलाप गर्दा सिकेका महत्त्वपूर्ण कुराहरू टिपोट गरी कक्षामा सुनाउन लगाउनुहोस् ।

५. **सिर्जनात्मक कार्य :**

- तलका बु“दाहरूमा आधारित भएर कथा लेखन गरी ल्याउन लगाउनुहोस् ।

  सुन्दर र शान्त कुखुराको गाउ“ ......... साधुको भेषमा स्यालको आगमन ...... कुटी बनाई त्यही गाउ“मा बस्ने चाहना .......... बुढा कुखुराको विरोध र युवाको समर्थन ......... कुटी निर्माण र स“गै बसाइ ......... कुखुराको बिहे .............. स्याल जन्ती .............. बाटामा सहयोग .............. बेहुलीको घरको रमभ्रूम ............ स्वयम्बरका बेला .............. बेहुलाको खोजी .............. स्यालले बेहुलो खाइदिनु

Draft

............... सबै आक्रोशित ............... दुष्टलाई अवसर दिंदा हुने बेफाइदा .................. ।

दिन : सातौं"

**पाठ्य वस्तु : विवेचनात्मक उत्तर लेखन**

अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य**

(क) ˘अनारको बोट' लोक कथाको विवेचना गर्न ।

२. **शैक्षिणिक सामग्री**

- विवेचनात्मक उत्तर लेख्ने तरिकाको मुख्य बु"दाहरू र विवेचनात्मक उत्तर लेखनका लागि मुख्य मुख्य बु"दाहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- एक दुई विद्यार्थीलाई उनीहरूले पढेका/सुनेका/देखेका कुनै प्रसङ्ग वा घटनाका बारेमा सुनाउन प्रोत्साहन गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम विद्यार्थीहरूलाई विवेचनात्मक उत्तर लेख्ने तरिका र तल दिइएका मुख्य अङ्गहरूका बारेमा बताई विवेचना उत्तर दिने धारणालाई स्पष्ट पार्नुहोस् :

(क) पहिलो खण्ड : परिचय (ख) दोस्रो खण्ड : विवेचना (ग) तेस्रो खण्ड : निष्कर्ष

(क) **पहिलो खण्ड**

- यो विवेचनात्मक उत्तरको प्रारम्भिक खण्ड हो । यो खण्ड एक अनुच्छेदको हुन्छ । लेखकको सामान्य तथा छोटो परिचय र पाठको मूल कथन यस खण्डमा रहन्छ ।

(ख) **दोस्रो खण्ड**

- यो विवेचनात्मक उत्तरको प्रमुख खण्ड हो । प्रश्नमा केन्द्रित रहेर यस खण्डलाई विषय वस्तुको प्रकृतिअनुसार विभिन्न अनुच्छेदमा विभाजन गर्न सकिन्छ ।

(ग) **तेस्रो खण्ड**

- यो विवेचनात्मक उत्तरको निष्कर्ष खण्ड हो । विशेषतः दोस्रो खण्डलाई सङ्गठित गरी सार रूपमा आफ्नो दृष्टिकोण यस खण्डमा उल्लेख गरिन्छ । वाक्य गठन, शब्द चयन, भाषाशैली, बिम्ब प्रतीक आदि उल्लेख गरी निष्कर्ष खण्डलाई एक अनुच्छेदमा टुङ्ग्याइन्छ ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी अनारको बोट कथाका तल दिइएका मुख्य बु"दाहरू प्रदर्शित गरी तिनै बु"दाहरूको आधारमा २० मिनेटको समय निर्धारण गरी विवेचनात्मक उत्तर लेख्न निर्देश गर्नुहोस् :

**पहिलो, दोस्रो र तेस्रो अनुच्छेदबाट निर्मित मुख्य बु"दाहरू**

१) ग्रामीण परिवेशमा सहरको प्रदूषणको गन्ध नरहनु

२) यातायातको असुविधाका कारणले गाउ"को जनजीवन सहरको तुलनामा कष्टप्रद देखिनु

३) मानिस धनले भन्दा मनले सुखी रहन सक्ने कुराको उदाहरण कल्पलता र उनको परिवारबाट पाइने

४) जीवनमा कहिलेकाही" सङ्कटका दिनलाई समेत स्वीकार्नु पर्ने बाध्यता आइपर्ने,

५) कल्पलताका पति घा"स काट्ने क्रममा रूखबाट लडेर मृत्यु हुनु

६) पतिको मृत्युले परिवारमा अपुरणीय क्षति हुनु

- विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- प्रत्येक समूहका टोली नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्त्यमा आवश्यकताअनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**४. प्रतिबिम्बन**

- विवेचनात्मक उत्तर दि"दा ध्यान दिनुपर्ने कुराहरू आफ्नो कापीमा टिपोट गर्नुहोस् । कुनै कुरा छुटेको भएमा यकिन गर्न नजिकको साथीस"ग सुझाव लिनका लागि केही समय दिनुहोस् ।

**५. गृहकार्य/परियोजना कार्य**

- तलको प्रश्नलाई विवेचनात्मक उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् :



Draft

ॅसेवा गरे मेवा मिल्छ' भनाइलाई ॅअनारको बोट' कथाको आधारमा स्पष्ट पार्नुहोस् ।

दिन : आठौँ

**पाठ्य वस्तु : कार्यमूलक व्याकरण**

अपेक्षित सिप विकास : भूतकाल र यसका पक्षहरूको पहिचान र प्रयोग

१. **विशिष्ट उद्देश्य**

(क) भूतकालका क्रियापदहरूको पहिचान गर्न

(ख) भूतकालका विभिन्न पक्षहरूको पहिचान गर्न

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, भूतकालका विभिन्न पक्षहरू लेखिएको चार्ट, गोजी तालिका र वाक्य पत्तीहरू ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- विद्यार्थीहरूलाई स्वतः स्फूर्त रूपमा आफूभित्र रहेका विशेष प्रतिभा प्रदर्शन गर्न केही समय दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा उल्लेख गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम व्याकरण सिकाइलाई विद्यार्थीले व्यवहार गर्ने भाषामा उनीहरूको सक्रिय सहभागितामा सिकाइ सहजीकरण गर्न आफू पूर्ण रूपमा तयार रहनुहोस् । यसै क्रममा भूत काल र यसका पक्षहरूको सिकाइ सहजीकरणका लागि आगमन विधिलाई भरपुर रूपमा उपयोग गर्नुहोस् ।
- विद्यार्थीहरूको पूर्व भाषिक अनुभव, रुचि, आवश्यकता आदिलाई ध्यान दिई इच्छुक विद्यार्थीलाई घटना वर्णन/संस्मरण वा अनुभवहरूलाई मौखिक प्रस्तुतीकरण गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा आवश्यकताअनुसार उनीहरूलाई आवश्यक सहजीकरण पनि गर्नुहोस् ।
- आफूले शैक्षणिक सामग्रीका रूपमा लगेका भूतकालका विभिन्न पक्षहरू लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूद्वारा गरिएको मौखिक प्रस्तुति र भूतकालका पक्षहरूको सन्दर्भलाई जोड्नुहोस् ।

**क्रियाकलाप २**

- सिकाइ सहजीकरण कार्यमूलक भएको सुनिश्चित गर्नुहोस् । शैक्षणिक पाटीमा निम्न तालिकामा भूतकालका विभिन्न पक्षहरूका क्रियापद लेख्नुहोस् । भूतकालका विभिन्न पक्षहरूबारे विद्यार्थी समूहहरूबिच छलफल गराउनुहोस् ।

| सामान्य भूत | अपूर्ण भूत | पूर्ण भूत | अज्ञात भूत | अभ्यस्त भूत |
|---|---|---|---|---|
| गयो | जा“दै थियो | गएको थियो | गएछ | जान्थ्यो |
| भयौँ | हु“दै थियो | भएको थियो | भएछौ“ | हुन्थ्यौ“ |
| गरी | गर्दै थिई | गरेकी थिई | गरिछे | गर्थी |
| पढ्यौ | पढ्दै थियौ | पढेका थियौ | पढेछौ | पढ्थ्यौ |

**क्रियाकलाप ३**

- माथि उल्लिखित तालिका आधारमा भूतकालका पक्षहरू र यसका क्रियापदबारे विद्यार्थीहरूलाई आफ्नो कापीमा लेख्न लगाउनुहोस् ।
- व्याकरण खण्डको अभ्यास न. ९, १० र ११ लाई कक्षा कार्यका रूपमा लेख्न निर्देशन दिई सहपाठी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् । यस क्रममा अलमलमा परेका समूह तथा विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूबाट गरिएका सकारात्मक पक्षलाई प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- भूत कालका विभिन्न पक्षहरूको प्रयोग गरी १० ओटा वाक्यमा आफ्नो बाल्यकालको वर्णन गर्न लगाई सो मिल्यो मिलेन कक्षामा सुनाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

- व्याकरण खण्डको अभ्यास ६, ७ र १२ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

दिन : नवौ“

**पाठ्य वस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)**

अपेक्षित सिप विकास : लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) पाठका प्रमुख पात्र/घटना/सन्दर्भस"ग सम्बन्धित भएर तर्कपूर्ण उत्तर दिन

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, प्रश्नहरूको सूची र फ्लाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- अगिल्लो दिनको गृहकार्य/परियोजना कार्यलाई कक्षा प्रस्तुति गर्न लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

  आजको कक्षामा गरिने मुख्य क्रियाकलापलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- कक्षाको बसाइ व्यवस्थापन सम्पूर्ण रूपमा समावेशी भएको सुनिश्चित गर्नुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीको रूपमा लगिएका प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् । उदाहरण :

  (१) कल्पलतामा केवल दयाका भावना मात्र थिएनन्, उनीमा समाज सेवको भावना त्यत्तिकै प्रबल थिए भन्ने कुरालाई पाठका आधारमा प्रस्ट पार्नुहोस् ।

  (२) यदि कल्पलताको ठाउ"मा भएको भए समाज सेवाका लागि कस्ता कामहरू गर्नुहुन्थ्यो ?

माथिका प्रश्नहरूमा आधारित भएर छलफल गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक सामग्रीको प्रश्न न. १ मा आधारित भई समूह कार्य गर्न १५ मिनेटको समय दिनुहोस् ।

- निर्धारित समय सकिएपछि कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बा"की विद्यार्थीहरू कुरा ध्यानपूर्वक सुनी सुधारका लागि टिप्पणी गर्न लगाउनुहोस् ।

- सकेसम्म विद्यार्थीहरूबाटै सुधारको लागि निष्कर्षमा पुऱ्याउनुहोस् ।

४. **प्रतिबिम्बन**

- शैक्षणिक सामग्रीको प्र. न. २ को प्रश्न दिई कक्षा कार्य गराई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **परियोजना कार्य :**

● आफ्नो गाउ“ वा टोलमा प्रचलित कुनै एक लोक कथा आफ्ना अग्रजबाट सुनी त्यसकै आधारमा एउटा लोक कथा लेखेर ल्याउनुहोस् ।

दिन : दसौं“

**पाठ्य वस्तु : एकाइ परीक्षण (निरन्तर मूल्याङ्कन)**

अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

● प्रश्नपत्र, उत्तर पुस्तिका र निरन्तर मूल्याङ्कन अभिलेख ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालनबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

| **एकाइ परीक्षा** | | |
|---|---|---|
| **कक्षा** : ९ | **विषय** :नेपाली | **एकाइ :** अनारको बोट |

पूर्णाङ्क :२५ उत्तीर्णाङ्क : १० समय : ३५ मिनेट

**खण्ड क**

**सुनाइ र बोलाइ**

१. **तलका प्रश्नहरूको जवाफ दिनुहोस् : (५)**

(क) निम्न लिखित शब्दहरूलाई शुद्ध उच्चारण गर्नुहोस् :(१)

प्रदूषण, यातायात, ओतप्रोत, अनुपस्थित, मट्याङ्ग्रो

(ख) अनारको बोटलोक कथाको शीर्षक उपयुक्त छ ? भन्नुहोस् । (२)

(ग) तपाईंले सुन्नुभएका लोक गीत भाका हालेर गाउनुहोस् । (२)

**खण्ड ख**

**पढाइ र लेखाइ**

२. **तलका समूह (क) र (ख) बिच जोडा मिलाउनुहोस् : (५)**

| क | ख |
|---|---|
| भाइले उज्यालो भयो भनेर भन्यो । | अभ्यस्तु भूत |
| हली हलो जोत्दै थियो । | सामान्य भूत |
| शिक्षकले विद्यार्थीलाई पढाउनुभएछ । | अपूर्ण भूत |
| केटाकेटी कपर्दी खेल्थे । | पूर्ण भूत |
| हिजो विद्यालय लागेको थियो । | अज्ञात भूत |

३. **सङ्क्षिप्त उत्तर लेख्नुहोस् :** (५)

(क) अनारको बोट लोक कथा पढेर के शिक्षा पाइन्छ, लेख्नुहोस् ।

४. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :** (५)

(क) मानिसमा मात्र होइन, अन्य प्राणीमा पनि सेवाको पैंचो तिर्ने प्रवृत्ति पाइँदो रहेछ ।

५. **तल दिइएका बु“दाहरूका आधारमा कथा लेख्नुहोस् : (५)**

एउटी दुध बेच्ने केटी................दुधको भा“डो बोकेर सहर जा“दै गरेकी.......कल्पना गर्नमा मस्त........दुध बेचेर कुखुरी किन्ने........त्यसको पैसाबाट बाख्री किन्ने........त्यसबाट गहना र लुगा किनेर राम्री बन्ने........ढुङ्गामा ठेस लागेको...... दुध पोखिएर सकिएको.......कामभन्दा पहिले धेरै कल्पना गर्नु हानिकारक........।

| |
|---|
| **नोटः** धेरै विद्यार्थी भएको कक्षामा सुनाइ र बोलाइको परीक्षण समूह समूहबिच गराउन सकिन्छ । |

**क्रियाकलाप २**

**निरन्तर मूल्याङ्कन अभिलेख :**

- सुनाइ र बोलाइ सिपको परीक्षण सकेपछि विद्यार्थीले प्रश्नको उत्तर लेख्दै रहेको समयमा निम्न लिखित आधारमा प्रत्येक विद्यार्थीको पाठगत निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् :

| **रो. न.** | **विद्यार्थीको नाम** | **निरन्तर मूल्याङ्कनका मुख्य आधारहरू** | | | | | | **प्राप्त रेजा** | **प्रतिशत** | **श्रेणी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी हाजिरी | कक्षाकार्यमा सहभागिता | परियोजना/गृह कार्य | सिर्जनात्मक कार्य | मौखिक तथा लिखित अभिव्यक्ति | व्यवहारमा परिवर्तन | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

Draft

**निरन्तर मूल्याङ्कन गर्ने तरिका :**

| | | |
|---|---|---|
| प्रत्येक कार्यमा रेजा दिने तरिका:<br>धेरै राम्रो जान्नेलाई ✓✓✓ रेजा<br>मध्यम जान्नेलाई | प्रतिशत निकाल्ने सूत्र :<br>विद्यार्थीले प्राप्त गरेको रेजा ह १००<br>मूल्याङ्कनका आधार | रेजाका आधारमा क, ख, ग श्रेणीमा निकाल्ने तरिका :<br>७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - **क**श्रेणी<br>४० प्रतिशतदेखि ६९ प्रतिशतसम्म - |

| | | |
|---|---|---|
| ✓✓ रेजा<br><br>सामान्य जान्नेलाई<br>✓ रेजा | सङ्ख्या ६ह ३ | **ख**श्रेणी<br><br>४० प्रतिशतभन्दा तल - **ग**श्रेणी |

Draft

पाठ : दुई

**पाठ शीर्षक : यात्रा सुरु गरौ“**

एकाइगत पाठ्य वस्तु विभाजन योजना

| क्र सं. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयब्दध पठन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | आशय / भावार्थ लेखन | १ |
| ४. | मौन पठन र सङ्क्षिप्त उत्तर लेखन | १ |
| ५. | सप्रसङ्ग व्याख्या | १ |
| ६. | अनुच्छेद लेखन | १ |
| ७. | हिज्जे र शब्द भण्डार | १ |
| ८. | व्याकरण (नाम र विशेषण शब्द) | १ |
| ९ | सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता) | १ |
| १०. | निरन्तर मूल्याङ्कन | १ |
| जम्मा | | १० |

Draft

दिन : पहिलों

**पाठ्य वस्तु : लयब्दध पठन र शुद्ध उच्चारण**

अपेक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. विशिष्ट उद्देश्य

(क) ‘यात्रा सुरु गरौं’ कवितालाई लयबद्ध वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न : आरोहण, झोक्का, चकित, निस्पट्ट, प्राङ्गण, सहिष्णुता ।

२. **शैक्षणिक सामग्री**

- गद्य कविताको अंश, पाठ्य पुस्तक र विशिष्ट उद्देश्य महलको (ख) मा दिइएका शब्दहरूको सूची ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- शिक्षकले कुनै सान्दर्भिक गद्य कविताको अंश लयबद्ध वाचन गरी कक्षामा सुनाउनुहोस् । सो कवितामार्फत गद्य कविताका विषयमा लघु प्रवचन दिई पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् । त्यस घन्टीमा गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सबभन्दा पहिले विद्यार्थीमध्येलाई ‘यात्रा सुरु गरौं’ कविता लयबद्ध वाचन गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट सम्भव नभएमा उनीहरूलाई ध्यानपूर्वक सुन्न निर्देश दिंदै आफैंले दुई तिन पटक आदर्श वाचन गरी कविता सुनाउनुहोस् ।

- यसरी लयबद्ध पठन अभ्यास गराउँदा कविताको प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् । सोही अनुसार विद्यार्थीलाई पनि समूहगत रूपमा लय हालेर पढ्ने अभ्यास गराउनुहोस् ।

- सामुहिक कविता वाचन अभ्यास गराइसकेपछि दुई समूहका (भएमा छात्र र छात्रा) बिचमा, बेन्चगत समूहमा र अन्तिममा व्यक्ति व्यक्तिमा लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । पछि विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरूको पालैपालो विद्यार्थीहरूबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई शिक्षकले शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्द सूची पनि प्रदर्शन गरी शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।

- इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी कठिनाइ भएका विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा उनीहरूको उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

- सुस्त श्रवण भएका विद्यार्थीको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् । अन्यथा उनीहरूलाई ती शब्दहरूलाई अनु लेखन गर्न निर्देश गर्नुहोस् ।

Draft

**क्रियाकलाप ३**

- पाठको सुनाइ अभ्यासका प्रश्न न. १ , २ , ३ र ४ का क्रियाकलापहरू गराउनुहोस् । विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

निम्न लिखित प्रश्नहरू सबै विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

- आज पढेको कविताको कुनै चार हरफहरू लयबद्ध वाचन गरेर साथीलाई सुनाउनुहोस् ।

तपाईंले आज उच्चारण गर्न सिकेका नया“ शब्दहरूको सूची बनाई कक्षामा उच्चारण गरेर सुनाउनुहोस् ।

५. **परियोजना कार्य :**

- रेडियो, एफ.एम. वा टिभीबाट सुनेको तपाईंलाई मनपर्ने कुनै कविता वा गीत राम्रा अक्षर पारी छुट्टै पानामा  लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

(क) शब्द र अर्थ पत्ती : देउराली , टुकी , रोदी , धिमे , देउडा र सेलो शब्दहरूको ।

(ख) वाक्य पत्ती : विस्मित, माघी, सम्यक, समृद्धि, अनायास, रहर र आह्लादित ।

| दिन : दोस्रो |
|---|

**पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग**

अपेक्षित सिप विकास : बोलाइ र लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त निम्न लिखित नया“ शब्दहरूको अर्थ बताउन

देउराली, टुकी, रोदी, धिमे, देउडा,  सेलो

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न :

विस्मित, माघी, सम्यक, समृद्धि, अनायास, रहर, आह्लादित ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्य पत्ती, गोजी तालिका र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- गत दिन परियोजना कार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई `यात्रा सुरु गरौं’ कविता मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया“ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नया“ शब्दहरू शिक्षक आफुले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्द पत्तीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- आफूले वाक्यमा प्रयोग गरी लगेका तिन ओटा नमुना वाक्य पत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि उद्देश्य महलमा दिइएका लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् :
- विद्यार्थीले समूह कार्य गर्दा उपयुक्त स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- बोलाइ अभ्यास अन्तर्गतको प्रश्न न. २, ४ र ५ का क्रियाकलापहरू प्रत्येक विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा

Draft

उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- 'तातो कुर्सी' खेल विधिको प्रयोग गर्दै शब्दार्थ र वाक्य प्रयोग कार्यको मूल्याङ्कन तथा प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य :**

- पाठको पढाइ अभ्यास अन्तर्गत प्र. न. ३ र ४ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउँदो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

(क) कविताांशको आशय वा भाव खुलाइएको नमुना ।

| दिन : तेस्रो |
|---|

**पाठ्य वस्तु : आशय /भावार्थ लेखन**

अपेक्षित सिप विकास : लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) 'यात्रा सुरु गरौं' कविताका निर्दिष्ट पङ्क्तिहरूको आशय खुलाउन ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक , कविताांशको आशय वा भाव खुलाइएको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । पत्येक प्रस्तुतिपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्य वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

● विद्यार्थीहरूलाई लेखाइ अभ्यासअन्तर्गतको प्रश्न न. २ पढ्न निर्देश दिनुहोस् । त्यसपछि आफूले लगेको एउटा कविताांशको आशय खुलाइएको नमुना सामग्री प्रदर्शन गर्नुहोस् र सो लेखन सम्बन्धमा छलफल गराई लेख्ने तरिकाका बारेमा अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

● विद्यार्थीहरूलाइ तिन चार जना (आवश्यकताअनुसार) को समावेशी (लिङ्गीय, जातीय, भाषिक आदि) समूहमा विभाजन गरी समूह नेतासमेत तोक्न लगाउनुहोस् । ‘यात्रा सुरु गरौं’ कविताका चार अनुच्छेदमध्ये एउटा समूहलाई एउटा अनुच्छेद पर्ने गरी नमुनाअनुसार १५ मिनेटको समय दिई आशय लेख्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरूले समूहमा बसी आशय लेख्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् । यदि अलमलिएका अवस्था देखिएमा आवश्यक सहयोग पुऱ्याउनुहोस् ।

**क्रियाकलाप ३**

● लेखन कार्य सकिएपछि समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् । स्मरण रहोस् टोली नेता दिनपिच्छे फरक फरक पर्ने गरी नेतृत्व गर्नुपर्ने नियम बनाउनुपर्छ ।

● समूहको प्रत्येक प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीहरूबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

● तलका पङक्तिको आशय लेख्न लगाई मूल्याङ्कन तथा प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

**मोबाइल**

बिग्रने विद्यार्थीका लागि मोबाइल

गीत सुन्ने र फेसबुक चलाउने मात्र माध्यम हो ।

सप्रने विद्यार्थीका लागि यो

नया“ र रामा कुराहरू खोजी अध्ययन गर्ने सशक्त माध्यम हो ।

५. **गृहकार्य :**

● लेखाइ अभ्यास अन्तर्गतको प्रश्न न.४ को अभ्यास घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

● आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

‘यात्रा सुरु गरौं’ (कविता) पाठको कुनै एक प्रश्नको सङ्क्षिप्त उत्तर लेखिएको नमुना

## दिन : चौथो

**पाठ्य वस्तु : मौन पठन र सङ्क्षिप्त उत्तर लेखन**

अपेक्षित सिप विकास : पढाइ र लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) कविता पढी सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , प्रश्न सूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- मस्तिस्क मन्थन ९द्यचबष्ल कतयचकष्लन० सम्बन्धी कुनै प्रासङ्गिक प्रश्न सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आजका विषय वस्तु शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- पढाइ अभ्यासको प्रश्न न. २ का निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् ।

**प्रश्नहरू :**

(क) कस्तो यात्रा सुरु गर्नका लागि कविले आह्वान गरेका छन् ?

(ख) यात्रा सुरु गर्नका लागि समय किन अनुकूल छ ?

(ग) हामीले सजाएका सपनाहरू के के हुन् ?

(घ) यस कविताले हामीहरूलाई के कस्ता सकारात्मक सन्देशहरू दिन खोजेको छ ?

(ङ) नेपाल बहु सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो भन्ने कथनलाई कविताका आधारमा स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई १० मिनेट कविताको मौन पठन गरी माथिका प्रश्नहरूको उत्तर खोजी गरी लेख्ने निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

Draft

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । समूह नेता तोक्न निर्देश गर्नुहोस् । शैक्षणिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । आवश्यक परेमा थप प्रबोधीकरण गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई ‘यात्रा सुरु गरौं’ पाठबाट कुनै एक सङ्क्षिप्त उत्तर आउने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिने दिने कार्य गर्न निर्देशन दिई विद्यार्थी प्रतिबिम्बन गर्ने कार्य सम्पन्न गर्नुहोस् ।

५. **परियोजना कार्य**

- विद्यार्थीलाई तलको कार्य गर्ने परियोजना कार्य दिनुहोस् :

आफ्नो टोल छिमेकमा प्रचलित कुनै चार ओटा गाउ“ खाने कथा र त्यसका उत्तरसमेत खोजेर प्रदर्शन पाटीमा टा“स्नुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

‘यात्रा सुरु गरौं’ पाठको कुनै चार पङ्क्तिको सप्रसङ्ग व्याख्या गरिएको नमुना

Draft

| दिन : पा“चौं“ |
|---|

**पाठ्य वस्तु : सप्रसङ्ग व्याख्या**

अपेक्षित सिप विकास : लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) कविताका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , कवितांशको सप्रसङ्ग व्याख्या गरिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- कुनै मुक्तक , गीत, लघु कवितामध्ये कुनै एक सुनाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- कविताका कुनै चार हरफको सप्रसङ्ग व्याख्या गरेको नमुना प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई सप्रसङ्ग व्याख्या गर्ने बारेमा थप स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् । पाठको लेखाइ अभ्यासको प्रश्न न. ३ का दुई विशिष्ट पङ्क्तिहरूमध्ये एउटा समूहमा एकको मात्र पर्ने गरी कार्य विभाजन गर्नुहोस् र १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- निर्दिष्ट समय समाप्त भएपछि तिन चार ओटा समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि समय कम हुने भएमा बा“की समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई ‘यात्रा सुरु गरौं’ पाठबाट कुनै दुई पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्ने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

Draft

- निम्न लिखित पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् :

  उडाउ“दै शान्तिका सेता परेवाहरू

  तिनै सम्यक आ“खाबाट शान्तिको यात्रा सुरु गरौं ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  **(१) प्रश्न सूची :**

  (क) हाम्रा प्रसिद्ध चाडपर्वहरूमा के के पर्दछन् ?

  (ख) हाम्रा प्रसिद्ध धार्मिक क्षेत्रहरू कुन कुन हुन् ?

  (ग) शान्तिका दुई सम्बोधी आ“खा भनेर केलाई सम्बोधन गर्न खोजिएको हो ?

  (घ) सहकार्यको यात्रा भन्नुको आशय के हो ?

  (ङ) कविले हिमाललाई किन देउता भनेका हुन् ?

  (२) कुनै एक विषयमा लेखिएको एउटा अनुच्छेदको नमुना

## दिन : छैठौं“

**पाठ्य वस्तु : अनुच्छेद लेखन**

अपेक्षित सिप विकास : पढाइ र लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट अनुच्छेदको मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिन

(ख) विभिन्न विषयमा आधारित भई एउटा अनुच्छेद लेख्न

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , प्रश्नोत्तर सूची , अनुच्छेद लेखनको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्य वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाई कविताको दोस्रो अनुच्छेद मौन पठन गर्न ५ मिनेटको समय दिनुहोस्
। आफूले लगेको प्रश्न सूची प्रदर्शन गर्नुहोस् र निम्न लिखित प्रश्नहरूको उत्तर लेख्न निर्देश गर्नुहोस् ।

(क) हाम्रा प्रसिद्ध चाडपर्वहरू के के पर्दछन् ?

(ख) हाम्रा प्रसिद्ध धार्मिक क्षेत्रहरू कुन कुन हुन् ?

(ग) शान्तिका दुई सम्बोधी आ“खा भनेर केलाई सम्बोधन गर्न खोजिएको हो ?

(घ) सहकार्यको यात्रा भन्नुको आशय के हो ?

(ङ) कविले हिमाललाई किन देउता भनेका हुन् ?

**क्रियाकलाप २**

- सबभन्दा पहिले आफूले लगेको कुनै एक विषयमा लेखिएको एउटा अनुच्छेदको नमुना प्रदर्शन गर्नुहोस् । अनुच्छेद लेख्ने तरिकाका बारेमा केही समय छलफल गराई प्रशिक्षण दिनुहोस् ।

- विद्यार्थीहरूलाई चार चार जनाको समावेशी (भाषिक , लिङ्गीय, जातीय, जान्ने र कम जान्ने आदि विद्यार्थीहरू मिलाएर) समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई तलका विषयवस्तमध्ये एउटा समूहलाई एउटा मात्र विषय पर्ने गरी १५ मिनेटभित्र एक एक अनुच्छेद लेख्न निर्देश दिनुहोस् :

(क) वसन्त ऋतु (ख) राष्ट्र निर्माण (ग) शान्ति विकास

(घ) हाम्रो सगरमाथा (ङ) सहिष्णुताको यात्रा

**क्रियाकलाप ३**

- विद्यार्थीहरूले अनुच्छेद लेख्दै गर्दा शिक्षकले अवलोकन कर्ता र सहज कर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- लेखन कार्य सकिएपछि ‘एक जना रहने अरू हिंड्ने ९इलभ कतबथ यतजभच कतचबथ०’ विधिको प्रयोग गर्न लगाउने ।

- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- ‘मलाई मनपर्ने गीत’ विषयमा एउटा अनुच्छेद लेख्न लगाउनुहोस् र आपसमा साटासाट गरी पढ्न पनि निर्देश गर्नुहोस् । अन्त्यमा आजको कक्षामा सिकेका नया“ कुराहरू साथीभाइका बिचमा अनुभव आदान प्रदान गर्न केही समय दिनुहोस् ।

५. **गृहकार्य :**

- पढाइ अभ्यासको प्रश्न न. ४ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## ६. परियोजना कार्य (शिक्षकका लागि)

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  (क) निम्न लिखित शब्दहरूको विपरीतार्थक शब्द पत्ती :

  बन्द, ठाडो, आशा, सहमति, पवित्र, आस्था, सपना ।

  (ख) निम्न लिखित शब्दहरूको पर्यायवाची शब्द पत्ती :

  उज्यालो, पानी, अनायास, सा“भm, घाम, सुरु, एकता, विश्राम ।

  (ग) निम्न लिखित अनेकार्थक शब्दहरूको फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गरेको वाक्य सूची :

  रहर, झरी, मौसम, ताल, चाल, सेलो

  (घ) न्यूनतम् १५ ओटा अनुकरणत्मक शब्दहरूको सूची

| दिन : सातौं“ |
|---|

**पाठ्य वस्तु : हिज्जे र शब्दभण्डार**

अपेक्षित सिप विकास : वर्ण विन्यास र शब्द भण्डार

## १. विशिष्ट उद्देश्य

(क) ‘यात्रा सुरु गरौं’ पाठमा प्रयुक्त चन्द्रबिन्दु लागेका शब्द खोजी टिपोट गर्न र सही उच्चारण गर्न

(ख) ‘यात्रा सुरु गरौ“’ कविताको पाठमा प्रयुक्त अन्तिम अक्षर ह्रस्व भएका शब्दहरू टिपोट गर्न

(ग) ‘यात्रा सुरु गरौं’ कविताको पाठबाट ‘व’ लागेका शब्दहरू टिपोट गर्न

(घ) ‘यात्रा सुरु गरौं’ कविताको पाठबाट ‘श’ लागेका शब्दहरू टिपोट गर्न

(ङ) निम्न लिखित शब्दहरूको विपरीतार्थक शब्द भन्न :

बन्द, ठाडो, आशा, सहमति, पवित्र, आस्था, सपना

(च) निम्न लिखित शब्दहरूको पर्यायवाची शब्द भन्न :

उज्यालो, पानी, अनायास, सा“भm, घाम, सुरु, एकता, विश्राम ।

Draft

(छ) ‘यात्रा सुरु गरौं’ कवितामा प्रयोग भएका अनुकरणात्मक शब्दहरू खोजी वाक्यमा प्रयोग गर्न

(ज) निम्न लिखित अनेकार्थी शब्दहरूलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न :

रहर, झरी, मौसम, ताल, चाल, सेलो

**२. शैक्षणिक सामग्री**

- विपरीतार्थक, पर्यायवाची र अनेकार्थक शब्दहरूको शब्दपत्ती, मूल्याङ्कनका लागि प्रश्न सूची, गोजी तालिका र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई २ मिनेटको समय दिई ‘यात्रा सुरु गरौं’ कविताको पहिलो अनुच्छेद द्रुत लेखन गर्न निर्देशन दिनुहोस् र समय समाप्त हुनासाथ बुझाउनेलाई धन्यवाद दिई उत्प्रेरणात्मक पञ्दान गर्नुहोस् र आज सम्पन्न गरिने क्रियाकलापहरूका बारेमा सङ्क्षिप्त प्रकाश पार्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई ‘यात्रा सुरु गरौं’ पाठमा प्रयुक्त विद३यार्थीले टिपेका चन्द्रबिन्दु लागेका विद्यार्थीले टिपेका शब्दहरूलाई दुई तिन पटक उच्चारण अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- ‘यात्रा सुरु गरौं’ कविताको पाठमा प्रयुक्त अन्तिम अक्षर ह्रस्व भएका शब्द खोजी टिपोट गर्न लगाउनुहोस् । ती अक्षरहरू ह्रस्व लेखिनुका कारणबारे छलफल गराई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई ५ समूहमा विभाजन गर्नुहोस् र समूह नेता पनि छान्न निर्देशन दिनुहोस् । त्यसपछि उद्देश्य महलको (घ) , (ङ) , (च) , (छ) र (ज) न. का क्रियाकलापहरू गर्न १५ मिनेटको समय तोकी उत्तर लेखनका लागि निर्देशन दिनुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि पा“चै समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् ।

- त्यसपछि आफूले लगेका शैक्षणिक सामग्रीहरूलाई पालै पालो प्रदर्शन गरी समूहहरूले गरेका कार्यमा कुनै गल्ती भएकामा सुधार गर्न प्रोत्साहन दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिलाई सुधार गरिसकेपछि सबै विद्यार्थीलाई आफ्नो कापीमा सार्न लगाउनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले गरेका कार्यहरूको सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औँ"ल्याई समग्रमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका नया" कुराहरूका बारेमा आफ्नो नजिकको साथीस"ग छलफल गर्ने केही समय दिनुहोस् ।

५. **गृहकार्य**

- पाठ्य पुस्तकको बोलाइ अभ्यासको प्र.न. ६, ७ र लेखाइ अभ्यासको प्रश्न नं. ४ घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ"दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  (क) उत्प्रेरणात्मक कार्यका लागि प्रश्न सूची

  (ख) क्रियाकलाप १ का लागि प्रश्न सूची

  (ग) नाम र विशेषण भएका शब्द पत्ती

  (घ) मूल्याङ्कन कार्यका लागि दुई प्रश्न सूची

दिन : आठौँ"

**पाठ्य वस्तु : व्याकरण (नाम र विशेषण शब्द)**

अपेक्षित सिप विकास : पदवर्ग पहिचान

१. **विशिष्ट उद्देश्य**

(क) वाक्यमा प्रयोग भएका नाम र विशेषण शब्द पहिचान गर्न

(ख) नाम र विशेषण शब्दको प्रयोग गरी वाक्य निर्माण गर्न

२. **शैक्षणिक सामग्री**

Draft

- पाठ्य पुस्तक, उत्प्रेरणात्मक का लागि  प्रश्न सूची, क्रियाकलाप १ का लागि प्रश्न सूची, नाम र विशेषण भएका शब्द पत्ती, प्रतिबिम्बनका लागि दुई प्रश्न सूची, गोजी तालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्न सूची प्रदर्शन गरी अलग्गै पानामा ५ मिनेटभित्र उनीहरूको धारणा बुझ्नुहोस् ।

  (व्यक्तिगत विवरण) भर्न  निर्देशन दिई उत्प्रेरणा जगाउनुहोस् :

  **प्रश्नहरू**

  (क) तपाईंलाई कस्ता रङहरू मन पर्छन् ?

  (ख) तपाईंलाई कस्ता रङहरू मन पर्दैनन् ?

  (ग) तपाईंलाई कस्ता खानेकुरा मन पर्छन् ?

  (घ) तपाईंलाई कस्ता जनावर मन पर्छन् ?

  (ङ) तपाईंलाई कस्ता खानेकुरा मन पर्दैनन् ?

  (च) तपाईंलाई कस्ता जनावर मन पर्दैनन् ?

  (छ) तपाईंको कुन सङ्ख्या लक्की (शुभ) हो ?

  (ज) तपाईंलाई कुन सङ्ख्या अशुभ हो ?

- विद्यार्थीहरूले माथिको क्रियाकलाप सम्पन्न गरिसकेपछि यही प्रसङ्गलाई जोड्दै आज अध्ययन गरिने विषय वस्तुबारे विद्यार्थीलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई सम्भव भएमा एक छात्र एक छात्रा पर्ने गरी दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । टोली नेता सामान्यतः छात्रालाई नै छान्न निर्देशन दिनुहोस् । त्यसपछि शैक्षणिक सामग्रीको रूपमा लगेको निम्न लिखित प्रश्न दिई ७ मिनेटभित्र क्रियाकलाप सम्पन्न गर्न निर्देश दिनुहोस् :

उदाहरण :

| | |
|---|---|
| सेतो | रुमाल, कपाल |

- उदाहरणमा दिए जस्तै गरी तपाईंले जानेका कुनै दुई कुराहरूको नाम तलको तालिकामा लेख्दै जानुहोस् ।



Draft

| | | | | | |
|---|---|---|---|---|---|
| कालो | | अल्छी | | त्यो | |
| सोझो | | नया“ | | यो | |
| लोभी | | दयालु | | सातौं | |
| एकोहोरो | | अग्लो | | ती | |
| असल | | त्यत्रो | | पहिलो | |
| खराब | | सानो | | बाङ्गो | |
| मिहिनेती | | भयङ्कर | | धनी | |
| सहनशील | | ठुला | | आधा | |
| अलिकति | | धेरै | | सबै | |

- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि थोरै विद्यार्थी भएको हकमा सबै समूहलाई र धेरै समूह भएमा ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । स्मरण रहोस्, धेरै विद्यार्थी भएका समूहमा एक पटक प्रस्तुतीकरण गरेको समूहलाई नै अर्को पटकको प्रस्तुतीकरणको मौका नदिई फरक समूहलाई अर्थात् प्रस्तुतीकरणको अवसर नपाएका समूहलाई मौका दिनुहोस् ।

**क्रियाकलाप २**

- व्याकरण खण्डको प्रश्न न. १ को क्रियाकलाप गर्न विद्यार्थीहरूलाई चार चार जनाको समावेशी समूहमा विभाजन गरी ७ मिनेटभित्र सो कार्य सम्पन्न गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीहरूले क्रियाकलाप सम्पन्न गरेपछि क्रियाकलाप १ कै नीति अपनाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- चार चार जनाको समावेशी समूहमा विभाजन गरी ५ मिनेटभित्र ‘यात्रा सुरु गरौं’ कवितामा प्रयोग भएका विशेषण र विशेषणस“गै आएका नाम शब्दहरू खोज्न लगाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- सबै विद्यार्थीहरूलाई विभिन्न किसिमका विशेषण र नाम शब्द प्रयोग भएका दुई ओटा वाक्य निर्माण गर्न लगाउनुहोस् । उनीहरूबाट निर्मित वाक्यहरूलाई प्रस्तुतीकरण गर्न लगाई अरू विद्यार्थीहरूलाई मूल्याङ्कन र पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- निम्न लिखित सकारात्मक प्रकृतिका कुनै दुई विशेषण शब्दहरूको प्रयोग गरी आफ्नो साथीको प्रशंसा गर्ने क्रियाकलाप सम्पन्न गराउनुहोस् । जस्तै : उमा ज्यादै मिहिनेती र सहयोगी साथी हुन् ।

इमानदार, सहयोगी, मिहिनेती, दयालु, मिलनसार, हँसिलो, रसिलो, उदार, सुन्दर, आदि ।

५. **सिर्जनात्मक कार्य**

- पाठको अभ्यास खण्डमा दिइएको निर्देशन बमोजिमको सिर्जनात्मक कार्य सम्पन्न गर्न निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

गद्य कविता वा मुक्तकका अंश ,कविता प्रतियोगिताका लागि परीक्षण सामग्री , पुरस्कार दिने सामग्री ।

| दिन : नवौ“ |
|---|

**पाठ्य वस्तु : सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता)**

अपेक्षित सिप विकास : सिर्जनात्मक सिप

१. **विशिष्ट उद्देश्य**

(क) आफूलाई मनपर्ने विषयमा गद्य कविता रचना गरी प्रतियोगितामा सहभागी हुन ।

२. **शैक्षणिक सामग्री**

- गद्य कविता वा मुक्तकका अंश, विद्यालयको पुस्तकालय, कविता प्रतियोगिताका लागि परीक्षण सामग्री, पुरस्कार दिने सामग्री ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

Draft

● शिक्षकले विद्यार्थीलाई आफूले लगेको गद्य कविता वा मुक्तकका नमुनाहरू वाचन गरी सुनाउनुहोस् । ती नमुनालाई कक्षाको प्रदर्शन पाटी वा भित्तामा टा"स्नुहोस् । त्यसपछि आजको प्रतियोगिताका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई विद्यालयको पुस्तकालयमा गएर गद्य कविता वा मुक्तकको अध्ययन गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

● अध्ययनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी एउटा टोली नेता पनि छान्न लगाउनुहोस् । त्यसपछि उनीहरूको समूहलाई मनपर्ने कुनै एक शीर्षक छनोट गर्न लगाई १५ मिनेटको समय दिई एउटा गद्य कविता रचना गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले कविता लेख्दै गर्दा समूह कार्यको अवलोकन गर्दै आवश्यक स्थानमा सहजीकरण पनि गर्दै जानुहोस् ।

**क्रियाकलाप ३**

● तोकिएको समय समाप्त भएपछि टोली नेतालाई सबैले सुन्ने गरी हाउभाउ र लय मिलाई कविता वाचन गर्न निर्देशन दिनुहोस् । कविताहरूको निम्न लिखित आधारमा मूल्याङ्कन हुने जानकारी पनि दिनुहोस् ।

| मूल्याङ्नका आधारहरू | लयबद्ध पठन | शुद्धता र स्पष्टता | हाउभाउपूर्ण प्रस्तुति | कविताको भाव | सिर्जनात्मकता | जम्मा |
|---|---|---|---|---|---|---|
| अङ्क भार | १० | १० | १० | १० | १० | ५० |
| १. समूह क | | | | | | |

**क्रियाकलाप ४**

● विद्यार्थीले कविता वाचन गरेको समयमा माथि दिइएको आधारमा प्रत्येक समूहको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा प्रथम , द्वितीय र तृतीय छुट्याई समूहलाई उचित पुरस्कार समेत वितरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- निम्न लिखित प्रश्न सबै विद्यार्थीसमक्ष राख्नुहोस् :

तपाईंहरूलाई आजको कार्यक्रम कस्तो लाग्यो ? आफ्नो प्रतिक्रिया कक्षामा सुनाउनुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूलाई आफूलाई मनपर्ने विषयमा कुनै एक गीत वा कविता घरबाट लेखेर ल्याई प्रदर्शन पाटीमा टा“स्न निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

एकाइ परीक्षाका लागि प्रश्न पत्र र निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

| दिन : दसौं“ |
|---|

**पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन**

अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण

**१. विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् :

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

| | | |
|---|---|---|
| विषय : नेपाली | एकाइ : यात्रा सुरु गरौं“ | कक्षा : ९ |
| पूर्णाङ्क : २५ | उत्तीर्णाङ्क : १० | समय : ३५ मिनेट |

**खण्ड क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) तपाईंले सुनेको कुनै गीतका पा“च हरफहरू मात्र सुनाउनुहोस् ।

(ख) निम्न लिखित शब्दहरूलाई शुद्ध उच्चारण गरी शिक्षकलाई सुनाउनुहोस् :

आरोहण, आह्लादित, आस्था, सहअस्तित्व, ल्होसार ।

**खण्ड ख**

**पढाइ र लेखाइ परीक्षण**

२. शुद्ध गरी सार्नुहोस् : २

हामिले मीठा गित गाएका थियौ ।

३. रेखाङ्कित शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् : ३

आज मैले बजारमा चिने चिने जस्तो लाग्ने **<u>नौलो मान्छे</u>**लाई देखें । **<u>त्यो केटो</u>** मतिर हेर्दै थियो । उसले एक छिनपछि ‘म त तपाईंको सालीको **<u>कान्छो</u>** **<u>छोरो</u>** अमन होइन र ?’ भनी चिनायो । म त जिल्ल परें ।

४. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : ३

| **शब्द** | **अर्थ** |
|---|---|
| अनायास | छिट्टै |
| आह्लादित | राम्रो, सुन्दर |
| छठ | एक्कासी |
| माघी | तराई क्षेत्रमा मनाइने पर्व |
| सम्यक | हर्षित, प्रसन्न |
| | माघ महिनामा थारु जातिले मनाउने प्रसिद्ध चाड |

५. कोष्ठकमा दिइएका विकल्पबाट मिल्दो शब्द राखी खाली ठाउ“ भर्नुहोस् : २

(क) **सा“झ** शब्दको **बिहान**........शब्द हो । (अनुकरणात्मक, अनेकार्थक,

पर्यायवाची)

(ख) **पानी** शब्दको **जल** ........शब्द हो । (विपरीतार्थक , अनुकरणात्मक , पर्यायवाची)

(ग) **झमक्क** ................शब्द हो । (विपरीतार्थक, अनुकरणात्मक, पर्यायवाची)

(घ) **रहर** .................... शब्द हो । (अनुकरणात्मक, अनेकार्थक, पर्यायवाची)

६. सप्रसङ्ग व्याख्या गर्नुहोस : ५

त्यही मन्दिर ,मस्जिद र गिर्जाघरको प्राङ्गणबाट सहधर्मको यात्रा फेरि सुरु गरौ"

७. यात्रा सुरु गरौं कविताबाट हामीले के शिक्षा लिनुपर्छ ? सङ्क्षिप्त उत्तर दिनुहोस् । ५

*नोटः धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहमा गराउन सकिन्छ ।*

**क्रियाकलाप २**

**निरन्तर मूल्याङ्कन अभिलेख :**

- सुनाइ र बोलाइ सिपको परीक्षण सकेपछि विद्यार्थीले प्रश्नको उत्तर लेख्दै रहेको समयमा निम्न लिखित आधारमा प्रत्येक विद्यार्थीको पाठगत निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् :

| रो.न. | विद्यार्थीको नाम | निरन्तर मूल्याङ्कनका मुख्य आधारहरू | | | | | | प्राप्त रेजा | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी हाजिरी | कक्षाकार्यमा सहभागिता | परियोजना/गृह कार्य | सिर्जनात्मक कार्य | मौखिक तथा लिखित अभिव्यक्ति | व्यावहारिक परिवर्तन | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

निरन्तर मूल्याङ्कन गर्ने तरिका



Draft

| | | |
|---|---|---|
| प्रत्येक कार्यमा रेजा दिने तरिका:<br>धेरै राम्रो जान्नेलाई ✓✓✓ रेजा<br>मध्यम जान्नेलाई ✓✓ रेजा<br>सामान्य जान्नेलाई ✓ रेजा | प्रतिशत निकाल्ने सूत्र :<br>विद्यार्थीले प्राप्त गरेको रेजा ह १००<br>मूल्याङ्कनका आधार सङ्ख्या ६ ह ३ | रेजाका आधारमा क, ख, ग श्रेणीमा निकाल्ने तरिका :<br>७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - **क**श्रेणी<br>४० प्रतिशतदेखि ६९ प्रतिशतसम्म - **ख**श्रेणी<br>४० प्रतिशतभन्दा तल - **ग**श्रेणी |

**४. प्रतिबिम्बन**

- परीक्षा सम्पन्न भएपश्चात् निम्न लिखित क्रियाकलाप गर्न निर्देशित गर्दै प्रतिबिम्बन कार्य सम्पादन गर्नुहोस् :

  आजको परीक्षा तपाईंलाई कस्तो लाग्यो ? आफ्ना साथीभाइस“ग विचार विमर्श गर्नुहोस् । उत्तर दिन गाह्रो भएका प्रश्नहरू टिपोट गरी आगामी कक्षामा प्रस्ट हुने योजना बनाउनुहोस् ।

**५. परियोजना कार्य (शिक्षकका लागि)**

- कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) २ को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

**पाठ २ का लागि थप अध्ययन सामग्री**

**१. लयबद्ध पठन शिक्षणका विधि/ विकल्पहरू**

- ❖ स्वाध्ययन गरी आफैँले आदर्श वाचन गरेर
- ❖ विद्यार्थीमध्येबाट उत्कृष्ट वाचकलाई उपयोग गरेर
- ❖ वाचन सिप भएका सहकर्मी शिक्षक आमन्त्रण गरी सहयोग लिएर
- ❖ वाचन सिप भएका समुदायका अन्य व्यक्तित्वको सहयोग लिएर
- ❖ क्यासेट वा सिडी वा मोबाइलको रेकर्ड सुनाएर ।

Draft

२. **शब्दार्थ शिक्षण गर्ने विधि/विकल्पहरू**

- ❖ ठोस वस्तु प्रदर्शन गरी अर्थ बताउन
- ❖ चित्र प्रस्तुत गरी अर्थ बताउने
- ❖ हाउभाउ वा अभिनयबाट अर्थ बताउने
- ❖ समान गुण भएका शब्दबाट अर्थ बताउने
- ❖ शब्दार्थ सूची प्रदर्शन गर्ने
- ❖ विपरीतार्थक शब्दबाट अर्थ बताउने
- ❖ पर्यायवाची शब्दबाट अर्थ बताउने
- ❖ पारिभाषिक शब्दबाट अर्थ बताउने
- ❖ वाक्यमा प्रयोग गरेर अर्थ बताउने

**३. मस्तिस्क मन्थन ९द्यचबष्ल कतयचकष्लन० विधि**

कुनै प्रश्न राख्ने बित्तिकै उक्त प्रश्नको उत्तर तत्काल दिन नसक्ने एकछिन सोचेर वा मन्थन गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरूलाई मस्तिस्क मन्थन सम्बन्धी प्रश्न भनिन्छ । यस्तो प्रश्न विशेष गरी विद्यार्थीहरूलाई अन्य विषयबाट नया" विषयतिर मोडी उत्प्रेरणा जगाउनका लागि उपयोग गरिन्छ । यस्ता प्रश्नहरू विशेष गरी निम्न लिखित प्रकृतिका हुन सक्छन् :

गाउ"खाने कथा सोध्ने प्रश्न, समस्या पूर्ति कविता, शब्द जाल, रेखाहरू खिच्ने वा मिलाउने प्रश्न, प्रश्न गम्भीर लाग्ने तर उत्तर सजिलो हुने ठट्यौला प्रकृतिका प्रश्न, शब्दमा अल्मलिने प्रश्न, हिसाब मिलाउने प्रश्न, बौद्धिक परीक्षण सम्बन्धी प्रश्न, कोठे पद मिलाउने प्रश्न, दुई अर्थ भएका प्रश्न, दुई थरिका दृश्य (म्यगदभि खष्कष्यल) देखिने खालका प्रश्न आदि ।

४. **एक जना रहने अरू हि"ड्ने ९इलभ कतबथ यतजभच कतचबथ० विधि**

समूह कार्य सकिएपछि कक्षा अगाडि आएर समूह नेताले प्रस्तुतीकरण गर्न नलगाई हरेक समूहका एक जना सदस्यले अरू समूहका सदस्यहरू आएको बेला आफ्नो समूहको कार्यको बेन्चमा नै प्रदर्शन गर्ने र मूल्याङ्कन तथा पृष्ठपोषण आदान प्रदान गर्ने । अन्य सदस्यहरू पनि यसरी नै अरु समूहको कार्य हेर्न पालैपालो जाने र मूल्याङ्कन तथा पृष्ठपोषण आदान प्रदान गरी आफ्नो समूह कार्यमा सुधार ल्याउने ।

५. **मूल्याङ्कन कार्यमा तातो कुर्सी खेल विधि ९ज्यत ऋजबष्च एबिथ :भतजयम० को प्रयोग :**

कुनै पाठ्य वस्तुको अध्यापन कार्य सम्पन्न गरेपश्चात् सो घन्टीमा अध्ययन गरेको कुनै पनि विषय वस्तुबाट अधिकतम प्रश्न निर्माण गर्न विद्यार्थीहरूलाई केही समय दिने ।

Draft

सहभागीहरूमध्ये कुनै विद्यार्थीलाई अगाडि बोलाई एउटा कुर्सी (तातो कुर्सी साङ्केतिक रूपमा) मा बस्न लगाउने । अन्य साथीहरूलाई पालैपालो पश्नहरू सोध्ने र उसले सबैको प्रश्नको उत्तर पालैपालो दिनुपर्ने हुन्छ । उसले प्रश्नको जवाफ दिन नसक्ने बित्तिकै उसले त्यो तातो कुर्सी छोड्नु पर्ने हुन्छ । पुनः अर्को साथी तातो कुर्सीमा बसी बस्ने र प्रश्नोत्तरको सोही क्रम चलाई रहने र अन्त्यमा जो तातो कुर्सीमा लामो समयसम्म टिकिरहन्छ उसलाई त्यस दिनको विजयी घोषणा गर्ने वा यथाशक्य पुरस्कारको व्यवस्था गरी सम्मान गर्न सकिन्छ ।

स्मरण रहोस् यस तरिकाले सिकाइ सदृढीकरण गर्दा निम्न लिखित उपलब्धि प्राप्त गर्न सकिन्छ :

- विद्यार्थीहरूले पछि प्रश्नोत्तर क्रियाकलाप गर्नुपर्ने भएकाले सिकाइप्रति सचेत हुन्छन् । एकाग्र सुनाइ क्षमताको पनि विकास हुन्छ ।
- मनोरञ्जनात्मक पाराले मूल्याङ्कन कार्य सम्पन्न गर्न सकिन्छ ।
- विद्यार्थीहरूमा प्रश्न निर्माण गर्ने र प्रश्न सोध्न व्यवहार कुशल सिप को विकास हुन्छ ।
- कक्षा अगाडि गएर निर्धक्क बोल्ने बोलाइ सिपको विकास हुन्छ ।
- स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास हुन्छ ।
- सिर्जनात्मक अभिव्यक्ति सिपको विकास हुन्छ ।

Draft

पाठ : ३

पाठ शीर्षक : सङ्गीतज्ञ रामशरण दर्नाल विधाः जीवनी

## एकाइगत पाठ्य वस्तु योजना

| क्र.स | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | मुख्य घटनाक्रम टिपोट र वर्णन | १ |
| ४. | पठनबोध र छलफल | १ |
| ५. | छलफल र प्रश्नोत्तर | १ |
| ६. | व्याख्या र भाव विस्तार | १ |
| ७. | कार्यमूलक व्याकरण (पद सङ्गति) | १ |
| ८. | परियोजना कार्य (जीवनी लेखन) (सिर्जनात्मक कार्य) | १ |
| ९. | निरन्तर मूल्याङ्कन क्रियाकलाप | १ |
| | जम्मा | ९ |

### पहिलो दिन

पाठ्य वस्तुः सस्वर वाचन र शुद्धोच्चारण

अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण) र पढाइ

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापपछि अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट जीवनी पाठको अनुच्छेदलाई गति, यति मिलाई शुद्धस“ग सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**



Draft

शब्दपत्तीहरू, गोजी तालिका

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

- शिक्षकले सङ्गीतज्ञ शब्द शैक्षणिक पाटीमा लेखी विद्यार्थीलाई त्यसको अर्थ सोध्नुहोस् । विद्यार्थीले सही अर्थ नदिएमा शिक्षक आफै“ले अर्थ बताइदि“दै त्यस दिन शिक्षण गरिने पाठ शीर्षक र पाठ्य वस्तुको जानकारी गराउ“दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सस्वर वाचन क्रियाकलापका लागि सर्वप्रथम निम्न आवश्यक निर्देशन दिनुहोस् : जस्तैः
  - गति (छिटो छिटो) र यति (पद पदका बिचको विश्रम) मिलाई पढ्न निर्देशन दिनुहोस् ।
  - विराम चिहनहरू (अल्प विराम, अर्ध विराम, पूर्ण विराम, प्रश्न सूचक उद्गार)आदिको ख्याल गरी पढ्न निर्देश गर्नुहोस् ।
  - हिज्जे (वर्णहरूको लेख्य विन्यास) को ख्याल गरी शुद् रूपमा पढ्न प्रोत्साहन गर्नुहोस् ।

**क्रियाकलाप २**

- आवश्यक निर्देशन दिइसकेपछि उदाहरणको रूपमा शिक्षकले निर्धारित पाठको पहिलो अनुच्छेद नमुनाको रूपमा सस्वर वाचन गरी सुनाउनुहोस् र यसपछि विद्यार्थीहरूलाई पालैपालो सस्वर वाचन गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापमा ध्यान दिनुहोस् :
  - छात्र र छात्रा दुवैलाई पालैपालो सस्वर वाचन गराउनुहोस् ।
  - दोस्रो भाषी विद्यार्थीलाई बढी सहभागी गराउनुहोस् ।
  - साथीले गरेको उच्चारण विद्यार्थीलाई ध्यान पूर्वक सुन्न निर्देशन दिनुहोस् र अशुद्ध उच्चारण भएमा बिचमै रोकेर सच्याउन लगाउनुहोस् ।
- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्द शिक्षकले शैक्षणिक पाटीमा रिपोट गर्दै जानुहोस् ।
- यस क्रममा कक्षामा सक्षम र कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई आलोपालो गरी सस्वर वाचन गराउनुहोस् ।
- निर्दिष्ट क्रियाकलाप सकिएपछि निर्धारित पाठको कुनै अनुच्छेद तोकी गति र यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

Draft

- सस्वर वाचनको क्रियाकलाप पुरा भएपछि विद्यार्थीहरूलाई पाठका कठिन शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :
  - विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शैक्षणिक पाटीमा टिपोट गरिएका कठिन शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।
  - शिक्षकले पहिले नै तयार पारेर ल्याएका कठिन शब्दका शब्दपत्तीहरू गोजी तालिकामा राखेर देखाउ"दै उनीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

**लक्षित शब्दहरू :**

निवृत्त, पुर्ख्यौली, त्राण, अर्थोपार्जन, शुल्क, शर्मिष्ठा, सङ्कल्प, जीविकोपार्जन, गर्ल्यामगुर्लुम, ट्रम्पेट, फाट्टफुट्ट, पाण्डुलिपि, सङ्घर्ष, पौठाजोरी, जगदम्बाश्री ।

**क्रियाकलाप ४**

- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी उच्चारण हिज्जे शब्द सूची देखाएर बारम्बार उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| निवृत्त - | नि.बृत्. त |
| पुर्ख्यौली - | पुर्.ख्यौ.लि |
| त्राण - | त्राण् |
| अर्थोपार्जन - | अर्.थो.पार्.जन् |
| शुल्क - | सुल्.क |
| शर्मिष्ठा - | सर्.मिस्.ठा |
| सङ्कल्प - | सङ्.कल्.प |
| जीविकोपार्जन - | जि.वि.को.पार्.जन् |
| गर्ल्यामगुर्लुम - | गर्.ल्याम्.गुर्.लुम् |
| पाण्डुलिपि - | पान्.डु.लि.पि |
| जगदम्बश्री - | जग.दम्. बा.स्रि |
| फाट्टफुट्ट - | फाट्.ट.फुट्.ट |
| सङ्घर्ष - | सङ्.घर्. स |

**क्रियाकलाप ४**

Draft

- कमजोर उच्चारण क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई शुद्ध उच्चारण गराउने प्रतियोगितात्मक भाषिक खेल खेलाउनुहोस् ।

- **खेल खेलाउने विधि:** शिक्षकले कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई छुट्टाछुट्टै बेच्चमा बसाली मिल्दो समूहमा विभाजन गर्नुहोस् । त्यसपछि जटिल उच्चारण भएका शब्दहरू कागजमा लेखी गोला बनाउनुहोस् र टिप्न लगाउनुहोस् । शब्दको शुद्ध उच्चारण हिज्जे कापीमा लेख्न लगाई उठेर भन्न लगाउनुहोस् । शुद्ध उच्चारण गरेमा एक अङ्क प्रदान गर्नुहोस् । यसरी जसले बढी अङ्क पाउ“छ त्यो यो खेलमा पहिलो भएको घोषणा गर्नुहोस् ।

- शुद्ध र स्पष्ट उच्चारणका लागि त्यस्ता प्रकृतिका अन्य शब्दहरूसमेत दिई उनीहरूलाई उच्चारण गर्न लगाउनुहोस् । जस्तैः निवृत्तभरण, जीवनोपयोगी, जीवनचर्या, पौराणिक ।

- शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजी तालिकामा राखी सक्षम तथा कमजोर विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

- निम्न किसिमका शब्दयुमहरूको सही हिज्जे छुट्याउन र शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

| | |
|---|---|
| उल्लेखित - | उल्लिखित |
| निवृत्त - | निर्वृत्त |
| जीविकोपाजन - | जीविकोपार्जन |
| बन्दना - | बन्दना |
| पैँ“ठाजोरी - | पउ“ठाजोरी |
| धोनि - | ध्वनि |
| अध्ययन - | अध्येयन |
| शुल्क - | शुक्ल |

४. **प्रतिबिम्बन**

प्रतिबिम्बनका लागि निर्दिष्ट पाठको पृष्ठ २४ को बोलाइ अभ्यास अन्तर्गत प्रश्न न. १, २, ३, र ४ का क्रियाकलाप सोध्नुहोस् ।

(सस्वर वाचन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पुरा गरे, कुन कुनले गरेनन् अवलोकन गरी तिनीहरूको नाम टिपी ती विद्यार्थीहरूको समस्या पहिचान गर्नुहोस् ।)

(समस्या पहिचानपश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरू सरह सस्वर वाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दहरूलाई बारम्बार शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।)

५. **परियोजना कार्य/गृहकार्य**

(क) **विद्यार्थीका लागि**

● विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पुस्तकालयमा गएर शब्दकोशको सहायताले निम्न लिखित शब्दहरूको सही उच्चारण संरचना लेखेर ल्याउन निर्देश दिनुहोस् ।

तत्कालीन, आर्थिक, जीविकोपार्जन, निवृत्त, विश्वास, पुर्ख्यौली, पाण्डुलिपि, भिक्षाटन, सङ्घर्ष, अर्थोपार्जन, त्राण, प्रतिष्ठान, निरन्तरता, अध्ययन, पुरस्कार, संवर्धन, समर्पित, उत्तरार्ध, आधुनिकीकरण, परिस्थिति, सङ्गीताश्रम, सङ्घसंस्था, राष्ट्रिय, अस्पताल, अभियन्ता ।

(ख) **शिक्षकका लागि**

● सस्वर वाचन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पुरा गरे । कुन कुनले गरेनन् अवलोकन गरी तिनीहरूको नाम टिपी ती विद्यार्थीहरूको समस्या पहिचान गर्नुहोस् ।

● समस्या पहिचानपश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरू सरह सस्वर वाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दहरूलाई बारम्बार शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

| **दिनः दोस्रो** |
|---|

पाठ्य वस्तु: शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : शब्द भण्डार र प्रयोग**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त कठिन तथा नया“ शब्दहरूको अर्थ बताउन

(ख) उक्त लक्षित शब्दहरूलाई प्रयोग गरी उपयुक्त वाक्य निर्माण गर्न

२. **शैक्षणिक सामग्री**

शब्द र अर्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) उत्प्रेरणा

● शिक्षकले विद्यार्थीहरूलाई त्यस दिन शिक्षण गरिने पाठ्य वस्तुको जानकारी गराउनु पूर्व सबैलाई एक मिनेट शान्तपूर्वक रही आ“खा चिम्लन लगाउनुहोस् । त्यसपछि हिजो

उच्चारणका क्रममा कठिन भएका शब्दहरू सम्झन निर्देश गर्नुहोस् । समय सकिएपछि आ“खा खोल्न लगाई दुई मिनेटको समय दिएर द्रुत गतिमा ती शब्द कापीमा टिपोट गर्न निर्देशन गर्नुहोस् । समय सकिना साथ कलम बन्द गराई कसले कति धेरै शब्द सम्झिएर लेख्न सक्यो भन्न लगाई सबभन्दा बढी लेख्नेलाई ताली बजाएर स्याबासी दिनुहोस् । त्यसपछि उक्त दिनको क्रियाकलाप सुरु गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- उत्प्रेरणात्मक क्रियाकलाप सकिएपछि शब्दार्थ शिक्षणका लागि निर्दिष्ट पाठबाट आफूलाई अर्थ कठिन लागेका शब्द खोजी कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् । ती शब्दहरू भन्न पनि लगाउ“दै आफूले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक पाटीमा टिपिएका ती शब्दहरूको अर्थ भन्न सर्वप्रथम विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । एउटाले नजाने अर्कोलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् र कसैले भन्न नजानेमा शिक्षक आफूले तयार पारी लगेका शब्दार्थ पत्ती तालिकामा राखेर प्रदर्शन गर्दै अर्थ बताएर उनीहरूलाई कापीमा टिपोट गर्न पनि लगाउनुहोस् । शिक्षकले शब्दार्थ शिक्षणमा निम्न विधिको प्रयोग गर्नुहोस् :

**शब्दार्थ सूची प्रदर्शन गरेर**

निवृत्त - सेवामुक्त

त्राण - सहारा

सङ्घर्ष - कष्ट

शुल्क - तिर्नुपर्ने दस्तुर

सङ्कल्प - अठोट

अविरल - लगातार

फुटकर - चानचुन

अभियन्ता- अगुवा

**विपरीतार्थक शब्दबाट अर्थ बताएर**

विमाता - माता

निवृत्त - नियुक्त

विमुख - सम्मुख

अथक - थकित

प्राज्ञ - मुर्ख

उत्तरार्ध - पूर्वार्ध

असीमित - सीमित

जागृत - सुपुप्त

**पर्यायवाची शब्दबाट अर्थ बताएर**

त्राण - आश्रय, सहारा, बचाउ

वन्दना - प्रार्थना, स्तृति, प्रणाम

आधात - चोट, कष्ट, प्रहार

**शब्दको व्युत्पत्ति, (निर्माण) प्रक्रियाबाट अर्थ बताएर**

विमाता - वि + माता

आधात - आ + धात

प्रबन्ध - प्र + बन्ध

अध्ययन - अघि + अयन

अनुप्रेरणा - अनु + प्रेरणा

- उल्लिखित विधिबाहेक शब्दको प्रकृति हेरी शिक्षकले निम्न विधि अपनाई शिक्षण गर्न सक्नुहुने छ :

  - चित्र प्रस्तुत गरी अर्थ बताएर
  - समान गुण भएका शब्दबाट अर्थ बताएर
  - हाउभाउ वा अभिनयबाट अर्थ बताएर
  - ठोस वस्तु प्रदर्शन गरी अर्थ बताएर
  - वाक्यमा प्रयोग गरेर

- विद्यार्थीहरूलाई निम्न शब्दहरू दिई तिनको अर्थ बताउन लगाउनुहोस् :

  जीविकोपार्जन, निवृत्त, प्रतिकूल, अभियन्ता, उत्तरार्ध, अभियान, अनकन्टार, समर्पण, कदर, अनुसन्धान, पाश्चात्य, तत्कालीन

- उल्लिखित शब्दको अर्थ बताउन नसकेमा आफूले तयार पारी ल्याएको निम्न ढा"चाको शब्दार्थ सूची फलाटिन पाटीमा टा"स गरी सही अर्थ पहिचान गरी भन्न लगाउनुहोस् : जस्तै :

  जीविकोपार्जन - आजीवन, जीवनका लागि कमाइ, जीवनी

निवृत्त - अवकाश, नियुक्ति, सेवारत

प्रतिकूल - विपरीत, सम्मुख, अनुकूल

अभियन्ता - अगुवा, पछुवा, भगुवा

उत्तरार्ध - पछिल्लो, पूर्वार्ध, अगिल्लो

अनकन्टार - निर्जन ठाउ“, सुगम ठाउ“, दुर्गम ठाउ“

- विद्यार्थीहरूलाई निम्न शब्दहरूको  अर्थ सोध्नुहोस् :

  - आघात, सङ्कल्प, वन्दना, त्राण     (पर्यायवाची शब्द)

  - निवृत्त, असीमित, जागृत, अथक    (विपरीतार्थक शब्द)

  - अध्ययन, अनुप्रेरणा, प्रबन्ध, आघात  (व्युत्पत्ति प्रक्रिया)

**क्रियाकलाप ३**

- शब्दार्थ शिक्षणपश्चात् विद्यार्थीलाई वाक्यमा प्रयोगको अभ्यास गराउनुहोस् । यस क्रममा पाठमा प्रयुक्त पदावली पारिभाषिक शब्द, अनुकरणात्मक शब्द, टुक्का, नियात, आदि खोज्न उत्प्रेरित गर्नुहोस् । खोज्ने क्रममा विद्यार्थीहरू अलमलिएमा शिक्षकले उदाहरण दिएर सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीले खोजेर भनेका शब्दहरू शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र उनीहरूलाई पनि लेख्न लगाउनुहोस् ।

**लक्षित शब्दहरू**

- जीविकोपार्जन, अभियन्ता, अनुसन्धान, प्रतिकूल, आधुनिकीकरण, मनोनयन, प्रतिष्ठान, फुटकर, प्रबन्धक, उत्तरार्ध, अभियान अनकन्टार ।
- पौ“ठाजोरी खेल्नु, हात धुनु, अकबरी सुन ।
- फाट्टफुट्ट, गर्ल्यामगुर्लुम ।
- त, नै ।

**क्रियाकलाप ५**

- निर्दिष्ट शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोगको अभ्यास गराउनुहोस् । आपसमा छलफल गराएर सबै समूहबाट नमुना वाक्य प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६**

Draft

- उनीहरूले प्रस्तुत गरेको वाक्य मिले नमिलेको बा"की विद्यार्थीलाई मूल्याङ्कन गर्न प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले तयार गरी ल्याएको नमुना वाक्य सूची फलाटिन पाटीमा टा"स गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**नमुना वाक्य**

हात धुनु : अख्तियारको कारबाहीमा परेपछि उसले जागिरबाट हात धुनु पऱ्यो ।

गर्ल्यामगुर्लुम : भूकम्प जा"दा पुराना घरहरू गर्ल्यामगुर्लुम ढले ।

मनोनयन : रामशरण दर्नाललाई सरकारले प्राज्ञ सभामा मनोनयन गऱ्यो ।

त : आमा त हिजै माइत जानुभएछ ।

**क्रियाकलाप ७**

- यसपछि विद्यार्थीहरूलाई पाठ भित्रबाट र बाहिरबाट निम्न खालका पारिभाषिक तथा अन्य शब्द, टुक्का, निपात र अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

**लक्षित शब्द**

आधुनिकीकरण सङ्गीतकार, प्रबन्धक, अवलोकन, लोकबाजा, समर्पित, जीविकोपार्जन, अर्थोपार्जन, फाट्टफुट्ट, ट्या"ट्या", गर्ल्यामगुर्लुम, पुर्लुक्क, प्रेरणा, प्रकाशित, है, नै, खै, सि"गौरी खेल्नु, पौ"ठाजोरी खेल्नु, सङ्ग्रहालय ।

## ४. प्रतिबिम्बन

- निम्न पद पदावली, टुक्का पारिभाषिक शब्दको अर्थ बताउ"दै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

  - साधना, भिक्षाटन, शिक्षारम्भ, अनुवाद, सशक्त पार्नु, मनोनयन, प्रकाशन, संवर्धन, विशेषज्ञ, वातावरण, योगदान, राष्ट्रिय प्रतिमा, आ"खा चिम्लनु, थला पर्नु, सङ्गठित गर्नु,
  - शब्दार्थ र वाक्यमा प्रयोग शिक्षणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले गर्न सकेनन् तिनीहरूको पहिचान गरी उक्त विद्यार्थीहरूको सिकाइ समस्या पत्ता लगाउनुहोस् :
  - समस्या पहिचानपछि तिनीहरूको छुट्टै समूह बनाई निर्दिष्ट र अन्य प्रयोग गराई अरू सरह सक्षम बनाउन उपचारात्मक शिक्षण गर्नुहोस् ।

## ५. परियोजना कार्य / गृहकार्य

**क) विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र ती समूहलाई क,ख,ग,घ यस्तै कुनै नाम राख्नुहोस् । त्यसपछि समूह ‘क’ लाई पारिभाषिक शब्द, समूह ‘ख’ लाई टुक्का, समूह ‘ग’ लाई अनुकरणात्मक र समूह ‘घ’ लाई निपात शब्द पाठबाट खोजेर र त्यस्तै अरु पा“च पा“च ओटा शब्द बाहिरबाट समावेश गरी वाक्य प्रयोगको सूची तयार गरी ल्याउन र कक्षामा प्रस्तुत गर्न निर्देशन दिनुहोस् ।

प्राविधिक / पारिभाषिक शब्द

शिक्षकले विद्यार्थीलाई निम्न किसिमका थप पारिभाषिक तथा प्राविधिक शब्दहरू

खोजेर सूची तयार पारी फलाटिन पाटीमा टा“स गरी प्रस्तुत गर्नुहोस् :

निवृत्तिभरण - नोकरीबाट अवकाश लिएपछि जीवन निर्वाहका लागि पाइने सुविधा

आधुनिकीकरण - पहिलेदेखि चलिआएको परम्परा आदिमा परिवर्तन गरी आधुनिक बनाउने कार्य

साधना - लामो समयसम्म एकाग्र भई गरिने अभ्यास

मनोनयन - आफ्नो इच्छा वा अर्काको सिफारिसमा कसैलाई नियुक्ति गर्ने काम

पाण्डुलिपि - छाप्नका लागि तयार पारिएको हस्त लिखित वा टङ्कित सामग्री

परियोजना - कुनै विषय वा कामका ससाना योजना

परिपत्र -केन्द्रीय स्तरबाट मातहतका कार्यालयहरूमा पठाइने एउटै सूचना वा आदेश

प्रशोधन - औषधी आदिको मदतले वस्तुमा भएको मिश्रण वा विकार हटाई शुद्ध पार्ने काम

कुपोषण - शरीरलाई हित नगर्ने खानेकुरा, पोषणको कमीले हुने रोग

महामारी - हैजा, प्लेग, शीतला आदि सङ्क्रामक रोग

अन्तःशुल्क - आफ्नै देशभित्र बनेका वस्तुमा आफ्नै देशको सरकारले लगाउने कर

ऐलानी - कसैको नाममा दर्ता नभएको जग्गा

विस्थापित - पहिले रहेको ठाउ“बाट कुनै वस्तु वा व्यक्ति आदिलाई अन्यन्त्र लगिएको वा हटाइएको

शल्यक्रिया - रोग लागेको शरीरको अङ्गलाई चिरफार गर्ने काम वा त्यसरी गरिने उपचार

सन्दर्भ सामग्री - शिक्षकले शब्दार्थ शिक्षण र वाक्यमा प्रयोगका लागि हेमाङगराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (कुञ्जल प्रकाशन २०५०) नामक पुस्तकको पृष्ठ ८९ को शब्दार्थ शिक्षण खण्ड अध्ययन गर्नुहोस् ।

| **दिन : तेस्रो** |
|---|

Draft

पाठ्य वस्तु: मुख्य घटनाक्रम टिपोट र वर्णन

**अपेक्षित सिप विकासः लेखाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट जीवनी पाठका मुख्य मुख्य घटनाक्रमको टिपोट गर्न

(ख) टिपोटका आधारमा घटनाक्रमलाई मौखिक तथा लिखित रूपमा वर्णन गर्न

२. **शैक्षणिक सामग्री**

- रामशरण दर्नालको जीवनका मुख्य मुख्य घटनाको सूची
- राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रका विशिष्ट व्यक्तित्वको जीवनका मुख्य मुख्य घटनाको सूची
- फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

● शिक्षकले सर्वप्रथम सिकाइ अभिमुखीकरणका रूपमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका कुनै विशिष्ट व्यक्तिका जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● त्यसपछि निर्दिष्ट पाठ सङ्गीतज्ञ रामशरण दर्नालका जीवनमा घटेका मुख्य मुख्य घटनाका बारेमा शिक्षकले पहिले नै तयार गरी ल्याएका प्रश्नावली फलाटिन पाटीमा टा“स गरी सोध्नुहोस् । जस्तै :

- वि.सं. २०२५ सालमा रामशरणको जीवनमा कस्तो चोट पर्‍यो ?
- वि.सं. २०२८ मा उनी माथि कस्तो आघात थपियो ?
- रामशरण दर्नालको निधन कहिले भयो ?
- रामशरण दर्नालको जन्म कहा“ र कहिले भएको थियो ?
- रामशरणले गोरखा दक्षिण बाहु पुरस्कार कहिले पाए ?

**क्रियाकलाप २**

● यस क्रममा विद्यार्थीले बताएका उत्तरहरू शैक्षणिक पाटीमा टिपोट गर्दै लानुहोस् । टिपोट गरिएका मुख्य घटनाहरू विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- यसपछि विद्यार्थीहरूलाई रामशरण दर्नालका जीवनका मुख्य -मुख्य घटना किताबबाट आफ्ना आफ्ना कापीमा टिपी भन्न लगाउ“दै शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । यसै क्रममा विद्यार्थीहरूस“ग छलफल गरी घटनाक्रम सूचीलाई क्रमबद्ध पारी सबै विद्यार्थीहरूलाई आआफ्ना कापीमा टिप्न लगाउनुहोस् ।

- ढिलो सिकाइ भएका विद्यार्थीलाई शिक्षकले उनीहरू बसेका ठाउ“मा पुगी सहजीकरण गर्दै आवश्यक निर्देशन दिई घटनाक्रम टिपोटमा प्रोत्साहित गर्नुहोस् । उनीहरूलाई नाम, जन्म मिति, जन्म स्थान, बाल्यकाल, शिक्षा, जीवनको सङ्घर्ष, सफलता, उपलब्धि र मरण आदिको क्रमअनुसार घटना मिलाउन लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- यसपछि तयार पारिएका क्रमबद्ध सूचीका बु“दाका आधारमा त्यस बु“दाले समेट्ने जीवनीका घटना र जीवनवृत्तका विषय वस्तुलाई विस्तार र वर्णन गर्न सिकाउन प्रत्येक बु“दालाई औंल्याउ“दै हरेक विद्यार्थीलाई वर्णन गर्न लगाउनुहोस् ।

- यस क्रममा ढिलो सिकाइ भएका र कमजोर विद्यार्थीले वर्णन गर्न नसकेमा शिक्षकले तयार पारी ल्याएका घटनाक्रम सूची फलाटिन पाटीमा टा“स गरी घटनाक्रमका बारे स्पष्ट पार्दै आवश्यकतानुसार टिपोट गर्न लगाउनुहोस् ।

- रामशरण दर्नाल स्वाभिमानी, सङ्घर्षशील एवम् अथक सङ्गीत साधक
- वि.स. १९९४ साल असार २७ गतेका दिन जन्मिएका
- काठमाडौं“को कालधारा भन्ने ठाउ“मा जन्मिएका
- माता दिलकुमारी र पिता सत्यकुमार दर्नालका माइला सन्तान
- बाल्यकालमा विभिन्न रोगले सताइएका
- कमजोर आर्थिक अवस्था, दलन र अवहेलनाबिच बा“च्नु पर्दा दस कक्षासम्म मात्र औपचारिक शिक्षा पाएका
- समाजमा अपहेलना, गरिबी, अभाव आदिस“ग सङ्घर्ष गर्दै बा“च्न बाध्य
- जीविकोपार्जनका लागि पुख्यौली पेसा अपनाउनु, रोजगारका लागि देश परदेश भौतारिनु, धेरै अपमान र हन्डर पाउनु
- वि.सं. २०२५ मा आमाको निधन, वि.सं. २०२८ मा बिना कसुर जागिरबाट अवकाश जस्ता चोट आइलाग्नु
- सङ्गीततर्फको भगीरथ साधना, अविचलित र गम्भीर सवभाव, दह्रो आत्मविश्वासका कारण समाजमा पुनस्थापित हुँदै गएका
- प्राज्ञ सभाका सदस्य, त्रि.वि. का सङ्गीत विषय समितिका सदस्य विभिन्न सङ्संस्थाका सल्लाहकारमा मनोनित भएका

Draft

- नेपाली बागिना र कला, नेपाली बाजा, नेपाली सङ्गीत साधक, गायन शैली लगायत दर्जन पुस्तक प्रकाशन गरेका
- सङ्गीततर्फको अथक साधनाका कारण गोरखा दक्षिण बाहु, साधना कला सम्मान, जगदम्बाश्री, कलानिधि सङ्गीत सम्मानलगायतका मानपदवी प्राप्त गरेका
- वि.सं. २०६८ साल असोज १ गते पार्किन्सन रोगले थलिएर मृत्यु
- जातीय अपमान र विभेदका विरोधी एवम् सङ्घर्षका पर्याय रामशरण दर्नाल हामीबिच अमर रहिरहने

**क्रियाकलाप ५**

- यसपछि विद्यार्थीले तयार पारेका घटनाक्रम रिपोट पालैपालो पहिले लिखित रूपमा र पछि मौखिक रूपमा वर्णन गरेर सुनाउन लगाउनुहोस् । यसक्रममा विद्यार्थीहरूलाई आवश्यक पुष्ठपोषण पनि दिनुहोस् ।
- घटनाक्रम वर्णनलाई निम्न तरिकाले प्रस्तुत गर्न लगाउन सकिन्छ:
- व्यक्तिगत रूपमा एक्ला-एक्लै लिखित तथा मौखिक वर्णन गराएर प्रस्तुत गराउने
- विद्यार्थीलाई आआफ्ना बेन्चमा बसालेर प्रत्येक बेन्चका चार या पा“च जनाको समूह बनाई सामुहिक रूपमा काम गराएर एक जना टोली नायकद्वारा प्रस्तुत गराई लिखित रूपमा प्रदर्शन गरेर वर्णन गर्न लगाउने ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूले सिकाइ उपलब्धि हासिल गरे नगरेको मापनका लागि निम्न प्रश्नहरू सोधी व्यक्तिगत रूपमा घटना वर्णन गर्न लगाउनुहोस्:
- रामशरण दर्नालको जन्म कहा“ र कहिले भएको थियो ?
- उनलाई बाल्यकालमा के कस्ता रोगले सताएको थियो ?
- रामशरण कुन कुन सङ्घसंस्थाका सदस्य भए ?
- उनले के कस्ता मानपदवी पाए ?
- उनको मातापिताको नाम के के हो ?
- रामशरणलाई कहिले कहिले के कस्ता विपद् आइपऱ्यो ?

५. **परियोजना कार्य/गृहकार्य**

(क) **विद्यार्थीका लागि**

- शिक्षकले विद्यार्थीलाई आवश्यकताका आधारमा चार वा पा“च समूहमा विभाजन गर्नुहोस् । ती समूहको कुनै नाम राख्नुहोस् । त्यसपछि प्रत्येक समूहलाई न्युजप्रिन्टमा रामशरण दर्नालको जीवनमा घटेका घटनाहरू टिपोट गरी ल्याउन र समूहमा रहेर कक्षामा प्रस्तुतीकरण गर्न दिर्नेशन दिनुहोस् ।



Draft

(ख) **शिक्षकका लागि**

- घटना टिपोट वर्णनका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीहरूले पुरा गर्न सके र कुन कुनले सकेनन् अवलोकन गरी तिनीहरूको नाम टिपोट गर्नुहोस् र उक्त विद्यार्थीहरूको समस्या पहिचान गर्नुहोस् ।

- समस्या पहिचानपश्चात् तिनीहरूलाई अलग समूह बनाई अरु सरह नपुगेसम्म निरन्तर रूपमा आवश्यक थप क्रियाकलाप गराउनुहोस् ।

६. **सन्दर्भ सामग्री**

शिक्षकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वका जीवनका घटना विवरण अध्ययनका लागि पच्चिस प्रतिभा सम्पादक गोपाल पराजुली (रत्न पुस्तक प्रकाशन) का भाग १ र २ पुस्तक अध्ययन गर्नुहोस् ।

| **दिनः चौथो** |
|---|

पाठ्य वस्तुः पठनबोध र छलफल

**अपेक्षित सिप विकास : पढाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट पाठका अनुच्छेदहरू पठन गरी विषय वस्तुमा छलफल गर्न

२. **शैक्षणिक सामग्री**

- छलफलका लागि विषय वस्तु सम्बन्धी प्रश्नहरूको सूची,
- फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले सिकाइ अभिमुखीकरणका रूपमा अगिल्लो दिन पठन गरेको घटना र वर्णनका बारे एकछिन सम्झन लगाउनुहोस् र आजको पाठ्य वस्तुका बारे जानकारी गराउ"दै उत्प्रेरणत्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- प्रस्तुत क्रियाकलापका लागि निम्न तरिका अपनाउनुहोस् :

Draft

- पाठ पुरै पढ्न निर्देशन दिनुहोस् ।

- सुरुसुरुमा पाठलाई पालैपालो सस्वर वाचन गराउनुहोस् र शिक्षकले त्यसको अवलोकन गर्नुहोस् र गल्ती भएमा सच्चाइदिनुहोस् ।

- यसपछि सामूहिक रूपमा पुनः सस्वर वाचनको क्रियाकलाप गराउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीले पढे नपढेको अवलोकन गर्दै कक्षामा डुल्नुहोस् र आवश्यक स्थानमा सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- यस क्रमपछि शिक्षकले निम्न प्रश्न सूची फलाटिन पाटीमा टा“स गरी प्रदर्शन गर्नुहोस् :

    - रामशरण दर्नाल कहा“ जन्मिएका थिए ?
    - रामशरणलाई पढ्ने इच्छा कसरी जागृत भयो ?
    - रामशरणले किन पेसा परिवर्तन गरे ?
    - एघार वर्षकै उमेरमा उनी कुन कुन बाजा बजाउन सक्थे ?
    - रामशरणको बाल्यकाल कसरी बित्यो ?
    - रामशरणलाई सानो छ“दा मनपर्ने पुस्तकहरू के के थिए ?
    - रामशरणको पहिलो प्रकाशित कृतिको नाम के थियो ?
    - उनले कुन कुन पदक पाए ?
    - रामशरणमाथि के के विपद् आइपर्‍यो ?

**क्रियाकलाप ३**

- शिक्षकले फलाटिन पाटीमा टा“स गरेको प्रश्नहरूका सूची विद्यार्थीलाई पढ्न लगाउनुहोस् र छलफलका लागि निर्दिष्ट पाठबाट उत्तर खोज्न मौन पठन गराउनुहोस् ।

- विद्यार्थीले पढे नपढेको शिक्षकले अवलोकन गर्दै जानुहोस् र आवश्यक अवस्थामा सहजीकरण गर्नुहोस् । निर्दिष्ट क्रियाकलाप पुरा भएपछि आपसमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ४**

- त्यसपछि विद्र्थीहरूलाई अभ्यासका लागि निम्न प्रश्नहरू सोध्नुहोस् :

- औपचारिक शिक्षा हासिल नगरेको मानिस पनि विद्वान् बन्न सक्छ भन्ने विषयमा साथीहरूबिच छलफल गराउनुहोस् ।

- रामशरण दर्नाल कस्ता व्यक्ति हुन् ?

Draft

- रामशरणले पेसा परिवर्तन गर्नुका कारण साथीलाई बताउनुहोस् ।
- रामशरणको बाल्यकाल कसरी बित्यो ?

● यस क्रमपछि पाठका अभ्यास अन्तर्गतका प्रश्नहरू सोधी क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बनः**

● सिकाइ क्रियाकलाप पुरा भएपछि मूल्याङ्कनका लागि निम्न प्रश्नहरू सोधी छलफल गर्न लगाउनुहोस् ?

- पाठको सारांश बताउनुहोस् ।
- रामशरण दर्नालले कुन कुन पदक पाए ?
- उनी कुन कुन सङ्घसस्थाका सदस्य भए ?
- युवा पुस्तालाई सङ्गीततर्फ के कसरी आकर्षित गर्न सकिन्छ ?
- रामशरण दर्नालको जीवनीबाट हामीले सिक्नुपर्ने कुरा  के हो ?
- जीवनमा आइपरेका चुनौती र प्राप्त अवसरले मानिसलाई प्रगति मार्गमा डोऱ्याउ“छ भन्ने कथनलाई पाठका आधारमा आाफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

५. **परियोजना कार्य/गृहकार्य**

**(क) विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा आफ्ना गाउ“, टोल, वा नगरमा रहनु भएका कुनै सङ्घर्षशील व्यक्तिको जीवनीका महत्त्वपूर्ण घटना विवरण टिपोट गरी  लेखेर ल्याउन निर्देश गर्नुहोस् । विद्यार्थीले ल्याएको उक्त तथ्यपरक टिपोट प्रस्तुत गराई उत्कृष्टलाई पुरस्कृत गरी हौसला प्रदान गर्नुहोस् ।

**दिनः पा“चौ“**

पाठ्य वस्तुः  छलफल र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट जीवनी पाठका विषय वस्तु सम्बन्धी छलफल गरी उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

Draft

- आवश्यक प्रश्नहरूको सूची,
- फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले सिकाइ अभिमुखीकरणका रूपमा अगिल्लो दिन छलफल गरेको विषयका बारे एकछिन सम्झन लगाउनुहोस् र आजको पाठ्य वस्तुका बारे जानकारी गराउँदै उत्प्रेरणत्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- छलफल र प्रश्नोत्तर क्रियाकलापका लागि शिक्षकले कक्षाको आकार हेरी विद्यार्थीलाई समूह समूहमा बाँड्नुहोस् । यसरी समूह विभाजन गर्दा छलफलमा सक्रिय तुल्याउन समूहमा जेहेनदार, मध्यम र कमजोर गरी मिश्रित समूह निर्माण गर्नुहोस् । यसका लागि पहिले नै तयार पारेर ल्याएको प्रश्नहरू छुट्टा छुट्टै समूहमा छलफलका लागि प्रस्तुत गर्नुहोस् ।

**प्रश्नसूची :**

- रामशरणको बाल्यकाल कसरी बित्यो ?
- रामशरणको जीवनमा आइपरेका दुःखद् घटनाहरू के के थिए ?
- रामशरणलाई पढ्ने इच्छा कसरी जागृत भयो ?
- रामशरण दर्नालको शैक्षणिक  अवस्था कस्तो रह्यो ?
- रामशरण दर्नालबाट सिक्नुपर्ने मुख्य कुराहरू के के छन् ?

**क्रियाकलाप २**

- प्रश्नोत्तरका लागि हरेक समूहमा भइरहेको छलफलको राम्रो अवलोकन गर्नुहोस् । उक्त कार्य गर्दा सबैको सक्रिय सहभागिता छ या छैन वा एक्लैले सबैलाई आफ्नो नियन्त्रणमा पो लिएको छ वा चुप लागेर बसेको छ, ख्याल गर्दै सबैले आआफ्नो सहभागिता अपनाउनु पर्ने कुरामा जोड दिनुहोस् ।
- शिक्षकले विद्यार्थीहरू बसेको समूहमा डुल्दै प्रश्नको विषय वस्तु समेट्ने गरी उत्तर तयार पार्न पाठका अनुच्छेदमा उत्तर खोज्न लगाउनुहोस् र उनीहरूलाई कठिन लागेमा कुन प्रश्नको उत्तर कुन अनुच्छेदमा छ सो बताई सहजीकरण गरिदिनुहोस् ।

**क्रियाकलाप ३**



Draft

- यसपछि प्रत्येक समूहबाट प्रश्नको उत्तर भन्न लगाउनुहोस् । अन्य समूहलाई ध्यानपूर्वक सुनेर त्यसमा आवश्यक कुरा भए टिप्पणी गर्न लगाई सबैलाई सहभागी गराउनुहोस् ।

- विद्यार्थीले दिएको उत्तर ठिक नभएमा वा नमिलेमा आवश्यक कुरा बताइदिनुहोस् । यस क्रममा पाठको पृष्ठ २६ को प्रश्न न. १ को उत्तर पनि समूह समूहमा सोध्दै भन्न लगाउनुहोस् । विद्यार्थीले नजानेमा त्यसका अवाश्यक उत्तर पाठको कुन अनुच्छेदमा छ सो बताइदिएर सहजीकरण गर्नुहोस् ।

**यस क्रममा उनीहरूस“ग मूल्याङ्कनका लागि निम्न प्रश्न सोध्नुहोस् :**

- पाठको सारांश बताउनुहोस् ।
- रामशरण दर्नालले कुन कुन पदक पाए ?
- उनी कुन कुन सङ्घसंस्थाका सदस्य भए ?
- युवा पुस्तालाई सङ्गीततर्फ के कसरी आकर्षित गर्न सकिन्छ ?
- रामशरण दर्नालको जीवनीबाट हामीले सिक्नुपर्ने कुरा के हो ?

**क्रियाकलाप ४**

- विद्यार्थीलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी सुरुमा मौखिक र पछि लिखित रूपमा उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

**प्रश्नहरू**

- रामशरण दर्नालले कसरी नेपाली कला जगत्मा आफ्नो पहिचान बनाए ?
- रामशरणको शैक्षणिक अवस्था कस्तो थियो ?
- रामशरणको जीवनमा आइपरेका दुःखद् घटनाहरू के के थिए ?
- रामशरण दर्नालले किन पेसा परिवर्तन गरे ?

**क्रियाकलाप ५**

- विद्यार्थीहरूलाई निम्न ढा“चाको विवेचनात्मक प्रश्न सोधी सुरुमा मौखिक र पछि लिखित रूपमा पेस गर्न लगाउनुहोस्

- जीवनमा आइपरेका चुनौती र प्राप्त अवसरले मानिसलाई प्रगति मार्गमा डोऱ्याउँछ भन्ने कथनलाई रामशरण दर्नालको जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

- के कस्ता साधनाका कारण रामशरण दर्नालले आफूलाई एउटा सङ्गीतज्ञका रूपमा चिनाउन सफल बने ?

- विद्यार्थीलाई कक्षामा सबै प्रश्नको उत्तर लेखेर प्रस्तुत गर्न सम्भव नहुने हु“दा विभिन्न प्रश्नहरू विभिन्न विद्यार्थीलाई बा“डी एक जना विद्यार्थीलाई एक ओटा मात्र प्रश्न पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

- प्रश्नोत्तर लेखनपश्चात् विद्यार्थीको उत्तर जा“चिदिनुहोस् र आवश्यकता अनुसार उत्तरमा टिप्पणी गर्दै सुधारका लागि आवश्यक बु“दा पनि सङ्केत गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- सिकाइ क्रियाकलाप पुरा भएपछि मूल्याङ्कनका लागि निम्न प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् ?

- पाठको पुष्ठ २६ को प्रश्न न. १ को विभिन्न प्रश्नहरू सोधी उत्तर सुरुमा मौखिक र पछि लिखित रूपमा प्रस्तुत गर्ने लगाउनुहोस् ।
- सङक्षिप्त उत्तरात्मक र विवेचनात्मक प्रश्न सोधी उत्तर लेख्न लगाउनुहोस् ।
- सिकाइ क्रियाकलापमा प्रयोग गरिएका विभिन्न प्रश्नहरूमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

५. **परियोजना कार्य/गृहकार्य**

**क) विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा सङ्क्षिप्त र विवेचनात्मक प्रश्न दिई घरबाट त्यसको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् । विद्यार्थीले ल्याएको उत्तरपुस्तिका जा“चेर आवश्यक ठाउ“मा निर्देशन समेत दिई पुनः लेखेर देखाउन लगाउनुहोस् ।

(ख) **शिक्षकका लागि**

सङ्क्षिप्त तथा विवेचनात्मक प्रश्नोत्तर कुन कुन विद्यार्थीले गर्न सके र कुन कुनले गर्न सकेनन् तिनीहरूको पहिचान गरी ती विद्यार्थीको सिकाइ समस्या पत्ता लगाउनुहोस् ।

समस्या पहिचान भएपछि तिनीहरूको छुट्टै समूह बनाई हल गर्न नसकेको प्रश्नहरूका आवश्यक उत्तर बु“दामा दिई लेख्न उत्प्रेरित गर्नुहोस् । अरू विद्यार्थी सरह सिपालु नबनेसम्म अतिरिक्त अभ्यास, गृहकार्य आदि दिएर पटक पटक अभ्यास गराई शिक्षकले कापी जा“चिदिनुहोस् ।

- गल्ती गरेका ठाउ“मा सच्चाइदिएर पुनः लेखेर ल्याउन लगाउनुहोस् ।

| **दिन : छैटौ“** |
| --- |

पाठ्य वस्तुः व्याख्या/भाव विस्तार

**अपेक्षित सिप विकासः पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रस्तुत निदिष्ट पङ्क्ति उद्धरणहरू पहिल्याउन

(ख) निर्दिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या एवम् भाव विस्तार गर्न

२. **शैक्षणिक सामग्री**

- विशिष्ट पङ्क्तिहरूको सूची
- व्याख्या/भाव विस्तारको नमुना
- फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उपत्प्रेरणा**

● शिक्षकले अगिल्लो दिनको प्रश्नोत्तर कार्यक्रमका बारे विद्यार्थीहरूस“ग एकछिन छलफल गर्नुहोस् र आजको दिनको व्याख्या र भाव विस्तार शिक्षणमा गरिने क्रियाकलापका सर्न्दमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● सर्वप्रथम शिक्षकले पाठको पृष्ठ सङ्ख्या २६ को प्रश्न न. ५ मा उल्लेख गरिएका व्याख्याका मुल उद्धरणहरू किताब पल्टाई हेर्न निर्देश गर्नुहोस् । यसै क्रममा शिक्षकले व्याख्या के कसरी गरिन्छ भन्ने छलफल पनि चलाउनुहोस् ।

● शिक्षकले चक्र क्रममा निम्न प्रश्न सोध्नुहोस्:

  - व्याख्या भाव विस्तार र सप्रसङ्ग व्याख्या भनेको के हो ?
  - व्याख्या कसरी लेखिन्छ ।
  - सप्रसङ्ग व्याख्या कसरी लेखिन्छ ?

● विद्यार्थीबाट सही जवाफ नआए शिक्षक आफूले तयार पारी लगेका निम्न कुराहरू बु“दामा लेखी फलाटिन पाटीमा टा“स गरी व्याख्या वा विस्तार र सप्रसङ्ग व्याख्याका बारेमा स्पष्ट पारिदिनुहोस् ।

  - व्याख्या भनेको सुक्तिमय वाक्यको मूल भाव पक्री त्यसलाई पुष्टि गर्नु हो । यसमा उदाहरण तर्कद्वारा भावको विस्तार गरिन्छ । त्यसैले यसमा भावको पुष्ट्याइ“को लागि आवश्यक गहनता जरुरी हुन्छ ।
  - सप्रसङ्ग व्याख्या भने प्रसङ्गसहिको व्याख्या हो । यसमा पाठ शीर्षक, विधा, लेखक, प्रसङ्ग, कसले, कसलाई कसरी कहिले र किन आदि) सहित पङ्क्तिको व्याख्या अवाश्यक हुन्छ ।

**क्रियाकलाप २**

- यी कुराहरू बताइसकेपछि शिक्षकले आफूले तयार पारी ल्याएको एउटा नमुना व्याख्या फलाटिन पाटीमा टा"स गरी प्रदर्शन गर्नुहोस् र दुई तिन जना विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- व्याख्या कसरी गर्ने भन्ने निर्देशन र छलफल क्रियाकलाप पुरा भएपछि निम्न क्रियाकलाप गराई व्याख्या लेखन सिकाउनुहोस् ।

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूह बनाई विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई २० मिनेटको समय दिई पाठको पृष्ठ सङ्ख्या २६ को प्रश्न न. ५ को व्याख्यांश एक एक ओटा दिनुहोस् ।

- विद्यार्थीले लेख्दै गर्दा शिक्षकले समूह समूहमा पुगी अफठ्यारो भएको अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

- समय पुरा भएपछि पालैपालो समूहको नेताबाट प्रस्तुतीकरण दिन लगाउनुहोस् र बा"की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि तयार रहन निर्देश गर्नुहोस् ।

- विद्यार्थीको प्रस्तुतीकरणको मूल्याङ्कन र पृष्ठपोषणका लागि आफ्नो तर्फबाट पनि शिक्षकले आवश्यक टिप्पणी गरिदिनुहोस् ।

- विद्यार्थीले गरेको क्रियाकलापमा आपसमा अनुभव आदनप्रदान गर्ने अवसर प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- निम्न प्रश्न सोधी भाव विस्तार गराउनुहोस् ।
  - मादलको तालबिना बन्दुकको नाल पनि फितलो हुन्छ ।
  - आखिर मृत्युका अगाडि जीवनको केही लागेन ।

५. **परियोजना कार्य/गृहकार्य**

(क) **विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा सङ्क्षिप्त र विवेचनात्मक प्रश्न दिई घरबाट त्यसको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् । विद्यार्थीले ल्याएको उत्तरपुस्तिका जा"चेर आवश्यक ठाउ"मा निर्देशन समेत दिई पुनः लेखेर देखाउन लगाउनुहोस् ।

(ख) **शिक्षकका लागि**

- सङ्क्षिप्त तथा विवेचनात्मक प्रश्नोत्तर कुन कुन विद्यार्थीले गर्न सके र कुन कुनले गर्न सकेनन् तिनीहरूको पहिचान गरी ती विद्यार्थीको सिकाइ समस्या पत्ता लगाउनुहोस् ।



Draft

- समस्या पहिचान भएपछि तिनीहरूको छुट्टै समूह बनाई हल गर्न नसकेको प्रश्नहरूको आवश्यक उत्तर बु"दामा दिई लेख्न उत्प्रेरित गर्नुहोस् । अरु विद्यार्थी सरह सिपालु नबनेसम्म अतिरिक्त अभ्यास गृहकार्य आदि दिएर पटक पटक अभ्यास गराई शिक्षकले कापी जा"चिदिनुहोस् ।

- गल्ती गरेका ठाउ"मा सच्चाइदिएर पुनः लेखेर ल्याउन पटक पटक अभ्यास गराउनुहोस् ।

**दिनः सातौ"**

पाठ्य वस्तुः परियोजना कार्य (जीवनी लेखन) (सिर्जनात्मक कार्य)

**अपेक्षित सिप विकासः पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठित जीवनी पाठ सिलसिला मिलाई मौखिक रूपमा भन्न

(ख) पठित जीवनीका आधारमा विभिन्न क्षेत्रका ख्यातिप्राप्त व्यक्तित्वका जीवनी सिलसिला मिलाई लेख्न

**२. शैक्षणिक सामग्री**

- ख्याति प्राप्त व्यक्तित्वका तस्विरहरू
- ख्याति प्राप्त व्यक्तित्वका जीवनका मुख्य मुख्य घटनाहरूको टिपोट
- फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले त्यस दिन शिक्षण गरिने पाठ शीर्षक र पाठ्य वस्तुको जानकारी गराउ"दै शैक्षणिक पाटीमा पाठशीर्षक लेखी सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- केही राष्ट्रिय तथा केही अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको तस्विर (फोटो) देखाउ"दै ती व्यक्तित्वहरूका सम्बन्धमा छलफल चलाउनुहोस् ।

- त्यसपछि आफूले तयार पारी लगेको जीवनीको नमुना फलाटिन पाटीमा टा"स गरी कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी सस्वर पढेर सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- यो काम सकिएपछि आपसमा छलफल चलाउनुहोस् । छलफलको काम सकिएपछि जीवनी लेखनका सैद्धान्तिक पक्षका विषयमा छलफल गर्नुहोस् ।

  - जीवनी एउटा व्यक्तिका बारेमा लेखिएको जीवनवृत्त वा जीवन कथा हो । यसमा एउटा व्यक्तिका जीवनका महत्त्वपूर्ण र प्रेरणादायी घटनाहरूको वर्णन गरिएको हुन्छ । व्यक्तित्व जन्म, बाल्यकाल, शिक्षादीक्षा स्वभावगत विशेष योगदान आदिको वर्णन जीवनीमा गरिएको हुन्छ ।

  - जीवनी लेखन गर्दा सर्वप्रथम व्यक्तिका जीवनका महत्त्वपूर्ण घटनाहरूका बारेमा गहिरो अध्ययन गरी अध्ययन गरिएका व्यक्तिका महत्त्वपूर्ण घटनाहरूलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नुपर्दछ ।

  - जीवनी लेख्दा पहिलो खण्डमा जन्म, जन्मस्थान, बाल्यकाल, शिक्षा र स्वभाव आदिको बारेमा वर्णन गर्नुपर्दछ । त्यसपछि योगदानको वर्णन गर्ने र अन्त्यमा निष्कर्ष सहित समापन गर्नुपर्छ । यसमा तिनदेखि पा"चसम्म आवश्यकता हेरी अनुच्छेद बनाउन सकिन्छ ।

**क्रियाकलाप ३**

- जीवनी लेखनका तरिकाहरू बताइसकेपछि विद्यार्थीहरूलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । (एउटा बेन्चलाई एउटा समूह मान्न पनि सकिन्छ ।)

- त्यसपछि आवश्यक बु"दाहरू (खेस्रामा) दिई जीवनी लेख्न लगाउनुहोस् । शिक्षकले सबै समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् । त्यसका लागि समय तोकेर लेख्न निर्देश गर्नुहोस् ।

- निर्धारित समय पुरा भएपछि उनीहरूलाई आआफ्नो समूहबाट पालैपालो फलाटिन पाटीमा टा"स गरी प्रस्तुत गर्न लगाउनुहोस् । यसमा अरु समूहलाई ध्यानपूर्वक सुनी आफ्नो प्रतिक्रिया दिन लगाउनुहोस् ।

- अन्त्यमा सबैको प्रस्तुति सुनिसकेपछि शिक्षकले आफ्नोतर्फबाट पृष्ठपोषणसहित प्रतिक्रिया दिई सुधार गर्नुपर्ने भए बताइदिनुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूले क्रियाकलाप प्रस्तुत गरिसकेपछि सिकाइ सवलीकरणका लागि निम्न प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् ।

Draft

- जीवनी लेखन भनेको के हो ?
- जीवनी लेखनको आवश्यक ढा“चा कस्तो हुनुपर्छ ?
- शिक्षकले कुनै व्यक्तिको जीवनी मौखिक रूपमा सुनाइ त्यसको मुख्य मुख्य घटना रिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- एउटा विद्यार्थीले प्रस्तुत गरेको जीवनी सुनेर अर्को विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस्
- पाठको पृष्ठ २६-२७ को जीवनीको बु“दा पढी सो आधारमा मौखिक रूपमा वर्णन गर्न लगाउनुहोस् ।

## ५. परियोजना कार्य

### (क) विद्यार्थीका लागि

● विद्यार्थीहरूलाई विभिन्न समूहमा बा“ड्नहोस् । यो समूह विद्यार्थीहरू बस्ने गाउ“, टोलका आधारमा तयार पार्नुहोस् । त्यसपछि आफू बस्ने क्षेत्रका कुनै समाज सेवी, साहित्यकार, राजनीतिज्ञ, खेलाडी आदि जो कोही व्यक्ति छन् तिनीहरूको जीवनी बु“दागत रिपोट गर्न लगाई जीवनी लेखेर कक्षामा टा“सेर प्रस्तुत गर्न लगाउनुहोस् ।

### (ख) शिक्षकका लागि

● जीवनी लेखनका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पुरा गरे र कुन कुनले गरेनन् अवलोकन गरी तिनीहरूको नाम टिपी ती विद्यार्थीहरूको समस्या पहिचान गर्नुहोस् ।

● समस्या पहिचानपश्चात ती कमजोर विद्यार्थीहरूको छुट्टै समूह बनाई जीवनी लेखनमा आवश्यक बु“दाहरू दिई बारम्बार जीवनी लेखनमा अभ्यास गराउनुहोस् । पुस्तकालयमा पठाइ अरु व्यक्तित्वहरूको जीवनी पढ्न लगाई पर्याप्त अभ्यास गराउनुहोस् ।

**थप सन्दर्भ सामग्री**

● पच्चिस प्रतिभा, साहित्यकार कोश जस्ता पुस्तक खोजेर पढ्ने ।

जीवनी लेखनको अभ्यासका लागि बु“दाहरू :

नाम : विश्वेश्वरप्रसाद कोइराला (चुडामणि न्वारानको नाउ“)

जन्म : १९७१ भाद्र २४ गते

जन्मस्थान : भारतका बनारस

पिता माताः कृष्णप्रसाद कोइराला दिव्या कोइराला

शिक्षा : बि.ए., बि.एल. उत्तीर्ण

**व्यक्तित्व विशेषता**

नेपालको प्रजातान्त्रिक नेता, प्रथम जननिर्वाचित प्रधानमन्त्री,

प्रथम आधुनिक मनोवैज्ञानिक कथाकार, फ्रायडवादी कथाकार,

कृतिहरू :चन्द्रवदन (शारदा -१९९२)। दोषी चस्मा (कथा सङ्ग्रह) स्वेत भैरवी (कथा सङ्ग्रह) तिन घुम्ती, नरेन्द्र दाइ, सुम्निमा, मोदी आइन, हिटलर र यहुदी, बाबु, आमा र छोरा ( उपन्यास) आफ्नो कथा, जेल जर्नल (आत्म वृत्तान्त) लगायत कृतिहरू प्रकाशित

मृत्यु : २०३९ साल साउन काठमाडौ" ।

**थप सन्दर्भ सामग्री**

पच्चिस प्रतिभा, साहित्यकार कोश जस्ता पुस्तक खोजेर पढ्न सकिने ।

**जीवनी लेखनको नमुना**

## सहिद गङ्गालाल श्रेष्ठ

नेपाल आमाका वीर सपूतहरूमध्ये गङ्गालाल श्रेष्ठ महान् सहिद हुन् । पिता भक्तलाल श्रेष्ठ र माता तुलसीमारी श्रेष्ठको सुपुत्र गङ्गालाल श्रेष्ठको जन्म वि.सं. १९७५ साल मार्ग २२ गते रामेछाप जिल्लामा भएको थियो । उनको बाल्यकाल साधारण ढङ्गबाट गुज्रियो । उनी पा"च वर्षको उमेर हु"दा त्यहीको वातावरणमा शिक्षारम्भ गराइएको थियो । त्यतिखेर अहिले जस्तो सर्वत्र विद्यालयहरू खुलेका थिएनन् । राणापरिवार र धनीमानीका छोराछोरीले बाहेक सर्वसाधरण गरिबका छोराछोरीले पढ्न पाएका थिएनन् । बाल बालिकालाई आधुनिक शिक्षा दिनु अत्यन्त कठिनाइ थियो । बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि भएका श्रेष्ठको पढाइप्रतिको रुचि देखेर उनका काकाले उनलाई नौ वर्षको उमेरमा कलकत्ता लगेर आफूस"गै पढाउन थाले ।

भारतमा बस्दा त्यहा"का हिन्दुस्तानी जनतामा आएको क्रान्तिकारी चेतना र अङ्ग्रेज विरोधी नीति तथा आन्दोलनबाउनी अत्यन्त प्रभावित थिए । यही आन्दोलनबाट प्रभावित भई उनमा राणा विरोधी विचराको विक्षारोपण भयो । वि.सं. १९९७ साल भाद्र महिनामा उनी नेपालको जेठो राजनैतिक दल प्रज्ञा परिषदका सदस्य बने । प्रज्ञा परिषद जहानिया" राणा शासनको अन्त्य बहुदलीय प्रजातन्त्र तथा नागरिक अधिकार स्थापना गर्न तत्कालीन समयमा पढे लेखेका युवाहरूद्वारा स्थापित दल थियो । त्यसले राणा विरोधी क्रान्तिकारी चेतना फैलाउने कामलाई तीव्र रूपले अगाडि बढाएको थियो । गङ्गालाल पनि सोही राणा शासन विरोधी अभियानमा सामेल भए । राणा शासकहरूले उनीहरूका शासन विरोधीहरूमाथि क्रुर दमन गऱ्यो । धेरै युवाहरू पक्राउ परे । यही क्रममा गङ्गालाल पनि वि.सं. १९९७ साल कार्तिक २ गते गिरफतार भए ।

राणा शासनको विरुद्धमा लागेकोमा माफी माग्न तत्कालीन सरकारले दबाब दिए पनि नागरिक अधिकार, स्वतन्त्रता, प्रजातन्त्रको प्राप्ति र निरङ्कुश जहानिया" राणा सरकारको अन्त्यमा लागि कटिबद्ध गङ्गालाल झुकेनन् । आफ्नो विचारमा पहाड झैँ अटल गङ्गालाई उनका सहयोद्धा

धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्दभैं" उनलाई पनि वि.सं. १९९७ माघ १४ गते राति गोमा भगवतीमा गोली ठोकेर हत्या गरियो ।

यसरी जहानिया" राणा शासनको अन्त्य र नागरिक अधिकार बहालीको लागि कलिलै उमेरमा सहादत भएका गङ्गालाल श्रेष्ठ हामी सबै नेपालीहरूका लागि सत्मार्ग देखाउने प्रेरणाका स्रोत हुन् भने नेपाल आमाका एक सच्चा सपूत हुन् । नेपालको इतिहासमा उनी सदा अमर सहिदका रूपमा अनन्त युगसम्म बा"चिरहनेछन् ।

**दिनः आठौ"**

पाठ्य वस्तुः व्याकरण (पद सङ्गति)

**अपेक्षित सिप विकासः पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पद सङ्गतिको सोदाहरण परिचय दिन

(ख) लिङ्ग, वचन, पुरुष र आदरका आधारमा पदसङ्गति मिलाउन

**२. शैक्षणिक सामग्री**

वाक्यपत्ती, पद सङ्गतिका नमुना अनुच्छेद, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले अगिल्लो दिन जीवनी लेखन कार्यमा उपचारात्मक शिक्षणका लागि छुट्याइएका विद्यार्थीहरूलाई दिइएको समूह कार्य प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि उनीहरूको प्रस्तुतिको प्रशंसा गर्दै सिकाइप्रति उत्प्रेरणा जगाई आजको कक्षामा सिकाइ गरिने पाठ्य वस्तुको जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम निम्न ढा"चाका वाक्यहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र ती वाक्यहरूबिच कहा" कहा" नमिल्दा अवस्था छन् छुट्याउन लगाउनुहोस् ।

- रामशरण सानामा निकै रोगी थिइन् । - रामशरण सानामा निकै रोगी थिए ।

- उनले दस कक्षासम्म पढेको थियो । - उनले दस कक्षासम्म पढेका थिए ।

- उनको पिता ब्यान्डको नाइके थियो । - उनका पिता ब्यान्डका नाइके थिए ।

- उनको घर अविरल वर्षाले भत्किए । - उनका घर अविरल वर्षाले भत्कियो ।

- उनको दुई ओटा भाइ छ । - उनका दुई जना भाइ छन् ।

- उनी लेखकका रूपमा चिनिन थाल्यो ।- उनी लेखकका रूपमा चिनिन थाले ।

**क्रियाकलाप २**

- विद्यार्थीले उल्लिखित वाक्यको सही जवाफ दिए नदिएको शिक्षकले राम्ररी सुन्नुहोस् । सही जवाफ नदिएमा अरू विद्यार्थीलाई सोध्दै जानुहोस् । कसैले पनि जवाफ नदिएमा मात्र आफूले त्यसको सही उत्तर बताइदिनुहोस् । यसपछि निम्न आरेख तयार पारिएको चार्ट फलाटिन पाटीमा टा“स गरी पद सङ्गतिको बारे बताइदिनुहोस् ।

लिङ्ग भेद

वचन भेद

कर्ताको पुरुष भेदअनुसार क्रियापद मिलाउनु

आदर भेद

यसका अतिरिक्त नाम र सर्वनामका बिच, विशेषण र विशेष्यका बिच पनि पद सङ्गति मिलाउनुपर्दछ ।

**क्रियाकलाप ३**

- उल्लिखित धारणाका बारे प्रकाश पारिसकेपछि शिक्षकले एउटा भाषिक खेल खेलाउनुहोस् । यसका लागि निम्न क्रियाकलाप गराउनुहोस् ।
  - शिक्षकले पद सङ्गतिस“ग सम्बन्धित विभिन्न शब्द पत्तीहरू तयार पार्नुहोस् ।
  - शब्दपत्तीहरू विभिन्न कर्ता र विभिन्न क्रियापदस“ग सम्बन्धीत ढा“चाका बनाउनुहोस् ।
  - शिक्षकले ती शब्दपत्तीहरू दुई छुट्टै बाकसमा राखी विद्यार्थीलाई पालैपालो अगाडि बोलाउनुहोस् ।

- एउटा विद्यार्थीलाई कर्ता भएको शब्दपत्ती टिपेर गोजी तालिकामा राख्न लगाउनुहोस् र अर्कोलाई त्यसस“ग मिल्दो क्रिापद छानी गोजी तालिकामा राख्न लगाउनुहोस् । बा“की विद्यार्थीलाई मिले नमिलेको हेरेर भन्न लगाउ“दै ती सङ्गति मिलेका वाक्यहरू कापीमा रिपोट गर्न समेत लगाउनुहोस् । यी खेल कमजोर सिकाइ भएका विद्यार्थीबिच पटक पटक खेलद्वारा अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४**



Draft

● यसपछि विद्यार्थीलाई चार समूहमा विभाजन गरी पाठको पुष्ठ सङ्ख्या २८ को प्रश्न न. २ र ३ को अभ्यास समूहमा सकेर प्रस्तुत गर्न लगाउनुहोस् । यसो गर्दा अभ्यासका प्रश्न बा"डेर एउटा समूहलाई उत्तर भन्न लगाई अर्को समूहलाई जा"च गर्न लगाउने र शिक्षकले मिले नमिलेको र शिक्षकले मिले नमिलेको अन्तिम निर्णय दिई सहजीकरण गरिदिनुहोस् ।

## ४. प्रतिबिम्बन

शिक्षकले निम्न प्रश्न सोधी मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

● निम्न वाक्यको पद सङ्गति मिलाउनुहोस्

- त्यही बेला अर्को केटी पनि आयो ।
- तिमी कहिले आइस ?
- .........ले बहिनीलाई भात खुवाउनुभयो ।
- लाक्पा दाइ घर...........।
- उपयुक्त पद सङ्गति मिलाई आफ्नो साथीको वर्णन गर ।

**निम्न वाक्यको सङ्गति मिलाउनुहोस् :**

- बहिनी भात खान्छ ।
- तिमी कविता लेख्छ ।
- तपाई निबन्ध पढ्छ ।
- उनीहरू काम गर्छ ।
- सानो केटी आई ।

## ५. परियोजना कार्य / गृहकार्य

**(क) विद्यार्थीका लागि**

● शिक्षकले विद्यार्थीलाई दुई समूहमा बा"ड्नुहोस् र निम्न प्रश्न सोधी उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

● पृष्ठ २८ को परियोजना कार्यका लागि पाठमा भएको प्रश्नको उत्तर लेखेर ल्याई समूहमा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ख) शिक्षकका लागि**

● तिनीहरूलाई छुट्टै समूह बनाई पृष्ठ २८ को प्रश्न न. २ र ३ को उत्तर लेखेर ल्याउन लगाउनुहोस् र शिक्षकले जा"चिदिनुहोस् । त्यसमा सुधार गर्नु पर्ने भए पुनः आवश्यक निर्देशनसहित बारम्बार अभ्यास गराउनुहोस् ।

- शिक्षकले पद सङ्गति शिक्षण गरिसकेपछि कुन कुन विद्यार्थी राम्रोस“ग जान्ने भए र कुन कुनले जानेनन् सो छुट्याई तिनीहरूको नाम टिपोट गरी उपचारात्मक शिक्षण गर्नुहोस् ।

६. **सन्दर्भ सामग्री**

शिक्षकले पद सङ्गति शिक्षणका लागि विद्यार्थी पुस्तक प्रकाशन प्रा. लि.को हेमाङ्गराज अधिकारीद्वारा लिखित समसामयिक नेपाली व्याकरणको पृष्ठ ७५ देखि १०० सम्म को विषय वस्तु अध्ययन गर्नुहोस् ।

**दिन : नवौ“**

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : एकाइगत उपलब्धि**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन

२. **शैक्षणिक सामग्री**

एकाइ परीक्षाका लागि प्रश्न पत्र उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् ।

विषय : नेपाली एकाइ : सङ्गीतज्ञ रामशरण दर्नाल (पाठ : ३) पूर्णाङ्क : २५

कक्षा : ९ उत्तीर्णाङ्क: २०

समय : ३५ मिनेट

**खण्ड - क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नको जवाफ दिनुहोस् : १०



Draft

(क) रेडियो, एफएम वा टिभीबाट प्रसारित तपाइँले सुनेको कुनै गीत भन्नुहोस् ।

(ख) निम्न शब्दहरूको शुद्धोच्चारण गर्नुहोस्:

जीविकोपार्जन, अभियन्ता, बुद्धिजीवी, आधुनिकीकरण, गर्ल्यामगुर्लुम ।

(ग) शिक्षकले पृष्ठ २५ को अनुच्छेद सुनाउनुहोस् र प्रश्नको उत्तर सोध्नुहोस् ।

(घ) पाठको चौधौ" अनुच्छेद श्रुति लेखन गराउनुहोस् ।

(ङ) तपाई"ले चिन्नु भएको कुनै समाज सेवी व्यक्तिका बारेमा बयान गर्नुहोस् ।

## खण्ड - ख

**पढाइ र लेखाइ**

२. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २

दलन, मनोनयन, पाण्डुलिपि, पौ"ठाजोरी ।

३. निम्न लिखित शब्दको अर्थ लेख्नुहोस् : २

अथक, प्राज्ञ, निवृत्त, वन्दना

४. सङ्क्षिप्त उत्तर दिनुहोस् : ४

(क) रामशरण दर्नालको बाल्यकाल कसरी बित्यो ?

५. निम्न लिखित शीर्षक र बु"दामा आधारित भई एउटा जीवनी लेख्नुहोस् : ५

नामः धरणीधर कोइराला

जन्मः वि.सं.१९४९, माघ, रामेछाप

पिता माताः अवन्तिनाथ, पुण्यमाता

कृति, काव्यगत विशेषता र योगदानः नैवेद्य (कविता सङ्ग्रह),सरस भाषा, क्रान्ति सन्देश दि"दै शान्तिको मार्ग देखाउनु, प्रज्ञा प्रतिष्ठानका उपकुलपति र आजीवन सदस्य ।

मृत्युः वि. सं. २०४१, माघ ।

६. तलका वाक्यको सङ्गति मिलाई लेख्नुहोस् : ४

(क) साथीहरू घर जान्छ ।

(ख) बहिनी विद्यालय गयो ।

(ग) तपाई" हाम्रो घर कहिले आउ"छ ?

(घ) हामी त आजै पढ्छु ।

सुनाइ र बोलाइ सिपको परीक्षण सकेपछि विद्यार्थीले प्रश्नको उत्तर लेख्दै गरेको समयमा निम्न लिखित आधारमा प्रत्येक विद्यार्थीको पाठगत निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् :

| रोल न. | विद्यार्थीको नाम | निरन्तर मूल्याङ्कनका मुख्य आधारहरू | | | | | | प्राप्त रेजा | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी हाजिरी | कक्षकार्यमा सहभागिता | परियोजना/गृहकार्य | सिर्जनात्मक कार्य | मौखिक तथा लिखित अभिलेख | व्यवहार परिवर्तन | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |

परीक्षा सकिएपछि विद्यार्थीस“ग त्यस दिनको परीक्षामा के कस्तो गरियो भनी छलफल चलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**५. परियोजना कार्य**

**(क) शिक्षकका लागि**

कक्षाका सबै विद्यार्थीको पाठ ३ (तिन) को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (पोर्टफोलियो) मा राख्नुहोस् ।

Draft

पाठ : ४ (चार)

**पाठ शीर्षक : म को हु" ?** विधाः निबन्ध

**एकाइगत पाठ्य वस्तु योजनाः**

| क्र.सं | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठनबोध | १ |
| ४. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ५. | व्याख्या | १ |
| ६. | पदवर्ग (सर्वनाम, नामयोगी, संयोजक र निपात) | २ |
| ७. | निबन्ध लेखन | २ |
| ८. | निरन्तर मूल्याङ्कन | १ |
| | जम्मा | १० |

Draft

**दिनः पहिलो**

पाठ्य वस्तु : सस्वर वाचन र शुद्धोच्चारण

अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण) र पढाइ

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट निबन्ध पाठको अनुच्छेदलाई गति, यति मिलाई शुद्धस"ग सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त उच्चारणगत समस्या भएका कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

शब्दपत्तीहरू, गोजी तालिका

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले सिकाइ उत्प्रेरणाका लागि निर्दिष्ट पाठको शीर्षक म को हु ? लेखी केही विद्यार्थीलाई आफ्नो परिचय दिन लगाई आफूले पनि परिचय दिई एकले अर्कालाई भित्री रूपमा बुझ्नुपर्ने कुराको भाव बताउ“दै त्यस दिन गरिने क्रियाकलापका बारेमा बताइदिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप – १**

- शिक्षकले सस्वर वाचन सिकाउन निर्दिष्ट पाठको पहिलो अनुच्छेद अनुकरण वाचन गरेर सुनाउनुहोस् र आफूले जस्तै पाठमा प्रयुक्त विराम चिह्नरूको ख्याल गरी गति, यति मिलाएर सस्वर वाचनको लागि आवश्यक निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

- यसपछि विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद शुद्ध रूपमा सस्वर वाचन गर्न निर्देशन दिनुहोस् र बा“की विद्यार्थीलाई साथीले शुद्ध उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न र अशुद्ध भएमा रोकेर सच्चाउन निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले विद्यार्थीको उच्चारणगत पक्षलाई राम्ररी सुनेर उनीहरूलाई समस्या परेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गनुहोस् र कमजोर उच्चारण क्षमताका विद्यार्थीलाई पालैपालो सस्वर वाचन गराउनुहोस् ।

**क्रियाकलाप ४**

- पाठमा प्रयुक्त अल्प विराम, प्रश्न सूचक, उद्गार चिह्न आदिको ख्याल गरी यति, मिलाई विद्यार्थीले वाचन गरे नगरेको ख्याल गरी संवादात्मक प्रस्तुति भएका ठाउ“मा सोहीअनुसार वाचन गर्न बिच बिचमा आवश्यक सुझाव पनि दिनुहोस् ।

**क्रियाकलाप ५**

- शैक्षणिक पाटीमा टिपोट गरिएका निम्न उच्चारणगत गठिनाइ भएका शब्दहरूलाई शब्दपत्तीमा देखाई गोजी तालिकामा राखेर सही उच्चारण सिकाउनुहोस् :

  सज्जन - सज् .जन्

  पक्का - पक् . का

  प्रयत्नरत - प्र.यत्.न.रत्

Draft

पर्याप्त - पर्.याप्.त

परिपूर्ति - प.रि.पुर्.ति

चञ्चल - चन्.चल्

झिलिल्ल - झि.लिल्.ल.

सँगिनी - सँ.गि.नि.

प्रपञ्च - प्र.पन्.च

निर्भीकता - निर्.भिक्.ता

सह्दयी - स.रि.द.यि

निश्चल - निस्.छल्.

कन्दन - कन्.दन्

स्निग्ध - स्निग्.ध.

विस्मित - विस्.मित्

दुःखान्तक - दु.खान्.तक्

अक्षय - अक्.छ्य.य

पाजेर - पा.जे.र

चतुर्थांश - च.तुर्.थाम्.स

स्मृतिपुञ्ज - स्म्रि.ति.पुन्.ज.

विस्मृत - बिस् म्रित्.

मूल्याङ्कन - मुल्.ल्याङ् .कन्

**कियाकलाप ६**

- उल्लिखित शब्दहरूको उच्चारण अभ्यास गराइसकेपछि विशेषतः दोस्रो भाषी तथा कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई पालैपालो १३ देखि १६ सम्मका अनुच्छेदमा पटक पटक शुद्धोच्चारणको लागि अभ्यास गराउनुहोस् ।

४. **प्रतिबिम्बन :**

- निर्दिष्ट पाठ गति, यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- निर्दिष्ट पाठको १२, १३, १४, १५ र १६ अनुच्छेद सस्वर वाचन गरी सुनाउन लगाउनुहोस् ।
- पाठमा प्रयुक्त निम्न शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

Draft

प्रयत्नरत, पर्याप्त, परिपूर्ति, हिंस्रक, उन्मुक्तता, सँगिनी, पितृभाव, प्रपञ्च, सहृदयी, कुण्ठा, स्निग्ध, विस्मित, विलुप्त, चतुर्यांश, विस्मृत, स्मृतिपुञ्ज ।

- पाठको अन्तिम अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

६. **परियोजना कार्य/गृहकार्य**

(क) **विद्यार्थीका लागि**

- शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । यसो गर्दा उच्चारण क्षमता राम्रा भएका र नभएका मिश्रित समूह तयार पार्नुहोस् । पाठको निर्दिष्ट अनुच्छेदहरू सस्वर वाचन तथा शुद्धोच्चारण गर्न सक्ने भई आउन निर्देश गरी भोलिपल्ट सबै समूहका सिपालु तथा कमजोर सबैलाई वाचन गरी सुनाउन र शुद्ध उच्चारण गर्न लगाउनुहोस् । कुन समूहका सहभागीले बढी राम्रो गरे उक्त समूहलाई उत्कृष्ट घोषणा गरी अरूलाई आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

(ख) **शिक्षकका लागि**

- शिक्षकले म को हु" पाठ शिक्षण गराइसकेपछि कुन कुन विद्यार्थीले सस्वर वाचन र शुद्ध उच्चारण गर्न सके र कुन कुनले सकेनन् सो छुट्याई छलफल तथा अवलोकनद्वारा तिनीहरूको समस्या पहिचान गरी उपचारात्मक शिक्षण गर्नुहोस् ।

- तिनीहरूको मात्र दुई दुई जनाको छुट्टै समूह बनाई पालैपालो एउटाले अनुच्छेद वाचन गर्ने र अर्कोले सुनेर गल्ती सच्याउन लगाई सस्वर वाचन र शुद्ध उच्चारणमा अरु विद्यार्थी सरह सक्षम नभएसम्म पटक पटक पालैपालो सस्वर वाचनको अभ्यास गराउनुहोस् ।

७. **सन्दर्भ सामग्री :**

Draft

| दिन : दोस्रो |
|---|

पाठ्य वस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : शब्द भण्डार र प्रयोग**

१. **विशिष्ट उद्‌देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्‌यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) ॅम को हु“'? पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) उक्त शब्दहरूको प्रयोग गरी उपयुक्त वाक्य निर्माण गर्न

२. **शैक्षणिक सामग्री**

शब्दार्थ पत्ती, शब्दार्थ सूची, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले सिकाइप्रति उत्प्रेरणा जगाउन निर्दिष्ट पाठको कुनै अनुच्छेदबाट श्रुति लेखन गराउनुहोस् र त्यसपछि आपसमा कापी साटासाटा गरी पाठको निर्दिष्ट अनुच्छेद हेरेर जा“च्न लगाई कम अशुद्‌धि भएका लाई उत्कृष्ट घोषणा गरी उक्त दिनको क्रियाकलापका बारे जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले विद्‌यार्थीलाई निर्दिष्टक ॅम को हु“' ? पाठ मनमनै पढ्न लगाउनुहोस् । त्यस क्रममा उनीहरूलाई अर्थ कठिन लागेका शब्दहरू भन्न लगाउ“दै कापीमा टिपोट पनि गराउ“दै शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

**लक्षित शब्दहरू**

सँगिनी, प्रपञ्च, सहृदयी, निश्छिल, कृन्दन, स्निग्ध, विस्मित, दुःखान्तक, अक्षय, पाँजेर, चतुर्थांश, स्मृतिपुञ्ज, विस्मृत, विलुप्त, कुष्ठा, निष्कपट, पुलकित, परोक्ष ।

**क्रियाकलाप २**

- निर्दिष्ट शब्दका अर्थ विद्‌यार्थीबाट नै पालैपालो सोधेर भन्न लगाउनुहोस् । ती शब्दहरूको अर्थ विद्‌यार्थीहरूले नजानेमा शब्दार्थ पत्तीको प्रदर्शन गर्दै कठिन शब्दका अर्थ बताइदिनुहोस् ।

**शब्दार्थ शिक्षणमा निम्न विधिद्वारा सिकाइ गर्नुहोस् :**

- शब्दार्थ सूचीको प्रदर्शन गरेर
- समान गुण भएका शब्द भनेर

- हाउभाउ तथा अभिनय गरेर
- ठोस वस्तु प्रदर्शन गरेर
- पर्यायवाची शब्द गरेर
- परिभाषा दिएर
- वाक्यमा प्रयोग गरेर

**क्रियाकलाप ३**

- यसपछि शिक्षकले आफूले लगेको वाक्य सूची प्रदर्शन गर्दै शब्दार्थ शिक्षणपछि विद्यार्थीलाई नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । उनीहरूले हुनेगरी वाक्यमा प्रयोग नगरेसम्म पटक पटक अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४**

● यो क्रियाकलाप पुरा भएपछि शिक्षकले शब्दार्थ शिक्षण पुनरावृत्तिका लागि बिङ्गो खेल खेलाउनुहोस् । यसका लागि निम्न क्रियाकलाप गराउनुहोस् ।

- शब्द र अर्थसूची फलाटिन पाटीमा टा"स गरी सबै विद्यार्थीलाई पढ्न निर्देश गर्नुहोस् ।
- त्यसपछि शब्द र अर्थसूची झिकेर छोप्नुहोस् ।
- त्यसपछि शिक्षकले सूचीमा प्रदर्शन गरेको शब्दको अर्थ सूचीबाट बताउनुहोस् । विद्यार्थीलाई कापीमा शब्द लेख्न निर्देश गर्नुहोस् ।
- शिक्षकले क्रमशः शब्दको अर्थ भन्नुहोस् र विद्यार्थीलाई शब्द लेख्न लगाउनुहोस् ।
- यसपछि शब्द र अर्थसूची प्रदर्शन गरी आफूले भनेको अर्थको शब्दमा गोलो घेरा दिनुहोस् र विद्यार्थीलाई आफ्नो कापीमा हेर्न लगाउनुहोस् ।
- यसमा जसले धेरै शब्द लेखेर मिलाए त्यही विद्यार्थी खेलमा उत्कृष्ट भएको घोषणा गर्नुहोस् ।

४. **मूल्याङ्कन/प्रतिबिम्बन**

- निम्न शब्दको अर्थ भन्न लगाउनुहोस् :

  प्रपञ्च, पुलकित, परोक्ष, निश्छल, स्निग्ध, विस्मित, विलुप्त, कुण्ठा, सहृदयी, विस्मृत

- उल्लिखित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।
- निम्न शब्दको अर्थ स्पष्ट हुनेगरी वाक्य निर्माण गनुहोस् :

  उकुसमुकुस, सुटुक्क, एकाकार, सँगिनी, झिलिल्ल, सुँक्क, चुर्लुम्म, दुःखान्तक, ए, र, रे, अ, त, नै, कि ।

६. **परियोजना कार्य/गृहकार्य**



Draft

(क) **विद्यार्थीका लागि**

- शिक्षकले विद्यार्थीलाई पाठभित्रका कम्तीमा ३० ओटा कठिन शब्द कापीमा टिपोट गर्न लगाई प्रत्येकको अर्थ लेखी तात्पर्य खुल्ने गरी वाक्य निर्माण गरेर ल्याउन लगाएर प्रस्तुत गराउनुहोस् ।

(ख) **शिक्षकका लागि**

- शिक्षकले निर्दिष्ट पाठ शिक्षण गरिसकेपछि कुन कुन विद्यार्थीले शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग गर्न जानेनन् सो पहिल्याई उनीहरूको नाम टिपी उपचारात्मक शिक्षण गर्नुहोस् ।
- कमजोर क्षमता भएका ती विद्यार्थीको छुट्टै समूह बनाई कठिन शब्दहरू दिएर अर्थ लेख्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र उनीहरू सक्षम नभएसम्म अभ्यास दोहोऱ्याइरहन लगाउनुहोस् ।

| **दिन : तेस्रो** |
|---|

पाठ्य वस्तु : पठनबोध

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट पाठ सस्वर पठन गर्न

(ख) निर्दिष्ट पाठका बोधात्मक प्रश्नको उत्तर दिन

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, बोधात्मक प्रश्नसूची, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- सिकाइप्रति उत्प्रेरणा जगाउन शिक्षकले समावेशी ढङ्गले कक्षाका कुनै तिन जना विद्यार्थीलाई कक्षाकोठा अगाडि बोलाउनुहोस् र पालैपालो आफूलाई चिनाउन आफ्ना बारेमा एक एक मिनेट बोल्न लगाउनुहोस् र क्रियाकलाप पुरा भएपछि त्यस दिन सिकाइने पाठ्य वस्तुका बारेमा जानकारी दिनुहोस् ।

Draft

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सस्वर वाचनका लागि आवश्यक निर्देशन दिनुहोस् ।
- त्यसपछि विद्यार्थीहरूलाई पाठ्य वस्तु बुझेर पढ्न निर्देश गर्नुहोस् । साथीले पढेको अनुच्छेद राम्ररी सुनेर बुझ्न निर्देश गर्नुहोस् ।
- बिचबिचमा रोकेर निदिष्ट अनुच्छेदको सार भन्न लगाउनुहोस् ।
- शिक्षकले विद्यार्थीलाई एक, दुई र तिन अनुच्छेद पढ्न लगाउनुहोस् र त्यसबाट निम्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

**प्रश्नहरू**

- लेखकले आफ्नो परिचय कसरी दिइन् ?
- लेखक के भनेमा रिसाउँछु भन्छिन् ?
- पाठक लेखकको के कुरा पत्याउन तयार छैनन् ?
- लेखकले किन चोर्नु परेको होला ?
- लेखकलाई चोर्न के ले बाध्य पाऱ्यो ?

- शिक्षकले विद्यार्थीलाई पालैपालो ती प्रश्नहरू सोधी तिनको सही उत्तर भन्न लगाउनुहोस् । साथै प्रश्नका उत्तरहरूलाई लेख्न पनि लगाउनुहोस् । शिक्षकले यसमा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप २**

● यसपछि विद्यार्थीलाई दुई समूहमा विभाजन गरी पहिलो समूहलाई अनुच्छेद न. ५, ६, ७, ८, ९ र १० र दोस्रो समूहलाई ११, १२, १३, १४, १५ र १६ न. अनुच्छेद दिई त्यसबाट बोधात्मक दस दस ओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् । त्यस क्रममा शिक्षकले सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप ३**

- त्यसपछि पालैपालो एउटा समूहले अर्को समूहलाई प्रश्न सोध्न लगाउनुहोस् र त्यसको स्पष्ट उत्तर लेख्न र भन्न उत्प्रेरित गर्नुहोस् ।

● प्रश्न निर्माण गराउ“दा को, के, कहिले, कहा“, कति, कसले, कसलाई , किन, कसरी, कस्तो आदि प्रश्नार्थक शब्द राखी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

● विद्यार्थीले बनाएर सोधिएका प्रश्नको विद्यार्थी समूहबाट उत्तर दिएको वा नदिएको हरेक क्रियाकलापको राम्ररी अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् र अन्तमा उपयुक्त पृष्ठपोषण दिई कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस् ।



Draft

४. **मूल्याङ्कन/प्रतिबिम्बन**

- अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।
- अर्को समूहको कुनै विद्यार्थीलाई अनुच्छेद सारेबाट प्रश्न बनाउन लगाउनुहोस् ।
- अर्को समूहको कुनै विद्यार्थीलाई उक्त प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।
- एउटा समूहको कुनै विद्यार्थीलाई अनुच्छेद तेर सस्वर पठन गराउनुहोस् र अर्को समूहबाट त्यसको मूल अर्थ भन्न लगाउनुहोस् ।

५. **परियोजना कार्य/गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- ॅम को हु“'? निबन्ध पाठ पढी समग्र विषयस“ग सम्बन्धित पन्ध्र पन्ध्र ओटा बोध प्रश्नहरूको सूची बनाउन लगाई तिनीहरूको उत्तर पनि लेखेर ल्याउन लगाई जा“चिदिनुहोस् र आवश्यक परेमा पृष्ठपोषण दिनुहोस् ।

**(ख) शिक्षकका लागि**

- शिक्षकले ॅम को हु“'? निबन्ध पाठको पठन बोध क्रियाकलाप कुन कुन विद्यार्थीले पुरा गर्न सके र कुन कुनले सकेनन् सो छुट्याई छलफल तथा अवलोकनद्वारा तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।
- तिनीहरूको मात्र दुई दुई जनाको समूह बनाई एक अर्कोलाई बोध प्रश्नहरू सोध्न लगाई त्यसको उत्तर बताउन लगाउने अभ्यास पटक पटक गराउनुहोस् ।

## दिन : चौथो

पाठ्य वस्तु : सङ्क्षिप्त उत्तर लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) ॅम को हु“'? निबन्धको विषय वस्तुका आधारमा सोधिने प्रश्नको सङक्षिप्त उत्तर दिन

२. **शैक्षणिक सामग्री**

प्रश्न सूची, सङ्क्षिप्त उत्तर लेखिएको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

Draft

- शिक्षकले कुने प्रश्न वा गाउ“खाने कथाको अर्थ सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । त्यसपछि आजको दिन गरिने क्रियाकलापको जानकारी गराउ“दै शिक्षण कार्य सुरु गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम विद्यार्थीलाई एउटा बेन्चमा चार जनाका दरले राखी तिनीहरूमा दुई दुई जनाको समूह बनाई कक्षा व्यवस्थापन मिलाउनुहोस् ।

- त्यसपछि शिक्षक आफूले तयार पारी लगेको नमुना उत्तर फलाटिन पाटीमा टा“स गरी उत्तर लेख्ने तरिकाबारे छलफल चलाई प्रबोधीकरण गर्नुहोस् । त्यस उत्तरलाई दुई तिन जना विद्यार्थीलाई उठाएर पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- यो क्रियाकलाप पुरा भएपछि शिक्षक आफूले तयार पारी ल्याएका निम्न प्रश्न सूची फलाटिन पाटीमा टा“स गरी सबै विद्यार्थीले बुझ्ने गरी पढेर सुनाउनुहोस् ।

**प्रश्नसूची**

(क) आफूले चोरी स्वीकार गर्दा पनि लेखकलाई लाज नलाग्नुको कारण के हो ?

(ख) आमा र बाबाबाट लेखकले के के चोरी गरिन् ?

(ग) लेखकले बालकहरूस“ग किन मित्रता गा“सेकी छन् ?

(घ) लेखकले निबन्ध पाठमा आफूलाई कसरी चिनाएकी छन् ?

(ङ) लेखक किन चोरी गर्न बाध्य छिन् ?

(च) लेखकले चोरी गर्ने कुराहरू के के हुन् ?

**क्रियाकलाप ३**

- प्रश्न सूचीका बारे सामूहिक छलफल चलाई कुनै कुरा अस्पष्ट भएमा त्यसलाई स्पष्ट पारिदिएर प्रत्येक समूहलाई एक एक ओटा प्रश्नको उत्तर लेखेर प्रस्तुत गर्ने गरी प्रश्न विभाजन गरेर दस मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले उत्तर लेख्दै गर्दा शिक्षक आफू समूह समूहमा पुगेर अवश्यक सहजीकरण गर्नुहोस् ।
- समय पुरा भएपछि समूह नेतामार्फत् आफ्नो भागमा परेका प्रश्नको उत्तर पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलप ४**

Draft

- प्रत्येक प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि उनीहरूबाटै टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले उपर्युक्त पृष्ठपोषण दिई क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **मूल्याङ्कन / प्रतिबिम्बन :**

प्रत्येक विद्यार्थीलाई "म को हुँ"? निबन्ध पाठबाट सङ्क्षिप्त उत्तर आउने प्रश्न बनाउन लगाउनुहोस् । उक्त प्रश्न आफ्नो नजिकको साथीबाट साटासाट गराई उक्त प्रश्नको उत्तर लेखेर प्रस्तुत गर्न लगाई आपसमा पृष्ठपोषण लिनेदिने कार्य गराउनुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- पुस्तकालयमा गई कम्तीमा दुई ओटा आत्मपरक निबन्ध पढेर उक्त निबन्धका विषय वस्तुका बारे शिक्षकलाई बताउन निर्देशन दिनुहोस् ।

**(ख) शिक्षकका लागि**

- निबन्ध लेखन शिक्षण गराउन आवश्यक बुँदा तयार पारिएको चार्ट तयार पार्नुहोस् ।
- आगामी कक्षाका लागि "म को हुँ" ? निबन्ध पाठको व्याख्याको लागि कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरिएको नमुना तयार पार्नुहोस् ।

**दिन : पाँचौँ**

पाठ्य वस्तु : व्याख्या लेखन

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निबन्ध पाठभित्रका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न

२. **शैक्षणिक सामग्री**

व्याख्या गरिएको नमुना चार्ट, पलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

Draft

- शिक्षकले गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गरी आजको कक्षामा गरिने क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम निर्दिष्ट निबन्ध पाठका विशिष्ट पङ्क्तिहरूको सूची पलाटिन पाटीमा टा“स गर्नुहोस् र छलफल चलाउनुहोस् ।

- छलफलपश्चात् व्याख्या गर्ने तरिकाका बारेमा लघु प्रवचन दिई स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप २**

- यसपछि शिक्षक आफूले तयार पारी लगेको कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या नमुना चार्ट फलाटिन पाटीमा टा“स गरी व्याख्या गर्ने तरिकाको उदाहरण र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूह बनाउनुहोस् । उनीहरूलाई दस मिनेटको समय दिई प्रत्येक समूहलाई लेखाइ अभ्यासको प्रश्न न. ३ को उद्धरण व्याख्या गर्न बा“डफा“ड गर्नुहोस् ।

- विद्यार्थीले लेख्दै गर्दा अलमल परेका अवस्थामा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्धारित समय पुरा भएपछि समूहको टोली नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन गरी पृष्ठपोषण दिनका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूबाट आआफ्नो समूहबाट प्रस्तुत गरिएका सामग्री एक अर्को समूहमा साटासाट गर्न लगाई त्यसमा भएका अशुद्धि सच्याउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई अलमल परेको खण्डमा शिक्षक आफूले डुल्दै सच्याउन सहजीकरण भूमिका निर्वाह गर्नुहोस् ।

- अन्त्यमा त्यस दिन विद्यार्थीहरूले प्रदर्शन गरेको सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने भए समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन/प्रतिबिम्बन**

Draft

- व्याख्या र भाव विस्तार गर्ने कार्यमा के कस्तो समानता र भिन्नता रहेछ भन्ने विषयमा उनीहरूबिच अनुभव आदान प्रदान गराउनुहोस् ।
- आफूले व्याख्या गरेको कुनै उद्धरणको नमुना व्याख्या सुनाउन लगाउनुहोस् ।

**५. परियोजना कार्य/गृहकार्य**

**(क) विद्यार्थीका लागि**

लेखाइ अभ्यासको प्र.न. ३ को क, ख, उद्धरणको व्याख्या घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**(ख) शिक्षकका लागि**

आउ"दो कक्षाका लागि वर्णनात्मक आत्मपरक, र भावपरक निबन्ध लेखनको अभ्यासका लागि आवश्यक बु"दा टिपोट गरी सामग्री सङ्कलन गर्नुहोस् ।

**दिन : छैटौ"**

पाठ्य वस्तु : व्याकरण (सर्वनाम र नामयोगी)

**अपेक्षित सिप विकास : शब्दवर्ग पहिचान**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) उदाहरण दिई सर्वनाम र नामयोगीको परिचय दिन

(ख) सर्वनाम र नामयोगी पद पहिचान गरी प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

सर्वनाम नामयोगी जनाउने शब्दापत्तीहरू, वाक्यपत्ती, गोजीतालिका र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले अगिल्लो दिन विद्यार्थीलाई दिएको परियोजना कार्य प्रस्तुत गर्न लगाउनुहोस् र सिकाइतर्फ उत्प्रेरणा जगाउ"दै उक्त दिन सिकाइने पाठ्य वस्तुका बारे जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- सर्वप्रथम शिक्षकले शब्दपत्तीमा निम्न किसिमका शब्दहरू प्रस्तुत गर्दै यी कस्ता शब्द हुन् भनी सोध्नुहोस् :

  तिनीहरू, आफू, कुन, जुन, कुनै, को कोही, स"ग सम्म, भित्र, मार्फत्, माथि, पारि, अनुसार, भन्दा, समेत, बेगर, भरि ।

- विद्यार्थीले छुट्याउन नजानेमा शिक्षकले बताउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

- त्यसपछि आफूले ल्याएका वाक्य पत्तीहरू फलाटिन पाटीमा टा"स गरी ती वाक्यको शब्दहरूको पदवर्ग पहिचान गर्न लगाउनुहोस् ।

नमुना वाक्य :

- तिनीहरू घर जान्छन् ।
- आफू त पढिन्छ ।
- घरमा कोही आएनन् ।
- जेसुकै भए पनि ठिक छ ?
- छानामाथि चरा बस्यो ?
- हिमालपारि स्याउखेती हुन्छ ।
- झिटिटोकरी समेत साहुले लाग्यो ।
- बसले गाउ"सम्म पुऱ्याइदियो ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई दिइएका वाक्यमा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउन लगाउनुहोस् । विद्यार्थीले नसकेमा अन्य उदाहरण दिएर प्रोत्साहित गर्दै उनीहरूलाई नै भन्न लगाउनुहोस् । अन्त्यमा शिक्षक आफूले स्पष्ट पारिदिनुहोस् ।

- यो क्रियाकलाप पुरा भएपछि शिक्षकले सर्वनाम र नामयोगीको सोदाहरण परिचय दिनुहोस् ।

**क्रियाकलाप ३**

- सर्वनाम र नामयोगीको सोदाहरण परिचय दिइसकेपछि शिक्षकले विद्यार्थीलाई पाठको पृष्ठ ३७ र ३८ बाट प्रश्न न. १, ४, ५ र ८ को अभ्यास पुरा गराउनुहोस् । शिक्षकले कक्षामा डुल्दै उनीहरू अलमलिएका ठाउ"मा गई सहजीकरण गरिदिनुहोस् । यसै बिचमा उनीहरूले सिके नसिकेको मूल्याङ्कन गर्नुहोस् ।



Draft

- अन्त्यमा उनीहरूले गरेको कक्षाकार्यको अभ्यासको उत्तर बताई उनीहरूले नजानेको कुरा आवश्यक पृष्ठपोषण दिई सबल पक्षको प्रशंसा गर्नुहोस् ।

४. **मूल्याङ्कन/प्रतिबिम्बन**

- विद्यार्थीलाई आज सिकेको अभ्यासका आधारमा पाठको अनुच्छेद १, २, ३, ४ बाट सर्वनाम शब्द नदोहोऱ्याई कापीमा टिपेर भन्न लगाउनुहोस् ।
- पाठको अनुच्छेद ५ र ६ बाट नामयोगी शब्दहरू नदोहोऱ्याई कापीमा टिपेर भन्न लगाउनुहोस् ।
- सर्वनामको परिचय बताउन लगाउनुहोस् ।
- नामयोगीको परिचय सोध्नुहोस् ।

५. **परियोजना कार्य/गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- पाठको व्याकरण अभ्यासको प्रश्न न. २, ३, ६ र ७ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् । उनीहरूले लेखेर ल्याएका उत्तरमध्ये ३ र ७ लाई उनीहरूबाटै प्रस्तुत गराउनुहोस् र बा“की २ र ६ को जा“चेर आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

**(ख) शिक्षकका लागि थप सन्दर्भ सामग्री**

**सर्वनाम**

म, हामी, तँ, तिमी, तपाइँ, ऊ, उनी, तिनी, उहा“ को, के, कुन, कुनै आदि जस्ता वाक्यमा नामको सट्टामा नामकै कार्य गर्ने गरी प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनामका निम्न छ प्रकार छन् ।

(क) पुरुष वाचक - म, आमी, तिमी, उनी, यिनी, तिनीहरू, उहाँ,

(ख) दर्शक वाचक - यो, यी, त्यो, ती

(ग) सम्बन्ध वाचक - जो, जे, जुन, जे, जे जो, जो

(घ) निजवाचक - आफू, आफै“, स्वयम्

**नामयोगी**

माथि, भित्र,पश्चात्, निम्ति, खातिर, स“ग, सित, बाहेक, अतिरिक्त आदि जस्ता नामिक पदका पछाडि जोडिन आएर वा नजोडिएर पनि अर्थगत सम्बन्ध राख्ने अविकारी शब्दलाई नामयोगी भनिन्छ । नामयोगीका निम्न ५ प्रकार छन् :

| |
|---|
| (क) स्थान वाचक - मुनि, बाहिर, पट्टि |
| (ख) समय वाचाक - ताक, ताका, उप्रान्त |
| (ग) प्रयोजन वाचक - निम्ति, निमित्त, खातिर |
| (घ) सहितार्थ वाचक - स“ग, साथ, सित |
| (ङ) रहितार्थ वाचक - रहित, बेगर, बाहेक |

## दिन : सातौ“

पाठ्य वस्तु : व्याकरण (संयोजक र निपात)

**अपेक्षित सिप विकासक : शब्दवर्ग पहिचान**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) उदाहरण दिई संयोजक र निपातको परिचय दिन

(ख) संयोजक र निपात पद पहिचान गरी प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

संयोजक र निपात जनाउने शब्दपत्तीहरू, वाक्यपत्ती गोजी तालिका, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले अगिल्लो दिन शिक्षण गरेको सर्वनाम र नामयोगी शब्दहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र तिनीहरूको पदवर्ग छुट्याई उपयुक्त वाक्य निर्माण गर्न लगाउ“दै सिकाइतर्फ उत्प्रेरित गरी आज सिकाइने विषय वस्तुको जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम निम्न किसिमका शब्दहरू लेखिएको शब्दपत्ती प्रस्तुत गर्दै यी कस्ता शब्द हुन् भनी सोध्नुहोस् :

अनि, पनि, किनकि, रे, कि, खै, लौ, तर, नि, किन्तु, भन्ने, ए, अँ, त्यसैले, जहा“, जब, तापनि किनभने, है,

Draft

- विद्यार्थीले छुट्याउन नजानेमा शिक्षकले बताइदिनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग पनि गर्न लगाउनुहोस् ।
- उक्त क्रियाकलाप के कति विद्यार्थीले गर्न जाने र कतिले जानेनन् मूल्याङ्कन गर्दै जानुहोस् । तिनीहरूलाई अभ्यासमा सहभागी गराउनुहोस् ।

**क्रियाकलाप २**

- त्यसपछि आफूले तयार पारी ल्याएका वाक्य पत्तीहरू प्रदर्शन गर्दै ती वाक्यमा रेखाङ्कन गरेका शब्दहरूको पदवर्ग छुट्याउन लगाउनुहोस् ।

नमुना वाक्य

- लौ, म त आजै हि“डे ।
- म भन्छु तर लेख्दिनँ ।
- लाक्पा धेरै पढ्दैनन् तापनि राम्रो लेख्छन् ।
- एक जुगमा एक दिन एकचोटि आउ“छ रे ।
- त्यसैले तिमीलाई पो सबैले मान्दरहेछन् ।
- खै मेरो काम बन्ला र ?
- अँ, तिमीले उसलाई चिन्यौ नि ?
- उनी आइन् अनि हामी गयौ“ ।
- ऊ पढ्छ र लेख्छ ।

- वाक्यपत्तीहरू एक एक प्रदर्शन गर्दै रेखाङ्कन गरिएका शब्दहरूको पदवर्ग छुट्याउन लगाउनुहोस् । उनीहरूलाई कठिन भएमा अन्य उदाहरणहरू दिएर प्रोत्साहन गर्दै पदवर्ग पहिचान गर्न लगाउनुहोस् । शिक्षकले सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।
- यो क्रियाकलाप पुरा भएपछि शिक्षकले संयोजक र निपातको सोदाहरण परिचय दिनुहोस् ।

**क्रियाकलाप ३**

- संयोजक र निपातका सोदाहरण परिचय दिइसकेपछि शिक्षकले विद्यार्थीहरूलाई पाठको पृष्ठ ३७ र ३८ बाट प्रश्न न.१, ४, ५ र ८ को अभ्यास पुरा गराउनुहोस् । शिक्षकले कक्षामा डुल्दै उनीहरू अलमलिएका ठाउ“मा पुगी सहजीकरण गरिदिनुहोस् । यसै बिचमा उनीहरूले सिके नसिकेको मूल्याङ्कन पनि गर्नुहोस् ।

**क्रियाकलाप ४**

- अन्त्यमा उनीहरूले गरेको कक्षाकार्यको अभ्यासको उत्तर बताई उनीहरूले नजानेको कुराका आवश्यक पृष्ठपोषण दिई सबल पक्षको प्रशंसा गर्नुहोस् ।

- शिक्षकले पा“च ओटा संयोजक र पा“च ओटा निपात शब्द शैक्षणिक पाटीमा लेखी तिनलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिई प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन / प्रतिबिम्बन**

- विद्यार्थीलाई आज सिकेको अभ्यासका आधारमा पाठको अनुच्छेद १ र २ बाट निपात शब्द नदोहोऱ्याई कापीमा टिपेर भन्न लगाउनुहोस् ।

- पाठको १५ र १६ अनुच्छेदबाट संयोजक र निपात शब्द नदोहोऱ्याई कापीमा टिपेर भन्न लगाउनुहोस् ।
  - निपात भनेको के हो ?
  - संयोजक भनेको के हो ?
  - निपात र संयोजकको भिन्नता बताउनुहोस् ।
  - पा“च ओटा निपात र पा“च ओटा संयोजक शब्द भन्नुहोस् ।

- पाठको पृष्ठ ३८ को प्रश्न न. २, ३, ६ र ७ को अभ्यासबाट प्रश्नहरू सोध्नुहोस् ।

५. **परियोजना कार्य**

(क) **विद्यार्थीका लागि**

- पाठको व्याकरण अभ्यासको प्रश्न न. ११ र १२ को उत्तर लेखेर ल्याउन दिर्नेशन दिनुहोस् ।
- निपात र संयोजक शब्दको प्रयोग गरी १५० शब्दमा आफ्नो विद्यालयको वर्णन गरी एक अनुच्छेद लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**शिक्षकका लागि सन्दर्भ सामग्री**

संयोजक

र, पनि, अनि, तर, तापनि, तैपनि, किन्तु, परन्तु, त्यसकारण, तसर्थ, त्यसैले न, वा, कि, अथवा, भने, भन्ने, भनी,जो, जुन, जब, जता, जसरी आदि संयोजक हुन् र दुई वा दुईभन्दा बढी पद, पदावली र वाक्यहरूलाई जोड्ने आविकारी शब्दलाई संयोजक भनिन्छ ।

**निपात**

नै, ल, नि,, है, पो, क्या, के, कि, र, रे, ह“, क्यारे, खै, लौ, आ, त, नै, ता, ब्यारे, क्यारे, कुन्नि आदि निपात हुन् । वाक्यमा प्रयोग नहु“दाको अवस्थामा आफ्नो छुट्टै स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयोग भएपछि निश्चय, अनुरोध, सहमति आदि आशय बुझाउने अविकारी शब्द निपात हुन् ।

| **दिन : आठौ“** |
|---|

Draft

पाठ्य वस्तु : निबन्ध लेखन (स्वतन्त्र रचना)

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निबन्धको अवधारणा र ढा“चाको परिचय दिन

(ख) निर्दिष्ट सङ्केत वा बु“दामा आधारित निबन्ध रचना गर्न

**२. शैक्षणिक सामग्री**

निबन्धको ढा“चाको तालिका, विभिन्न किसिमका निबन्ध लेखनको वर्णन चार्ट, निबन्धका शीर्षक र त्यसको बु“दा, निबन्ध नमुना

**३. सिकाइ सहजीकरण क्रियाकललाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीलाई अगिल्लो दिन दिएको परियोजना कार्य आ आफ्नो ठाउ“बाट उठेर भन्न लगाउनुहोस् र उनीहरूले गरेका सकारात्मक कार्यको प्रशंसा गर्दै उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलप १**

- शिक्षकले विद्यार्थीलाई निबन्ध के हो ? यो कसरी लेखिन्छ ? म को हु“ ? पाठ कुन विधा अन्तर्गत पर्दछ ? भन्ने जस्ता निबन्ध अवधारणास“ग सम्बद्ध यस्तै र अरु किसिमका विभिन्न प्रश्नहरू सोध्नुहोस् र उनीहरूबाट आएका उत्तरलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

- शिक्षकले विद्यार्थीका उत्तरलाई समेत समेटी प्रस्तुत पाठ्य पुस्तकमा रहेका तथा अन्य विविध किसिमका निर्दिष्ट बु“दामा आधारित एवम् स्वतन्त्र रूपमा लिखित निबन्धका नमुनाहरू प्रस्तुत गर्दै निबन्धका सम्बन्धमा विद्यार्थीहरूस“ग छलफल गरी निबन्धको परिचय र प्रकारहरू बताउनुहोस् ।

**निबन्ध परिचय**

- कुनै विषय शीर्षकमा केन्द्रित रही त्यस सम्बन्धी विषय वस्तुलाई विस्तार गरी गद्य शैलीमा क्रमबद्ध तथा व्यवस्थित रूपमा प्रस्तुत गरी लेखिएको वस्तुपरक वा आत्मपरक अभिव्यक्तिलाई निबन्ध भनिन्छ । यसको समानार्थी लेख, प्रबन्ध आदि पनि पर्दछन् । लेख र प्रबन्ध वस्तुपरक हुन्छ भने निबन्ध चाहि“ आत्मपरक हुन्छ । प्रस्तुत पाठ्य पुस्तक जैविक खेती निबन्ध पाठ हो । यसभित्र सामान्य विवरणात्मक लेखदेखि लिएर महान् साहित्यिक प्रतिभाहरूद्वारा रचित आत्मपरक सिर्जना सबै निबन्ध हुन् ।



Draft

- यसभित्र क्रममा कक्षा ९ को नेपाली पाठ्य पुस्तकमा प्रयुक्त र अन्य निबन्ध सङ्ग्रहमा पाइने निबन्धहरूको विभिन्न उदाहरण दि“दै निबन्धका प्रकारका बारेमा थप जानकारी दिनुहोस् ।

**निबन्धका प्रकार**

(क) वस्तुपरक (ख) आत्मपरक

- कुनै विषय वस्तु वा घटनाको सूचना जानकारी विवरण र चिन्तनलाई प्राथमिकता दिई तृतीय पुरुष शैलीमा लेखिएको गद्य रचनालाई वस्तुपरक निबन्ध भनिन्छ । यसमा लेखक आफू तटस्थ बसेर विषय वस्तुमा आधारित भएर काल्पनिक नभई यथार्य वर्णन गर्दछ । गाई, हरियो वन नेपालको धन, दसैं“, नेपाली संस्कृति पर्यटन स्थल पोखरा, नेपाली पोसाक शीर्षकका निबन्धहरू वस्तुपरक निबन्ध अन्तर्गत पर्दछन् ।

- लेखकको निजी अनुभव, भावना, विचार तथा अनुभूति व्यक्त भएको निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । यस्ता निबन्धमा यात्राको अनुभव, आफ्ना विचार, सुख दुःख आदि अभिव्यक्त भएका हुन्छन् । यस प्रकारका निबन्धहरू प्रथम शैलीमा लेखिएका हुन्छन् । मेरो बाल्यकाल, राष्ट्र निर्माणमा मेरो कर्तव्य, मेरो देश, राष्ट्रियता, मेरो जीवनको लक्ष्य, मेरो पढ्ने बानी, मैले देखेको जात्रा आदि आत्मपरक निबन्धअन्तर्गत पर्दछन् भन्दै निबन्ध लेखन सम्बन्धी क्रियाकलाप पुरा गर्नुहोस् ।

**क्रियाकलाप २**

- निबन्धका प्रकारका बारे जानकारी दिइसकेपछि अब निम्न ढा“चामा निबन्ध रचना गर्न सकिने कुरा चार्टमा लेखेर प्रस्तुत गर्नुहोस् ।

- निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू

- सर्वप्रथम निबन्धको शीर्षक लेख्नुपर्दछ । त्यसपछि सम्बन्धित शीर्षकलाई समेट्ने गरी निबन्धको संरचनालाई तिन भागमा वितरण गर्नुपर्दछ । जस्तै :

(क) **परिचय भाग**

यो भाग निबन्धको आदि भाग हो । यसमा  सम्बन्धित निबन्धको शीर्षक परिचय दिइन्छ । यस खण्डमा लेख्न लागिएको निबन्धको मूल भाव वा विचारलाई छोटो र प्रभावपूर्ण ढङ्गले प्रस्तुत गरिन्छ । यसलाई करिब एक अनुच्छेदमा लेखिन्छ ।

(ख) **विस्तार भाग**

यो भाग निबन्धको मध्य भाग हो । यसलाई निबन्धको मुख्य खण्ड मानिन्छ । यसमा निबन्धको विस्तृत रूपमा विस्तार गरिएको हुन्छ । शीर्षकस“ग सम्बन्धित विषय वस्तुलाई क्रमिक र सङ्गठित रूपमा प्रस्तुत गरिएको हुन्छ । यो खण्ड आवश्यकता अनुसार परिचय खण्डभन्दा पा“च गुणा बढी हुन्छ ।

(ग) **अन्त्य भाग**

Draft

यो निबन्धको अन्तिम भाग हो । यसलाई निबन्धको निष्कर्ष वा उपसंहारका रूपमा लिइन्छ । यस भागमा निबन्धको बिचको विस्तार खण्डलाई निचोडका रूपमा प्रस्तुत गरिन्छ । यो खण्ड निबन्धको परिचय खण्ड जत्तिकै एक अनुच्छेदको हुन्छ ।

**क्रियाकलाप ३**

यसरी निबन्धको अवधारणा र संरचनात्मक ढा“चाका सम्बन्धमा विद्यार्थीहरूलाई बताइसकेपछि उनीहरूलाई निबन्ध लेख्न सिकाउन प्रथमतः कुनै विषय शीर्षक दिई निर्धारित बु“दा उल्लेख गरी त्यसैमा आधारित भएर निबन्ध रचना गर्ने अभ्यास गराउनुहोस् ।

**शीर्षक : अनुशासन**

सुरुमा विद्यार्थीहरूबिच निम्न प्रश्नहरू सोधी छलफल चलाउनुहोस् :

- अनुशासन के हो ?
- अनुशासन र प्राकृतिक नियममा के समानता छ ?
- अनुशासनको महत्त्व किन आवश्यक छ ?
- अनुशासनको क्षेत्र कति छ ?
- विद्यार्थी र अनुशासनमा कस्तो सम्बन्ध छ ?
- सेना, प्रहरी कर्मचारी, साधारण नागरिक र अनुशासनबिच कस्तो सम्बन्ध छ ?
- अनुशासन पालनाले हुने फाइदा बेफाइदा के छन् ?
- निष्कर्षमा अनुशासन के हो ? कस्तो अनुशासनको अपेक्षा गरिन्छ ?

**निबन्ध लेखन अभ्यास**

- परिचयः नियम र मर्यादा अनुशासन .....अनु + शासन बाट निर्मित शब्द.......काम, हुकुम, आज्ञाको पालना नै शासन......व्यक्ति तथा प्रकृतिद्वारा सृजित नियम अनुशासन ......सबैका लागि अपरिहार्य भएको..........
- विस्तारः अनुशासन प्राकृतिक गुण............चराचर जगत प्राकृतिक नियममा चलेको.........अनुशासनको क्षेत्र फराकिलो भएको ..विद्यालय, कार्यालय, घर परिवार सबैमा अनुशासन, उन्नति, विकास, पतन, विनाश सबैमा अनुशासनको भूमिका .....अनुशासन सफलताको कसी भएको ......उदण्ड, अराजक अनुशासन हीन कार्य.........दण्डको त्रासभन्दा आत्मनुशासन नै महत्त्वपूर्ण ।
- निष्कर्ष : सबैले ध्यान दिनुपर्ने ....अनुशासन मानवीय गुण र व्यवस्थाको अभिन्न अङ्ग .....अनुशासन नभएको मान्छे लगाम बिनाको घोडा.....अनुशासन उन्नतिको आधार............सफलताको द्योतक नै अनुशासन ।

- सुरुमा दिइएका बु“दाका आधारमा एक एक अनुच्छेद लेख्न लगाई तिनलाई सङ्गठित पारेर निबन्ध लेख्न लगाउनुहोस् ।



Draft

- आवश्यक बु"दा दिई सबै विद्यार्थीलाई व्यक्तिगत रूपमा निबन्ध लेख्न निर्देश गर्नुहोस्
। विद्यार्थीहरू अलमल्ल गर्न पुगेमा कक्षा कोठामा डुल्दै सहजीकरण गरी उत्प्रेरित दिनुहोस् ।

४. **मूल्याङ्कन/प्रतिबिम्बन**

- निबन्धका अवधारणा र लेखन ढा"चा सम्बन्धमा प्रश्न सोध्नुहोस् ।
- वस्तुपरक निबन्ध कस्ता हुन्छन् ?
- आत्मपरक निबन्धको शैली कस्तो हुन्छ ?
- कुनै शीर्षक दिई निबन्ध लेखनका आवश्यक बु"दा भन्न लगाउनुहोस् ।
- नेपालमा जलस्रोतको उपयोग शीर्षकमा निबन्ध लेख्न बु"दाहरू तयार पार्नुहोस् ।

५. **परियोजना/गृहकार्य**

(क) **विद्यार्थीका लागि**

निम्न लिखित शीर्षक र बु"दाका आधारमा २५० शब्दमा नघटाई एउटा निबन्ध लेखेर ल्याउन लगाउनुहोस् ।

विद्यार्थी जीवन

**परिचयः** विद्या आर्जन गर्ने व्यक्ति विद्यार्थी ......बा"च्ने काम वा आयुलाई जीवन भनिने............वैदिक परम्परामा जीवनको विभाजन ............ब्रह्मचर्य जीवन विद्यार्थी जीवन ............भविष्य निर्माणको सुनौलो घडी......।

**विस्तारः** विद्यार्थी देशको कर्णधार.........विद्यार्थी जीवनको महत्त्व गुरुकुल र वैज्ञानिक शिक्षा पद्धतिको विद्यार्थी जीवनको तुलना................कुलतमा लाग्न नहुने.........पढाइ, खेलकुद सबैमा निपुण हुनुपर्ने ..........साद जीवन उच्च विचार राख्नु........असल गुण, नैतिकता जस्ता गुणले असल नागरिक बनाउने...........कर्ण, राम, अर्जुन असल विद्यार्थीका उदाहरण............

**उपसंहारः** विद्यार्थी जीवनलाई महान् बनाउन आत्मनुशासन चाहिने ......उच्छुङ्खल र चञ्चलेपन हटाउनुपर्ने..........किताबी किरो नभई व्यवहारिक सिप हुनु पर्ने......सुनौलो जीवन बनाउने खुट्किलो ।

| **दिन : नवौ"** |
|---|

पाठ्वस्तु : निबन्ध लेखन

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन्

(क) स्वतन्त्र रूपमा निबन्ध लेखन गर्दा ध्यान दिनुपर्ने कुरा बताउन

(ख) कुनै शीर्षकमा स्वतन्त्र रूपमा निबन्ध लेखन गर्न

२. **शैक्षणिक सामग्री**

- निबन्ध लेखनका लागि ध्यान दिनुपर्ने कुराहरूको सूची
- कुनै शीर्षकमा स्वतन्त्ररूपले लेखिएको नमुना निबन्ध
- निबन्धका शीर्षकहरूको सूची, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले सिकाइ उत्प्रेरणाका लागि अगिल्लो दिन परियोजना कार्यका लागि दिइएको निबन्ध लेखन कार्य विद्यार्थीबाट पढेर सुनाउन लगाउनुहोस् । त्यसपछि आवश्यक पृष्ठपोषणसहित उत्प्ररणात्मक क्रियाकलाप सम्पन्न गरी त्यस दिन सिकाइने विषय वस्तुको बारे जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम निबन्ध लेखनका लागि आफूले तयार पारी ल्याएका निबन्ध शीर्षकका सूची फलाटिन पाटीमा टा“स गरी विद्यार्थीहरूस“ग छलफल गर्नुहोस् । उनीहरूले दिएको निष्कर्षलाई समेत समावेश गरी तलका कुराहरू बताइदिनुहोस् :

**निबन्धका शीर्षकहरू :**

(क) विद्यार्थी जीवन (ख) मेरो फुलबारी

(ग) बाल अधिकार (घ) सहिदहरूप्रति मेरो कर्तव्य

(ङ) समयको महत्त्व (च) सहिदहरूको बलिदान

(छ) गाउ“ले जीवन (ज) मेरो देश नेपाल

**क्रियाकलाप २**

- निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्दै निम्न कुराहरू बताइदिनुहोस् :
  - स्वतन्त्र रूपमा निबन्ध रचना गर्दा सर्वप्रथम लेखिने निबन्धको शीर्षकस“ग सम्बन्धित कुराहरू के के हुन सक्छन् सोचेर चिन्तन गरी बु“दाका रूपमा तिनलाई रिपोट गर्नुपर्छ ।

Draft

- बु“दा टिपोट गर्दा आदि, मध्य र अन्त्य छुट्टा छुट्टै भागलाई खेस्राको रूपमा तयार गर्नुपर्छ । यो क्रम निबन्ध लेखनमा अभ्यस्त नभएसम्म अपनाउनु राम्रो मानिन्छ ।

- निबन्ध लेखनमा विषय वस्तुको प्रस्तुतीकरण गर्दा वाक्य वाक्य वा अनुच्छेदका बिच सङ्गति मिलाउ“दै शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी अन्तिम रूप दिनुपर्दछ ।

- यस किसिमको निबन्ध लेखन गर्दा २०० शब्दमा नघटाई लेख्नुपर्छ ।

**क्रियाकलाप ३**

- यी कुराहरू बताइसकेपछि शिक्षकले विद्यार्थीलाई फलाटिन पाटीमा टा“स गरी प्रस्तुत गरिएको निबन्धका आफूलाई जानकारी भएको कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् ।

- शीर्षक छनोटपश्चात् तिनीहरूलाई रोजेको शीर्षकका सम्बन्धमा निम्न खण्डका कुरा स्मरण गरी खेस्रा तयार गर्न लगाउनुहोस् :

लेखन खण्ड

(क) आदिभाग - शीर्षकको परिचय वा परिभाषा

(ख) मध्य भाग - विषय वस्तुको वर्णन, महत्त्व, उपयोगिता, चिन्तन, राम्रा नराम्रा पक्ष, व्याख्या

(ग) अन्त्य भाग - सार एवम् निष्कर्ष, आफ्नो विचार वा टिप्पणी लेखेर समापन गर्नुपर्छ ।

**क्रियाकलाप ४**

- शीर्षक छनोटपश्चात् निबन्ध लेखनका लागि उल्लिखित क्रियाकलाप सम्पन्न गर्नुहोस् र विद्यार्थीलाई बिस मिनेटको समय तोकी निबन्ध लेख्न निर्देश गर्नुहोस् ।

- यस क्रममा शिक्षक आफू कक्षामा डुल्दै विद्यार्थीलाई लेख्न कठिन भएका ठाउ“मा गई सहजीकरण गरेर सुरुमा खेस्रा तयार गरी लेख्न निर्देशन दिनुहोस् । यसो गर्दा पनि उनीहरूलाई कठिन लागेमा आफूले तयार पारेर ल्याएको निबन्धको नमुना प्रस्तुत गर्नुहोस् र सो आधारमा लेख्न उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ५**

- समय पुरा भएपछि आफूले तयार पारेको निबन्ध पालैपालो पढेर प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै अवाश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन / प्रतिबिम्बन**

- निबन्धका आवधारणा र ढा“चाका सम्बन्धमा प्रश्न सोध्नुहोस् ।

- ‘मेरा सपनाहरू’ शीर्षकमा आवश्यक बु“दाहरू दिई निबन्ध लेख्न लगाउनुहोस् ।
- ‘शारदीय आकाश’ शीर्षकमा आवश्यक बु“दाहरू दिई निबन्ध लेख्न लगाउनुहोस् ।

**५. परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा ‘नेपालमा जलस्रोतको उपयोग’ शीर्षकको निबन्ध लेख्न निर्देशन दिनुहोस् । सुरुमा आवश्यक खेस्राका लागि पुस्तकालय गई सामग्री सङ्कलन गरी आफूले तयार पारेको निबन्ध कक्षामा प्रस्तुत गराउनुहोस् । तीमध्ये उत्कृष्ट निबन्धलाई न्युजप्रिन्टमा लेख्न लगाई कक्षा कोठामा टा“स्न लगाउनुहोस् ।

| दिन : दसौ“ |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : एकाइगत उपलब्धि**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन्

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

एकाइ परीक्षाका लागि प्रश्न पत्र उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्रीः

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् ।

विषय : नेपाली एकाइ : म को हु“ (पाठ : ४) पूर्णाङ्क : २५

कक्षा : ९ उत्तीर्णाङ्कः २०

समय : ३५ मिनेट

**खण्ड - क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नको जवाफ दिनुहोस् : ८

(क) रेडियो, एफएम वा टिभीबाट प्रसारित तपाई“ले सुनेको कुनै सूचना भन्नुहोस् ।

(ख) निम्न शब्दहरूको शुद्धोच्चारण गर्नुहोस्:

सहृदयी, स्निग्ध, प्रपञ्च, विस्मित, विस्मृत, निश्छल ।

(ग) शिक्षकले पृष्ठ ३५ को अनुच्छेद सुनाउनुहोस् र प्रश्नको उत्तर सोध्नुहोस् ।

(घ) पाठको पन्ध्रौ“ अनुच्छेद श्रुति लेखन गराउनुहोस् ।

(ङ) सर्वनाम नामयोगी, संयोजक र निपातको प्रयोग गरी दस वाक्यमा आफ्नो परिचय बताउनुहोस् ।

खण्ड - ख

**पढाइ र लेखाइ**

२. निम्न निपात र संयोजकको प्रयोग गरी एक एक ओटा वाक्य निर्माण गर्नुहोस् : २

किनकि, तर, पो, नि

३. निम्न लिखित शब्दको अर्थ लेख्नुहोस् :
२

सहृदयी, उन्मुक्त, निर्भीक, विस्मित

४. सङ्क्षिप्त उत्तर दिनुहोस् : ४

(क) चोरी स्वीकार गर्दा लेखकलाई लाज नलाग्नुको कारण के हो ?

५. निम्न लिखित शीर्षक र बु“दामा आधारित भई एउटा निबन्ध लेख्नुहोस् : ५

**शीर्षक : नया“ वर्ष**

बु“दाहरू : नया“ वर्षको परिचय, नया“ वर्षको प्रारम्भ, पुरानो वर्षबाट लिइने शिक्षा, आउ“दो समयको योजना, नया“ वर्षमा गरिने काम तथा अठोट, निष्कर्ष तथा उपसंहार ।

६. कोष्ठकमा दिइएका सङ्केतका आधारमा खाली ठाउ“ भर्नुहोस् : ४

(क) साथीहरू बिहान .........(आउः अज्ञात भूत)

Draft

(ख) लाक्पा घर ..........(जा: अपूर्ण वर्तमान)

(ग) उनीहरू भोलि ..........(बस्: सामान्य भविष्यत्)

(घ) गुरुले मलाई ..............(पिट्: पूर्ण भूत)

सुनाइ र बोलाइ सिपको परीक्षण सकेपछि विद्यार्थीहरूले प्रश्नको उत्तर लेख्दै गरेको समयमा निम्न लिखित आधारमा प्रत्येक विद्यार्थीको पाठगत निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् :

| रोल न. | विद्यार्थीको नाम | निरन्तर मूल्याङ्कनका मुख्य आधारहरू | | | | | | प्राप्त रेजा | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी हाजिरी | कक्षकार्यमा सहभागिता | परियोजना/गृहकार्य | सिर्जनात्मक कार्य | मौखिक तथा लिखित अभिलेख | व्यवहारिक परिवर्तन | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |

परीक्षा सकिएपछि विद्यार्थीस“ग त्यस दिनको परीक्षामा के कस्तो गरियो भनी छलफल चलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**५. परियोजना कार्य**

**(क) शिक्षकका लागि**

कक्षाका सबै विद्यार्थीको पाठ ४ (चार) को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चायिका (पोर्टफोलियो) मा राख्नुहोस् ।

Draft

एकाइ : पाठ ५

**पाठशीर्षक : मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व** **विधा : वक्तृता**

**पाठ्य वस्तु विभाजन योजना**

| क्र.स. | पाठ्य वस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | वक्तृता पठन र प्रश्नोत्तर | २ |
| ४. | ब“ुदा टिपोट र सारांश लेखन | १ |
| ५. | वक्तृता रचना र कक्षा प्रस्तुति | २ |
| ६. | पदवर्ग (क्रियापद, क्रियायोगी र विस्मयादिबोधक) | १ |
| ७. | कार्यमूलक व्याकरण (वाक्य संश्लेषण र विश्लेषण) | १ |
| ८. | निरन्तर मूल्याङ्कन | १ |
| | जम्मा | १० |

**दिन : पहिलो**

**पाठ्य वस्तु : सस्वर वाचन र शुद्धोच्चारण**

**अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट मानव वक्तृता पाठ गति, यति मिलाई शुद्ध र स्पष्टस“ग सस्वर वाचन गर्न

(ख) निर्दिष्ट पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

शब्दपत्ती र गोजी तालिका

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

Draft

(क) उत्प्रेरणा

- शिक्षकले सर्वप्रथम विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरणा जगाउन वक्तृता भनेको के हो ? भन्ने प्रश्नमा छलफल गराई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले विद्यार्थीलाई निर्दिष्ट वक्तृता पाठ अनुकरणका लागि पहिलो अनुच्छेद सरसरती पढेर सुनाउनुहोस् र सस्वर वाचनको लागि उपयुक्त वातावरण तयार गर्नुहोस् ।

  जस्तैः वक्तृता भनेको वक्ताले श्रोताहरूसमक्ष प्रभावशाली रूपमा आफ्नो विचार प्रस्तुत गर्ने भाषण वा प्रवचन हो, त्यसैले यसको सस्वर पठन गर्दा गति, यतिको ख्याल गर्ने, विराम चिह्नहरूको ख्याल गरी हाउभाउका साथ वाचन गर्नुपर्ने जस्ता निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

- यसपछि विद्यार्थीलाई पालैपालो सस्वर वाचन गर्न निर्देशन दिनुहोस् र बा“की विद्यार्थीलाई वक्तृताको भावअनुसार गति, यति र हाउभाउका साथ शुद्ध रूपमा उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न र अशुद्ध भएमा रोकेर सच्याउन निर्देशन दिनुहोस् ।
- शिक्षकले विद्यार्थीको उच्चारणगत पक्षलाई राम्ररी सुनेर उनीहरूको बोलाइ र उच्चारणमा आइपरेका समस्यालाई पहिचान गर्दै जटिल उच्चारण भएका शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र कमजोर बोलाइ र उच्चारण भएका विद्यार्थीलाई क्रियाकलापमा बढी सहभागी गराउनुहोस् ।

**क्रियाकलाप ३**

- पाठका अनुच्छेद वाचनको क्रममा उच्चारणगत समस्या भएका शब्दहरू विद्यार्थीहरूबाट भन्न लगाउनुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी उच्चारण क्षमता कमजोर भएका विद्यार्थीबाट नै पालैपालो उच्चारण गराउनुहोस् ।
- वस्तृताको मर्म ख्याल गरी हाउभाउका साथ दोस्रो भाषी तथा कमजोर उच्चारण क्षमताका विद्यार्थीहरूलाई पालैपालो उचारण अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४**

- यसपछि उच्चारण जटिल भएका शब्दहरू शब्दपत्ती मार्फत् गोजी तालिकामा प्रदर्शन गर्दै उच्चारण गराउनुहोस् ।

**लक्षित शब्दहरू**

| | |
|---|---|
| अध्यक्षता - | अद्.ध्यक्. छ्य.ता |
| वक्तृता - | बक्.त्रि.ता |
| पुनमिलन - | पु.नर्.मि.लन् |
| दुष्प्रकृत्ति - | दुस्. प्र. ब्रित्. ति. |
| बहिष्कृत - | ब.हिस्.क्रित्. |
| सभाध्यक्ष - | स.भाद्.ध्यक्.छ्य. |
| अङ्ग प्रत्यङ्ग - | अङ् ग.प्रत्.त्यङ्.ग |
| तिरस्कृत - | ति.रस्.क्रित् |
| पुनर्स्थापना - | पु.नर्.स्था.प.ना |
| उन्मूलन - | उन्.मु.लन् |
| अश्लील - | अस्.स्लिल् |
| भ्रष्टाचार - | भ्रस्.टा.चार्. |
| अन्तर्राष्ट्रिय - | अन्. तर्. रास्. ट्रि.य |
| गाम्भीर्य - | गाम्.भिर्. ऱ्य |
| दुष्कार्य - | दुस्. कार्. ऱ्य. |
| तथ्याङ्क - | तत्. थ्याङ् क |
| उल्लङ्घन - | उल्. लङ्. धन्. |

**क्रियाकलाप ५**

उल्लिखित र यस्तै प्रकृतिका पाठका अन्य शब्दहरू शैक्षणिक पाटीमा लेखेर प्रस्तुत गरी विद्यार्थीबाट उच्चारण अभ्यास गराउनुहोस् । शिक्षकले विद्यार्थीले गल्ती गरे सच्चाएर उच्चारण गराई शुद्धोच्चरण क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **मूल्याङ्कन / प्रतिबिम्बन :**

- निर्देशित वक्तृता पाठका अनुच्छेद गति, यति र हाउभाउ मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- पाठका निम्न, शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस्:

  समध्यक्ष अङ्गप्रत्यङ्ग, परिस्कृत पुनस्थापना अस्लील, गाम्भीर्य, तथ्याङ्क, अन्तर्राष्ट्रिय, भ्रष्टाचार ।
- पाठका अनुच्छेद ७, १२, १८, २३, ३० र ३१ र हाउभाउका साथ सस्वर वाचन गराउनुहोस् ।

Draft

५. **गृहकार्य / परियोजना कार्य**

**(क) विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् समूहलाई क, ख, ग, घ यस्तै कुनै नाम राख्नुहोस् र उनीहरूलाई 'बालश्रम अन्त्यका लागि विद्यार्थीको भूमिका' शीर्षक दिई आआफ्नो समूहबाट वक्तृता प्रस्तुतिका लागि तयार भएर आउन निर्देश गर्नुहोस् ।

| **दिन : दोस्रो** |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : शब्द भण्डार र प्रयोग**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट वक्तृता पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) उक्त पाठमा प्रयुक्त, उखान, टुक्का लगायत अन्य शब्दलाई प्रयोग गरी उपयुक्त वाक्य निर्माण गर्न

२. **शैक्षणिक सामग्री**

शब्द र अर्थपत्ती, उखान टुक्काहरूको सूची, गोजी तालिका फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्यलाई केही विद्यार्थीहरूबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा"कीलाई उनीहरूले प्रस्तुतीकरण गरेको उच्चारण, गति, यति र हाउभाउ मिले नमिलेको मूल्याङ्कन गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दस मिनेटको समय दिई निर्दिष्ट वक्तृता पाठ मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया" र कठिन लागेका शब्दहरू आफ्ना कापीमा टिपोट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीले टिपोट गरेका शब्दहरू शिक्षकले शैक्षणिक पाटीमा टिदै जानुहोस् ।



Draft

- ती सङ्कलित शब्दहरूका अर्थ विद्यार्थीहरूबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- यसका साथै पाठ भित्रका उखान, टुक्का लगायतका शब्दहरू पनि टिपोट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- अन्त्यमा शिक्षक आफूले लगेको शब्दार्थ पत्तीलाई गोजी तालिकामा र उखान टुक्काको सूचीलाई फलाटिन पाटीमा टा"स गरी प्रदर्शन गरेर थप अर्थ स्पष्ट पार्नुहोस् ।
- यस क्रममा उनीहरूलाई वाक्य निर्माणमा उत्प्रेरित गर्न आफूले तयार गरेको वाक्य सूची नमुना देखाई अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल समेत गराउनुहोस् ।

**नमुना वाक्य निर्माण**

- **र्‍याल चुहाउनु** - आफू मिहिनेत नगर्ने तर अर्काको उन्नतिमा र्‍याल चुहाउने लोभीहरू यो दुनियामा धेरै भेटिन्छन् ।
- **सुइको पाउनु** - पल्लो कोठाबाट लाखौको धनमाल चारेरले चोर्दा वल्लो कोठाका छिमेकीले सुइँको पनि पाएनछन् ।
- **हुने बिरुवाको चिल्लो पात** - नेपाली साहित्यमा महाकवि भएका देवकोटाले हुने विरुवाको चिल्लो पात भने झैं" दस वर्षकै उमेरमा कविता रचेका थिए ।
- **एक थुकी सुकी सय थुकी नदी** - मुखियाको एक्लै खानेपानीको धारो जोड्ने कोसिस गरेका थिए तर एक थुकी सुकी सय थुकी नदी भने झैं गाउ"लेले साथ दिएपछि तिन महिनामै घरघरमा पानी आयो ।
- **उल्लङ्घन** - अनुशासन उल्लङ्घन गर्नेले दण्ड पाउ"छ ।

**क्रियाकलाप ४**

- शिक्षकले नमुना वाक्य प्रस्तुत गरिसकेपछि विद्यार्थीहरूलाई प्रत्येक बेन्चको एउटा समूह बनाई त्यसमा टोलीनेता छानी निम्न लक्षित शब्द, उखान, टुक्का आदिलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् ।

**लक्षित शब्दहरू**

तथ्याङ्क : प्रमाणित सङ्ख्या

तिरस्कृत : अपहेलित

पुनर्स्थापना : फेरी व्यवस्थापन गर्ने काम

भोक्तावादी : खानपिन र विलासमा रमाउनुपर्छ भन्ने मान्यता

विश्वासघात : विश्वास भङ्ग गर्ने काम

परिवेश : ठाउ“, समय र वातावरण

निवारण : हटाउने काम

अभिवृद्धि : राम्री बढाउने काम)

प्रण गर्नु : प्रतिज्ञा गर्नु

र्‍याल चुहाउनु : लोभ गर्नु

मुक्ति पाउनु : छुट्कारा पाउनु

जागरुक हुनु : सचेत हुनु

आङ जिरिङ हुनु  : तर्सनु / डराउनु

लहलहैमा लाग्नु : बहकिनु

घाम जस्तै छर्लङ्ग हुनु : प्रस्ट हुनु

सिधै स्वर्ग पुर्‍याउनु : मार्नु

एक थुकी सुकी सय थुकी नदी : मिलेर काम गर्दा सजिलो हुने

हुने बिरुवाको चिल्लो पात : सप्रने लक्षण पहिले नै थाहा हुनु

**क्रियाकलाप ५**

- विद्यार्थीहरूले समूह कार्य गर्दा कक्षामा डुल्दै उनीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूहकार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन /मूल्याङ्कन**

- प्रत्येक विद्यार्थीलाई आज अध्ययन गरेको पाठबाट अर्थ सहित वाक्यमा प्रयोगका लागि साथीलाई प्रश्न सोध्न एउटा एउटा शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् । शिक्षकले एक पटक प्रश्न सोधिसकेकालाई अर्काले प्रश्न सोध्न नपाइने नियम पनि बताउनुहोस् ।
- विद्यार्थीले दिएको उत्तरको निर्णय विद्यार्थीहरूलाई नै छोड्नुहोस् । अन्त्यमा गल्ती हुन गए शिक्षकले सही उत्तर भनिदिनुहोस् ।
- यो क्रियाकलाप एउटा बेच्नबाट अर्को बेन्चलाई सोध्न पनि लगाउनुहोस् ।

५. **प्रतिबिम्बन / मूल्याङ्कन**

(क) **विद्यार्थीका लागि**

परियोजना कार्यका लागि पाठको पृष्ठ ४७ को बोलाइ खण्डको प्रं. न. २ को अभ्यास आ आफ्नो बेन्चको समूह बनाई वाक्यमा प्रयोग गरी कक्षामा प्रस्तुत गर्न लगाई भित्तामा टा“सी प्रदर्शन गर्न लगाउनुहोस् ।

**६. परियोजना कार्य**

**(क) विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीहरूलाई दुई समूहमा बा“ड्नुहोस् । एउटा समूहलाई पाठभित्रबाट र अर्को समूहलाई बाहिरबाट(कम्तीमा दस ओटा) उखान टुक्का खोजी तिनलाई वाक्यमा प्रयोग समेत गरी ल्याउन निर्देश गर्नुहोस् ।

**दिन : तेस्रो**

पाठ्य वस्तु : वक्तृता पठन र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व पाठ हाउभाउ चेष्टासहित गति, यति मिलाई सस्वर वाचन गर्न

(ख) उक्त वक्तृता पाठमा आधारित प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, प्रश्नहरूको सूची, नमुना उत्तर र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- सिकाइ उत्प्रेरणाका लागि अगिल्लो दिन दिएको वाक्यमा प्रयोग सम्बन्धी परियोजना कार्य विद्यार्थीलाई पालैपालो पस्तुत गर्न लगाई कक्षाको भित्तामा उक्त सूची टा“स गर्न लगाउनुहोस् र सही उत्तर, स्पष्ट सफा र राम्रो लेखाइलाई प्रथम घोषणा गर्दै क्रियाकलाप समापन गरी त्यसदिन सिकाइ गरिने विषय वस्तुको बारे जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम आज सिकाइने विषय वस्तुका बारे जानकारी गराइसकेपछि विद्यार्थीहरूलाई वक्तृताका सम्बन्धमा थप जानकारी दिँदै वक्तृता प्रस्तुतिका खास नियमहरू बताइदिनुहोस् ।

**क्रियाकलाप २**

- वक्तृता अभिव्यक्तिगत प्रस्तुति भएकाले यसमा हाउभाउ, भाव अभिव्यक्तिअनुसार गति, यति मिलाई सस्वर वाचन गर्नुपर्ने निर्देशन दिँदै पाठको पहिलो अनुच्छेद अनुकरणको लागि सस्वर वाचन गरी सुनाउनुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- एक दुई जनासक्षम र एक दुई जना कमजोर विद्यार्थीहरू छानी शिक्षकले वाचन गरे जसरी नै गति, यति र हाउभाउ मिलाएर पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- सक्षम र कमजोर विद्यार्थीका वाचनमा पाइएका भिन्नताबारेमा कक्षामा छलफल गराउनुहोस् । यसो गर्दा कमजोरलाई उत्साहित राख्ने प्रयास गर्नुहोस् । उनीहरूको गल्ती सजिलै सुधार्न सकिने खालका भएको कुरामा उनीहरूलाई आश्वस्त तुल्याउनुहोस् ।
- शिक्षकले आफ्नो सस्वर वाचन पुनः एकचोटि प्रस्तुत गरिदिनुहोस् र विद्यार्थीलाई ध्यान केन्द्रित गरेर सुन्न निर्देश गर्नुहोस् ।
- सस्वर वाचनको अभ्यास पहिले पुरै कक्षालाई त्यसपछि सामूहिक रूपमा र अन्त्यमा व्यक्तिगत रूपमा दोहोर्‍याई, तेहर्‍याई गराउनुहोस् ।

**क्रियाकलाप ५**

- कक्षामा कमजोर विद्यार्थीलाई पुनः पढ्न लगाउनुहोस् र उनीहरूका त्रुटिलाई कालोपाटीमा टिपी तिनको पुनः सुधार गरिदिनुहोस् ।
- यस क्रममा शिक्षकले उनीहरूलाई नै साथीले वाचन गरेको उपयुक्त भए नभएको मूल्याङ्कन गर्न लगाई त्यसमा आफ्नो धारणासहित पुष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- निर्दिष्ट अनुच्छेद दिई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- वक्तृता प्रतियोगिताका नियमहरू सोध्नुहोस् ।

५. **गृहकार्य / परियोजना कार्य**

(क) **विद्यार्थीका लागि**

निर्दिष्ट वक्तृता पाठका सबै अनुच्छेद हाउभाउ सहित गति, यति मिलाई सस्वर पठनको तयारी अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

Draft

**दिन : चौथो**

पाठ्य वस्तु : प्रश्नोत्तर

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट पाठमा पयुक्त प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन

**२. शैक्षणिक सामग्री**

प्रश्नहरूको सूची, नमुना उत्तर र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

● गत दिनको गृहकार्यअन्तर्गत वक्तृता पाठको परिष्कृत रूपमा हाउभाउसहित गति, यति मिलाई उत्प्रेरणाका लागि सस्वर पठन गराउनुहोस् र उक्त क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● शिक्षकले सर्वप्रथम प्रश्नोत्तरका लागि बुझ्ेर पढ्न अर्थ्याउ“दै समय तोकी निर्दिष्ट वक्तृता पाठ मौनवाचन गर्न लगाउनुहोस् र यस क्रममा शिक्षक आफू कक्षामा डुलेर निरीक्षण गर्नुहोस् ।

Draft

**क्रियाकलाप २**

● मौन वाचनको समय पुरा भएपछि प्रश्नोत्तरका लागि फलाटिन पाटीमा प्रश्नहरूको सूची प्रदर्शन गर्दै पाठमा आधारित प्रश्नहरू सोधी उत्तर मौखिक एवम् लिखित रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

**प्रश्नहरू**

(क) मानव बेचविखनमा परेका मानिसहरूलाई कस्ता काममा लगाइएको पाइन्छ ?

(ख) बेचबिखनबाट उम्केर आएका मानिसहरू कसरी बा“च्न बाध्य छन् ?

(ग) मानव बेचबिखन र ओसारपसारका कार्यलाई नियन्त्रण गर्ने उपाय के के हुन् ?

(घ) मान्छेले मान्छेलाई बेच्ने दुस्साहस किन गर्दछ ?

(ङ) मानव बेचबिखन र ओसारपसार तस्करी बढ्नाका कारणहरू के के हुन् ?

(च) मानव बेचबिखन र ओसारपसार किन जल्दोबल्दो विषय बनेको छ ?

(छ) तपाई“ कानुन बनाउने ठाउ“मा हुनु भएको भए मानव बेचबिखन र ओसारपसार गर्नेलाई कस्तो दण्ड सजायको व्यवस्था गर्नुहुन्थ्यो ?

**क्रियाकलाप ३**

- शिक्षकले सर्वप्रथम विद्यार्थीहरू समक्ष प्रत्येक प्रश्नको उत्तर के हुन सक्छ भन्ने बारेमा छलफल चलाउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाईसमूहमा विभाजन गर्नुहोस् ।
- पलाटिन पाटीमा प्रस्तुत गरिएका प्रश्न सूचीबाट गोला प्रयोग गरी दस मिनेटको समय दिई उत्तर लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले लेखिरहेको बेला शिक्षक आफू कक्षामा डुल्दै उनीहरूलाई सहजीकरण गरिदिनुहोस् । नजानेका ठाउ“मा आवश्यक तथ्यपरक कुराहरू बताइदिनुहोस् ।

**क्रियाकलाप ४**

- समय पुरा भएपछि समूह समूहबाट टोली नेतामार्फत् आफ्नो समूहको उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।
- एउटा समूहले उत्तर भनेको बेला अरू समूहलाई ध्यानपूर्वक सुनी मूल्याङ्कन गर्न निर्देश गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीले दिएको उत्तरको समग्र मूल्याङ्कन गरी उनीहरूको प्रयासको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषणसहित क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- वक्तृतामा वक्ताले पालना गर्नुपर्ने नियमहरू के के हुन् ?
- चार जना वक्तामध्ये तपाईलाई कसको भनाइ मन पर्‍यो ? र किन ?
- मानव बेचबिखन र ओसारप्रसारलाई रोक्ने पा“च उपायहरू बु“दागत रूपमा भन्नुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य :**

**(क) विद्यार्थीका लागि**

Draft

- मानव बेचबिखन विरुद्ध सचेतमा अभियान सञ्चालनका लागि जुलुसमा भनिने उपयुक्त पा“च नाराहरू लेखेर ल्याउनुहोस् र कक्षा कोठाको भित्तामा टा“स गर्नुहोस् ।

**दिन : पा“चौ“**

पाठ्य वस्तु : बु“दाटिपोट र सारांश लेखन

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट वक्तृता सुनेर वा पढेर बु“दा टिपोट गर्न

(ख) टिपिएका बु“दालाई सिलसिला मिलाएर सारांश भन्न र लेख्न

२. **शैक्षणिक सामग्री**

बु“दा टिपोटको नमुना, सारांशको नमुना, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- सिकाइ उत्प्रेरणाका लागि मानव बेचबिखन विरुद्ध निकालिने जुलुस र्‍यालीमा लगाइने नारा प्रस्तुत गर्न लगाई कक्षामा टा“स गरी क्रियाकलाप सम्पन्न गर्नुहोस् र आज गरिने सिकाइ सम्बन्धमा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम प्रस्तुत वक्तृता पाठको ५ - ६, १२ - १३, २२ - २३, २८ - २९ अनुच्छेदहरू मौन पठन गर्न लगाउनुहोस् । मौन पठनका बेला शिक्षक आफू कक्षा कोठामा डुलेर मौन पठन गरे नगरेको अवलोकन गर्नुहोस् ।
- शिक्षकले बु“दा टिपोटका उदाहरणका रूपमा फलाटिन पाटीमा बु“दा टिपोट गरी नमुना प्रस्तुत गर्नुहोस् ।
- यस क्रममा बु“दा टिपोट कसरी गर्ने भन्ने बारेमा सूत्रात्मक कुरा प्रस्तुत गर्नुहोस् ।

**बु“दा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- सम्बद्ध अनुच्छेदलाई अर्थगत रूपमा बोध हुने गरी २/३ पल्टसम्म पढ्नुपर्छ ।

- सम्बद्ध अनुच्छेदका अंशका मुख्य कुराहरूमा रेखाङ्कन गर्नुपर्छ, यसो गर्दा शब्दगत र अर्थगत कुरामा ध्यान दिनुपर्छ ।

- रेखाङ्कित मूल कुराहरूलाई सम्बद्ध अंशका आधारमा ४ वा ५ बु“दामा टिपोट गर्नुपर्छ ।

- बु“दा टिपोट गर्दा अपूर्ण वाक्य बनाउनुपर्छ ।

- बु“दा टिपोट गर्दा मूल अंशलाई नछुटाई समग्र कुरालाई समेट्नुपर्छ ।

**नमुना बु“दा टिपोट :**

- अपराध नियन्त्रण गर्न कानुन बलियो बनाई उचित कार्यान्वयन गर्नुपर्ने

- कानुनका कमजोरी हटाई नया“ कानुनको निर्माण एवम् सूचना दिनेलाई पुरस्कारको व्यवस्था

- यसको मुक्ति चेतना भएकोले स्कुल तहबाटै सचेतना अभियान चलाउनु नागरिकको कर्तव्य

- सञ्चार माध्यम, सरकारी, गैर सरकारी संस्था आदि सक्रिय भई मानव बेचबिखनबाट सबैले मुक्ति पाउनुपर्ने ।

**क्रियाकलाप २**

- सूत्रात्मक कुरा र नमुनाका आधारमा विद्यार्थीलाई उक्त बु“दा टिपोट गर्न लगाउनुहोस् ।

- यसक्रममा टिपोट गरिएको नमुना बु“दाका आधारमा लेखिएको सारांशको नमुना प्रस्तुत गर्नुहोस् ।

**सारांशको नमुना :**

कानुनको कार्यान्वयन

अपराध नियन्त्रण गर्न कानुनको कमजोरी हटाएर नया“ कानुन निर्माण र त्यसको कार्यान्वयन पक्षमा जोड दिनुपर्छ । यसका लागि सञ्चार माध्यम सरकार, गैर सरकारी संथा नागरिक समाज सबै मिलेर मानव बेचबिखन विरुद्ध मुक्तिको लागि अघि बढ्नुपर्छ ।

सारांशको शब्द स. - ४१

**क्रियाकलाप ३**

- निर्दिष्ट बु“दाका आधारमा तयार पारिएको सारांश टिपोट गर्न निर्देशन दिनुहोस् ।

- यसपछि विद्यार्थीहरूलाई शिक्षकले समूहमा विभाजन गरी समूह कार्य गराउनुहोस् ।

- यो कार्यमा चार ओटै समूहलाई छुट्टा छुट्टै अनुच्छेद दिई सारांश लेखनका लागि बु“दा टिपोट गराउन लगाउनुहोस् ।
- शिक्षकले कक्षामा डुल्दै अलमलिएका ठाउ“मा सहजीकरणको भूमिका निभाउनुहोस् । यसका लागि प्रत्येक समूहलाई दस मिनेटको समय प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ४**

- समय पुरा भएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाई उनीहरूबाट मूल्याङ्कन पनि गराउनुहोस् । अन्त्यमा आवश्यक पृष्ठभूमिसहित कार्यक्रम सम्पन्न गर्नुहोस् ।

**५. प्रतिबिम्बन / मूल्याङ्कन**

- अनुच्छेद तोकी बु“दा टिपोट गर्न लगाउनुहोस् ।
- उपयुक्त बु“दाका आधारमा सारांश भन्न लेख्न लगाउनुहोस् ।
- अनुच्छेद ३१ को बु“दासहित सारांश लेख्नुहोस् ।

**६. गृहकार्य**

- मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व वक्तृता पाठको निर्धारित अंशको सारांश लेखेर ल्याउन लगाउनुहोस् । विद्यार्थीले लेखेर ल्याएका वक्तृतालाई जा“चिदिनुहोस् ।

## दिन : छैटौ“ र सातौ“

पाठ्य वस्तु : वक्तृता रचना र कक्षा प्रस्तुति

**अपेक्षित सिप विकास : सिर्जनात्मक अभिव्यक्ति कार्य**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) दिइएका शीर्षकमा वक्तृता रचना गर्न

(ख) रचित वक्तृतालाई मौखिक वा पठित रूपमा प्रस्तुत गर्न

**२. शैक्षणिक सामग्री**

शीर्षक सूची, शीर्षक सम्बन्धी बु“दा टिपोटको नमुना, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

(क) उत्प्रेरणा

Draft

● शिक्षकले सिकाइ उत्प्रेरणाका लागि उनीहरूले अघिल्ला कक्षामा पढेर सिकेका आधारमा वक्तृता के हो ? यो कसरी लेखिनुपर्छ ? भन्ने सम्बन्धमा छलफल चलाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम वक्तृता लेखनको ढा“चा बुझाउन कुनै एक जना विद्यार्थीलाई उठाउनुहोस् र पाठमा प्रस्तुत कुनै एक वक्ताले बोलेको वक्तृता सस्वर वाचन गर्न लगाउनुहोस् र त्यसबेला सबै विद्यार्थीलाई वक्तृता कसरी लेखिनुपर्छ भन्ने ढा“चा र प्रस्तुति ख्याल गर्ने दिर्नेशन दिनुहोस् ।

**क्रियाकलाप २**

- त्यसपछि शिक्षक आफूले तयार पारी ल्याएका वक्तृता लेखन सम्बन्धी ढा“चा शैक्षणिक पाटीमा टा“स गरी प्रस्तुत गर्नुहोस् ।

**वक्तृता लेखनको ढा“चा :**

१. सम्बोधन

(सभाध्यक्षलाई, निर्णायक मण्डललाई, गुरुवर्गलाई र उपस्थित महानुभावहरूलाई, आफ्ना प्रतियोगी र अन्य साथीभाइहरूलाई )

२. आभार प्रकट

३. विषय प्रवेश र शीर्षक सम्बन्धी परिचय पुष्टि

४. विषय शीर्षक सम्बन्धी व्याख्या, तर्क, पुस्ट्याइ“ सम्बन्धी ख“दिलो लेखन (करिब तिन मिनेटमा भनिने कुरा)

५. जनाउ घन्टी

६. निष्कर्ष (विषयको सारभूत कुरा निचोडका रूपमा लेख्ने (करिब एक मिनेटको समयमा भनिसकिने कुरा)

७. धन्यवादसहित आफ्ना भनाइ टुङ्ग्याउने

**क्रियाकलाप ३**

● वक्तृता लेखन सम्बन्धी ढा“चाका बारेमा छलफल चलाउनुहोस् र शिक्षक आफूले तयार पारी ल्याएको कुनै वक्तृता लेखनको बु“दा नमुनाका रूपमा फलाटिन पाटीमा टा“स गरी पहिले त्यसैको एउटा वक्तृता तयार गर्न दस मिनेटको समय प्रदान गर्नुहोस् ।

**वक्तृताको नमुना बु“दा :**

जातीय छुवाछुत समाज उत्थानको वाधक.. जातीय निन्दा नै छुवाछुत.... कथित समाजले चलाएको कुप्रथा.... ईश्वरको सृष्टिमा सबै समान..... मानिस सानो, ठुलो चरित्रले हुने... आचरण र चरित्रले नै मानिस महान् बन्ने... मानिस ठुलो दिलले हुने जातले नहुने महाकविको सन्देश रहेको.... जातीय भेदभाव सामाजिक दृष्टिले निन्दनीय र कानुनी रूपले दण्डनीय रहेको... मूर्ति, कपडा, भाँडा, गहना, नछोइने तर व्यक्ति अछुत हुने बिडम्बना... उन्नतशील र विकसित राष्ट्रमा यस्तो प्रथा नरहेको... गान्धी, विवेकानन्द, मन्डेला, मदर टेरेसा सामज सेवाले नै ठुला भएका... छुवाछुतमा वैज्ञानिक आधार नरहेको... छुवाछुत विकास र परिवर्तनको बाधक रहेको... सबै मिली यस प्रथाको अन्त्य गर्नुपर्ने अपरिहार्यता रहेको ।

**क्रियाकलाप ४**

- निर्दिष्ट बु"दाका आधारमा वक्तृता लेख्न निर्देश गर्नुहोस् । शिक्षक आफू कक्षामा डुलेर विद्यार्थीले लेखे नलेखेको अवलोकन गर्नुहोस् । यसय पुरा भएपछि विद्यार्थीलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । उसमा उपयुक्त हाउभाउका साथ प्रस्तुत गर्न लगाउनुहोस् ।

- यसमा मूल्याङ्कन विद्यार्थीबाट नै गराउनुहोस् र आवश्यक परेमा शिक्षकले अन्त्यमा पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ५**

- यसपछि शिक्षकले तयार पारी ल्याएको वक्तृताका शीर्षक सूची फलाटिन पाटीमा टा"स गर्नुहोस् ।

शीर्षक सूची नमुना

क) सेवा नै धर्म हो

ख) रोजगारमूलक शिक्षा

ग) देश निर्माणमा युवा वर्गको भूमिका

घ) प्रकृति विनाशको कारक मानिस

ङ) नेपाली हुनाको गौरव

च) स्वस्थ जीवनका रहस्यहरू

छ) धुम्रपान स्वास्थ्यका लागि हानिकारक

ज) भूकम्पीय सुरक्षाप्रति हाम्रो दायित्व

झ) सत्मार्गले समाजलाई विकसित बनाउ"छ

| |
|---|
| ञ) सुर्ती सेवनबाट हुने हानि |

**क्रियाकलाप ६**

- विद्यार्थीलाई निर्दिष्ट शीर्षक सूची हेर्न निर्देश गर्नुहोस् । यसपछि उनीहरूलाई समूहमा विभाजित गर्नुहोस् र सूचीमा निर्दिष्ट शीर्षकबाट गोलाप्रथा गरी प्रत्येक समूहलाई एक एक ओटा शीर्षक दिनुहोस् ।

**क्रियाकलाप ७**

- सर्वप्रथम शीर्षकमा आधारित भई सबै समूहद्वारा बु"दाहरू तयार गर्न लगाउनुहोस् र पछि बु"दाहरूलाई समेटी वक्तृता तयार पार्न लगाउनुहोस् । शिक्षकले कक्षा कोठामा डुल्दै सहज कर्ताको भूमिका निभाउनुहोस् ।

- उनीहरूले वक्तृता तयार गरिसकेपछि विशेष गरेर बोल्न हिचकिचाउने र कमजोर बोलाइ क्षमताका विद्यार्थीलाई हरेक समूहबाट छनोट गरी पालैपालो हाउभाउका साथ वक्तृता प्रस्तुत गर्न लगाउनुहोस् । यसको मूल्याङ्कन विद्यार्थीहरूबाट नै गराउनुहोस् ।

- प्रस्तुत वक्तृता प्रस्तुतिलाई सुधार गर्नका लागि उपयुक्त समूह मध्येकै दुई तिन जना राम्रा विद्यार्थी छानी हाउभाउ एवम् गति, यतिका साथ प्रस्तुतिलाई दोहोऱ्याउन लगाउनुहोस् । यस्तो प्रस्तुतिपछि कक्षामा छलफल पनि गराउनुहोस् ।

**क्रियाकलाप ८**

- यसपछि ज्यादै कमजोर र बोल्न हिचकिचाउने विद्यार्थीलाई वाक्तृताको खास अंश मात्र दिई निराकरणात्मक अभ्यास गर्ने अवसर प्रदान गर्नुहोस् ।

- यस क्रियाकलापपछि विद्यार्थीहरूको पहिलेको समूह भङ्ग गरी पुनः नया" चार समूह तयार गर्नुहोस् । यो समूहमा छात्र / छात्रा, जान्ने, कमजोर सबै सराबरीको समूह निर्माण गर्नुहोस् । त्यसपछि प्रस्तुतिका लागि छात्राहरूबाट, कमजोरहरूबाट र बोल्न सिपालुबाट छनोट गर्नुपर्ने निर्देश पनि गरिदिनुहोस् ।

निर्दिशन दिइसकेपछि शिक्षकले तयार पारी ल्याएको वक्तृताका शीर्षक सूची फलाटिन पाटीमा टा"स गरी प्रदर्शन गर्नुहोस् ।

| |
|---|
| शीर्षक सूचीः |
| (क) महिला हिंसा रोक्न युवावर्गको भूमिका |
| (ख) छुवाछुत उन्मुलनमा विद्यार्थीको दायित्व |
| (ग) अपाङ्ग मैत्री व्यवहारका लागि जन चेतना |
| (घ) बालश्रम रोक्न सामाजिक चेतना |

Draft

**क्रियाकलाप ९**

- यसपछि समग्रमा सबै समूहमा शीर्षकका बारे छलफल चलाई क, ख, ग, घ लेखिएका कागजका गोला बनाई प्रत्येक समूहबाट एक एक जनालाई अगाडि बोलाई उक्त गोला टिप्न लगाई उनीहरूलाई परेको शीर्षक शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र पन्ध्र मिनेटको समय दिई वक्तृता तयार गर्न लगाउनुहोस् । शिक्षकले कक्षामा प्रत्येक समूहमा डुल्दै सहजीकरण गरिदिनुहोस् ।

**क्रियाकलाप १०**

- निर्दिष्ट समय पुरा भएपछि प्रत्येक समूहबाट सुरुमा बोल्न हिचकिचाउने, त्यसपछि छात्रा र अन्त्यमा राम्रो बोल्नेलाई क्रमशः गति, यति र हाउभाउका साथ तयार पारिएको वक्तृता पाचन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

- यस क्रममा शिक्षकले विद्यार्थीहरूलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न दिनुहोस् र त्यसमा आफ्नो राय समेत दिई कमजोरहरूमध्ये कसले राम्रो प्रस्तुति गऱ्यो र समग्रमा कुन समूहले राम्रो प्रस्त्तुति गऱ्यो घोषणा गरी ताली बजाएर सम्मान गर्दै प्रोत्साहन प्रदान गरी क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- निर्दिष्ट वक्तृताका खासखास अंश दिई हाउभाउ मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।
- कुनै वक्तृता दिई उपयुक्त दङ्गले प्रस्तुत गर्न लगाउनुहोस् ।
- वाद विवाद र वक्तृतामा पाइने भिन्नता बारे भन्न लगाउनुहोस् ।
- खास शीर्षक दिई वक्तृताका लागि बु“दा तयार गर्न लगाउनुहोस् ।

५. **परियोजना कार्य**

(क) **विद्यार्थीका लागि**

- शिक्षकले आगामी शुक्रबार वक्तृत्वकला प्रतियोगिता गरिने सूचना दिनुहोस् । देश निर्माणमा युवाहरूको दायित्व शीर्षक दिई तयारी गर्न निर्देशन दिई उत्कृष्ट प्रथम, दोस्रो, तेस्रो र सान्त्वनालाई पुरस्कृत गरिने घोषणा पनि गर्नुहोस् ।

(ख) **शिक्षकका लागि**

- उक्त वक्तृता सञ्चालनका लागि साथीको सहयोग लिने व्यवस्था मिलाई पुरस्कारको प्रबन्ध पनि मिलाउनुहोस् ।

Draft

| दिन : आठौँ |
|---|

पाठ्य वस्तु : पदवर्ग (क्रियापद, क्रियायोगी र विस्म्यादिबोधक

**अपक्षिक्षित सिप : व्याकरण (शब्दवग) पहिचान)**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) सोदाहरण क्रियापद, क्रियायोगी र विस्मयादि बोधकको परिचय दिन

(ख) क्रियापद, क्रियायोगी र विस्मयादि बोधकको प्रकार बताउन

(ग) क्रियापद, क्रियायोगी र विस्मयादि बोधकको पहिचान र प्रयोग गर्न

२. **शैक्षणिक सामग्री**

- क्रियापद, क्रियायोगी र विस्मयादि बोधक शब्दहरूको सूची
- तिनीहरूको परिचय र प्रकार समावेश गरिको तालिका
- शब्दपत्तीहरू, गोजी तालिका र फलापटन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- उत्प्रेरणात्मक शिक्षणका लागि निम्न वाक्य शैक्षणिक पाटीमा लेखी पदवर्ग छुट्याउन लगाई उत्प्रेरणात्मक क्रियाकलाप पुरा गर्नुहोस् ।

  - आज भाइ आएन । आ ! म त घर जान्नँ ।

**(ख) मुख्य क्रियाकलाप**

**त्रियाकलाप १**

● शिक्षक आफूले तयार पारी लगेको निम्न चार्ट देखाई क्रियापद, क्रियायोगी र विस्मयादि बोधक शब्द छानी तालिकामा भर्न लगाई पहिचान गराउनुहोस् ।

| क्रियापद | क्रियायोगी | विस्मयादिबोधक | |
|---|---|---|---|
| भन्छन् | जुरुक्क | स्याबास | पढ्छ, ओहो, माथि, दिउँसो, बाहिर, अलिकति, जान्छन्, कठै, आ, राम्ररी, लेख्यो, बिचरा, देखेर, फुलेछ, धत्, बिहान, रुदैँ छ, हरे शिव |

**क्रियाकलाप २**

- यसपछि क्रियापद, क्रियायोगी र विस्मयादि बोधक शब्दहरूको शब्दपत्तीहरू एक ठाउ" छ्यासमिस गरेर राख्नुहोस् र विद्यार्थीलाई पालैपालो अगाडि बोलाई क्रियापद, क्रियायोगी र विस्मयादि बोधक शब्दहरू छुट्याएर गोजी तालिकामा राख्न लगाई प्रदर्शन गराएर उनीहरूलाई नै मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।
- निपात र विस्मयादि बोधक मिश्रित शब्दबाट विस्मयादि बोधक शब्द छान्न लगाई गोजी तालिकामा राखेर प्रदर्शन गर्न लगाउनुहोस् ।
- त्यसपछि क्रियापद र क्रियायोगी शब्दहरू मिश्रित शब्दहरूबाट क्रियापद र क्रियायोगी शब्द चिनेर गोजी तालिकामा राखेर प्रदर्शन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- यी क्रियाकलापछि शिक्षकले एउटा क्रियायोगी, एउटा विस्मयादि बोधक र एउटा निपात शब्द गोजी तालिकामा राख्दै ती तिन ओटै शब्द राखेर वाक्य बनाउने अभ्यास गराउनुहोस् ।
- यसपछि क्रियापद, क्रियायोगी र विस्मयादि बोधकको परिचय र प्रकार बताइदिनुहोस् ।

**क्रियापद :**

वाक्यमा प्रयोग भएर कर्ताले गरेको कामको वर्णन गर्ने र वाक्यलाई पूर्णता दिलाउने शब्दलाई क्रियापद भनिन्छ ।

**क्रियापदका प्रकार**

(क) संरचनाका आधारमा (क) सरल क्रिया (ख) संयुकक्त क्रिया

(ख) कर्मका आधारमा (क) अकर्मक क्रिया (ख) सकर्मक क्रिया

(ग) समापनका आधारमा (क) असमापिका क्रिया (क) समापिका क्रिया

(घ) अर्ध प्राधान्यका आधार (क) मुख्य क्रिया (ख( सहायक क्रिया

**क्रियायोगी**

वाक्यमा आएर क्रियाको, विशेषणको र क्रियायोगी समेतको बयान गर्ने अविकारी शब्दलाई क्रियायोगी भनिन्छ ।

क्रियायोगीका प्रकार:

(क) रीतिवाचक क्रियायोगी (विस्तारै, चाँडै, अचानक, मस्तसगँ...........)

(ख) समयवाचक क्रियायोगी (आज, भोलि, पोहोर, अचेल, साँझ.......)

(ग) स्थानवाचक क्रियायोगी (पर, पारि, माथि, यता, अगाडि, सामुन्ने.....)

(घ) कारणवाचक क्रियायोगी (भन्न, हु"दा, हुनाले पढ्नाले............)

Draft

(ङ) परिमाणवाचक क्रियायोगी (धेरै, प्रशस्त, यति, अलिकति)

**विस्मयादि बोधक**

मानव मनका हर्ष, आवेग, दुःख, ईर्ष्या, शोक, घृणा, आश्चर्य जस्ता मनोभाव बुझाउने आविकारी शब्दलाई विस्मयादि बोधक भनिन्छ ।

**क्रियाकलाप ४**

- क्रियापद, क्रियायोगी र विस्मयादि बोधकको परिचय बताइसकेपछि पाठको पृष्ठ ४९ को व्याकरण अभ्यासको प्रश्न न. १, २, ३ र ४ को क्रियाकलाप गराउनुहोस् ।

- यसपछि पदवर्गअन्तर्गतका नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, संयोजक, विस्मयादि बोधक र निपात जस्ता शब्दहरू छ्यासमिस गरी शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीहरूलाई छुट्याउन लगाउनुहोस् । यसपछि वाक्यमा पनि प्रयोग गराउनुहोस् ।

**क्रियाकलाप ५**

- अन्त्यमा निर्दिष्ट पाठबाट दस ओटा क्रियापद, दस ओटा क्रियायोगी र विस्मयादि बोधक शब्द खोजेर कापीमा टिपोट गर्न लगाई क्रियाकलाप समापन गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- शब्दहरू छ्यासमिस पारेर दिई क्रियायोगी र विस्मयादि बोधक शब्द छुट्याउन लगाउनुहोस् ।
- क्रियापद भनेको के हो ? चिनाउनुहोस् ।
- विस्मयादि बोधकका कुनै पा“च उदाहरण दिन लगाउनुहोस् ।
- पाठको अनुच्छेद तोकी विस्मयादि बोधक, क्रियायोगी र क्रियापद पहिल्याउन लगाउनुहोस् ।
- निपात र विस्मयादि बोधक शब्द छ्यासमिस पारेर दिई विस्मयादि बोधक छुट्याउन लगाउनुहोस् ।
- साधारण वाक्य दिई क्रियायोगी र विस्मयादि बोधक शब्द थपी अर्को वाक्यमा बदल्न लगाउनुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- विद्यार्थीलाई पा“च समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एक ओटा कार्डवोर्ड वा न्युजप्रिन्ट दिई पाठबाट र अन्तबाट कम्तीमा पच्चिस पच्चिस ओटा नामयोगी,

क्रियायोगी, संयोजक विस्मयादि बोधक र निपात शब्दको सूची बनाई कक्षामा टा"सेर प्रदर्शन गर्न लगाउनुहोस् ।

**दिन : नवौ"**

पाठ्य वस्तु : वाक्य संश्लेषण र विश्लेषण

**अपेक्षित सिप विकास : व्याकरण**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वाक्यको परिचय र प्रकार बताउन

(ख) वाक्यलाई संश्लेषण र विश्लेषण गर्न

२. **शैक्षणिक सामग्री**

- वाक्यको परिचय र प्रकारको सूची
- वाक्य संश्लेषण र विश्लेषणको सूची,
- फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूको राम्रा पक्षको प्रशंसा गर्दै अन्य समूहलाई ताली बजाएर साथीहरूलाई सम्मान गर्न निर्देश गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिई आजको पाठ्य वस्तुका बारे जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम प्रस्तुत तालिकाबाट उदाहरण दिई वाक्य संश्लेषण र विश्लेषणको अवधारणालाई बुझाउनुहोस् ।

| वाक्य विश्लेषण | वाक्य संश्लेषण |
|---|---|
| डोल्मा कार्यालय जान्छे । ऊ काम गर्छे । | डोल्मा कार्यालय गएर काम गर्छे । |
| डोल्मा कार्यालय जान्छे । ऊ काम गर्छे | जब डोल्मा कार्यालय जान्छे तब काम गर्छे । |

Draft

| | |
|---|---|
| डोल्मा कार्यालय जान्छे । ऊ काम गर्छे । | डोल्मा कार्यालय जान्छे अनि काम गर्छे । |

**क्रियाकलाप २**

- उल्लिखित तालिकाबाट वाक्य संश्लेषण र विश्लेषणको अवधारणा बुझाइसकेपछि निम्न वाक्यलाई तालिकाअनुसार वाक्य संश्लेषण र विश्लेषण गर्न लगाउनुहोस् ।

(क) प्रनिता विज्ञान पढ्छिन् । उनी डाक्टर बन्छिन् (वाक्य संश्लेषण)

(ख) शर्मिला गाउ“ गइन् अनि शिक्षक भइन् । (वाक्य विश्लेषण

(ग) पुरनले फुलुलाई बोलायो । उसले सुनिन । (वाक्य संश्लेषण)

(घ) देशमा राजनीतिक परिवर्तन आयो तापनि जनताले सुख पाएनन् । (वाक्य विश्लेषण)

(ङ) कृषिमा सुधार गरियो । देशमा खाद्यान्न उत्पाद बढ्यो । (वाक्य संश्लेषण)

**क्रियाकलाप ३**

यसपछि विभिन्न वाक्यहरू प्रस्तुत गर्दै वाक्यको परिचय र प्रकार बताइदिनुहोस् ।

- गोमा कक्षा नौ मा पढ्छे । (सरल वाक्य)
- गोमा विज्ञान पढेर नर्स बन्छे । (सरल वाक्य)
- जब गोमा पढाइ पुरा गर्छे तब ऊ नर्स बन्छे । (मिश्र वाक्य)
- गोमा विज्ञान पढ्छे अनि नर्स बन्छे । (संयुक्त वाक्य)
- गोमाले विज्ञान पढी भने ऊ नर्स बन्छे । (संयुक्त वाक्य)
- गोमाले विज्ञान पढी त्यसैले नर्स बनी । (संयुक्त वाक्य)

Draft

**क्रियाकलाप ४**

**वाक्यको परिचय**

- मानवीय कुनै खास मनोभाव वा विचारलाई पूर्णता दिने भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्य भाषिक संरचनाको सबैभन्दा ठुलो एकाइ हो । वाक्य बन्न एउटा कर्ता र एउटा क्रियाको अनिवार्यता हुन्छ ।

**वाक्यका प्रकार**

संरचनाका आधारमा वाक्यका निम्न प्रकार छन् :

**(क) सरल वाक्य :**

- एउटा उद्‌देश्य (कर्ता) र एउटा विधेय (क्रिया) मिलेर बनेको वाक्यलाई सरल वाक्य भनिन्छ ।

  - गोविन्द गाउ“ गयो ।

  - गोविन्दले गाउ“ गएर खेती गऱ्यो ।

**(ख) मिश्र वाक्य**

एउटा प्रधान (मुख्य) उपवाक्य र अर्को अधीन उपवाक्य मिलेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ ।

- देवकोटा अमर छन् भन्ने कुरा निश्चित छ ।

- जसले परिश्रम गर्छ उसले फल पाउ“छ ।

- जब बोलाउ“छौ तब आउ“छ ।

**(ग) संयुक्त वाक्य**

दुई वा दुईभन्दा बढी स्वाधीन उपवाक्य मिली बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

- भाइ घर जान्छ अनि गृहकार्य गर्छ ।

- सङ्गतले बिगार्छ त्यसैले खराबस“ग नलाग ।

- उसको कसुर थिएन तर पिटाइ खायो ।

- न ऊ आयो न तिमी आयौ ।

- वाक्यका प्रकार र उदाहरण बताइसकेपछि वाक्य संश्लेषण र विश्लेषणको अवधारणासहित उदाहरण प्रस्तुत गर्नुहोस् ।

(क) वाक्य संश्लेषण : छुट्टा छुट्टै वाक्यलाई एउटै पार्नु वाक्य संश्लेषण गर्नु हो । यसरी दुई वा दुईभन्दा बढी स्वतन्त्र वाक्यहरूलाई जोडेर एउटा वाक्य बनाउने कामलाई वाक्य संश्लेषण भनिन्छ ।

वाक्य विश्लेषण : भावनाले परिश्रम गरी । ऊ सफल भई ।

वाक्य संश्लेषण : भावनाले परिश्रम गरेकीले सफल भई । (सरल वाक्य)

जब भावनाले परिश्रम गरी तब ऊ सफल भई । (मिश्र वाक्य)

भावनाले परिश्रम गरी अनि सफल भई । (संयुक्त वाक्य)

(ख) वाक्य विश्लेषण : जटिल वाक्यलाई फुटाएर, टुक्रयाउनु  वाक्य विश्लेषण गर्नु हो । वाक्य विश्लेषण गर्दा संयोजक चिह्न र असमापिका क्रियाकलाई हटाउनुपर्छ ।

Draft

निम्न उदाहरण दिई स्पष्ट पार्नुहोस् :

| वाक्य विश्लेषण | वाक्य संश्लेषण |
|---|---|
| रमिला आज स्कुल आइनन् । रमिलालाई सन्चो छैन । | रमिला आज स्कुल आइनन् किनभने उनलाई सन्चो छैन । |
| धरान जानु मन थियो । भरान जान पाइन । सन्तोष मानेर बसेको छु । | धरान जाने मन भए तापनि नपाएको सन्तोष मानेर बसेको छु । |
| म दोडदै छु । त्यो दिशा पूर्व हो । त्यहाँबाट सूर्य उदाउ“छन् । | म दौडदै गरेको दिशा पूर्व हो किनभने त्यहा“बाट सूर्य उदाउ“छ । |

**क्रियाकलाप ५**

- यसपछि वाक्य संश्लेषण गर्दा संयोजक चिह्नको प्रयोग गर्ने वा असमापिका क्रियाको प्रयोग गर्ने र वाक्य विश्लेषण गर्दा संयोजन चिह्न हटाउने र समापक क्रियाको प्रयोग गरी वाक्य टुक्राउनु पर्छ भनी स्पष्ट अवधारणा बताइदिन ।
- अभ्यस्तताका लागि पाठको पृष्ठ ५० र ५१ को प्रश्न न. ६ र ७ को अभ्यास खण्ड पुरा गर्न लगाउनुहोस् । त्यसपछि त्यसको उत्तर बताइदिनुहोस् ।

**क्रियाकलाप ६**

- त्यसपछि पृष्ठ स. ४३ को अनुच्छेद १५ बाट संश्लेषण गरिएका वाक्य कापीमा टिपोट गर्नुहोस् ।
- पृष्ठ ४२ को अनुच्छेद ७ र १२ बाट वाक्य संश्लेषण भएका वाक्यहरू कापीमा टिपोट गर्नुहोस् ।
- उक्त वाक्य मिले नमिलेको बताइदिएर क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- वाक्यको परिचय सोध्नुहोस् ।
- अनुच्छेद २९ का कुन कुन वाक्य संश्लेषण गरिएका वाक्य हुन् ?
- प्रश्न न. ७ को वाक्यहरू विश्लेषण गर्नुहोस् ।
- प्रश्न न. ६ का वाक्यलाई संश्लेषण गर्नुहोस् ।
- वाक्यका प्रकार बताउनुहोस् ।
- पाठबाट पा“च ओटा विश्लेषण भएका र पा“च ओटा संश्लेषण भएका वाक्यको सूची तयार पार्नुहोस् ।

Draft

५.  **परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- पा“च ओटा संश्लेषण र पा“च ओटा विश्लेषण वाक्यको प्रयोग गर्दै दस वाक्यमा आफ्नो विद्यालयका वर्णन गरी ल्याउन निर्देश गनुहोस् । त्यसपछि उनीहरूले ल्याएको काम जा“चेर पृष्ठपोषण पनि दिनुहोस् ।

| **दिन : दसौ“** |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि**

१.  **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन

२.  **शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्नपत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

३.  **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्यार्थीलाई एकाइ परीक्षाको महत्त्व र सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

विद्यार्थीलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

**विषयः (नेपाली) मानव बेचबिखनप्रति हाम्रो दायित्व**

कक्षा : ९          समय : ३५ मि.          पूर्णाङ्क : २५

**खण्ड क**

**सुनाइ र बोलाइ परीक्षा**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् :          ५

(क) वक्तृताको कुनै अनुच्छेद हाउभाउसहित वाचन गरी सुनाउन लगाउनुहोस् ।

(ख) पृष्ठ ४८ प्रश्न न. ३ को लेख्य चिह्नहरू ख्याल गरी अनुच्छेद पढेनुहोस् ।

(ग) निम्न शब्दहरूको शुद्ध उच्चारण गरी सुनाउनुहोस् :

अङ्गप्रत्यङ्ग, उल्लङ्घन, बहिष्कृत, पुनर्स्थापना

**खण्ड : ख**

**पढाइ र लेखाइ परीक्षा**

२. तलका शब्दहरू राखी वाक्य निर्माण गर्नुहोस् : २

प्रत्यारोपण, लहलह, हुने बिरुवाको चिल्लो पात, सुइ“को पाउनु ।

३. निम्न शब्दको अर्थ लेख्नुहोस् : ३

दुष्कार्य, निकृष्ट, प्रपञ्च, दायित्व, जोखिम, जघन्य

४. कोष्ठकको सङ्केत आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ५

(क) दिलमाया घर आउ“छिन् अनि गृहकार्य गर्छिन् । (सरल वाक्य)

(ख) उनी रेडियोमा गीत गाउ“छन् । (बहुवचन)

(ग) मह काट्नेले हात चाट्छ । (मिश्र वाक्य)

(घ) तिमी क्रिकेट खेल्छौ । (तृतीय पुरुष)

(ङ) उषाले वक्तृतामा भाग लिई । (अकरण)

५. विद्यालय शान्ति क्षेत्र हुन् भन्ने शीर्षकमा केन्द्रित रही एक अनुच्छेद तयार पार्नुहोस् ।
५

६. निम्न कुनै एक शीर्षकमा वक्तृता तयार पार्नुहोस् :
५

(क) छुवाछुत उन्मूलनमा विद्यार्थीको भूमिका

(ख) भूकम्पीय सुरक्षाप्रति हाम्रो दायित्व

- निरन्तर मूल्याङ्कन अभिलेख तयार गर्ने
- यसपछि यो क्रियाकलाप सकिएपछि खाली पाना दिई परीक्षा कार्यक्रमको बारेमा आफ्नो प्रतिक्रिया लेख्न दिनुहोस् ।
- मूल्याङ्कन (उ.प.परीक्षण) गरी विद्यार्थीको कार्य सञ्चयिका (पोर्टफोलियो) मा सङ्कलन गरी लेख्नुहोस् ।

Draft

**एकाइ : ६ (छ)**

**पाठ शीर्षक : बहिनीलाई चिठी** **विधा : चिठी**

**एकाइगत पाठ्य वस्तु योजना**

| क्र.स. | पाठ्य वस्तुहरू | अनुमति घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | चिठी पठन र प्रश्नोत्तर | १ |
| ४. | चिठी रचना / प्रत्युत्तर लेखन | १ |
| ५. | छलफल | १ |
| ६. | सिर्जनात्मक अभ्यास (समवेदना) | १ |
| ७. | व्याकरण (भविष्यत् काल) | १ |
| ८ | निरन्तर मूल्याङ्कन | १ |
| | जम्मा | ८ |

**दिन : पहिलो**

पाठ्य वस्तु : सस्वर वाचन र शुद्ध उच्चारण

**अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण)**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट बहिनीलाई चिठी पाठ गति, यति मिलाई शुद्धस“ग उच्चारण गर्न

(ख) चिठी पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

शब्दपत्ती, गोजी तालिका

Draft

## ३. सिकाइ सहजीकरण प्रक्रिया

**(क) उत्प्रेरणा**

- चिठी भनेको के हो? भन्ने प्रश्नमा छलफल गराई चिठी कुन कुन प्रयोजनमा लेखिन्छ भन्ने जानकारी दि“दै सिकाइपति उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● शिक्षकले विद्यार्थीलाई सर्वप्रथम सस्वर वाचन सिकाउन निर्दिष्ट पाठको पहिलो अनुच्छेद अनुकरण वाचन गरेर सुनाउनुहोस् र सस्वर वाचनका लागि उपयुक्त वातावरण तयार गर्नुहोस् । जस्तैः गति, यतिको ख्याल गरी सस्व पढ्न बिराम चिह्नहरूको ख्याल गरी पढ्न, हिज्जेको ख्याल गरी शुद्ध उच्चारण गर्न ।

**क्रियाकलाप २**

- यसपछि विद्यार्थीलाई पालैपालो एकएक अनुच्छेद शुद्ध सस्वर वाचन गर्न निर्देशन दिनुहोस् र बा“की विद्यार्थीलाई साथीले शुद्ध उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न
र अबुद्ध भएमा रोकेर सच्याउन निर्देशन दिनुहोस् ।

- शिक्षकले विद्यार्थीको उच्चारणगत पक्षलाई राम्ररी सुनेर उनीहरूलाई समस्या परेका शब्दहरूलाई आफूले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र कमजोर उच्चारण
क्षमता भएका विद्यार्थीलाई आलोपालो सस्वर वाचन गराउनुहोस् ।

**क्रियाकलाप ३**

- पाठका अनुच्छेद वाचन गरिसकेपछि वाचनको क्रममा उच्चारणगत समस्या भएका शब्दहरू विद्यार्थीहरूबाट भन्न लगाउनुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोट
गर्दै जानुहोस् । यस क्रममा सक्षम र कमजोर उच्चारण क्षमता भएका विद्यार्थीलाई आलोपालो वाचन गराउनुहोस् ।

- पाठमा प्रयुक्त विराम चिह्नहरूको ख्याल गरी पटक पटक सस्वर वाचनको अभ्यास गराउनुहोस् । यसै क्रममा कमजोर तथा दोस्रो भाषी विद्यार्थीलाई बढी अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४**

- शैक्षणिक पाटीमा टिपोट गरिएका निम्न शब्दहरू शब्दपत्तीमार्फत् गोजी तालिकामा प्रदर्शन गर्दै हिज्जे मिलाई उच्चारण गराउनुहोस् ।

**लक्षित शब्दहरू**

व्यस्तता - ब्यस्.त. ता

आयुर्वेद - आ.युर्.बेद्

Draft

स्वास्थ्य - स्वास्. थ्य

हृदयाघात - हृ.द.य.घात्

श्रेयस्कर - स्रे.यस्.कर्

अग्निमान्द्य - अग्.नि.मान्.द्य

संयमित - सम्.य.मित्

पक्षाघात - पक्.छ्या.घात्

**क्रियाकलाप ५**

- शिक्षकले उच्चारण क्षमता कमजोर भएका विद्यार्थीको छुट्टै समूह बनाई चिठी लेखनमा प्रयोग हुने निम्न शब्दहरू शब्दपत्तीमार्फत गोजी तालिकामा देखाई बारम्बार उच्चारण गराउनुहोस् :

साष्टाङ्ग - सास्.टाङ्.ग

दण्डवत् - दन्.ड.वत्

शुभाशीर्वाद - सु.भा.सिर्.बाद्

चिरञ्जीवी - चि.रन्.जि.बि

आदरणीय - आ.दर्.णि.य

शुभाशिष - सु.भा.सिस्

शुभ चिन्तक - सु.भ.चिन्.तक्

मङ्गल - मङ्. गल्

कुशलता - कु सल्. ता

## ४. मूल्याङ्कन / परियजना कार्य

- निर्दिष्ट चिठी पाठ गति, यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- चिठी पाठको तेस्रो र चौथो अनुच्छेद सस्वर वाचन गरी सुनाउन लगाउनुहोस् ।
- पाठमा प्रयुक्त निम्न शब्द शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।
- आयुर्वेद, स्वास्थ्य, हृदयाघाट, ऋताहार, श्रेयस्कर, अग्निमान्द्य, पक्षाघात, व्यस्तता
- निम्न थप शब्द शुदेध उच्चारण गराउनुहोस् :

  साष्टाङ्ग, शुभाशीर्वाद, चिरञ्जीवी, शुभाशिष, कुशलता, दन्डवत्, मङ्गल ।

## ५. परियोजना कार्य

(क) **विद्यार्थीका लागि**

शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई चिठीमा प्रयोग गरिने बिस बिस ओटा शब्दहरूको सूची तयार गरी ल्याउन लगाउनुहोस् र आफ्ना शब्दसूचीहरू फलाटिन पाटीमा टा"स गरी पढेर सुनाउन लगाउनुहोस् ।

**(ख) शिक्षकका लागि**

- शिक्षकले बहिनीलाई चिठी पाठ शिक्षण गरिसकेपछि कुन कुन विद्यार्थीले सस्वर वाचन र शुद्ध उच्चारण गर्न सके र कुन कुन विद्यार्थीले सकेनन् सो छुट्याई तिनीहरूको नाम टिपोट गरी उनीहरूस"ग कुराकानी गरी समस्या पहिचान गरी उपचारात्मक शिक्षण गर्नुहोस् ।
- तिनीहरूको छुट्टै समूह बनाई उनीहरू दुई दुई जनाबिच एउटाले पाठ वाचन गर्ने र अर्कोले सुनेर गल्ती गरेका ठाउ"मा शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

Draft

| **दिन : दोस्रो** |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : शब्द भण्डार र प्रयोग**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) ‘बहिनीलाई चिठी’ पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) उक्त शब्दहरूलाई प्रयोग गरी उपयुक्त वाक्य निर्माण गर्न

**२. शैक्षणिक सामग्री**

शब्द र अर्थपत्ती, वाक्यपत्ती र गोजी तालिका

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- शिक्षकले कुनै एउटा निवेदन पत्रको नमुना ल्याई विद्यार्थीलाई सस्वर वाचन गर्न लगाई सबैको सामु सुनाउन लगाउनुहोस् र हिजो पढेको चिठी र आजको पत्रको लेखाइ ढा"चाबिच तुलना गरी भिन्नता भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले विद्यार्थीलाई सर्वप्रथम ˘बहिनीलाई चिठी' पाठ मौन पठन गराउनुहोस् र आफूलाई अर्थ कठिन लागेका शब्दहरू पाठमा चिनो लगाउन लगाई पालैपालो भन्न निर्देश गर्दै शिक्षकले शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

**लक्षित शब्दहरू**

शुभशीर्वाद, हृदयघात, ऋताहार, अर्बुद, श्रेयस्कर, अग्निमान्द्य, उवा, प्रतिकुल, पक्षाघात, संयमित, शल्यचिकित्सा, मिताहार, हिताहार, रक्तचाप ।

**क्रियाकलाप २**

● निर्दिष्ट शब्दको अर्थ विद्यार्थीहरूस“ग नै पालैपालो सोध्नुहोस् र ती शब्दको अर्थ नजानेमा अन्त्यमा शिक्षकले बताइदिनुहोस् । शब्दार्थ शिक्षण गराउ“दा निम्न सिकाइ विधि अपनाउनुहोस् :

- शब्दार्थ प्रस्तुत गरी अर्थ बताउने
- समान गुण भएका शब्दबाट अर्थ बताउने
- हाउभाउ वा अभिनयबाट अर्थ बताउने
- ठोस वस्तु प्रदर्शन गरी अर्थ बताउने
- पर्यायवाची शब्दबाट अर्थ बताउने
- पारिभाषिक शब्दबाट अर्थ बताउने
- वाक्यमा प्रयोग गरेर अर्थ बताउने

**क्रियाकलाप २**

- शिक्षकले आफूले लगेको वाक्यमा प्रयोग गरेको नमुना वाक्यसूची, शब्दसूची एक एक प्रदर्शन गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।
- विद्यार्थीबाट प्रयोग गरेको नमुना वाक्यसूची, शब्दसूची एक एक प्रदर्शन गर्दै जानुहोस् र विद्यार्थीलाई त्यस्तै प्रकृतिका अन्य वाक्य पत्ती तथा शब्दपत्ती बनाउन निर्देशन दिई आफू यताउति हि“ड्दै सबैलाई निर्मित शब्दार्थ वाक्यमा प्रयोग भएका वाक्य तथा शब्द कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

● विद्यार्थीले प्रस्तुत गरेका क्रियाकलाप ठिक भयो वा सुधार्नुपर्छ, त्यसको राम्ररी आवश्यक अनुगमन गरेर नमिलेको ठाउ“मा सच्याउन लगाउने र आवश्यक परेमा पृष्ठपोष समेत दिनुहोस् ।

४. **प्रविम्वन / मूल्याङ्कन**

Draft

- निम्न प्रश्नको अर्थ बताउनुहोस् :

  व्यस्तता, आयुर्वेद, हृदयघात, ऋताघार, श्रेयस्कर सयमित, अग्निमाद्य, पक्षाघाता, प्रतिकूल मिताहार, मधुमेह, शल्य चिकित्सा, उत्तम

- निम्न शब्दहरूको वाक्यमा प्रयोग गर्नुहोस् :

  आदान प्रदान, प्रवृत्ति, रक्तचाप, सेवन, चिरञ्जीवी, साष्टाङ्ग शुभ चिन्तक, हृदयाघात

## ५. परियोजना कार्य

**(क) विद्यार्थीका लागि**

- शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा छुट्टा छुट्टै शब्दार्थ र वाक्यमा प्रयोगको लागि पाठ भित्रको र बाहिर चिठी (पत्ररचना) स"ग सम्बद्ध शब्दहरू खोजी वाक्यमा प्रयोग पुरा गरेर ल्याउन निर्देशन दिई प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ख) शिक्षकका लागि**

- शिक्षकले निर्दिष्ट पाठ शिक्षण गरिसकेपछि कुन कुन विद्यार्थीले शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग गर्न सहसो पहिल्याउनुहोस् र उनीहरूको नाम समेत टिपोट गरी उपचारात्मक शिक्षण गर्नुहोस् ।
- तिनीहरूको छुट्टै समूह बनाई शब्दार्थ र वाक्यमा प्रयोगको अभ्यासमा आएका शब्दहरूलाई दुई दुई पटक वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । उनीहरू अरु सरह सक्षम नभएसम्म पटक पटक अभ्यास गराउनुहोस् ।

**पारिभाषिक शब्द**

पाठ भित्रका चिठीस"ग सम्बन्धित पारिभाषिक शब्द तथा पाठ बाहिरको चिठीस"ग सम्बन्धित पारिभाषिक शब्दहरूको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**दिन : तेस्रो**

पाठ्य वस्तु : चिठी पठन र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

## १. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) बहिनीलाई चिठी पाठ द्रुत गतिमा गर्न

(ख) बहिनीलाई चिठी पाठका आधारमा सोधिएका प्रश्नको उत्तर दिन

२. **शैक्षणिक सामग्री**

प्रश्न सूची, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- शिक्षकले सिकाइतर्फ उत्प्रेरणा जगाउनका लागि अगिल्लो दिन शिक्षण गरिएका जटिल पा"च शब्दहरू सम्झेर लेख्न लगाउनुहोस् र ती शब्दलाई पालैपालो उच्चारण गरी भन्न लगाउनुहोस् र ती शब्दहरू कति जना विद्यार्थीले एउटै दोहोऱ्याएर सुनाए तिनलाई शैक्षणिक पाटीमा लेखी ती शब्दलाई पटक पटक याद गर्न सुझाव दि"दै आजको सिकाइको पाठ्य वस्तुको जानकरी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । यसो गर्दा समावेशी तथा जान्ने नजान्ने मिलाएर राख्नुहोस् । प्रत्येक समूहबाट दुई दुई जना (छात्र -१ छात्रा- १) को द्रुत वाचनका लागि नाम माग्नुहोस् । उक्त नाम शैक्षणिक पाटीमा लेख्नुहोस् । प्रत्येक समूहलाई चार-चार मिनेटको समय प्रदान गर्नुहोस् र पालैपालो समूहलाई चिठी वाचन गर्न लगाउनुहोस् । कसले निर्दिष्ट समयभन्दा चाँडो पढ्यो त्यो समूहलाई द्रुत वाचकको घोषणा गर्नुहोस् । द्रुत वाचन क्रियाकलाप सम्पन्न भएपछि प्रश्नोत्तरका लागि तयार रहन सबै समूहलाई निर्देश गर्दै पाठ्य पुस्तक बन्द गरी झोलामा राख्न लगाई कापी कलम झिक्न निर्देश दि"दै प्रत्येक समूहलाई पालैपालो पाठमा आधारित प्रश्न सोध्नुहोस् ।

**प्रश्नसूची**

(क) चिठी लेख्नुको मुख्य उद्देश्य के देखिन्छ ?

(ख) चिठीमा आफूलाई स्वस्थ राख्न के गनुपर्छ भनिएको छ ?

(ग) स्वास्थ्य हाम्रा लागि जीवनको पहिलो धन कसरी हुनसक्छ ?

(घ) स्वस्थ जीवनमा आहारको महत्त्व किन छ ?

**क्रियाकलाप २**

- निर्दिष्ट प्रश्नसूची फलाटिन पाटीमा टा"स्नुहोस् र क, ख, ग, घ गोला बनाई समूहका कसैलाई एउटा एउटा थुत्न लगाई आफूलाई परेको प्रश्नको उत्तर पा"च मिनेट भित्र लेखेर पालैपालो भन्न निर्देशन गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले समय सुरु भएको जानकारी गराई समूहलाई लेखाइमा सहजीकरण गरिदिनुहोस् । समय सकिएपछि कलम बन्द गराई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

Draft

- शिक्षकले सबैको उत्तर सुनिसकेपछि उत्कृष्ण समूह घोषणा गरी प्रत्येक उत्तरको आवश्यक थप कुरा अपुग भए बताई पुष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन /मूल्याङ्कन**

शिक्षकले मूल्याङ्कनका लागि निम्न प्रश्न सोध्नुहोस् :

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) बजारमा पाइने तर खान नहुने वस्तुहरू के के हुन् ?

(ग) डाक्टरको सल्लाहबिना औषधी खा"दा के कस्तो प्रभाव पर्छ ?

(घ) औषधी खानुपूर्व बिर्सन नहुने कुरा के हो ?

(ङ) चिठीमा आयुर्वेद विज्ञानलाई कसरी महत्त्व दिइएको छ ?

५. **परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- कक्षामा प्रतियोगिता गराइएको प्रश्नका उत्तरहरू व्यक्तिगत रूपमा आ-आफूले लेखेर ल्याउन निर्देश गर्नुहोस् । उक्त उत्तर जा"चेर आवश्यक पृष्ठपोषण दिनुहोस्

**(ख) शिक्षकका लागि**

- द्रुत वाचन र प्रश्नोत्तर क्रियाकलापमा समूहमा कुन कुन विद्यार्थीले सक्रिय सहभागिता जनाए र कुन कुनले जनाएनन् तिनीहरूको पहिचान गरी एउटा समूह बनाई प्रत्येकलाई दिइएको प्रश्नको उत्तर लेखेर ल्याउन र चिठी पाठलाई छिटो छिटो पढेर सुनाउन निर्देश गर्नुहोस् ।

- उनीहरूले ल्याएको उत्तर जा"च गरी आवश्यक पृष्ठ पोषणसमेत दिई उनीहरूबिच छिटो छिटो पढ्ने अभ्यास पनि गराई उनीहरूबिच बाटै प्रतिक्रिया लिई आवश्यक सुझाव दिई अरु सरह सक्षम तुल्याउनुहोस् ।

| **दिन : चौथो** |
|---|

पाठ्य वस्तु : चिठी रचना (प्रत्युत्तर लेखन)

**अपेक्षित सिप विकास : चिठी लेखन**

१. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) अनुकृत ढा"चामा घरायसी (व्यक्तिगत) चिठी रचना गर्न

(ख) निर्दिष्ट घरायसी चिठीको प्रत्युत्तर लेख्न



Draft

२. **शैक्षणिक सामग्री**

घरायसी चिठीका आवश्यक अङ्ग लेखिएको चार्ट, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

● शिक्षकले सिकाइ उत्प्रेरणाका लागि निर्दिष्ट पाठको पृष्ठ सङ्ख्या ५६ को प्रश्न न. ३ को अनुच्छेद श्रुतिबोध गराउनुहोस् र त्यसमा रहेका प्रश्नहरू सोधी त्यसदिन सिकाइने पाठ्य वस्तुका बारे जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

शिक्षकले सर्वप्रथम विद्यार्थीहरूलाई निम्न प्रकारका प्रश्नहरू सोध्नुहोस् :

- चिठी कति प्रकारका हुन्छन् ?
- घरायसी (व्यक्तिगत) चिठी भनेको कस्तो चिठी हो ?
- घरायसी चिठीमा सर्वप्रथम के लेखिन्छ ?
- घरायसी चिठीका आवश्यक अङ्गहरू के के हुन् ?
- बुबा आमालाई चिठी लेख्दा के भनी सम्बोधन गर्नुपर्छ ?

**क्रियाकलाप २**

● उल्लिखित प्रश्नहरू सोधिसकेपछि शिक्षकले तयार पारी ल्याएको घरायसी चिठी लेखनको अङ्ग लेखिएको चार्ट फलाटिन पाटीमा टा“स गरी चिठी रचनाका बारे छलफल चलाउनुहोस् ।

१. ठेगाना

२. मितिः

३. सम्बोधन

४. अभिवादन

५. सन्चो बिसन्चो खबर........................................... पत्र लेख्नुको कारण ......

६. चिठीको पेटबोली ................................................. ..........................

..................................................................................................

७. समापन .................................................................... ...................
..... ...... ........... .......................................................

८. नाता.............................



Draft

| | |
|---|---|
| ९. | नाम |
| १०. | खामको नमुना |

**क्रियाकलाप ३**

- चिठीका अङ्गहरू टा"स गरी घरायसी चिठी लेखनका बारेमा विद्यार्थीस"ग सोधपुछ गर्नुहोस् र शिक्षक आफूले मौखिक रूपमा एउटा चिठीको नमुना सुनाउनुहोस् ।
- चिठीको नमुना वर्णन सुनाइसकेपछि निर्दिष्ट चिठी पाठ कुनै एक विद्यार्थीलाई सस्वर वाचन गरेर सुनाउन लगाई अरुलाई पाठ हेर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- पठन कार्य पुरा भएपछि सात मिनेटको समय दिई प्रस्तुत चिठीको प्रत्युत्तर लेखन गराउनुहोस् । यस क्रममा शिक्षकले दिदी श्रद्धा नेपालीलाई बहिनी अनुपमा नेपालीले चिठीको प्रतिउत्तर कसरी लेख्लिन् त्यसका बारेमा आवश्यक छलफल चलाई निर्देशन दिई निर्धारित समयमा लेखेर पुरा गर्न भन्नुहोस् ।

**क्रियाकलाप ५**

- शिक्षकले कक्षामा डुल्दै विद्यार्थीहरूबिच पुगेर सहजीकरण गरिदिनुहोस् र निर्धारित समय पुरा भएपछि उनीहरूलाई पालैपालो अगाडि आई आफूले तयार पारेको प्रत्युत्तर चिठी पढेर सुनाउन लगाउनुहोस् । शिक्षकले उक्त प्रस्तुत गरेको चिठीको व्यहोरा सुनेर आवश्यक पृष्ठ पोषण दिनुहोस् । लेखाइ चित्त बुझ्दो नभए पुनर्लेखन गर्न निर्देशन समेत दिनुहोस् ।

४. **मूल्याङ्कन / प्रतिबिम्बन**

**शिक्षकले मूल्याङ्कनका लागि निम्न प्रश्न सोध्नुहोस् :**

- दिदीलाई बहिनीले चिठी लेख्दा के भनेर सम्बोधन गर्नुपर्छ ?
- घरायसी चिठीका अङ्गहरू के के हुन् ?
- चिठीको समापनमा के के लेखिन्छ ?
- दिदीलाई लेखेको चिठीको नमुना सुनाउनुहोस् ।
- पृष्ठ सङ्ख्या ५८ को प्रश्न न. ९ को प्रश्न सोध्नुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य :**

(क) **विद्यार्थीका लागि**

- परियोजना कार्यका रूपमा पाठको पृष्ठ सङ्ख्या ५७ को प्रश्न न. ४ को उत्तर लेखेर ल्याउन सबैलाई निर्देशन दिनुहोस् र जा"चेर आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

(ख) **शिक्षकका लागि**

Draft

- चिठी लेखनका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पुरा गरे र कुन कुन विद्यार्थीले गरेनन् अवलोकन गरी तिनीहरूको नाम टिपी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

- समस्या पहिचानपश्चात् ती कमजोर विद्यार्थीहरूको छुट्टै समूह बनाई चिठी लेखनका आवश्यक निर्देशन तथा बु“दाहरू दिई पटक पटक चिठी लेखनको अभ्यास गराउनुहोस् । अरु सरह सक्षम नभइसम्म बारम्बार अभ्यास गराउनुहोस् ।

| **दिन : पा“चौ“** |
|---|

पाठ्य वस्तु : छलफल तथा कुराकानी

**अपेक्षित सिप विकास : बोलाइ कुराकानी**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट विषय शीर्षकका बिच छलफल गर्न

(ख) छलफलद्वारा प्राप्त निष्कर्षलाई खिलित रूपमा प्रस्तुत गर्न

**२. शैक्षणिक सामग्री**

- नजँचाइ औषधी खा“दा हुने असरको सूची,
- आयुर्वेद विज्ञानको महत्त्व सूची
- अग्निमाद्य खानेकुराको सूची, पलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- सिकाइ उत्प्रेरणाका लागि अगिल्लो दिन चिठी लेखनको उपचारात्मक शिक्षणका लागि छुट्याइएका विद्यार्थी समूहबाट तयार पारिएको चिठी पढेर प्रस्तुत गर्न लगाउनुहोस् र ती समूहलाई पृष्ठपोषण दिई आज पढिने पाठ्य वस्तुका बारे जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । समूह बनाउ“दा जान्ने नजान्ने र समावेशी पक्षलाई ध्यान दिई मिश्रित समूह तयार पार्नुहोस् ।

- प्रत्येक समूहमा सहभागी सबैलाई कापी कलम लिई समूह कार्य गर्न तयार रहन निर्देश गनुहोस् र ३,४,५ र ६ नम्बर लेखेको कागजको गोला बनाई प्रत्येकलाई टिपेर आफ्नो नम्बर हेर्न लगाउनुहोस् र शिक्षकले ती नम्बर क्रमशः शैक्षणिक पाटीमा टिपोट गरी



Draft

उनीहरूलाई पाठको पृष्ठ सङ्ख्या ५५ हेर्न लगाई उक्त पृष्ठमा दिइएको प्रश्न न. ३,४,५ र ६ लाई समूह कार्य गर्न निर्देश दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले सर्वप्रथम आफ्नो समूहलाई परेको प्रश्नमाथि आपसमा छलफल गराउनुहोस् र उत्तर प्रस्तुत गर्न सहभागी साथीहरूलाई आवश्यक बु"दाहरू टिपोट गरेर सहयोग गर्न निर्देश गर्नुहोस् ।

- यसपछि शिक्षकले प्रत्येक समूहमा डुलेर उनीहरूलाई परेको प्रश्नको विषय वस्तुको बारे छलफल गराउनुहोस् र समूह तिन लाई बजारमा पाइने खान नहुने प्रकारका खानाको सूची, समूह चार लाई जथाभावी औषधी खा"दा हुने हानीको सूची, समूह पा"च लाई आयुर्वेद विज्ञानको महत्त्वको सूची र समूह छ लाई श्रद्धा नेपालीको बानी व्यवहारको सूची प्रस्तुत गर्न लगाउनुहोस् । यसका लागि प्रत्येक समूहलाई १० मिनेटको समय तोक्नुहोस् ।

**क्रियाकलाप ३**

- उक्त अवधिमा शिक्षक सहज कर्ताको भूमिकामा रही सबै समूहमा डुलेर आवश्यक निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्यमा साथीलाई सहयोग गरे नगरेको आवलोकन गरी आवश्यक सुझाव तथा निर्देशन दिनुहोस् ।

- क्रियाकलापका लागि दिइएको समय पुरा भएपछि पालैपालो टोली नेताबाट प्रस्तुत गर्न लगाउनुहोस् र यसबेला अरु समूहलाई आवश्यक प्रतिक्रिया दिन निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ४**

- सबै समूहबाट प्रस्तुतीकरण पुरा भएपछि शिक्षक आफूले तयार पारी ल्याएका सूचीहरू फलाटिन पाटीमा टा"स गरी प्रत्येक समूहलाई आफ्नो नम्बरको उत्तरस"ग मेल खाने सूची पालैपालो पढ्न लगाई थप कुरा भए कापीमा रिपोट गर्न लगाउनुहोस् ।

- अन्त्यमा शिक्षकले छलफलद्वारा प्रस्तुत गरिएको उक्त क्रियाकलापका सबल र दुर्बल पक्ष औल्याई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **मूल्याङ्कन / प्रतिबिम्बन :**

- शिक्षकले निम्न प्रश्नहरू सोध्नुहोस् :
  - दिदी श्रदधा नेपालीका बानी व्यवहार कस्ता कस्ता रहेछन् ?
  - बजारमा पाइने तर खान नहुने कुरा के के हुन् ?
  - जथाभावी औषधी खा"दा के कस्तो हानि हुन्छ ?

- आयुर्वेद विज्ञान र आधुनिक चिकित्सा पद्धतिका बारेमा मिल्दा र नमिल्दा कुरा बताउनुहोस् ।

**५. परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

- आधुनिक चिकित्सा पद्धति र आयुर्वेद विज्ञानलाई स्वास्थ्य विज्ञानको क्षेत्रमा कसरी एकसाथ लैजान सकिन्छ भन्ने विषयमा समूहमा छलफल गराई आफ्ना विचार लेखेर ल्याउन निर्देश गर्नुहोस् । विद्यार्थीले लेखेर ल्याएका कुरा पालैपालो प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण समेत दिनुहोस् ।

**(ख) शिक्षकका लागि**

- प्रस्तुत छलफल क्रियाकलापमा कुन कुन विद्यार्थी सक्रिय भई क्रियाकलापमा भाग लिए । कुन कुनले लिएनन् अवलोकन गरी अल्छी र कमजोर विद्यार्थीहरू पहिचान गरी नाम टिपोट गर्नुहोस् ।
- ती विद्यार्थीहरूको छुट्टै समूह बनाई उनीहरूलाई कक्षामा गराइएको क्रियाकलाप घरबाट पुरा गरेर ल्याउन निर्देशन दिनुहोस् । उनीहरूले तयार गरी ल्याएका सामग्री प्रस्तुत गर्न लगाई आवश्यक सुझाव दिई अरु सरह सक्षम नभएसम्म पटक पटक दोहोऱ्याउन लगाउनुहोस् ।

**६. थप सन्दर्भ सामग्री :**

शिक्षकले पुस्तकालय वा इन्टरनेटबाट आधुनिक चिकित्सा पद्धति र आयुर्वेद विज्ञानका सम्बन्धमा लेखिएका सामग्रीहरू खोजेर पढ्नुहोस् ।

| **दिन : छैटौं** |
|---|

पाठ्य वस्तु : सिर्जनात्मक लेखन (समावेदना लेखन)

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन कार्य**

१. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) समवेदना लेखनको ढाँचा बताउन

(ख) विभिन्न किसिमका समवेदना पत्रको नमुना तयार गर्न

**२. शैक्षणिक सामग्री**

समवेदना पत्रको नमुना ढाँचा, फलाटिन पाटी, पत्रिकाहरू

**३. सिकाइ सहजीकरण क्रियाकलाप**



Draft

**(क) उत्प्रेरणा**

शिक्षकले सिकाइप्रति उत्प्रेरणा जगाउ"दै पत्र पत्रिकामा छपाइने हार्दिक बधाई, शुभ कामना, विज्ञापन, सूचना एवम् आफन्तको निधनमा व्यक्त गरिने समवेदना तथा सद्धाञ्जलीको बारे छलफ चलाउनुहोस्  र त्यस दिन गरिने क्रियाकलापको बारे जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले कुनै राष्ट्रिय दैनिक पत्रिकामा छापिएको हार्दिक श्रद्धाञ्जली अथवा समवेदना पत्रको नमुना पढेर सुनाउनुहोस् ।
- उक्त क्रियाकलापपछि शिक्षक आफूले तयार पारेर ल्याएको समवेदनाको नमुना चार्ट फलाटिन पाटीमा टा"स गरी दुई तिन जना विद्यार्थीलाई उठाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।

हार्दिक श्रद्धाञ्जली एवम् समवेदना

जन्म :   २००२ जेष्ठ ४ गते                    देहान्त : २०७२ चैत्र २० गते

यस संस्थाका केन्द्रीय सदस्य एवम् हाम्रा परम् मित्र टीकराम सुनारको २०७२ साल चैत्र २० गते ७० वर्षको उमेरमा हृदयघातका कारण हुन गएको असामयिक निधनको खबरले हामी अत्यन्त दुःखी एवम् सर्मान्त भएका छौ" । यस दुःखद् घडीमा स्वर्गवासी मित्र टीकाराम सुनारप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा श्री परमेश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

टोपनाथ अकेला

अध्यक्ष

एवम् युवा समाज परवार

सर्लाही, पुनर्वास ।

**क्रियाकलाप २**

- समवेदनाको नमुना प्रस्तुत गरिसकेपछि विद्यार्थीहरूलाई निम्न प्रश्नका उत्तर भन्न लगाई आपसमा छलफल गराउनुहोस् ।
  - मृत्यु हुने व्यक्ति को हुन् ?
  - उनको जन्म र मृत्यु कहिले भएको हो ?
  - उनको कति वर्षको उमेरमा मृत्यु भएको हो ?



Draft

- समवेदना व्यक्त गर्ने व्यक्ति को हुन् ?

**क्रियाकलाप ३**

- यी प्रश्नका अतिरिक्त समवेदना पत्र लेख्दा जन्म, मृत्यु कता लेखिन्छ ? फोटो कहा“ राखिन्छ ? समवेदना दिने व्यक्तिको नाम र ठेगाना कहा“ लेखिन्छ ? भन्ने प्रश्नमा समेत छलफल चलाउनुहोस् र उक्त नमुनाको आधारमा अरु कुनै व्यक्तिको नाम बदली उक्त समवेदनाको पुनर्लेखन गराउनुहोस् र विद्यार्थीलाई त्यसपछि आफन्त, छिमेकी वा परिचित कुनै व्यक्तिको निधन भएकोमा समवेदना दिन लेखिने समवेदना पत्रको नमुना तयार गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- निर्धारित क्रियाकलाप पुरा गराउन शिक्षकले कक्षामा डुल्दै सहजीकरण गरिदिनुहोस् । निद्यार्थीले लेखिसकेपछि पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् गल्ती भए आवश्यक ठाउ“मा सुधार गरिदिनुहोस् ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- शिक्षकले निम्न प्रश्नसोधी आवश्यक मूल्याङ्कन गर्नुहोस् :
  - समवेदना लेख्दा जन्म र मृत्यु कहा“ कहा“ लेखिन्छ ?
  - मृतकको फोटो कहा“ राख्नुपर्छ ?
  - तपाईले लेख्नुभएको समवेदनाको चार्ट पढेर सुनाउन लगाउनुहोस् ।

## ५. परियोजना कार्य / गृहकार्य

**(क) विद्यार्थीका लागि**

- शिक्षकले विद्यार्थीलाई विभिन्न राष्ट्रिय दैनिक तथा स्थानीय पत्रिकामा प्रकाशित श्रद्दाञ्जली र समवेदनाको एक एक वटा प्रकाशित नमुना सङ्कलन गरेर ल्याउन निर्देशन दिनुहोस् । उनीहरूको उक्त कार्यको प्रशंसा गर्दै हौसला प्रदान गरिदिनुहोस् ।

**(ख) शिक्षकका लागि:**

- सिर्जनात्मक अभ्यास अन्तर्गत, क्रियाकलापहरू कुन कुन विद्यार्थीले पुरा गरे र कुन कुनले गरेनन् अवलोकन गरी तिनीहरूको नाम टिपी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

- समस्या पहिचानपश्चात् ती कमजोर विद्यार्थीहरूको एउटा समूह बनाई समवेदना पत्र लेखनका आवश्यक निर्देशन तथा नमुनाहरू दिई पटक पटक अभ्यास गराउनुहोस् । अरु सरह सक्षम नभएसम्म अभ्यास गराइरहनुहोस् ।

## ६. थप सन्दर्भ सामग्री :

शिक्षकले पुस्तकालयमा गई वा पत्रिका पसलमा गई विभिन्न पत्र पत्रिका सङ्कलन गरी समवेदना एवम् श्रद्धाञ्जली पत्रको नमुना तयार गर्नुहोस् ।

Draft

## दिन : सातौ“

पाठ्य वस्तु : व्याकरण (भविष्यत् काल)

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) भविष्यत् कालका क्रियापदको पहिचान गर्न

(ख) भविष्यत् कालका पक्षको परिचय दिई तिनको प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, भविष्यत्कालका पक्षहरू प्रयोग भएका वाक्य सूची, गोजी तालिका, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- उपचारात्मक शिक्षणअन्तर्गत कमजोर विद्यार्थीलाई दिइएको कार्य प्रस्तुत गर्न लगाउनुहोस् र त्यसका सुधारात्मक पक्षको प्रशंसा गर्दै आज सिकाइने विषय वस्तुका बारे जानकारी दिई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम आफूले लगेको निम्न चार्ट देखाई भविष्यत् कालका क्रियापद छानी तालिकामा भर्न लगाई पहिचान गराउनुहोस् ।

| सामान्य भविष्यत् | अपूर्ण भविष्यत् | पूर्ण भविष्यत् | |
|---|---|---|---|
| भाग्ने छ | भाग्दै हुने छ | मागेको हुने छ | गर्ने छ, पढ्दै हुने छ, गएको हुने छ, जाने छ, खेलेका हुने छन्, पढ्ने छ आउ“दै हुने छ, पढेको हुने छन् लेख्ने छन् कुट्दै हुने छ, हेरेको हुने छ, सुत्ने छ, खा“दै हुने छ, रुने छ |

Draft

**क्रियाकलाप २**

- यसपछि मिश्रित क्रियापद भएका शब्दपत्तीहरू एक ठाउ“मा राखी विद्यार्थीलाई पालैपालो अगाडि बोलाई त्यसबाट भविष्यत् कालका क्रियापद छान्न लगाई गोजी तालिकामा राखेर दर्शन गर्न लगाउनुहोस् ।

- विद्यार्थीलाई क्रियापद पहिचान गराउन कठिन भएमा निम्न सूत्र लेखिएको चार्ट प्रदर्शन चार्ट प्रदर्शन गरी सिकाइ गनुहोस् ।

| सामान्य भविष्यत् | अपूर्ण भविष्यत् | पूर्ण भविष्यत्. |
|---|---|---|
| धातु + नेछु / नेछौ“ नेछस् / नेछेस् नेछौ / नुहुने छ । | धातु + तो / दो / तै/ दै/ हुनेछु / हुनेछौ“ हुने छस् / नहुने छौ“ हुने छ, हुने छिन् हुने छन् | धातु + एको / एका / एकी + हुने छु / हुने छौ“ हुने छस् / हुने छौ“ / नहुने छ / हुनेछ/ हुने छे / हुने छन् |

**क्रियाकलाप ३**

- उल्लिखित सूत्रात्मक चार्ट प्रदर्शनपश्चात् शिक्षकले शैक्षणिक पाटीमा विभिन्न क्रियाका काल र पक्ष लेखी त्यहा“बाट भविष्यत् कालका पक्षहरू मात्र कापीमा टिपोट गरी पालैपालो भन्न लगाउनुहोस् र प्रत्येकबाट छोटा वाक्य निर्माण पनि गराउनुहोस् ।

**क्रियाकलाप ४**

- यी क्रियाकलापहरू पुरा भएपछि शिक्षकले भविष्यत् कालका क्रियाको परिचय दिनुहोस् ।

- अब आउने समयमा कुनै पनि काम हुन्छ भनी जनाउन आउने क्रियाको कालको पक्षलाई सामान्य भविष्यत् भनिन्छ जस्तैः बहिनी चिठी लेख्ने छे ।

- अब आउने समयमा कुनै पनि काम भइरहने छ भनी जनाउने क्रियाको कालको पक्षलाई अपूर्ण अविष्यत् भनिन्छ । जस्तै बहिनी पाठ पढ्दै हुने छे ।

- अव आउने समयमा कुनै पनि काम पुरा भइसक्ने छ भनी जनाउने क्रियाको कालको पक्षलाई पूर्ण भविष्यत् भनिन्छ । जस्तैः उसले चिठी लेखेको थियो ।

**क्रियाकलाप ५**

- सैद्धान्तिक परिचय दिइसकेपछि निर्दिष्ट चिठी पाठबाट सामान्य, अपूर्ण पूर्ण भविष्यत् कालका पक्षलाई खोजेर कापीमा टिपोट गरी पालैपालो भन्न उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ६**

- निर्दिष्ट क्रियाकलाप पुरा भएपछि शिक्षकले शैक्षणिक पाटीमा निम्न क्रियामूल दिई भविष्यत् कालका सबै पक्षको वाक्य निर्माण गर्न लगाउनुहोस् ।

Draft

- अपेक्षित क्रियामूल : पढ्नु, लेख्नु, खेल्नु, खानु, हेर्नु, भन्नु, जानु, आउनु, बस्नु, सुत्नु, उठ्नु, दिनु, लिनु ।

उदाहरण : नाच्नु - ऊ नाच्ने छ । (सामान्य भविष्यत्)

- ऊ नाच्दै हुने छ । (अपुर्ण भविष्यत)

- ऊ नाचेकी हुने छ ।

**क्रियाकलाप ७**

● यसपछि पाठको पृष्ठ सङ्ख्या ५८ को प्रश्न न. १, २ र ३ को व्याकरण अभ्यास गराउ“दै क्रियाकलाप पुरा गर्नुहोस् ।

४. **प्रतिबिम्बन/ मूल्याङ्कन**

(क) निम्न वाक्यहरू भविष्यत् कालका कुन कुन पक्षका हुन् छुट्याउनुहोस् :

- बहिनी पढ्दै हुनेछे ।
- दिदी घर आउनुहुने छ ।
- म अस्पताल जाने छु ।
- लाक्पा सोलु जाने छन् ।

● उठ्नु, गर्नु, खानु पढ्नु, हुनु क्रियामूलको प्रयोग गरी सामान्य भविष्यत् कालका एक एक वाक्य बनाउनुहोस् ।

● सामान्य, अपूर्ण र पूर्ण भविष्यत्का एक एक वाक्य बनाउनुहोस् ।

● आउनु, खेल्नु, जित्नु, रमाउनु, नाच्नु क्रियामूलको प्रयोग गरी सामान्य भविष्यत् कालका एक एक ओटा वाक्य बनाउनुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

विद्याथीहरूलाई विभिन्न पा“च समूहमा विभाजन गरी तिस/तिस ओटा भविष्यत् कालस“ग सम्बन्धित क्रियापद प्रयोग भएका वाक्यहरूको सूची तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ख) शिक्षकका लागि**

■ भविष्यत् कालका पक्षहरूको सिकाइ क्रियाकलापहरू कुन कुन विद्यार्थीले पुरा गरे र कुन कुनले गरेनन् अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

■ समस्या पहिचानपश्चात् ती कमजोर विद्यार्थीहरूको छुट्टै समूह बनाई थप क्रियामूल वा धातु दिई बढीभन्दा बढी अभ्यास गराउनुहोस् । अरु सरह सक्षम नभएसम्म बारम्बार अभ्यास गराउनुहोस् ।

६. **थप सन्दर्भ सामग्री**

- समसामयिक नेपाली व्याकरण किताबको पृष्ठ सङ्ख्या ११७ बाट शिक्षकले थप सामग्री तयार पार्नुहोस् । (लेखकः हेमाङ्गराज अधिकारीः विद्यार्थी प्रकाशन । )

| **दिन : आठौ“** |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्नपत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्यार्थीलाई एकाइ परीक्षाको महत्त्व र सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

विद्यार्थीलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

**विषयः (नेपाली) पाठः छ बहिनीलाई चिठी**

कक्षा : ९ समय : ३५ मि. पूर्णाङ्क : २५

**खण्ड क**

**सुनाइ र बोलाइ परीक्षा**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) वक्तृताको कुनै अनुच्छेद हाउभाउसहित वाचन गरी सुनाउन लगाउनुहोस् ।

(ख) पृष्ठ ५२ को अनुच्छेद न. ३ सस्वर पठन गर्नुहोस् ।

(ग) निम्न शब्दहरूको शुद्ध उच्चारण गरी सुनाउनुहोस् : २

हृदयाघात, ऋताहार, श्रेयस्कर, पक्षाघात,

**खण्ड : ख**

**पढाइ र लेखाइ परीक्षा**

२. तलका शब्दहरू राखी फरक अर्थ आउने गरी वाक्य निर्माण गर्नुहोस् : ३

फुल, सा“चो, उत्तर, हार, काल, जाल ।

३. निम्न शब्दको अर्थ लेख्नुहोस् : २

छाउपडी, संयमित, मिताहार, प्रतिकूल ।

४. कोष्ठकको सङ्केत आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ५

(क) दिलमाया घर आउ“छिन् । (सामान्य भविष्यत्)

(ख) उनी रेडियोमा गीत गाउ“छन् । (अपूर्ण भविष्यत्)

(ग) रामनाथ नया“ घर बनाउ“दै छन् । (पूर्ण भविष्यत्)

(घ) तिमी क्रिकेट खेल्छौ । (अपूर्ण भविष्यत्)

(ङ) उषाले वक्तृतामा भाग लिई । (सामान्य भविष्यत्)

५. आफ्ना छोराछोरीलाई बजारिया खाजाभन्दा घरेलु खाने कुरामा नै जोड दिनु भन्ने सल्लाह दि“दै पोखरामा बस्नु हुने मामालाई चिठी लेख्नुहोस् । ५

६. आफन्तको निधनमा पत्रिकामा छपाउन दिइने समवेदना पत्रको नमुना बनाउनुहोस् । ५

- निरन्तर मूल्याङ्कन अभिलेख तयार गर्ने
- यसपछि यो क्रियाकलाप सकिएपछि लगतै खाली पाना दिई परीक्षा कार्यक्रमको बारेमा आफ्नो प्रतिक्रिया लेख्न दिनुहोस् ।
- मूल्याङ्कन (उ.प.परीक्षण) गरी विद्यार्थीको कार्य सञ्चयिका (पोर्टफोलियो) मा सङ्कलन गरी लेख्नुहोस् ।

Draft

**एकाइ पाठ : ७ सात**

**पाठ शीर्षक : निद्रा**

एकाइगत पाठ्य वस्तु योजना विधा : कथा

| क्र.सं. | पाठ्य वस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धाच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | विषय वस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर | १ |
| ४. | घटना वर्णन र कथा लेखन | १ |
| ५. | भाव विस्तार | १ |
| ६. | बु“दा टिपोट र सारांश लेखन | १ |
| ७. | घटनाक्रम वर्णन र पात्र चित्रण | १ |
| ८. | वर्तमान काल र यसका पक्षको पहिचान | १ |
| ९. | व्याकरण (विशेषण) | १ |
| १०. | निरन्तरण मूल्याङ्कन | १ |
| | जम्मा | १० |

Draft

**दिन : पहिलो**

पाठ्य वस्तु : सस्वर वाचन र शुद्धोच्चारण

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट कथा पाठका निर्धारित अनुच्छेदहरू गति, यति र कथाको भावअनुसार सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती र गोजी तालिका, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

● मानव बेचबिखन र ओसारपसार अन्त्य गर्न के गर्नु पर्ला ? भन्ने प्रश्नमा तिन मिनेटको समय दिई छलफल गराई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गरी आज सिकाइने विषय वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सुरुमा शिक्षकले कथाका कुनै एक अनुच्छेद शुद्ध र स्पष्टस“ग आदर्श वाचन गरी सुनाउनुहोस् । सस्वर वाचनको उपयुक्त वातावरण निर्माणका लागि गति र यतिका बारेमा आवश्यक निर्देशनहरू दिनुहोस् ।
- त्यसपछि विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद शुद्ध र स्पष्टस“ग सस्वर वाचन गर्न निर्देशन दिनुहोस् र एउटा साथीले वाचन गर्दा बा“की साथीलाई शुद्ध र स्पष्टस“ग उच्चारण गरे नगरेको ध्यान पूर्वक सुन्न र गल्ती हुनासाथ रोकेर विद्यार्थीबाट नै मूल्याङ्कन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।
- कक्षाका सक्षम, मध्यम र कमजोर विद्यार्थीलाई पालैपालो उक्त पाठका अनुच्छेद पढेर सुनाउन लगाउनुहोस् र विद्यार्थीले उच्चारण मिलाई पढे पढेनन् विचार गरी उनीहरूले गरेका गल्तीहरू ख्याल गरी सच्याइदिनुहोस् ।

**क्रियाकलाप २**

- कथा पाठका सम्पूर्ण अनुच्छेदहरू सस्वर वाचन सकिएपछि विद्यार्थीले गल्ती उच्चारण गरेका शब्दहरू शब्दपत्तीमा देखाउ“दै र शैक्षणिक पाटीमा टिपोट गर्दै ती शब्दहरूको बारम्बार उच्चारण गराउनुहोस् ।

**लक्षित शब्दहरू**

बेचैनी, छटपटाहट, बिनसित्ती, मुख्तियार, पदच्यूत, बर्खास्त, विभूषण, प्रायश्चित्त, षड्यन्त्र, उन्मूलन, प्रतिष्ठा, कलङ्क, इज्जत ।

- शिक्षकले निर्दिष्ट पाठका उच्चारणगत कठिन शब्दहरूको उच्चारण गर्दै शुद्ध उच्चारणको नमुना प्रदर्शन गर्नुहोस् ।

  उच्चारण नमुना :

  बेचैनी - बे.चै.नि

छटपटाहट - छट्.प.टा.हट्

बिनासित्ती - बि.न.सित्. ति

पदच्यूत - प.द.च्यूत्

बर्खास्त - बर्.खास्.त

प्रायश्चित्त - प्रा. यस्. चित्. त

षड्यन्त्र - सङ् यन्. त्र

प्रतिष्ठा - प्र. तिस्. ठा

**क्रियाकलाप ३**

- त्यसपछि कक्षाका विद्यार्थीहरूलाई उक्त कठिन शब्दको शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् र विद्यार्थीले गल्ती गरेमा गल्ती निर्देशन गरी सही उच्चारणको नमुना प्रदर्शन गर्दै अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४**

- यसक्रममा कक्षामा विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् र शिक्षकले कालोपाटी वा गोजी तालिकामा कठिन उच्चारण भएका शब्दहरूको शब्दपत्ती प्रस्तुत गर्दै विद्यार्थीका बिच प्रतियोगितातमक खेल खेलाउनुहोस् ।

**खेल खेलाउने तरिका**

- सर्वप्रथम उच्चारण गराउने शब्दहरू छान्नुहोस् ।
- प्रत्येक समूहलाई सोधिने शब्द बराबर अङ्क दिनुहोस् । मानौ बिस ओटा शब्द सोध्ने भए प्रत्येक समूहलाई बिस/बिस अङ्क दिनुहोस् ।
- प्रत्येक समूहलाई एउटै शब्द सोधेर हिज्जे मिलाई लेखेर र उच्चारण गरेर पालैपालो प्रस्तुत गराउनुहोस् र शिक्षकले उच्चारण गरेको र हिज्जे मिलाई लेखेको हेर्नुहोस् ।
- जुन समूहले गल्ती गर्छ त्यो समूहको एक अङ्क घटाउनुहोस् ।
- अन्त्यमा सबै शब्दहरू सोधिसकेपछि जुन समूहको अङ्क धेरै बा"की रहन्छ, त्यो समूह प्रथम भएको घोषणा गर्नुहोस् ।

उक्त क्रियाकलाप पुरा भएपछि सबै समूहलाई आवश्यक पृष्ठपोषण दिनुहोस् र क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- पाठका कठिन उच्चारण भएका शब्द सोधी तिनको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।
- यस पाठको अभ्यास अन्तर्गत बोलाइ सिपको प्रश्न न. १ का शब्दहरूको शुद्ध उच्चारण गराउनुहोस् ।

Draft

- पाठको निर्दिष्ट अनुच्छेद दिई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई आफूलाई उच्चारण गर्न सिकेका शब्दहरू कापीमा लेखी शुद्ध उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य**

(क) **विद्यार्थीहरूका लागि**

- शिक्षकले विद्यार्थीहरूलाई कठिन लागेका शब्दहरूको न्युजप्रिन्टमा सूची बनाउन लगाई त्यसको उच्चारणसहित लेखेर ल्याउन लगाउनुहोस् र मिले नमिलेको हेरिदिएर कक्षामा टा“स गर्न लगाउनुहोस् ।

(ख) **शिक्षकका लागि**

- अर्को दिनको कक्षाका लागि शब्दार्थ शिक्षण र वाक्यमा प्रयोगका लागि शब्दार्थ पत्ती र वाक्यपत्तीहरू तयार पार्नुहोस् ।

| **दिन : दोस्रो** |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट निद्रा पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षणिक सामग्री**

शब्दपत्ती, शब्दार्थपत्ती वाक्यपत्ती,

शब्दकोश, गोजी तालिका, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

गत दिनको परियोजना कार्य, गृहकार्य केही विद्यार्थीहरूबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

Draft

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निद्रा पाठ दस मिनेटको समय दिई आफूलाई कठिन र नया" लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीले टिपोट गरेका शब्दहरू भन्न लगाउ"दै शिक्षकले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

- ती शब्दहरूका अर्थ विद्यार्थीहरूबाट नै पालौपालो सोध्दै जानुहोस् । एउटाले नजाने अर्कोलाई गर्दै उनीहरूबाट नै अर्थ भन्न लगाउनुहोस् र अन्त्यमा उनीहरूले नजानेमा मात्र शिक्षकले शब्दपत्तीको प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

- यसरी शब्दार्थ शिक्षणका क्रममा शिक्षकले निम्न विधिमध्ये शब्दको प्रकृति हेरी कुनै विधि अपनाई शब्दार्थ शिक्षण गर्नुहोस् :

    - शब्दार्थ सूची प्रदर्शन गरेर
    - विपरीतार्थी शब्दबाट अर्थ बताएर
    - पर्यायवाची शब्दबाट अर्थ बताएर
    - शब्दको व्युत्पत्ती (निर्माण) प्रक्रियाबाट अर्थ बताएर
    - चित्र प्रस्तुत गरेर
    - समान गुण भएका शब्दबाट अर्थ बताएर
    - हाउभाउ वा अभिनय गरेर
    - ठोस वस्तु प्रदर्शन गरेर
    - शब्दलाई वाक्यमा प्रयोग गरेर

**क्रियाकलाप २**

- शिक्षकले शब्दार्थ शिक्षणपछि वाक्यमा प्रयोगका लागि आफूले तयार पारी लगेको शब्द तथा पाठका उखान, अनुकरणात्मक शब्द आदिको सूची प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने विषयमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई चार चार जनाको समूह विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । शब्दको अर्थ खुल्ने गरी पन्ध्र मिनेटको समय दिई वाक्य तयार गर्न लगाउनुहोस् । पाठका निम्न उखान, पद पदावली, अनुकरणात्मक शब्द आदिको प्रयोग गराउनुहोस् ।

- बेचैनी, छटपहाट, मुख्तियार, रोलक्रम, राजिनामा पदच्यूत, प्रायश्चित्त, षड्यन्त्र, उन्मुलन, राज्यकोश, शङ्काले लङ्का जलाउ"छ, आफ्नो खुट्मा आफै"ले बन्चरो हान्नु, गाइ"गुइ" सुन्नु, जुरुक्क, ढकमक्क, खलखली



Draft

**क्रियाकलाप ३**

- विद्यार्थीलाई समूह कार्यमा आवश्यक सहजीकरण गर्नुहोस् । उनीहरूलाई कठिनाइ परेका अवस्थामा समूह समूहमा गई वाक्य निर्माण कार्यमा सहजीकरण गरिदिनुहोस् ।
- समूहकार्य सकिएपछि पालैपालो पस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि अर्को समूहलाई निर्देशन दिई प्रस्तुतिलाई प्रोत्साहित गर्दै अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् र क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- प्रत्येक समूहलाई आज गरेको पाठबाट शब्दार्थ र वाक्यमा प्रयोगका लागि शब्दहरू कापीमा टिपोट गर्न लगाउनुहोस् र एउटा समूहले अर्को समूहलाई पालैपालो सोध्न लगाउनुहोस् । एउटा समूहलाई सोधेको शब्द अर्को समूहलाई सोध्न नपाइने नियम भनिदिनुहोस् । उत्तर मिले नमिलेको निर्णय गर्ने काम अन्त्यमा शिक्षकले बताइदिनुहोस् ।
- शिक्षकले विद्यार्थीलाई पाठबाट कठिन शब्दहरूको अर्थ सोध्नुहोस् ।
- पाठको अभ्यास अन्तर्गत पृष्ठ ६७ को प्रश्न न. ५ र ६ का शब्दहरूको वाक्यमा प्रयोग गराउनुहोस् ।
- पाठका उखान, निपात तथा अन्य शब्दहरूलाई वाक्यमा प्रयोग गराउनुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

विद्यार्थीलाई चार समूहमा बा“ड्नुहोस् । प्रत्येक समूहलाई चलन चल्तीका दस दस ओटा नदोहोरिने गरी उखान र तिनका अर्थ न्युजप्रिन्टमा लेखेर ल्याउन निर्देश दिनुहोस् । उक्त सामग्रीलाई शिक्षकले हेरेर गल्ती भए सच्च्याउन लगाई कक्षामा टा“स गरी प्रदर्शन गर्न लगाउनुहोस् ।

Draft

**दिन : तेस्रो**

पाठ्य वस्तु : विषय वस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निद्रा कथाको विषय वस्तुका  बारेमा छलफल गरी निष्कर्ष दिन

२. **शैक्षणिक सामग्री**

विषय वस्तु सम्बन्धी प्रश्नहरूको सूची, पलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया:**

**(क) उत्प्रेरणा**

- जुरुक्क, झटपट, फटाफट, खुरुखुरु, फनक्क, थपक्क, गुटुमुटु जस्ता अनुकरणात्मक शब्दको प्रयोग गराई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गरी उक्तदिन सिकाइने विषय वस्तुका बारे स्पष्ट पारिदिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विषय वस्तु सम्बन्धी छलफलका क्रममा पहिले शिक्षकले दस मिनेटको समय दिई निर्दिष्ट पाठ मौन पढ्न गर्न लगाउनुहोस् । विद्यार्थीले मौन पठन गरेनगरेको शिक्षकले कक्षाभित्र डुल्दै अवलोकन गर्नुहोस् ।

- त्यसपछि शिक्षकले पाठका विषय वस्तुलाई समेट्ने गरी प्रश्नहरू तयार गर्नुहोस् । पाठका प्रश्नहरूका बारेमा समूहमा छलफल गराई उत्तर भन्न लगाउनुहोस् ।

**छलफलका लागि प्रश्नहरू:**

१. बालकुमारीले चन्द्रशमशेरका बारेमा के कुरा थाहा पाइन् ?

२. चन्द्रशमशेर भाइ भतिजाहरूप्रति किन रिसाइरहन्थे ?

३. जङ्गबहादुरले के कस्तो थिति बा"धेका थिए ?

४. चन्द्रशमशेरले भाइ भतिजामाथि कस्तो नजरले हेर्थे ?

५. चन्द्रशमशेरलाई भएको बेचैनीको कारण के थियो ?

६. चन्द्रशमशेरका बिचारमा राणा शासनको अन्त्य कसरी हुने डर थियो ?

७. चन्द्रशमशेरले राणा शासन टिकाउन के के गरे ?

८. चन्द्रशमशेरलाई सपनामा कसले के भनेर सताउँथे ?

९. चन्द्रशमशेरले गरेका सुधारका काम के के थिए ?

Draft

१०. चन्द्रशमशेरलाई के के कुरामा पछुतो थियो ?

११. सत्ता सञ्चालनमा बालकुमारीले के कस्तो उपाय बताइन् ?

१२. चन्द्रशमशेरका भाइ भतिजा र अरु मान्छेहरू सपनामा किन आएका होलान् ?

**क्रियाकलाप २**

- विषय वस्तु सम्बन्धी छलफल गराउ"दा दुई दुई (युग्म युग्म) जनाको समूह बनाई उल्लिखित प्रश्नहरूबिच प्रतिसमूह दुई दुई ओटा प्रश्न दिई समूह क्रियाकलाप गराउनुहोस् र पछि त्यसलाई सिङ्गो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- समूह छलफल गराई विद्यार्थीबाट प्राप्त भएको उत्तर नमिलेमा वा अस्पष्ट भएमा ती प्रश्नहरूको उत्तर पाठ वा अनुच्छेदहरूमा खोज्न लगाई वा उत्तर रहेको अनुच्छेद बताई छलफलका आधारमा उत्तर दिन लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- यसरी विषय वस्तुमा केन्द्रित छलफल पुरा भएपछि पाठका आधारमा भएका विषय वस्तु सम्बन्धी प्रश्नहरू सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् ।
- विद्यार्थीले कुनै प्रश्नको उत्तर दिन नसकेमा वा दिएको उत्तर नमिलेमा त्यसलाई स्पष्ट पारी उत्तर समेत टिपाइदिनुहोस् ।

**क्रियाकलाप ५**

- यसरी विद्यार्थीलाई अनुच्छेदबाट आआफ्नो समूहबाट प्रश्न बनाउन लगाई एक अर्को समूहलाई सोध्न लगाउ"दै त्यसको उत्तर दिने प्रतियोगिता जस्तो क्रियाकलाप गराउनुहोस् ।
- त्यसै गरी अभ्यासमा भएका अन्य प्रश्नहरू दिई छलफल गराई उत्तर भन्न लगाउनुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- पाठका आठौ", नवौ", दसौ" अनुच्छेदबाट उनीहरूलाई नै प्रश्न बनाउन दिई छलफल गराई एक अर्को समूहबाट उत्तर भन्न लगाउनुहोस् ।
- पाठको पृष्ठ ६६ को लेखाइ अभ्यासको प्रश्न न. १ को उत्तर भन्न लगाउनुहोस् ।
- पृष्ठ ६४ को सुनाइ अभ्यासको प्रश्न न. २ को प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् ।

**निम्न प्रश्नहरू सोध्नुहोस् :**

(क) चन्द्रशम्शेर कस्ता राणा प्रधानमन्त्री थिए ?

Draft

(ख) राणा शासन समाप्त हुनुको कारण के थियो ?

(ग) चन्द्रशमशेरले गरेका सुधारका कार्यहरू के थिए ?

(घ) किन चन्द्रशमशेर भाइ भतिजाहरूप्रति शङ्का गर्थे ?

**५. परियोजना / गृहकार्य**

**(क) विद्यार्थीका लागि**

लेखाइ अभ्यासको प्रश्न न. १ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् । शिक्षकले कापी परीक्षण गरी नपुग कुरामा आवश्यक थप निर्देशन पनि दिनुहोस् ।

निम्न प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश दिनुहोस् ।

(क) कथाका निम्न पात्रको चरित्र चित्रण गर्नुहोस्

(अ) चन्द्रशमशेर  (आ) बालकुमारी देवी

(ख) निद्रा कथाको मूल सन्देश के हो ?

**दिन : चौथो**

पाठ्य वस्तु : घटना वर्णन र कथा लेखन

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) दिइएको शीर्षक, घटना वा बु"दाहरूका आधारमा कथाको रचना गर्न

(ख) पठित कथाका आधारमा कथा लेख्न

**२. शैक्षणिक सामग्री**

- कथाका शीर्षकहरूको सूची ।
- कथाका घटना वा बु"दाहरू, बाल पत्र पत्रिकाहरू, फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

सर्वप्रथम सिकाइ उत्प्रेरणाका लागि शिक्षकले कक्षमा सती प्रथाका बारेमा पा"च मिनेटको समय दिई छलफल चलाउनुहोस् । विद्यार्थीबाट प्रतिक्रिया लिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गरी उक्त दिन सिकाइने विषय वस्तुका बारे स्पष्ट पार्नुहोस् ।

**(ख) मुख्य क्रियाकलप**

क्रियाकलाप १



Draft

- शिक्षकले कुनै घटना वा बु“दाहरू दिई त्यस्तो घटना वा बु“दाहरूलाई कथाका रूपमा कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीस“ग छलफल गर्नुहोस् ।

**कथाका बु“दाहरू :**

कुनै एक गाउ“ ……ठुला तपस्वी सन्तको आश्रम ……….गाउ“लेहरूमा सन्तप्रति ठुलो आस्था …..एक वर्षा मौसममा ठुलो पानी पर्नु……….गाउ“ जलामय हुनु…………गाउ“को बस्ती अन्यत्र सारिनु ……….सन्तलाई ठाउ“ छाडेन भन्नु………सन्तले नमानी तपाइँहरू जानुस् मलाई भगवान्ले बचाउनुहुन्छ भन्नु………गाउ“ले डुङ्गा लिएर सन्तलाई लिन आउनु…………सन्त मलाई भगवान्ले बचाउनुहुन्छ भन्दै अटेर गरी गाउ“लेलाई त्यसै फर्काउनु………सन्त आश्रमबाट पिपलको रुखमा चढ्नु……… सेनाको हेलिकप्टर उद्धारका लागि आउनु….सन्तले फेरि भगवान्ले बचाउनुहुन्छ भन्दै रुखमा नै बस्नु…………..भयानक बढीले रुख ढल्नु…..सन्त परमधाम पुग्नु…..स्वर्गमा सन्तको भगवान्स“ग भेट हुनु………सन्तले भगवान्स“ग बचाउन नआएकोमा गुनासो गर्नु……….भगवान्ले सन्तलाई म तिन चोटि फरक रूपमा तिमीलाई बचाउन आएपनि तिमीले मानेनौ त म के गरुँ भन्नु………भगवान्ले कुनै न कुनै रूपबाट साथ दिन्छन् भन्ने सन्देश ।

**क्रियाकलाप २**

- कथा कसरी लेख्ने भन्ने विषयमा उल्लिखित बु“दाहरू फलाटिन पाटीमा टा“स गरी कथा लेख्ने सन्दर्भमा निम्न कुराहरू बताइदिनुहोस् :

- कथाको रूपरेखा ध्यानपूर्वक पढेर समग्रमा सो कथाको ढा“चा वा स्वरूप बारे सोच्नु वा कल्पना गर्नुपर्छ ।
- दिइएको रुपरेखालाई सीमा वा परिधि मानेर उल्लिखित घटना र पात्रका बिच अन्तरसम्बन्ध स्थापना गर्नुपर्छ ।
- उल्लिखित घटनालाई बङ्ग्याएर त्यसलाई बदल्ने गर्नु हु“दैन ।
- कथालाई रोचक, सुन्दर र जीवन्त बनाउँन घटनाको सिलसिलामा पात्रका उपयुक्त ठाउ“मा छोटा संवादहरू प्रस्तुत गर्न सकिन्छ ।
- आवश्यकताअनुसार अनुच्छेदहरू बनाउन सकिन्छ ।
- कथाको रूपरेखाले निर्दिष्ट गरेको भाव वा उद्देश्यभन्दा बाहिर जानु हु“दैन ।
- अतिरिक्त काल्पनिक घटना, पात्र वा अनावश्यक कुरा थप्न हु“दैन ।
- मौलिक भाषाको प्रयोग भएको हुनुपर्दछ ।
- तयार भएको कथाको भाव झल्कने एउटा उपयुक्त शीर्षक पनि दिनुपर्दछ । शीर्षक छान्दा लामो वाक्य जस्तो छान्नु हु“दैन । दुई तिन शब्दसम्मको शीर्षक उपयुक्त

Draft

| |
|---|
| मानिन्छ । |

**क्रियाकलाप ३**

- यसपछि शिक्षकले दिइएको बु“दाका आधारमा कथा लेख्न लगाउनुहोस् । यसका लागि विद्यार्थीलाई चार समूहमा विभाजन गर्न लगाउनुहोस् र उनीहरूलाई आआफ्नो टोली नेता छान्न दिएर दस मिनेटभित्र कथा रचना गर्न लगाउनुहोस् ।
- समय सकिएपछि पालैपालो आआफ्नो समूहबाट कथा प्रस्तुत गर्न निर्देश दिनुहोस् । यसको मूल्याङ्कन उनीहरूबाट नै गराउनुहोस् । अन्त्यमा आफूले पृष्ठपोषण दिई प्रोत्साहन दिनुहोस् ।

**क्रियाकलाप ४**

- त्यसपछि शिक्षकले केही शीर्षकहरू दिई ती शीर्षकमा कथा कसरी लेख्ने भनी छलफल चलाउनुहोस् । यसका लागि शीर्षकहरूको सूची फलाटिन पाटीमा टा“स गरी प्रदर्शन गर्नुहोस् ।

  (क) घमण्डी मालिक

  (ख) चतुरो स्याल

  (ग) लोभी फ्याउरो

  (घ) अक्कली ससुरो सक्कली बुहारी

  (ङ) सफलताको रहस्य

  (च) लोभी मालिक र छट्टु नोकर

  (छ) बुद्धिमान् काग

**क्रियाकलाप ५**

- शीर्षकका बारे चर्चा गरिसकेपछि पाठको ६८ पृष्ठको सिर्जनात्मक लेखनअन्तर्गतको कथा नमुनाका रूपमा शिक्षकले पढेर सुनाउनुहोस् ।
- निर्दिष्ट शीर्षकका आधारमा छलफल गराई कथा लेख्न चार समूहमा विभाजन गरी उनीहरूलाई शीर्षक छान्न लगाई रोचक कथा लेखनका लागि पन्ध्र मिनेटको समय दिई उत्प्रेरित गर्नुहोस् ।
- समय पुरा भएपछि आफूहरूले लेखेका कथाहरू टोली नेता मार्फत् प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि उनीहरूलाई नै उत्प्रेरित गरी उत्कृष्ट कथालाई प्रथम भएको घोषणा गरी प्रोत्साहित गर्दै क्रियाकलाप समापन गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

Draft

- निद्रा कथाका मुख्य मुख्य घटना सोध्नुहोस् ।
- कथाका घटना दिई तिनका आधारमा कथा लेख्न लगाउनुहोस् ।
- बु“दाहरू दिएर तिनका आधारमा कथा लेखन वर्णन गराउनुहोस् ।
- कुनै शीर्षक दिई कथा लेखन गराउनुहोस् ।

५ **परियोजना कार्य / गृहकार्य**

(क) **विद्यार्थीका लागि**

निम्न बु“दामा केन्द्रित रही शीर्षक दिएर एउटा कथा रचना गर्न लगाउनुहोस् :

कुनै एउटा गाउ“........एउटा सिकारी ..........सिकारमा निस्कनु........सिकार नपाई हत्तुहरान हुनु ..........सा“झतिर एउटा परेवा घाइते पारी समाउनु...........परेवाले आफूलाई छोडिदिए तिन किलो सुन दिन्छु भन्नु...........सिकारी सुनको लोभले परेवालाई छोड्नु.......परेवा उडेर रुखमा गई बस्नु...........सिकारीले परेवास“ग सुन माग्नु...............परेवाले आफू नै तिन पाउ नहुनेले कहा“बाट तिन किलो सुन दिन सक्छु भन्नु.......आपत्का बेला बुद्धिले काम लिनु पर्ने सन्देश ।

| **दिन : पा“चौ“** |
|---|

पाठ्य वस्तु : भाव विस्तार

**अपेक्षित सिप विकास : लेखाइ र पढाइ**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कथा पाठका निर्दिष्ट विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न

२. **शैक्षणिक सामग्री**

विशिष्ट पङ्क्तिहरूको सूची, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- गत कक्षाको परियोजना कार्य / गृहकार्य चार पा“च जना विद्यार्थीबाट उनीहरूले तयार पारेर ल्याएको कथा पालैपालो पढेर सुनाउन लगाउनुहोस् । विद्यार्थीको प्रस्तुति पछि राम्रा पक्षको प्रशंसा गर्दै ताली बजाएर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गरी आजको पाठ्य वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप

**क्रियाकलाप १**

- निद्रा कथा पाठबाट निर्दिष्ट अंश पृष्ठ ६६ को लेखाइ अभ्यासको प्रश्न न. ३ को भाव विस्तारका पङ्क्तिहरू लेखिएको सूची फलाटिन पाटीमा टा“स गर्नुहोस् ।

  - जङ्गबहादुरले बा“धेको थितिमा यही कमजोरी छ, शासनमा रहनेले आफ्नो भाइ, भतिजास“ग डराउनुपर्छ ।
  - कजेज खोलेर मैले आफ्नो खुट्टामा आफै“ले बन्चरो हाने ।
  - शक्ति, सत्ता र सम्पत्ति नै सबै थोक भन्ने ठानियो र मान्यजन पनि भनिएन, आफन्त पनि भनिएन
  - सुख र सन्तुष्टि भन्ने कुरा सम्पत्ति, पद र प्रतिष्ठाबाट हैन, असल कामबाट प्राप्त हु“दो रहेछ ।

**क्रियाकलाप २**

- छानिएका विशिष्ट पङ्क्तिका बारेमा कक्षामा छलफल गराउनुहोस् । निर्दिष्ट चार ओटै पङ्क्तिको भाव वा अर्थका बारेमा विद्यार्थीलाई छलफल गराई त्यसको अर्थ स्पष्ट गराउनुहोस् ।
- शिक्षकले मौखिक रूपमा भाव विस्तारको नमुना पनि सुनाउनुहोस् ।

**क्रियाकलाप ३**

- यसपछि विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई गोला प्रथाद्वारा भाव विस्तारका लागि प्रश्न दिनुहोस् र समूहमा छलफल गराउनुहोस् ।
- प्रश्न छनोट गराई छलफल गराइसकेपछि पन्ध्र मिनेटको सयम दिई भाव विस्तार गराउनुहोस् ।
- शिक्षक यस समयमा समूहमा डुल्दै आवश्यक सहजीकरण गरी अवलोकन पनि गर्नुहोस् । विद्यार्थीले समूह कार्य गरेनगरेको अवलोकन गरी उनीहरूलाई समूह कार्यमा उत्प्रेरणा जगाइ दिनुहोस् ।

**क्रियाकलाप ४**

- समय पुरा भएपछि समूहको टोली नेता मार्फत् अगाडि बोलाइ प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- एउटा समूहले प्रस्तुत गरेका बेला अरु समूहद्वारा मूल्याङ्कन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५**

Draft

- अन्त्यमा शिक्षकले विद्यार्थीले प्रस्तुत गरेको उत्तर मिलेनमिलेको ध्यान दिएर सुनी आवश्यक परे पृष्ठपोषण पनि दिनुहोस् र उत्कृष्ट प्रस्तुति गर्ने समूहलाई ताली बजाएर सम्मान पनि गर्न लगाउनुहोस् ।

**४. प्रतिबिम्बन / मूल्याङ्कन**

- पाठका कुनै विशिष्ट पङ्क्ति दिई भाव विस्तार गर्न लगाउनुहोस् ।
- पाठको लेखाइ अभ्यास अन्तर्गत प्रश्न न. ३ को क, ख, ग, घ का विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न लगाउनुहोस् ।

**५. गृहकार्य**

- सम्पूर्ण विद्यार्थीलाई पाठको लेखाइ अभ्यास अन्तर्गत प्रश्न न. ३ को क, ख, ग, र घ का विशिष्ट पङ्क्तिको भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् र उनीहरूले लेखेर ल्याएपछि कापी जा“चेर आवश्यक भए पृष्ठपोषण दिई हौसला प्रदान गर्नुहोस् ।

Draft

| दिन : छैटौ“ |
|---|

पाठ्य वस्तु : बु“दा टिपोट र सारांश लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट कथाका अनुच्छेद सुनेर वा पढेर बु“दा टिपोट गर्न

(ख) टिपिएका बु“दालाई सिलसिला मिलाएर सारांश लेख्न

**२. शैक्षणिक सामग्री**

बु“दा टिपोटको नमुना, सारांशको नमुना, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- शिक्षकले उत्प्रेरणाका लागि निद्रा कथाको सारांश भन्न लगाउनुहोस् र उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न भएपछि आज सिकाइने विषय वस्तुका बारे बताइदिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

शिक्षकले सर्वप्रथम प्रस्तुत कथा मौन वाचन  गर्न लगाउनुहोस् ।

● मौन वाचन क्रियाकलाप पुरा भएपछि सारांश लेखनका क्रममा निर्दिष्ट पाठको अनुच्छेद सातलाई मौन पठन गराउनुहोस् । त्यस क्रममा मुख्य मुख्य कुरामा रेखाङ्कन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

● शिक्षकले फलाटिन पाटीमा बु“दा टिपोटको नमुना प्रस्तुत गर्दै विद्यार्थीलाई सोअनुसार उक्त अनुच्छेदबाट नमुनाको रूपमा बु“दा टिपोटको सूची फलाटिन पाटीमा टा“स गरी टिपोट गर्न लगाउनुहोस् । जस्तैः

- वीरशमशेर र देवशमशेरका हजुरिया फत्तेजङ्लाई चन्द्रशमशेरले आफ्नो हजुरियाबाट पनि हटाएका
- वर्खास्तको पिर र चिन्ताले फत्तेजङ र वैज्ञानिक गेहेन्द्रशमशेरको रहस्यमय मृत्यु भएको
- फत्तेजङ र गेहेन्द्रको मृत्यु चन्द्रशमशेरकै करण भएको गाइ“गुइ“ हल्ला चलेको

| |
|---|
| - उक्त हल्लाका बारेमा महारानी बालकुमारीले सुने पनि श्रीमान्स“ग सोध्ने आ“ट नगरेकी |

**क्रियाकलाप ३**

- उपयुक्त ढा“चाका बु“दा टिपोट गराइसकेपछि शिक्षकले निर्दिष्ट अनुच्छेदको सारांशको नमुना फलाटिन पाटीमा टा“स गरी प्रदर्शन गर्दै टिपिएका बु“दाका आधारमा सारांशको मस्यौदा तयार गर्न लगाउनुहोस् र त्यसलाई साफी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| |
|---|
| नमुना सारांशः |
| **रहस्यमय मृत्यु** |
| वीरशमशेर र देवशमशेरका पनि हजुरिया भइसकेका फत्तेजङलाई चन्द्रशमशेरले हजुरियाबाट एक्कासि हटाए । चिन्ता र पिरले फत्तेजङ र गेहेन्द्रशमशेरको रहस्यमय मृत्यु हुन पुग्यो । यी दुवैको मृत्यु चन्द्रशमशेरको कारणले भएको हल्ला चले तापनि रानी बालकुमारीले श्रीमान्स“ग सोध्ने आ“ट गरिनन् । |
| शब्द सङ्ख्या : ३६ |

**क्रियाकलाप ४**

- यसरी शिक्षकले नमुना बु“दा टिपोट र सारांश लेखनको अभ्यास गराइसकेपछि पाठबाट पुनः बु“दा टिपोट र सारांश लेखनको अभ्यास गराउनुहोस् ।
- यस क्रममा विद्यार्थीलाई पन्ध्र मिनेटको समय दिई पाठको पृष्ठ ६१ को अनुच्छेद १३ बाट मुख्य मुख्य चार बु“दा टिपोट गर्न लगाई सारांश लेखनका लागि क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेका बेला शिक्षकले कक्षामा डुलेर उनीहरू अलमलिएका ठाउ“मा पुगी सहजीकरण गरिदिनुहोस् ।

**क्रियाकलाप ५**

- समय पुरा भएपछि उनीहरूलाई पालैपालो आफ्नो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । यस क्रममा कक्षाका जान्ने नजान्ने सबै विद्यार्थीलाई क्रमशः प्रस्तुति गर्न लगाउनुहोस् ।
- बढीभन्दा बढी अभ्यासका लागि निर्दिष्ट पाठबाट अरु अभ्यासका क्रियाकलाप पनि गराई पृष्ठपोषण सहित क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / गृहकार्य**

Draft

- कुनै अनुच्छेद तोकी बु“दा टिपोट गर्न लगाउनुहोस् ।
- कुनै बु“दा टिपोटका आधारमा सारांश तयार गर्न लगाउनुहोस् ।
- अनुच्छेद ५, २३, २७ बाट कुसैलाई बु“दा टिपोट गराई सारांश लेख्न लगाउनुहोस् ।

**५. गृहकार्य**

- निन्द्र पाठको १, २, ६, १९ अनुच्छेदको छुट्टाछुट्टै रूपमा बु“दा टिपोटसहित सारांश लेखेर ल्याउन लगाउनुहोस् ।

**६. परियोजना कार्य**

(क) **शिक्षकका लागि**

- शिक्षकले आगामी कक्षामा पात्र चित्रण सिकाइ गर्ने सम्बन्धमा चरित्र चित्रण के कसरी गराइन्छ भन्ने बारे पुस्तकालयमा गई आवश्यक सामग्रीहरू सङ्कलन गरी तयार हुनुहोस् ।

| **दिन : सातौ“** |
|---|

पाठ्य वस्तु : घटनाक्रम वर्णन र पात्र चित्रण

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट कथाको मुख्य घटना टिपोट र वर्णन गर्न

(ख) कथाका पात्रको चित्रण गर्न

**२. शैक्षणिक सामग्री**

- निर्दिष्ट कथा पाठको मुख्य मुख्य घटना सूची,
- पात्र चित्रणको सूची, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

Draft

- शिक्षकले उत्प्रेरणाका लागि अगिल्लो दिन दिएको गृहकार्य बु"दा टिपोट र सारांश लेखनको कुनै दुई नमुना पढेर सुनाई प्रस्तुत गराउनुहोस् र आवश्यक सुझावसहित क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम दस मिनेटको समय दिई निर्दिष्ट निद्रा कथा मौन वाचन गराउनुहोस् ।
- मौन वाचनको क्रियाकलाप सम्पन्न गराएपछि निर्दिष्ट कथाको प्रमुख घटनालाई सिलसिलवार रूपमा टिपोट गर्न लगाउनुहोस् । घटनाक्रम टिपोट कार्य प्रत्येक बेन्चलाई एउटा समूह मानी समूह कार्यद्वारा क्रियाकलाप पुरा गराउनुहोस् ।
- उक्त क्रियाकलाप गराउ"दा शिक्षक आफू कक्षामा वरिपरि डुल्नुहोस् । विद्यार्थी अलमलिएका ठाउ"मा गई प्रमुख घटनाबारे स्पष्ट पारी सहजीकरण गरिदिनुहोस् ।

**क्रियाकलाप २**

- यसपछि विद्यार्थीलाई आआफ्नो टोली नेतामार्फत् प्रत्येक बेन्चबाट प्रस्तुति गर्न लगाई आवश्यक परेमा पृष्ठपोषण दिई क्रियाकलाप पुरा गराउनुहोस् ।
- यसपछि पात्र चित्रण सम्बन्धमा शिक्षक आफूले लगेको पात्र परिचय लेखन सूची फलाटिन पाटीमा टा"स गरी प्रस्तुत गर्नुहोस् ।

| |
|---|
| पात्र चित्रणका आधार |
| लैङ्गिकता : पुरुष, स्त्री |
| भूमिका (कार्य) : मुख्य, सहायक, गौण |
| प्रवृत्ति : अनुकूल चरित्र, प्रतिकूल चरित्र |
| स्वभाव : गतिहीन, गतिशील |
| जीवन चेतना : व्यक्ति पात्र, वर्ग पात्र |
| उमेर : बाल, युवा, वृद्ध, पाको |
| पात्रलाई चिनाउने विशेषण शब्दः रिसाहा, समझदार, बुझ्झकी, झगडिया निर्दयी, दयालु, मूर्ख, शङ्कालु, भलादमी, बौद्धिक आत्मविश्वासी, यथार्थवादी, धनी, गरिब, कालो, गोरो, सङ्कीण, एकाकी, चिन्तित, पढे लेखेको, अनपढ, उदार, निरङ्कुश, वेशभुषा, खानपान, रुचि आदि । |

**क्रियाकलाप ३**



Draft

- उल्लिखित पात्र चित्रणका आधारहरूका बारेमा कक्षाका छलफल गराई पात्र चित्रण गर्ने तरिका सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

- यसपछि विद्यार्थीलाई उदाहरणका रूपमा उल्लिखित बु“दाका आधारमा आफ्नो साथीको चरित्र चित्रण गर्न लगाई कक्षामा प्रस्तुत गराउनुहोस् ।

**क्रियाकलाप ४**

- आफ्नो साथीका बारे नमुना अभ्यास गराइसकेपछि निर्दिष्ट निद्रा कथाका पात्र चन्द्रशमशेर र बालकुमारी देवीको चरित्र चित्रका लागि मूल पाठलाई मौन वाचन गराई पात्रको क्रियाकलाप, स्वभाव, रुचि, भूमिका, उमेर, लिङ्ग भेद, जीवन चेतना आदिलाई आधार मानी सम्बन्धित पात्रको चित्रण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५**

- यसका लागि सर्वप्रथम विद्यार्थीलाई एउटा बेन्चको एक समूह बनाई पात्र चित्रण अभ्यास गराउनुहोस् । यसका लागि उनीहरूलाई दस मिनेटको समय दिई क्रियाकलाप गराउनुहोस्

- समय पुरा भएपछि विद्यार्थीहरूलाई पालैपालो प्रस्तुति गराउनुहोस् । यस क्रममा एक समूहले गरेको प्रस्तुतिमा अर्को समूहलाई त्यसको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

- शिक्षकले आवश्यक अवलोकन गरी पृष्ठपोषण दिई क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- विद्यार्थीलाई निद्रा कथा पाठका मुख्य मुख्य घटना भन्न र लेख्न लगाउनुहोस् ।
- कथाका प्रमुख चरित्र चन्द्रशमशेरको चरित्र चित्रण गर्न लगाउनुहोस् ।
- कथाका पात्र बालकुमारी देवीको चरित्र चित्रण गर्न लगाउनुहोस् ।

५. **परियोजना कार्य / गृहकार्य**

(क) **विद्यार्थीका लागि**

- शिक्षकले विद्यार्थीलाई निम्न पात्रको चरित्र चित्रण लेखेर ल्याउन निर्देश गर्नुहास् ।

  (क) चन्द्रशमशेर (ख) बालकुमारी देवी

**दिन : आठौ“**

पाठ्यवस्त : वर्तमान काल र यसका पक्षको पहिचान

Draft

अपेक्षित सिप विकास : भाषातत्वको पहिचान

१. विशिष्ट उद्देश्य

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वर्तमान कालको परिचय दिन

(ख) वर्तमान कालका पक्षहरूको पहिचान र प्रयोग गर्न

२. शैक्षणिक सामग्री

कालको परिचय,

वर्तमान कालको पक्ष र पहिचान सम्बन्धी उदाहरण चार्ट, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

शिक्षकले उत्प्रेरणात्मक क्रियाकलापका लागि केही विद्यार्थीहरूलाई पात्र चित्रण सम्बन्धी प्रस्तुति गर्न लगाउनुहोस् । उक्त कार्यका पक्षमा छलफल चलाई आज गरिने मुख्य क्रियाकलापका बारेमा जानकारी दिई उत्प्रेरणा जगाउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

क्रियाकलाप १

शिक्षकले आफूले लगेका वर्तमान कालको सामान्य अपूर्ण र पूर्ण पक्षको पहिचान सम्बन्धी उदाहरण चार्ट फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् । र अध्ययनका लागि केही समय दिनुहोस् ।

उदाहरण नमुना

| सामान्य वर्तमान | अपूर्ण वर्तमान | पूर्ण वर्तमान |
|---|---|---|
| पढ्छ | पढ्दै छ | पढेको छ |
| जान्छे | जा“दै छे | गएकी छे |
| लेख्छन् | लेख्दै छन् | लेखेका छन् |
| खेल्छिन् | खेल्दै छिन् | खेलेकी छन् |

**क्रियाकलाप २**

- त्यसपछि सो सम्बन्धमा अस्पष्ट भएका कुराहरू सोधन विद्यार्थीलाई लगाउनुहोस् । विद्यार्थीबाट आएका हरेक प्रश्नहरूको उत्तरलाई आवश्यक परेमा थप उदाहरणहरू समेत दिई स्पष्ट पार्नुहोस् ।



Draft

- यसपछि पाठको पृष्ठ ६७ को व्याकरण अभ्यासको प्रश्न न. २ को अभ्यासलाई पा“च मिनेटको समय दिई पुरा गर्न निर्देशन दिनुहोस् ।

- निर्धारित समय पुरा भएपछि विद्यार्थीहरूलाई आआफ्ना ठाउ“ ठाउ“बाट उठेर भन्न लगाउनुहोस् र बा“कीलाई सुधार गर्नुपर्ने ठाउ“ भएमा टिप्पणी गर्न लगाई आफ्नो कापीमा समेत सुधार गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- यस क्रियाकलापपछि विद्यार्थीलाई तिन समूहमा विभाजन गर्नुहोस् र तिनीहरूको । यसपछि दस ओटा धातु दिई तिनलाई सामान्य समूहलाई सामान्य वर्तमानमा अपूर्ण समूहलाई अपूर्ण वर्तमानमा र पूर्ण समूहलाई पूर्ण वर्तमानमा रूपायन गर्न निर्देश गर्नुहोस् ।

| धातु | सामान्य वर्तमान | अपूर्ण वर्तमान | पूर्ण वर्तमान |
|---|---|---|---|
| खा, पढ्<br>खेल्, भन्,<br>लेख्, जा,<br>बस्, हेर् | | | |

**क्रियाकलाप ४**

- क्रियाकलाप गरेका बेला शिक्षक आफू समूहमा डुलेर आवश्यक सहजीकरण गर्नुहोस् । निर्दिष्ट समयावधि पुरा भएपछि शिक्षकले निर्दिष्ट धातु भन्ने र समूहका विद्यार्थी टोली नेताबाट पालैपालो तिन ओटै पक्षको धातुको रूपायन कालका पक्ष बताउन लगाउनुहोस् ।

- शिक्षकले ध्यानपूर्वक सुन्नुहोस् र गल्ती भएका ठाउ“मा सच्याइ दिनुहोस् । यसपछि परिचय सूची फलाटिन पाटीमा टा“स गरी अझ स्पष्ट पारिदिनुहोस् ।

**परिचय**

**वर्तमान काल** : अहिलेको समयमा भइरहेको कार्य व्यापारलाई सङकेत गर्ने क्रियाको काललाई वर्तमान काल भनिन्छ । जस्तैः पढ्छ, लेख्छ, जान्छ ।

**सामान्य वर्तमान** : अहिलेको वा वर्तमान समयमा कुनै पनि काम हुन्छ भनी सङ्केत गर्ने पक्षलाई सामान्य वर्तमान भनिन्छ । जस्तैः जान्छ, खान्छ

**अपूर्ण वर्तमान** : अहिलेको वा वर्तमान समयमा कुनै पनि काम भइरहेको छ भनी सङ्केत गर्ने पक्षलाई अपूर्ण वर्तमान भनिन्छ । जस्तै ज्यादै छ, खा“दै छ ।

**पूर्ण वर्तमान** : अहिलेको वा वर्तमान समयमा कुनै पनि काम भरखरै सम्पन्न भएको अवस्थालाई सङ्केत गर्ने पक्षलाई पूर्ण वर्तमान काल भनिन्छ र जस्तै : गएको छ, खाएको छ,

क्रियाकलाप ५

- यसपछि पाठको ६८ को प्रश्न न. ३, ४, छ, ६, ७ को अभ्यास गर्न निर्देश दिनुहोस् । उनीहरूलाई असजिलो लागेमा शिक्षकले बताई आवश्यक पृष्ठपोषण दिई क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन / मूल्याङ्कन**

- वर्तमान कालको सोदाहरण परिचय दिनुहोस् ।
- निम्न धातुलाई वर्तमान कालको तिन ओटै रूप चलाउनुहोस् र पढ्. जा. खेल्, हेर्, भन्. बर्. हि"ड् ।
- पाठको तेइसौ" अनुच्छेदलाई अपूर्ण वर्तमान कालमा बदल्नुहोस् ।
- पाठको पृष्ठ सङ्ख्या ६८ को अभ्यास ३, ४, ५, ६, ७ आदिबाट प्रश्न सोध्नुहोस् ।

५. **गृहकार्य**

व्याकरण अभ्यासको प्रश्न न. १, २, ३, ४, ५, ६, र ७ को प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन जा"चेर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**दिन : नवौ"**

पाठ्य वस्तु : व्याकरण (विशेषण)

**अपेक्षित सिप विकास : भाषातत्व (पहिचान)**

१. **विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) उदाहरणसहित विशेषणको परिचय दिन

(ख) विशेषणको प्रकार बताउन

(ग) विशेषणको पहिचान गर्न

२. **सिकाइ सामग्री**

विशेषण भएका शब्दपत्ती, विशेषणको प्रकार सूची, गोजी तालिका, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

Draft

- गत दिन पढाइएको वर्तमान कालका पक्षहरूका दुई दुई क्रियापद चार पा“च जना विद्यार्थीलाई सोधी उत्प्रेरणात्मक क्रियाकलाप पुरा गरी आज सिकाइने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले आफूले तयार पारी लगेका क्रियापद, नाम, सर्वनाम र विशेषण मिश्रित भएका शब्दसूची फलाटिन पाटीमा टा“स गरी त्यसबाट विशेषण शब्द कुन कुन हुन् भनी सबैलाई पालैपालो सोध्नुहोस् । एउटाले नजाने अर्कोलाई सौध्दै जानुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीले नजानेका वा गल्ती भनेका ठाउ“मा शिक्षक आफूले वाक्य बनाउ“दै उदाहरण दिई स्पष्ट पारिदिनुहोस् ।

- यसपछि कुन, कस्तो, कत्तो, कति, आदि प्रश्नको उत्तरमा आउने शब्द विशेषण हुने भनी बताउ“दै यसका साथै रङ, आकार, गुण, बनोट, सङ्ख्या, आवृति, क्रम आदि जनाउने शब्दहरू विशेषण हुन्छन् भनी स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३**

- यसपछि विशेषणको परिचय दिनुहोस् । जस्तै : नाम तथा सर्वनामको विशेषता जनाउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले नाम तथा सर्वनामको रूप, रङ, स्वभाव, अवस्था आदिको बयान गर्दछ । यसले विशेष्य नामको अर्थलाई स्पष्ट पार्दछ । जस्तैः कालो, गोरो, राम्रो, ठुलो, जेठो, अधिक, विनम्र, दुई, पा“च, आदि विशेषण शब्द हुन् ।

- विशेषणको परिचयपछि प्रकारहरू बताइदिनुहोस् जस्तैः

(क) गुणबोधक : रातो, ठुलो, विनम्र, वर्तमान, राम्रो, लामो, बाक्लो, धनी, गरिब, वर्तमान, दैनिक, साप्ताहिक ।

(ख) परिमाणबोधक : धेरै, थोरै, प्रशस्त, औधी, ज्यादै, थुप्रै, अलिकति, पुरै, तमाम, सबै, सम्पूर्ण

(ग) सङ्ख्या बोधक : एक, दुई, दस, सय, हजार, लाख, आधा, सवा, डेढ, पौने, पहिलो, दसौं, दोहोरो, दोब्बर, दसगुना, दुवै, चारै, पचासै, करोडौ, हरेक, एक एक, दस दस

(घ) सार्वनामिक : यो मान्छे, त्यो, घर, ती मानिस, जेसुकै काम, कोको केटाहरू, कस्ता मान्छे

(ङ) भेदक : मेरो, मेरा, मेरी, हाम्रो, हाम्रा, हाम्री, अफ्नो, आफ्ना, आफ्नी, तिम्रो, तिम्रा, तिम्री ।

Draft

| |
|---|
| को, का, की रो,रा री, नो, ना नी, आदि षष्ठी विभक्ति हुन् । |

**क्रियाकलाप ४**

- विशेषणको प्रकार र उदाहरण दिइसकेपछि पाठको पृष्ठ ६७ को प्रश्न न. ७, ८ को अभ्यास गर्न निर्देश दिनुहोस् । उक्त अभ्यास एक्लाएक्लै गर्न दिनुहोस् । क्रियाकलाप पुरा भएपछि शिक्षकले सही उत्तर बताइदिनुहोस् ।
- यसपछि कक्षाका विद्यार्थीलाई पा“च समूहमा विभाजन गरी ती समूहलाई विशेषणको प्रकारको नाम दिई दस मिनेटको समय दिएर निद्रा पाठबाट विशेषण शब्द खोज्न लगाउनुहोस् ।

**क्रियाकलाप ५**

- क्रियाकलाप पुरा गरेपछि र समय सकिएपछि प्रत्येक समूहलाई टोली नेतामार्फत् आफ्नो भागमा परेको विशेषणका प्रकार पालैपालो प्रस्तुत गर्न निर्देशन दिनुहोस् । यस क्रममा शिक्षकले ध्यान दिई उनीहरूको प्रस्तुति सुनेर आवश्यक पृष्ठपोषण दिई क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- शिक्षकले विभिन्न मिश्रित शब्दहरू दिई त्यहा“बाट विशेषण शब्द खोजेर कापीमा सार्न निर्देशन गर्नुहोस् । क्रियाकलाप पुरा भएपछि उनीहरूलाई पालैपालो सोध्दै गल्ती भएमा सही उत्तर बताई क्रियाकलाप पुरा गर्नुहोस्

४. प्रतिबिम्बन / मूल्याङ्कन

- विशेषणको परिचय सोध्नुहोस् ।
- विशेषणका प्रकार सोध्नुहोस् ।
- पाठको कुनै अनुच्छेद दिई त्यहा“बाट विशेषण शब्द टिपोट गर्न लगाउनुहोस् ।
- पाठको पृष्ठ ६८ को प्रश्न न. ७ र ८ सोध्नुहोस् ।

५. परियोजना कार्य / गृहकार्य

(क) विद्यार्थीका लागि

- प्रत्येक विद्यार्थीलाई परियोजना कार्यका लागि पाठको पृष्ठ सङ्ख्या ६९ को सिर्जनात्मक अभ्यास प्रश्न न. २ गरेर ल्याउन निर्देश गर्नुहोस् ।
-

| |
|---|
| **दिन : दसौ“** |

पाठ्य वस्तुः निरन्तर मूल्याङ्कन

Draft

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षा**

**१. विशिष्ट उद्देश्य**

यस क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका,

निरन्तर र मूल्याङ्कन अभिलेख सामग्री ।

**३. सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई निरन्तर परीक्षाको महत्त्व दर्शाई एकाइ परीक्षा सञ्चालन बारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप

विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

विषय : नेपाली पूर्णाङ्क : २५

एकाइ : निद्रा (पाठ ७) कक्षा : ९ समय : ३५ मिनेट

**खण्ड - क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) तपाईंले सुनेका कुनै छोटो कथा शिक्षकलाई सुनाउनुहोस् ।

(ख) निम्न लखित शब्दहरू शुद्धोच्चारण गरी शिक्षकलाई सुनाउनुहोस् ।

बेचैनी, बिनसित्ती, पदच्यूत, प्रायश्चित्त, षड्यन्त्र

**खण्ड ख**

**पढाइ र लेखाइ परीक्षण**

२. छुटेको ठाउँमा उपयुक्त लेख्य चिह्न राखी सार्नुहोस् ।

यदि त्यस्तो थियो भने किन कलेज खोल्नुपऱ्यो त बालकुमारीले भनिन् ।

३. तलका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्नुहोस् :

Draft

पदच्यूत, ढबमक्क, शङ्काले लङ्का जलाउँछ, नि, आफ्नो खुट्टामा आफै“ले बन्चरो हान्नु, कलङ्क बोक्नु ।

४. तलका धातु र सङ्केतका सहायताले खाली ठाउ“ भर्नुहोस् :

(क) महेश्वर गीत............(गाउः सामान्य वर्तमान)

(ख) आङकाजी शेर्पा हिमाल ..........(चढ्ः अपूर्ण वर्तमान)

(ग) साथीहरूले काम............(गर्ः पूर्ण वर्तमान)

५. भाव विस्तार गर्नुहोस् : ५

(क) कलेज खोलेर मैले आफ्नो खुट्टामा आफै“ले बन्चरो हाने ।

६. दिइएको बु“दाका आधारमा छोटो कथा लेख्नुहोस् :
५

कुनै एक गाउ“..........एक वृद्ध महिला बस्नु...........एकमात्र सन्तान छोराको निधन .........महिला साह्रै शोकमा पागल जस्तै............छोरा बचाइदिन बुद्ध कहा“ शरणमा जानु............बुद्धलाई छोरो बचाइदिन अनुरोध गर्नु...........बुद्धले मान्छे नमरेको घरबाट एक कचौरा तोरी ल्याएमा छोरो बचाइदिने भन्नु..........महिला तोरी लिन गाउ“, नगर डुल्नु ...........मान्छे नमरेको घर नपाउनु...................महिला रित्तो कचौरा लिई फर्कनु.............बुद्धले तोरी ल्याएको सोध्नु........महिलाले मान्छे नमरेको घर नपाएको बताउनु...............संसारमा सबै मानिस मर्ने कोही अजम्बरी नहुने..........शाश्वत सत्यलाई सकैले टार्न नसक्ने सन्देश ।

**निरन्तर मूल्याङ्कन अभिलेख**

सुनाइ र बोलाइ सिपको परीक्षण सकेपछि विद्यार्थीले प्रश्नको उत्तर लेख्दै रहेको समयमा निम्न लिखित आधारमा प्रत्येक विद्यार्थीको पाठगत निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् ।

| रो.न. | विद्यार्थीको नाम | निरन्तर मूल्याङ्कनका मुख्य आधारहरू | | | | | | प्राप्त | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी हाजिरी | कक्षा कार्यमा सहभागिता | परियोजना गृहकार्य | सिर्जनात्मक कार्य | मौखिक तथा लिखित अभिलेख | व्यवहारिक परिवर्तन | | | |

Draft

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| ५. | | | | | | | | | | |

परीक्षा सकिएपछि अलग्गै पाना दिएर आएको परीक्षा कार्यक्रमको बारेमा आफ्नो प्रतिक्रिया लेख्नका लागि दिनुहोस् ।

कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चायिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

Draft

## पाठ : आठ

**पाठ शीर्षक : वसन्त कोकिल** **विधा : कविता**

| क्र.स. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १ | लयबद्ध पठन, शुद्ध उच्चारण र श्रुतिलेखन | १ |
| २ | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग) | १ |
| ३ | व्याख्या /भाव विस्तार | १ |
| ४ | पठन बोध र प्रश्नोत्तर | १ |
| ५ | सप्रसङग व्याख्या | १ |
| ६ | व्याकरण शिक्षण (कोटिका आधारमा वाक्य परिवर्तन ) | १ |
| ७ | पक्षका आधारमा वाक्य परिवर्तन | १ |
| ८ | उपसर्गद्वारा शब्द निर्माण | १ |

| | | |
|---|---|---|
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन | १ |
| | **जम्मा** | ९ |

| दिन : पहिलो |
|---|

पाठ्य वस्तु : लयबद्ध पठन, शुद्ध उच्चारण र श्रुतिलेखन

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य**

(क) वसन्त कोकिल कवितालाई गति, यति र लय मिलाई वाचन गर्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध रूप उच्चारण गर्न

(ग) पाठको तेस्रो र चौथो श्लोकको श्रुतिलेखन गर्न

२. **शैक्षणिक सामग्री**

छन्दका कविता वाचन गरिएको पेनड्राइभ, ल्यापटप, कठिन शब्दहरूको सूची, गोजी तालिका। (सिकाइ सामग्री तालिकामा राख्ने)

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- कविता वाचनमा रुचि भएका विद्यार्थीहरूको पहिचान गरी आफूले पढे/सुनेका कविता वाचन गर्न प्रोत्साहन गर्नुहोस्।

- छन्दोबद्ध कविता वाचन गरी विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरणा प्रदान गर्नुहोस्। आजको घन्टीमा गरिने क्रियाकलापबारे विद्यार्थीहरूलाई जानकारी दिनुहोस्।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सबैभन्दा पहिले विद्यार्थीहरूबाट 'वसन्त कोकिल' कविता लयबद्ध वाचन गर्न प्रोत्साहन गर्नु होस्। विद्यार्थीहरूबाट सम्भव नभएमा उनीहरूलाई ध्यानपूर्वक सुन्न निर्देश दि"दै पा"चौ" अक्षरमा विश्राम र अन्तिम अक्षरमा पूर्ण विश्राम हुने गरी गति, यति र लय मिलाई आदर्श वाचन गर्नुहोस्। (यदि आफूलाई कविता वाचन गर्न असहज लाग्छ भने पेनड्राइभ र ल्यापटपको मदतले कविता सुनाउन सक्नुहुन्छ।)

- यसरी लयबद्ध पठन अभ्यास गराउ"दा कविताको प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र लगत्तै विद्यार्थीलाई पनि समूहगत रूपमा लय हालेर पढ्ने अभ्यास गराउनुहोस्।



Draft

● सो कार्यपछि दुई समूहका (भएमा केटा र केटी) बिचमा, बेन्चगत समूहमा र अन्तिममा व्यक्ति व्यक्तिमा लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । पछि विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरूको पालैपालो विद्यार्थीहरूबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्द पत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

- इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी कठिनाई भएका विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा उनीहरूको उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

- सुस्त श्रवण भएका विद्यार्थीको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् अथवा उनीहरूलाई ती शब्दहरूलाई अनुलेखन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ३**

● पाठको सुनाइ अभ्यासका प्रश्न न. १ र २ का क्रियाकलापहरू कक्षाका सबै विद्यार्थीहरूलाई पालैपालो गराउनुहोस् । यसरी प्रश्नोत्तर क्रियाकलाप गराउँदा सबैले सुन्नेगरी बिस्तारै प्रश्न गर्नुहोस् र यदि सुस्त श्रवण भएका विद्यार्थी भएमा उनीहरूलाई सोही अभ्यासको लिखित प्रश्नोत्तर गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

● पाठको सुनाइ अभ्यासको प्रश्न न. ३ को श्रुतिलेखन क्रियाकलाप सबै विद्यार्थीलाई गराई एक आपसमा कापी साटासाट गरी मूल्याङ्कन कार्य पनि विद्यार्थीहरूबाटै सम्पन्न गराउनुहोस् । विद्यार्थी अलमल परेको स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । सुस्त श्रवण भएका विद्यार्थी भएमा पाठका कुनै दुई श्लोकहरू अनुलेखन गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ५**

- पाठलाई सर्सती वाचन गरेर विद्यार्थीहरूलाई सुनाउनुहोस् र वाचन गरेको आधारमा विद्यार्थीहरूलाई बोलाइ अभ्यासको प्र.न.१ का प्रश्नहरू पालैपालो सोधी अभ्यास गराउनुहोस् । सुस्त श्रवण विद्यार्थीको हकमा सोही अभ्यासको लिखित प्रश्नोत्तर गर्न निर्देशन दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- निम्न लिखित प्रश्नहरू सबै विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

Draft

- आज पढेको कविताको कुनै चार हरफहरू लयबद्ध वाचन गरेर साथीलाई सुनाउनुहोस् ।
- तपाईंले आज उच्चारण गर्न सिकेका नया“ शब्दहरूको सूची बनाई कक्षामा उच्चारण गरेर सुनाउनुहोस् ।
- विद्यार्थीले गरेका हरेक क्रियाकलापहरूको अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिई कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस्
।

**५. गृहकार्य**

- पढाइ अभ्यासको प्रश्न न. ३ को कार्य घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त निम्न लिखित नया“ शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्य पत्ती, गोजी तालिका र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य समावेशिताका आधारमा केही विद्यार्थीहरूलाई मौखिक प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई ‘वसन्त कोकिल’ कविता मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया“ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।



Draft

- विद्यार्थीहरूले टिपोट गरेका नया" शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्द पत्तीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- आफूले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्य पत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिनुहोस् :
- विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- बोलाइ अभ्यासअन्तर्गतको प्रश्न न. १, ३ र ४ का क्रियाकलापहरू प्रत्येक विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरह"दा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई आज अध्ययन गरेको पाठबाट एउटा एउटा शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् र सो काम सकेपछि कक्षाका जुनसुकै साथीलाई पनि सो शब्द दिन सकिने र सो साथीले वाक्य बनाएर सुनाउनुपर्ने नियम राखी दिनुहोस् । स्मरण रहोस् प्रत्येक विद्यार्थीको सहभागिताका लागि एक पटक प्रश्न दिएको साथीलाई पुनः अर्को साथीले प्रश्न दिन नपाइने नियम पनि राख्नुहोस् ।
- साथीले दिएको उत्तर मिल्यो वा मिलेन भन्ने निर्णय गर्न प्रश्न सोध्ने साथीलाई नै लगाउनुहोस् । कहिलेकाँही प्रश्नकर्ताको निर्णय गलत पनि हुन सक्छ । यस विषयमा अन्य साथीहरूलाई निर्णय गर्ने अधिकार दिनुहोस् ।
- यदि कक्षामा धेरै नै विद्यार्थी भएमा यस्तो क्रियाकलाप एक बेन्चले प्रश्न बनाई अर्को कुनै बेन्चलाई उत्तर दिनुपर्ने गरी प्रतिबिम्बन क्रियाकलाप सञ्चालन गर्न सक्नुहुन्छ ।

**५. गृहकार्य**

Draft

- लेखाइ अभ्यासको प्र. न. ४ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो |
|---|

पाठ्य वस्तु : व्याख्या/भाव विस्तार

**अपेक्षित सिप विकास सिकाइ : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) वसन्त कोकिल' कविताका निर्दिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, कविताका चौथो श्लोकबाट भाव विस्तार गरिएको नमुना र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गीत गाउन जान्ने विद्यार्थीहरूलाई गाउन लगाएर कक्षालाई रोचक बनाउनुहोस् साथै आजको पाठ्य वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको कविताको चौथो श्लोकलाई फलाटिन पाटीमा टा"सेर प्रदर्शन गर्नुहोस् । उक्त श्लोकको भावको विषयमा विद्यार्थीहरूलाई प्रत्येक बेन्चको एक समूह बनाई ५ मिनेट छलफल गर्न निर्देशन गर्नुहोस् ।

**क्रियाकलाप २**

- छलफलका क्रममा विद्यार्थीहरूबाट आएका विचारलाई सङ्गठित गरी शैक्षणिक पाटीमा बु"दाहरू टिप्नुहोस् । उदाहरणार्थ केही बु"दाहरू निम्नानुसार छन् :

१) सिरीसिरी हावा चल्नु

२) विभिन्न बोट विरुवामा हावाका कारण पालुवा हल्लिइ रहेका

३) चारैतिरको दृश्य रमाइलो किसिमको देखिने

४) वसन्त ऋतुमा पर्यावरण सुन्दर रहने

५) प्रकृति र मानव जीवनबिच घनिष्ट सम्बन्ध

Draft

६) सृष्टिको विचित्र दृष्टिस“गै मानिसको मन पनि सुखी हुने

७) सर्वत्र आनन्दले पूर्णता पाएको मौसम ।

- माथि उल्लिखित बु“दाहरूका आधारमा भाव विस्तारलाई बताएर सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- १५ मिनेटको समय दिई कविताको चौथो श्लोकलाई माथिकै बु“दाका आधारमा भाव विस्तार गर्न निर्देशन गर्नुहोस् । विद्यार्थीहरूको पूर्व क्षमता र सिकाइको गतिको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । अन्य विद्यार्थीहरूको क्रियाकलापको निरीक्षणसमेत गर्दै रहनुहोस् ।

**क्रियाकलाप ४**

- लेखन कार्यको निर्धारित समय सकिएपछि समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् । टोली नेता छनोट गर्दा समावेशितालाई ध्यान दिनुहोस् । धेरै विद्यार्थी भएको कक्षा भएमा कापी साटासाट गरी सहपाठी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

- थोरै विद्यार्थी भएको कक्षा भएमा प्रत्येक समूहको प्रस्तुतिपछि सुधार गर्नु पर्ने पक्षमा विद्यार्थीहरूबाट टिप्पणी गराई मूल्याङ्कन गर्न लगाउनुहोस् र शिक्षकले समग्रमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षा कार्यकलापका बारेमा छलफल गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई भाव विस्तार गर्न कठिनाइ भएमा शिक्षकलाई सोध्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

- लेखाइ अभ्यासको प्रश्न न.२ को अभ्यास घरमा गरेर ल्याउनुहोस् ।

| दिन : चौथो |
|---|

पाठ्य वस्तु : पठन बोध र प्रश्नोत्तर

**अपेक्षित सिप विकास सिकाइ : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) कविता मौन पठन गरेको आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन

(ख) पद्य कविताांशलाई गद्यमा रूपान्तरण गरी लेख्न

२. **शैक्षणिक सामग्री**

o पाठ्य पुस्तक, प्रश्नहरूको सूची र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

o कुनै प्रेरक प्रसङ्ग सुनाएर विद्यार्थीहरूलाई अभिप्रेरणा जगाउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

o मौन पठनका लागि उपयुक्त वातावरण निर्माण गर्नुहोस् । १० मिनेटको समय दिई पाठलाई मौन पठन गरी सक्नुपर्ने र पछि किताब बन्द गरेर सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीहरूलाई दिनुहोस् । विद्यार्थीले मौन पठन गर्दै रहेको अवधिमा अवलोकन गर्दै जानुहोस् ।

**क्रियाकलाप २**

o सर्वप्रथम शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको प्रश्नहरूको सूची फलाटिन पाटीको सहायतामा प्रदर्शन गरी केही प्रश्नहरूको बारेमा सामूहिक छलफल गर्न निर्देशन गर्नुहोस् ।

उदाहरणका लागि केही प्रश्नहरू

१. अब कसको वसन्त आयो ?

२. कोकिल आज किन महासुखी भयो ?

३. हावा कसरी चरिरहेछ ?

४. सुरिलो गला कसरी घन्किएको छ ?

५. कविले कोलीलाई के के नाम दिएका छन् ?

**क्रियाकलाप ३**

o माथि उल्लिखित प्रश्नहरूको उत्तर लेखन कार्य गराउन १५ मिनेटको समय दिनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा कक्षा अवलोकन गर्नुहोस् । अलमलमा परेका विद्यार्थी/समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

o निर्धारित समय समाप्त भएपछि प्रत्येक समूह नेताबाट उत्तर भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नु पर्ने पक्षमा विद्यार्थीहरूबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

४. **प्रतिबिम्बन**

Draft

- आजको कक्षामा सम्पन्न गरिएका क्रियाकलापलाई समीक्षात्मक ढङ्गले मौखिक प्रस्तुति गर्न प्रत्येक समूह नेतालाई निर्देशन दिनुहोस् ।

५. **गृहकार्य**

- विद्यार्थीलाई लेखाइ अभ्यासको प्रश्न न. ३ र ४ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : पा“चौ“ |
|---|

पाठ्य वस्तु : सप्रसङ्ग व्याख्या

**अपेक्षित सिप विकास सिकाइ : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) कविताका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न ।

२. **शैक्षणिक सामग्री**

- विशिष्ट पङ्तिहरूको सूची, सप्रसङ्ग व्याख्याका मुख्य मुख्य अङ्गहरू, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- ५ मिनेटको समय दिई विद्यार्थीहरूमा भएको कुनै प्रतिमा प्रदर्शन गर्ने मौका दिनुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापबारे विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- ५ मिनेटको समय दिई पाठबाट विशिष्ट पङ्ति छान्न प्रत्येक बेन्चगत समूहलाई निर्देशन दिनुहोस् । विशिष्ट पङ्तिको छनोटको क्रममा विद्यार्थीहरूलाई आवश्यकताअनुसार व्यक्तिगत तथा सामूहिक रूपमा सहजीकरण गर्नुहोस् । उदाहरणार्थ विशिष्ट पङ्तिको नमुना :

१) जता दियो दृष्टि उतै सुखी मन

Draft

प्रमोदले पूर्ण नहोस् त्यो किन ।

२) बडो बहाडी रसिकै बनी तहा"

ढलीमली गर्दछ पालुवा महा" ।

**क्रियाकलाप २**

- शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको सप्रसङ्ग व्याख्याको मुख्य मुख्य अङ्गहरूलाई प्रदर्शन गर्नुहोस् ।

सप्रसङ्ग व्याख्याका मुख्य मुख्य अङ्गहरू :

अ) पहिलो खण्ड : सन्दर्भ र प्रसङ्ग

आ) दोस्रो खण्ड : व्याख्या

इ) तेस्रो खण्ड : निष्कर्ष

**क्रियाकलाप ३**

(अ) **पहिलो खण्ड**

सप्रसङ्ग व्याख्याका लागि दिइएको पङ्ति कुन पाठ र कुन विधाबाट उद्धृत गरिएको हो उल्लेख गर्ने । रचनाकार र रचनामा भन्न खोजिएको मुख्य मुख्य कुरा समेट्ने । प्रस्तुत पङ्ति कुन प्रसङ्गमा आएको हो सो कुरासमेत समेट्ने । उदाहरण :

जता दियो .................................

.................................. त्यो किन ।

सप्रसङ्ग व्याख्याको निमित्त दिइएको प्रस्तुत हरफ नेपाली किताब कक्षा ९ मा समावेश छ । प्रस्तुत पङ्ति 'वसन्त कोकिल' कविताबाट साभार गरिएको हो । यस कविताका रचनाकार कविशिरोमणि लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२) हुन् । वसन्त ऋतुमा देखा पर्ने सुन्दर दृश्यलाई कविले सुकोमल भावका साथ अभिव्यक्त गरेका छन् । वसन्त ऋतु भन्नु नै फुल र पालुवाको मौसम हो । त्यसमाथि कोइलीको सुमधुर स्वरले सुनमा सुगन्ध थपेको आभास हुन्छ । जता हेर्‍यो उतै सुखी मन मात्र देखिन्छ । सम्पूर्ण रूपमा आनन्दले पूर्ण हुने मौसम केवल वसन्त ऋतु मात्र हो ।

(आ) **दोस्रो खण्ड**

सप्रसङ्ग व्याख्या गर्न दिइएको पङ्तिलाई मुख्य आधार मानेर परप्रसङ्ग वा पूर्वप्रसङ्गका साथ व्याख्या लेख्नु पर्दछ । यदि व्याख्याको पङ्ति पाठको सुरुबाट उद्धृत गरिएको भए परप्रसङ्ग दिनुपर्छ । पाठको मध्यबाट उद्धृत गरिएको भए पूर्वप्रसङ्ग र परप्रसङ्ग दिनुपर्छ । पाठको अन्त्यबाट उद्धृत गरिएको भए पूर्वप्रसङ्ग दिनुपर्छ । यसरी सप्रसङ्ग व्याख्या गर्न दिइएको पङ्तिको सन्दर्भलाई जोड्दै व्याख्या गर्ने तरिकालाई स्पष्ट पार्नुहोस् ।

Draft

(इ) **तेस्रो खण्ड**

यो खण्डमा निष्कर्ष लेख्नुपर्छ । सप्रसङ्ग व्याख्याको अंशको वाक्य संरचना, छन्द, अलङ्कार, बिम्ब, प्रतीक, भाषाशैलीका साथै आफ्नो विचारसहित टुङ्ग्याउनु पर्दछ ।

**क्रियाकलाप ४**

- सप्रसङ्ग व्याख्या लेख्ने तरिकाको जानकारी गराएपश्चात् प्रत्येक समूहलाई छलफल गरी क्रियाकलाप ३ को उद्धरणलाई १५ मिनेटको समय दिएर सप्रसङ्ग व्याख्या लेख्न निर्देशन दिनुहोस् ।
- निर्धारित समय सकिएपश्चात् समूह नेतालाई कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्य समूहलाई उक्त सप्रसङ्ग व्याख्याका बारेमा प्रतिक्रिया गर्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।
- विद्यार्थीहरूबाट गरिएका सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा विद्यार्थीहरूले गरेका समूह कार्यहरूमध्ये सर्वोत्कृष्ट व्याख्यालाई विद्यार्थीहरूबाट छान्न लगाई प्रदर्शन पाटीमा टा“स्न निर्देशन गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ खण्डको अभ्यास न. २ लेखेर ल्याउन निर्देशन गर्नुहोस् ।

Draft

| दिन : छैठौँ“ |
|---|

पाठ्य वस्तु : कार्यमूलक व्याकरण (कोटिका आधारमा वाक्य परिवर्तन)

**अपेक्षित सिप विकास सिकाइ : वाक्य परिवर्तन**

१. **विशिष्ट उद्देश्य**

(क) लिङ्ग, वचन, पुरुष, आदर, करण र अकरणका वाक्यहरू चिन्न

(ख) लिङ्ग, वचन, पुरुष, आदर, करण र अकरणका आधारमा निर्देशन अनुसार वाक्य परिवर्तन गर्न ।

## २. शैक्षणिक सामग्री

- लिङग, वचन, पुरुष, आदर, करण र अकरणका आधारमा वाक्य परिवर्तन गरिएको छुट्टा छुट्टै तालिका तथा यसैस“ग सम्बन्धित नमुना अनुच्छेद, फलाटिन पाटी ।

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणा**

- कुनै समसामयिक घटनालाई कक्षामा मौखिक प्रस्तुतीकरण गरेर उत्प्रेरणा जगाउनुहोस् । आजको सिकिने मुख्य विषय वस्तुलाई शैक्षणिक पाटीमा लेखेर जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम प्रत्येक बेन्चलाई एक समूहमा विभाजन गरी पाठ्य पुस्तकको व्याकरण खण्डको न. १ को उदाहरण क, ख, ग, घ, ङ छलफल गर्दै पढ्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप २**

- क्रमैस“ग लिङ्ग, वचन, पुरुष, आदर, करण र अकरणका उदाहरण विद्यार्थीलाई भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- उक्त उदाहरण ठिक भए वा नभएको विद्यार्थीहरूलाई सक्रिय गराएर निष्कर्षमा पु¥याउनुहोस् ।
- शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको तालिकालाई फलाटिन पाटीमा टा“सेर प्रदर्शन गर्नुहोस् । यसका साथै पाठ्य वस्तुका आधारमा वाक्य परिवर्तनका तरिका पनि क्रमैस“ग बताउनुहोस् ।

**क्रियाकलाप ३**

**(क) लिङ्ग परिवर्तन**

१. तिमी ज्ञानी छौ । (स्त्रीलिङ्ग)

- तिमी ज्ञानी छ्यौ ।

२. फुपुको घरमा रमाइलो भयो । (पुलिङ्ग)

- फुपाजुको घरमा रमाइलो भयो ।

**क्रियाकलाप ४**

(ख) वचन परिवर्तन

१. सञ्जय घुम्न जान्छ । (बहु वचन)

- सञ्जयहरू घुम्न जान्छन् ।

२. यिनीहरू पौरखी भएछन् । (एकवचन)

- यो पौरखी भएछ ।

**क्रियाकलाप ५**

(ग) पुरुष परिवर्तन

१. उनीहरूले राम्ररी खेत खने । (प्रथम पुरुष)

- हामीहरूले राम्ररी खेत खन्यौँ ।

२. तिनीहरू कविता पढछन् । (द्वितीय पुरुष)

- तिमीहरू कविता पढ्छौ ।

३. तिमी खुरुखुरु काम गर्थ्यौ । (तृतीय पुरुष)

- उनी खुरुखुरु काम गर्थे/गर्थिन् ।

**क्रियाकलाप ६**

(घ) आदर परिवर्तन

१. तँ अचेल के गर्छस् ? (उच्च आदर)

- तपाईं अचेल के गर्नुहुन्छ ?

२. हजुरको निकै प्रगति भयो रे । (मध्यम आदर)

- तिम्रो निकै प्रगति भयो रे ।

३. तपाईं पत्रिका पढ्नुहोस् । (निम्न आदर)

- तँ पत्रिका पढ् ।

**क्रियाकलाप ७**

(ङ) करण - अकरण परिवर्तन

१. बहिनी सधैँ पढ्न मन गर्छे । (अकरण)

- बहिनी कहिल्यै पढ्न मन गर्दिन ।

२. केटाहरूले खेल जितोइनन् । (करण)

- केटाहरूले खेल जित्लान् ।

- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा लगेको लिङ्ग, वचन, पुरुष, आदर, करण र अकरण समेटिएको नमुना अनुच्छेद प्रदर्शन गरी प्रत्येक समूहलाई छलफल गर्दै वाक्य परिवर्तन गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूको सिकाइका क्रममा भएको सकारात्मक पक्षहरूको चर्चा गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई आजको कक्षा कार्यकलापबाट सिकेका विषय वस्तुमा छलफल गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

५. **परियोजना कार्य**

- आजको पाठ्य वस्तुको आधारमा प्रत्येक खण्डबाट ३/३ ओटा उदाहरण लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : सातौँ |
|---|

पाठ्य वस्तु : कालका पक्षहरू पहिचान  र प्रयोग

**अपेक्षित सिप विकास सिकाइ : पक्षहरू पहिचान**

१. **विशिष्ट उद्देश्य**

(क) कालका विभिन्न पक्षका वाक्यहरू चिन्न

(ख) कालका विभिन्न पक्षका वाक्यलाई निर्देशन अनुसार वाक्य परिवर्तन गर्न

२. **शैक्षणिक सामग्री**

- काल र पक्षको वाक्य तालिका, काल र पक्षको वाक्य परिवर्तन तालिका सूची ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- कुनै रोचक प्रसङ्ग सुनाएर विद्यार्थीहरूको ध्यान आकृष्ट गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- १० मिनेटको निर्धारित समय दिएर काल र पक्ष  सम्बन्धी विद्यार्थीहरूको पूर्वधारणा लिनुहोस् । उनीहरूको स्तर पहिचान गर्नुहोस् ।

**क्रियाकलाप २**

Draft

- काल र पक्षको तालिका प्रदर्शन गरी छलफल गर्न निर्देशन दिनुहोस् । जस्तै :

| काल | पक्षहरू | | | | |
|---|---|---|---|---|---|
| | सामान्य | अपूर्ण | पूर्ण | अज्ञात | अभ्यस्त |
| वर्तमान | हामी विद्यालयमा पढ्छौँ । | हामी विद्यालयमा पढ्दै छौँ । | हामीले विद्यालयमा पढेका छौँ । | - | - |
| भविष्यत् | हामी विद्यालयमा पढ्ने छौँ । | हामी विद्यालयमा पढ्दै हुने छौँ । | हामीले विद्यालयमा पढेका हुनेछौँ | - | - |
| भूत | हामीले विद्यालयमा पढ्यौँ । | हामी विद्यालयमा पढ्दै थियौँ । | हामीले विद्यालयमा पढेका थियौँ । | हामीले विद्यालयमा पढेछौँ । | हामी विद्यालयमा पढ्थ्यौँ । |

**क्रियाकलाप ३**

- एउटा कालको एउटा पक्षको वाक्यलाई विभिन्न काल र पक्षमा परिवर्तन गर्ने तरिकाको बारेमा १० मिनेटको समय दिएर छलफल गर्दै प्रत्येक समूहलाई माथिको जस्तै तालिका तयार पार्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- प्रत्येक समूहबाट निर्मित तालिकालाई कक्षामा प्रदर्शन गराई अन्य समूहबाट प्रतिकृया लिनुहोस् ।

**क्रियाकलाप ४**

- व्याकरण खण्डको अभ्यास न. ३ कक्षाकार्य गर्न लगाई सहपाठी मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूबाट गरिएको सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- कालका विभिन्न पक्षका वाक्यहरूलाई एउटा पक्षबाट अर्को पक्षमा परिवर्तन गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका समूहबिच छलफल गर्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य**

- व्याकरण खण्डको अभ्यास न. ४, ५ र ६ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : आठौं |
|---|

पाठ्य वस्तु : उपसर्ग प्रक्रियाबाट शब्द निर्माण

**अपेक्षित सिप विकास सिकाइ : कार्यमूलक व्याकरण (उपसर्ग पहिचान र प्रयोग)**

१. **विशिष्ट उद्देश्य**

(क) उपसर्ग लागेर बनेका शब्दहरू चिन्न,

(ख) विभिन्न उपसर्गहरूको प्रयोग गरी शब्द निर्माण गर्न ।

२. **शैक्षणिक सामग्री**

- उपसर्ग लागेर बनेका विभिन्न शब्दहरूको सूची, उपसर्गबाट निर्मित शब्दहरूको संरचना सूची, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई आफूस“ग भएको प्रतिभा प्रस्तुत गर्न ५ मिनेटको समय छुट्याएर सहजीकरण गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलापहरू**

क्रियाकलाप १

- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा लगेको उपसर्ग लागेर बनेका विभिन्न शब्दहरूको सूची फलाटिन पाटीमा टा“सेर प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूलाई छलफल गर्न निर्देशन गर्नुहोस् । उदाहरण :

  प्रतिमूर्ति, सञ्चार, सुविचार, प्रहार, आलोक, बेताल आदि ।

- माथिका शब्दहरूका आधारमा उपसर्ग, आधार शब्द र व्युत्पन्न शब्दका बारेमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीको रूपमा उपसर्गबाट निर्मित शब्दहरूको संरचना सूची प्रदर्शन गर्नुहोस् । जस्तै :

| उपसर्ग | आधार शब्द | व्युत्पन्न शब्द |
|---|---|---|
| प्रति | मूर्ति | प्रतिमूर्ति |

Draft

| | | |
|---|---|---|
| सम् | चार | सञ्चार |
| सु | विचार | सुविचार |
| प्र | हार | प्रहार |
| आ | लोक | आलोक |
| बे | ताल | बेताल |

- माथि उल्लिखित तालिकाको आधारमा १० मिनेटको निर्धारित समय दिई प्रत्येक समूहलाई छलफल गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- पाठ्य पुस्तकको अभ्यास न. ९ कक्षाकार्यका रूपमा तयारी गरी समूह नेताबाट शिक्षण पाटीमा लेख्न निर्देशन दिनुहोस् ।

- आवश्यकताअनुसार व्यक्तिगत तथा समूहगत रूपमा सहजीकरण गर्नुहोस् । निर्धारित समयको समाप्तिपश्चात् पूर्व सूचनामा आधारित भई अन्य समूहलाई प्रतिक्रिया गर्न लगाउनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूबाट गरिएका सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- व्याकरण खण्डको अभ्यास न. १० लेख्न लगाई समूह समूहबिच मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।

५. **सिर्जनात्मक कार्य**

- सिर्जनात्मक खण्डको अभ्यास न. क लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

| दिन : नवौँ“ |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

**२. शैक्षणिक सामग्री**

- प्रश्नपत्र, उत्तर पुस्तिका र निरन्तर मूल्याङ्कन अभिलेख ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालनबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

**एकाइ परीक्षा**

कक्षा : ९ एकाइ : वसन्त कोकिल पूर्णाङ्क :२५

विषय : नेपाली उत्तीर्णाङ्क : १० समय : ३५ मिनेट

**खण्ड क**

**सुनाइ र बोलाइ**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : (५)

(क) निम्न लिखित शब्दहरूलाई शुद्ध उच्चारण गर्नुहोस् : (१)

कलकण्ठ, रसरङ्ग, प्रसन्नता, वृष्टि, शाखान्तर

(ख) वसन्त कोकिल कविताको कुनै एक श्लोक सुनाउनुहोस् । (२)

(ग) तपाईंले सुन्नुभएको कुनै कविताको हरफलाई लय हालेर सुनाउनुहोस् । (२)

**खण्ड ख**

**पढाइ र लेखाइ**

२. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (५)

(क) पूर्णमान कविता लेख्छ । (स्त्रीलिङ्ग)

(ख) हामी सिनेमा हेर्न गएका थियौं“ । (एक वचन)

(ग) साथी घर गयो । (उच्च आदर)

(घ) गुरुले पाठ पढाउनुभयो । (सामान्य वर्तमान)

(ङ) आज राति पानी परेछ । (पूर्ण भूत)

३. सङ्क्षिप्त उत्तर लेख्नुहोस् : (५)

(क) वसन्त कोकिल कविताको मूल भाव लेख्नुहोस् ।

४. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (५)

(क) वसन्तको गौरवले गरीकन
खुसी छ सारै कलकण्ठको मन

५. वसन्त ऋतु शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् : (५)

**क्रियाकलाप २**

- गत एकाइहरूको आधारमा विद्यार्थीको निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् ।

दिन : छैटौँ

पाठ्य वस्तु : विवेचनात्मक उत्तर लेखन

**अपेक्षित सिप विकास सिकाइ : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) वसन्त कोकिल कवितालाई विवेचना गरी आफ्ना शब्दमा उत्तर लेख्न ।

२. **शैक्षणिक सामग्री**

- विवेचनाका लागि उपयुक्त प्रश्नको नमुना, विवेचनात्मक उत्तर लेखनका लागि मुख्य मुख्य बुँदाको नमुना, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई उनीहरूले पढेका/सुनेका/देखेका कुनै प्रसङ्ग वा घटनाका बारेमा सुनाउन प्रोत्साहन गर्नुहोस् । यसका लागि आवश्यक सहजीकरण गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई छात्र/छात्रा, विभिन्न भाषाभाषी/कान नसुन्ने, विभिन्न संस्कृति, परम्परा आदिलाई ख्याल गर्दै समावेशी बसाइ व्यवस्थापन गराउनुहोस् र प्रत्येक बेन्चको एउटा समूह बनाउनुहोस् ।



Draft

● १० मिनेटको निर्धारित समय दिई वसन्त कोकिल पाठमा अभिव्यक्त भएको मुख्य मुख्य भावका बारेमा प्रत्येक समूहलाई छलफल गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा लगेको प्रश्नको नमुना फलाटिन पाटीमा टा“सेर प्रदर्शन गर्नुहोस् । उदाहरण

  १) वसन्त कोकिल कवितामा कविले अभिव्यक्त गरेका विषय वस्तुलाई वर्णन गर्नुहोस् ।

  २) कविले वसन्त कोकिल कवितामा प्रकृतिको बयान कुन रूपमा गरेका छन्, विस्तारपूर्वक लेख्नुहोस् ।

● प्रत्येक श्लोकलाई आधार मानी मुख्य मुख्य बु“दा टिप्ने तरिका बताई शैक्षणिक सामग्रीको रूपमा आफूले लगेको मुख्य मुख्य बु“दाको नमुना फलाटिन पाटीको सहायताले प्रदर्शन गर्नुहोस् उदाहरण : (पहिलो र दोस्रो श्लोकबाट निर्मित बु“दाहरू)

१. वसन्त ऋतुमा रुख - लहराभरि फुल र पालुवा देखिने

२. यो सुन्दर मौसमलाई कोइली चरीले गौरवको रूपमा लिने

३. प्रकृतिमा वसन्त ऋतु आउनु पूर्व शिशिरका दिनहरू कहाली लाग्दा हुने

४. कोइलीले यस्तो विपद्को समयमा लुकेर कष्टपूर्वक दिन बिताउने

५. मानिसको जीवनमा झैं प्रकृतिको जीवनमा पनि उत्तार चढाव देखिएको

६. कष्टप्रद जीवन बिताउने वसन्ती याममा संसारकै महासुखी प्राणी आदि ।

**क्रियाकलाप ३**

- यसै सन्दर्भमा विवेचनात्मक उत्तरका अङ्गहरूबारे बताउनुहोस् :

  (अ) पहिलो खण्ड : परिचय

  (आ) दोस्रो खण्ड : विवेचना

  (इ) तेस्रो खण्ड : निष्कर्ष

(अ) **पहिलो खण्ड**

यो विवेचनात्मक उत्तरको प्रारम्भिक खण्ड हो । यो खण्ड एक अनुच्छेदको हुन्छ । लेखकको सामान्य तथा छोटो परिचय र पाठको मूल कथन यस खण्डमा रहन्छ ।

(आ) **दोस्रो खण्ड**

यो विवेचनात्मक उत्तरको प्रमुख खण्ड हो । प्रश्नमा केन्द्रित रहेर यस खण्डलाई विषय वस्तुको प्रकृतिअनुसार विभिन्न अनुच्छेदमा विभाजन गर्न सकिन्छ ।

(इ) **तेस्रो खण्ड**

Draft

यो विवेचनात्मक उत्तरको निष्कर्ष खण्ड हो । विशेषतः दोस्रो खण्डलाई सङ्गठित गरी सार रूपमा आफ्नो दृष्टिकोण यस खण्डमा उल्लेख गरिन्छ । वाक्य गठन, शब्द चयन, भाषाशैली, बिम्ब प्रतीक आदि उल्लेख गरी निष्कर्ष खण्डलाई एक अनुच्छेदमा टुङ्ग्याइन्छ ।

**क्रियाकलाप ४**

- शैक्षणिक सामग्रीका रूपमा प्रस्तुत गरिएका बु“दालाई आधार बनाई विवेचनात्मक उत्तरका अनुच्छेदहरू लेख्न प्रत्येक समूहलाई निर्देशन गर्नुहोस् ।

- प्रत्येक समूहका टोली नेतालाई उनीहरूले तयार पारेका अनुच्छेदको कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र आवश्यकता अनुसार उत्प्रेरणा दि“दै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ४. प्रतिबिम्बन

- आजको समूह कार्यको प्रस्तुतिबाट सर्वोत्कृष्ट प्रस्तुति छान्न विद्यार्थीहरूलाई निर्देशन गरी उक्त सर्वोत्कृष्ट प्रस्तुतिलाई ताली बजाएर हौसला प्रदान गर्न निर्देशन दिनुहोस् ।

## ५. परियोजना कार्य

- वसन्त कोकिल कवितामा कविले भन्न खोजेका कुराहरूलाई आफ्नै मौलिक शैलीमा लेखेर ल्याउने कार्य दिनुहोस् ।

Draft

पाठ : नौ

**पाठ शीर्षक : जैविक खेती** **विधा : प्रबन्ध**

एकाइगत पाठ्य वस्तु वितरण योजना

| **क्र.स.** | **पाठ्य वस्तुहरू** | **अनुमानित घन्टी** |
|---|---|---|
| १ | एकाग्र सुनाइ र श्रुति लेखन | १ |
| २ | सस्वर वाचन र शब्दार्थ शिक्षण | १ |
| ३ | मौन पठन र प्रश्नोत्तर | १ |
| ४ | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ५ | अनुच्छेद रचना र व्याख्या लेखन | १ |
| ६ | शब्द भण्डार र वर्ण विन्यास | १ |
| ७ | कार्यमूलक व्याकरण (कारक र विभक्ति पहिचान) | १ |
| ८ | सिर्जनात्मक कार्य (निबन्ध लेखन) | १ |
| ९ | निरन्तर मूल्याङ्कन | १ |
| | **जम्मा** | ९ |

Draft

## दिन : पहिलो

पाठ्य वस्तु : एकाग्र सुनाइ र श्रुति लेखन

**अपेक्षित सिप विकास : सुनाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठको पहिलो र दोस्रो अनुच्छेद राम्ररी सुनेर सोधिएका प्रश्नहरूको उत्तर दिन

(ख) पाठको छैटौं अनुच्छेदको श्रुति लेखन गर्न

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

● इच्छुक केही विद्यार्थीलाई आफ्नो विशेष प्रतिभा प्रदर्शन गर्ने अवसर दिनुहोस् र आजको कक्षामा गरिने मुख्य क्रियाकलापहरूको बारेमा जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सबभन्दा पहिले एकाग्र सुनाइका लागि विद्यार्थीहरूलाई तत्पर गराई उपयुक्त वातावरणको निर्माण गर्नुहोस् ।
- पाठको पहिलो अनुच्छेद आफूले दुई पटकसम्म पढेर सुनाउनुहोस् ।
- सोही सुनेको आधारमा सुनाइ अभ्यासको प्रश्न न. १ का प्रश्नहरू विद्यार्थीहरूलाई सोध्नुहोस् । एउटा विद्यार्थीले दिएको जवाफ मिल्यो मिलेन भन्ने प्रश्न राख्दै विद्यार्थीहरूमध्येबाट सही उत्तर भन्न प्रोत्साहित गर्नुहोस् ।
- सबै प्रश्नोत्तर सकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप २**

- पाठको दोस्रो अनुच्छेद कुनै एक उत्कृष्ट वाचन क्षमता भएको विद्यार्थीलाई दुई पटकसम्म पढेर सुनाउन निर्देशन दिनुहोस् ।
- सोही सुनेको आधारमा सुनाइ अभ्यासको प्रश्न न. २ का प्रश्नहरू विद्यार्थीहरूलाई सोध्नुहोस् । एउटा विद्यार्थीले दिएको जवाफ मिल्यो मिलेन भन्ने प्रश्न राख्दै विद्यार्थीहरूमध्येबाट सही उत्तर भन्न प्रोत्साहित गर्नुहोस् ।
- सबै प्रश्नोत्तर सकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई श्रुति लेखनका लागि तत्पर रहन आवश्यक निर्देशन दिनुहोस् ।
- पाठको छैटौं अनुच्छेद पढेर सुनउ"दै सबै विद्यार्थीलाई श्रुतिलेखन अभ्यास गराउनुहोस् ।
- लेखन कार्य सकिएपछि पाठ्य पुस्तक पल्टाएर आफ्नो लेखाइमा रहेका त्रुटि पहिचान गर्न लगाई सच्च्याउनका लागि निर्देशन दिानुहोस् ।

४. **प्रतिबिम्बन**

Draft

- श्रुति लेखन गर्दा विद्यार्थीलेकुन कुन कुरामा ध्यान दिनुपर्ने रहेछ भन्ने प्रश्न राखी आफ्ना अनुभव कक्षामा सुनाउन प्रोत्साहित गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. २ घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : दोस्रो |
|---|

पाठ्य वस्तु : सस्वर वाचन र शब्दार्थ शिक्षण

**अपेक्षित सिप विकास : वाचन र अर्थ बोध**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा दिएका अनुच्छेदहरू शुद्ध र स्पष्टस“ग सस्वर वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त उच्चारणका दृष्टिले कठिन लागेका निम्न लिखित शब्दहरूको शुद्ध उच्चारण गर्न :

प्राङ्गारिक, फोस्फोरस, स्वाभाविक, पर्यावरण, निम्त्याउँछ, स्वावलम्बी ।

(ग) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको अर्थ बताई वाक्यमा प्रयोग गर्न :

प्रतिरोधात्मक, निर्वाहमुखी, व्यावसायीकरण, परनिर्भरता, पुर्ख्यौली, समुन्नत ।

(घ) पाठस“ग सम्बन्धित सोधिएका प्रश्नहरूको बारेमा छलफल गरी मौखिक उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, शब्दपत्ती, वाक्यपत्ती ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- एक दुई जना विद्यार्थीहरूलाई गत दिनको गृहकार्य प्रस्तुत गर्न लगाई अन्य साथीलाई सो सम्बन्धमा टिप्पणी गर्न लगाउनुहोस् ।
- आजको कक्षामा गरिने मुख्य कार्यकलापका बारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीले प्रत्येक अनुच्छेदको सस्वर पठनका क्रममा गरेका त्रुटिका क्षेत्रहरू पहिचान गर्दै आफ्नो डायरीमा टिपोट गर्नुहोस् ।
- प्रत्येक अनुच्छेदका सस्वर पठनपश्चात् विद्यार्थीहरूकै सक्रियतामा त्रुटिको निराकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- पाठको सबै अनुच्छेदको सस्वर वाचन गराई सकेपछि विद्यार्थीहरूबाट उच्चारणगत समस्या भएका शब्दहरू माग गरी शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- शब्दहरूको शुद्धोच्चारणका लागि विद्यार्थीहरूबाटै प्राप्त गर्न प्रोत्साहित गर्नुहोस् । त्यसपछि शैक्षणिक सामग्रीका रूपमा आफूले लगेको लक्षित शब्दहरू सूची गोजी तालिकाको सहयोगमा प्रदर्शन गर्नुहोस् । लक्षित विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा सक्रिय बनाई पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी निम्न लिखित शब्दहरूको अर्थ बताई वाक्यमा प्रयोग गर्न दिनुहोस् :

  प्रतिरोधात्मक, निर्वाहमुखी, व्यावसायीकरण, परनिर्भरता, पुर्ख्यौली, समुन्नत ।

- क्रियाकलाप हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- काम सकिएपटि पालैपालो प्रस्तुतीकरण गर्न लगाई बा“की विद्यार्थीहरूलाई टिप्पणी गर्न निर्देशन दिनुहोस् ।
- शैक्षणिक सामग्री प्रस्तुत गरी आवश्यक परेमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी पाठ्य पुस्तकको बोलाइ अभ्यासको प्रश्न न. २ र ३ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा सिकेको कुनै एक नया“ कुरा विद्यार्थीलाई भन्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- पढाइ अभ्यासको प्रश्न न. ४ को अभ्यास घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**दिन : तेस्रो**

Draft

पाठ्य वस्तु : मौन पठन र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

**१. विशिष्ट उद्‌देश्य**

(क) पाठको मौन पठन गरेको आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन

**२. शैक्षणिक सामग्री**

पाठ्य पुस्तक

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- मौन पठनको आवश्यकता र महत्त्वका बारेमा एउटा लघु प्रवचन दिएर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- मौन पठनका लागि उपयुक्त वातावरण निर्माण गर्नुहोस् । १० मिनेटको समय दिई पाठलाई मौन पठन गरी सक्नुपर्ने र पछि किताब बन्द गरेर सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्‌यार्थीहरूलाई दिनुहोस् । विद्‌यार्थीले मौन पठन गर्दै रहेको अवधिमा अवलोकन गर्नुहोस् ।
- दिइएको समय समाप्त भएपछि विद्‌यार्थीहरूलाई पढाइ अभ्यासको प्रश्न न. २ मा दिइएका प्रश्नहरूको उत्तर भन्न निर्देशन दिनुहोस् ।
- मिले नमिलेको र सुधार गर्नुपर्ने कुरा भएमा विद्‌यार्थीबाट नै मूल्याङ्कन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्‌यार्थीहरूलाई पढाइ अभ्यासको प्रश्न न. २ मा दिइएका प्रश्नहरूको उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्‌यार्थीले लेख्दै गर्दा सबै स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- उत्तर लेख्ने समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट लेखिएको उत्तर भन्न लगाउनुहोस् । मिले नमिलेको र सुधार गर्नुपर्ने कुरा भएमा विद्‌यार्थीबाट नै मूल्याङ्कन र सुधार गर्न कापी साटासाट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

Draft

- साटासाट गरेको आफ्नो साथीको कापी कापीको परीक्षण गरी त्यसै कापीमा सुधार गर्नुपर्ने कुरा पनि लेख्न निर्देशन दिई साथीको कापी फिर्ता गर्न लगाउनुहोस् ।

४. प्रतिबिम्बन

- क्रियाकलाप ३ मा आफ्नो साथीले सुधार गर्नुपर्ने कुराहरूका बारेमा के कस्ता सुझाव दिएका रहेछन् ? त्यसमा चित्त बुझेका कुराहरू मात्र कक्षामा सुनाउन लागि प्रोत्साहित गर्नुहोस् ।

५. गृहकार्य

- विद्यार्थीलाई लेखाइ अभ्यासको प्रश्न न. ५ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## दिन : चौथो

पाठ्य वस्तु : सङ्क्षिप्त उत्तर लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निबन्ध पढेको आधारमा सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, प्रश्न सूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- मस्तिष्क मन्थन सम्बन्धी प्रश्न वा कुनै एक गाउँखाने कथाको अर्थ सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- त्यसपछि गत दिनको गृहकार्य केही विद्यार्थीबाट सुनाउन लगाउनुहोस् र समग्रमा सकारात्मक टिप्पणी गर्नुहोस् ।
- आजको दिनमा गरिने क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाई पा“च पा“च जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देश गर्नुहोस् । आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र आवश्यक थप प्रबोधीकरण गर्नुहोस् ।

- लेखाइ अभ्यासको प्रश्न न. १ मा दिइएका (क) देखि (ढ) सम्मका ५ ओटा प्रश्नहरूमध्ये प्रति समूह एउटा प्रश्न मात्र पर्ने गरी १५ मिनेटभित्र आफ्नोसमूहमा परेको प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई निबन्ध पाठबाट कुनै एक सङ्क्षिप्त उत्तर आउने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **परियोजना कार्य**

- प्रकृति र वातावरण विषयस“ग सम्बन्धित आफूलाई मन परेको कुनै विषयमा एउटा निबन्ध लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

## दिन : पा“चौ“

पाठ्य वस्तु : अनुच्छेद रचना र व्याख्या लेखन

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट विषयमा आधारित भई अनुच्छेद लेख्न

(ख) निबन्ध पाठभित्रका विशिष्ट पङक्तिहरूको व्याख्या गर्न

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, अनुच्छेद र व्याख्या गरिएको नमुनाहरू ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले लगेको अनुच्छेद लेखनको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र अनुच्छेद लेख्ने तरिकाका र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- अन्त्यमा अनुच्छेद लेख्न तरिका बारेमा लघु प्रवचन दिई स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र १० मिनेटको समय तोकी प्रत्येक समूहलाई लेखाइ अभ्यासको प्रश्न न. ३ मा दिइएको विषयमा आधारित भई एउटा अनुच्छे लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा"की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- आफूले लगेको कुनै एक विशिष्ट पङ्तिको व्याख्या गरिएको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र व्याख्या गर्ने तरिकाका र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- त्यसपछि व्याख्या गर्ने तरिकाका बारेमा छलफल गराई निष्कर्ष दिनुहोस् ।
- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र २० मिनेटको समय तोकी प्रत्येक समूहलाई लेखाइ अभ्यासको प्रश्न न. ४ मा दिइएका दुई उद्धरणहरूको व्याख्या गर्ने काम दिनुहोस् ।
- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस्  र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थी समूहबाट लिखित सामग्री एक अर्को समूहमा साटासाट गर्न निर्देशन दिनुहोस् र    त्यसमा भएका वर्ण विन्यासगत त्रुटिहरू सच्चाउन लगाउनुहोस् ।
- सच्च्याउने क्रममा वि्यार्थीलाई पनि अलमल वा समस्या पर्न सक्छ, यस अवस्थामा शिक्षकस“ग सोधेर सच्च्याउन सक्ने समय दिई सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा त्यस दिनको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूका बारेमा समग्रमा (व्यक्ति नतोकी) आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन**

- अनुच्छेद लेखन र व्याख्या गर्ने कार्यकलाप गर्दा आएका मुख्य समस्याहरू टिपी शिक्षकलाई सुनाउन प्रोत्साहित गर्नुहोस् ।

**५. गृहकार्य**

- जैविक खेतीका बारेमा कुनै किसान समूहमा गएर दिन सकिने १० मिनेटको एउटा प्रवचनको नमुना तयार गरी ल्याउन निर्देशन दिनुहोस् ।

दिन : छैठौं“

पाठ्य वस्तु : शब्द भण्डार र वर्ण विन्यास

**अपेक्षित सिप विकास : बोध तथा लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निम्न लिखित शब्दहरूको विपरीतार्थक अर्थ भन्न :

शत्रु, मरुभूमि, कृत्रिम, निर्यात, सकारात्मक, आधुनिक, आदि ।

(ख) निम्न लिखित अनेकार्थक शब्दको फरक फरक अर्थ आउने वाक्यमा प्रयोग गर्न :

तर, तिर, कल, अर्थ, फल, बस ।

(ग) पाठमा प्रयुक्त बिचमा र अन्त्यमा दीर्घ हुने शब्दहरूको टिपोट गरी पहिचान गर्न

(घ) पाठबाट ‘श’ को प्रयोग भएका शब्दहरू टिपोट गरी पहिचान गर्न

**२. शैक्षणिक सामग्री**



Draft

- पाठ्य पुस्तक, विपरीतार्थक शब्दार्थ सूची र अनेकार्थक वाक्य पत्ती ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी विपरीतार्थक शब्द लेख्नुपर्ने शब्द सूची प्रदर्शन गर्नुहोस् र समूहमा छलफल गरी अर्थ लेख्न निर्देशन दिनुहोस् ।
- प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि ठाउ" ठाउ"बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा"की समूहलाई गल्ती पाइएमा सुधारका लागि निर्देशन दिनुहोस् । अन्त्यमा आफूले लगेको अर्थ सूची प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी अनेकार्थक शब्द सूची प्रदर्शन गर्नुहोस् र समूहमा छलफल गरी तिनीहरूको बेग्ला बेग्लै अर्थ खुल्ने गरी एक एकओटा वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि ठाउ" ठाउ"बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई सो प्रस्तुतिमा गल्ती पाइएमा सुधारका गर्नका लागि निर्देशन दिनुहोस् ।
- अन्त्यमा आफूले लगेको अनेकार्थक शब्दको वाक्यमा प्रयोग गरिएको वाक्य सूची प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई एक बेन्च एक समूहमा रही पाठबाट बिचमा र अन्त्यमा दीर्घ हुने शब्दहरू खोजी गरी टिपोट गर्न लगाउनुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि ठाउ" ठाउ"बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा"की समूहलाई सो प्रस्तुतिमा कुनै शब्द छुट भएको भए थप्नका लागि निर्देशन दिनुहोस् ।

- अन्त्यमा ती शब्दहरू दीर्घ लेखिनुका कारणबारे छलफलसमेत गराई थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई एक बेन्च एक समूहमा रही पाठमा ‘श’ प्रयोग भएका शब्दहरू खोजी गरी टिपोट गर्न लगाउनुहोस् ।
- समूह कार्य सम्पन्न भएपछि ठाउँ ठाउँबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई सो प्रस्तुतिमा कुनै शब्द छुट भएको भए थप्नका लागि निर्देशन दिनुहोस् ।
- अन्त्यमा ती शब्दहरूमा ‘श’ प्रयोग भएको कारणबारे छलफलसमेत गराई थप स्पष्ट पार्नुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई आज सिकेका महत्त्वपूर्ण कुराहरू टिपोट गरी कक्षामा सुनाउन प्रोत्साहित गर्नुहोस् ।

५. **परियोजना कार्य**

- पाठबाट ‘ष’ प्रयोग भएका शब्दहरू मात्र टिपोट गरी ल्याउन निर्देशन दिनुहोस् ।

**दिन : सातौँ**

पाठ्य वस्तु : कार्यमूलक व्याकरण

**अपेक्षित सिप विकास : कारक पहिचान र प्रयोग**

१. **विशिष्ट उद्देश्य**

(क) कारकका प्रकारहरूको पहिचान गर्न

(ख) विभक्तिका प्रकारहरूको पहिचान गर्न

२. **शैक्षणिक सामग्री**

- कारकका प्रकारहरूको तालिका, विभक्तिको प्रकार, विभक्ति चिह्न भएको तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

Draft

● विद्यार्थीहरूलाई कुनै चुट्किला भन्न अभिप्रेरित गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सर्वप्रथम शैक्षणिक सामग्रीका रूपमा लगेको कारकका प्रकारहरू भएको तालिका फलाटिन पाटीमा टा“सेर प्रदर्शन गर्नुहोस् । नमुना :

| कारकको नाम | क्रियापदस“गको सम्बन्ध | अर्थ/कार्यको आधार |
|---|---|---|
| १. कर्ता कारक | कर्ता | काम गर्ने |
| २. कर्म कारक | कर्म | फल भोग्ने |
| ३. करण कारक | करण | साधन/साधनको काम गर्ने |
| ४. सम्प्रदान कारक | सम्प्रदान | लक्ष्य/प्रयोजना पूरा गर्ने |
| ५. अपादान कारक | अपादान | छुट्टिने/उद्गमका काम |
| ६. अधिकरण कारक | अधिकरण | आधार/आधारको काम गर्ने |

● माथि उल्लिखित तालिका प्रदर्शन गरी प्रत्येक कारकको उदाहरण विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् । ती उदाहरण शैक्षणिक पाटीमा लेखी छलफल गराउ“दै निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप २**

● विभिन्न कारकको प्रयोग गरिएको नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीहरूलाई कारक पहिचान गर्न लगाउनुहोस् । यस क्रममा सिकाइको गति ढिलो हुने विद्यार्थीहरूलाई लक्षित गरी सहजीकरण गर्नुहोस् ।

- व्याकरण खण्डको अभ्यास न. ४ लाई कक्षाकार्य गराएर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।
- विद्यार्थीहरूको सक्रियताको प्रशंसा गर्दै सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको विभक्तिका प्रकार र विभक्ति चिह्न भएको तालिका फलाटिन ताकिमा टा“सेर प्रदर्शन गर्नुहोस् । शैक्षणिक सामग्रीको नमुना :

| विभक्ति | विभक्ति चिह्न | प्रयोग हुने ठाउ“ | उदाहरण |
|---|---|---|---|
| प्रथमा | ले/बाट | काम गर्ने वाला | - बाखाले घा“स खायो । |
| द्वितीया | लाई | कामको असर पर्ने | - देवीले भाइलाई भेटी । |
| तृतीया | ले/बाट/द्वारा | साधन | - छेदेन चम्चाले भात खान्छ । |
| चतुर्थी | लाई/लागि/निम्ति | लक्ष्य/प्रायक | - युनिसाले विशाललाई कलम दिई । |
| पञ्चमी | देखि/बाट | छुट्टिने आधार | - रुखबाट चरा उडे । |
| षष्ठी | को, का, की/रो, रा, री/नो, ना, नी | सम्बन्ध देखाउने | - आफ्नो सामान जतन गरिन्छ । |
| सप्तमी | मा | आधार बुझाउने | - खोलामा माछा पाइन्छ । |

**क्रियाकलाप ४**

- उल्लिखित तालिकालाई आधार मानी विद्यार्थीहरूलाई हरेक विभक्तिका उदाहरण भन्न लगाउनुहोस् ।
- विभिन्न विभक्तिको प्रयोग गरिएको शैक्षणिक सामग्रीबाट नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीहरूलाई विभक्ति चिन्न निर्देशन दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीलाई आजको पाठ्य वस्तुस“ग सम्बन्धित रहेर विभिन्न कारक र विभक्तिहरूको प्रयोग गरी मलाई मन पर्ने चलचित्र शीर्षकमा एक अनुच्छेद लेख्न लगाई साथीसाथी बिचमा छलफल गर्न लगाउनुहोस् ।

**दिन : आठौं“**

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (निबन्ध लेखन)

**अपेक्षित सिप विकास : निबन्ध रचना**

१. **विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट बु“दाहरूलाई आधार मानी निबन्ध रचना गर्न

२. **शैक्षणिक सामग्री**

- निबन्ध लेखनका बु“दाहरू, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- इच्छुक विद्यार्थीहरूलाई ५ मिनेटको समय दिई स्वर नक्कल (क्यारिकेचर) गर्न लगाउनुहोस् । आजको सिकाइ विषय वस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले पाठको सिर्जनात्मक कार्य खण्डको ‘सूचना विस्तार र आजको विश्व’ शीर्षकमा आधारित बु“दाहरू वाचन गरी स्पष्ट पार्नुहोस् ।

- निबन्धको संरचनामा आधारित भई पाठ्य पुस्तकमा भएका बु“दाहरूलाई विभाजन गर्नुहोस् । उदाहरणार्थ

| **शीर्षक : सूचना विस्तार र आजको विश्व** | |
|---|---|
| २. आदि भाग | - पृष्ठभूमि/भूमिका-खण्ड<br>- शीर्षक परिचय<br>- विषय वस्तुको उठान्<br>- सामान्यता एक अनुच्छेदको हुने |
| ३. मध्य भाग | मध्य- खण्ड<br>- विषय वस्तुको विस्तार/व्याख्यान<br>- उदाहरण, विचार, विश्लेषण, तर्क, पुष्ट्याइ“ आदि<br>- सम्बन्धित विषय वस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या, समाधानका उपायहरू<br>- विषय वस्तु/निबन्धको आयामलाई हेरी २/४ अनुच्छेदसम्मको हुने |

Draft

| | |
|---|---|
| ४. अन्त्य भाग | निष्कर्ष खण्ड<br>- मध्य खण्डको विषय वस्तुको निष्कर्ष<br>- सारगर्भित र समापन<br>- सामान्यता एक अनुच्छेदको हुने |

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठ्य पुस्तकमा उल्लिखित बु"दाहरूका आधारमा ॅसूचना विस्तार र आजको विश्व' शीर्षकमा निबन्ध लेख्न २० मिनेटको समय दिनुहोस् ।
- अलमलमा परेका र सिकाइको गति ढिलो भएका विद्यार्थीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- निर्धारित समय सकिएपछि निबन्धलाई पालैपालो (जान्ने, मध्यम र सिकाइ गति ढिलो भएको) विद्यार्थीहरूलाई कक्षा प्रस्तुतीकरण गर्न लगाई अन्य विद्यार्थीहरूलाई ध्यानपूर्वक सुनी साथीको निबन्ध लेखन सुधारका लागि सुझाव दिन निर्देशन दिनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूबाट गरिएको सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षा प्रस्तुतीकरणबाट सर्वोत्कृष्ट तिन ओटा निबन्धलाई प्रदर्शन पाटीमा टा"स्न लगाउनुहोस् र सबैको सक्रिय सहभागिताको लागि ताली बजाएर धन्यवाद दिनुहोस् ।

५. **सिर्जनात्मक कार्य**

- सिर्जनात्मक खण्डमा दिइएको अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**दिन : नवौ"**

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

Draft

- प्रश्नपत्र, उत्तर पुस्तिका र निरन्तर मूल्याङ्कन अभिलेख ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

(क) **उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालनबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नपत्र दिई एकाइ परीक्षा लिनुहोस् :

**एकाइ परीक्षा**

| | | | |
|---|---|---|---|
| कक्षा : ९ | एकाइ : | जैविक खेती | पूर्णाङ्क :२५ |
| | विषय : | नेपाली | उत्तीर्णाङ्क : १० |
| | | | समय : ३५ मिनेट |

**खण्ड क**

**सुनाइ र बोलाइ**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : (५)

(क) जैविक खेतीका बारेमा संवाद गर्नुहोस् । (३)

(ख) पाठको पहिलो अनुच्छेद सुनेर ठिक बेठिक छुट्याउनुहोस् : (२)

(अ) जैविक खेतीमा प्राङ्गारिक मलको प्रयोग हु“दैन ।

(आ) जैविक र प्राङ्गारिक अलग अलग खेती प्रणाली हुन् ।

**खण्ड ख**

**पढाइ र लेखाइ**

२. तलका वाक्यहरूमा उपयुक्त विभक्ति चिह्नहरू लेख्नुहोस् : (५)

(क) म........लागि त्यति कठिन छैन ।

(ख) साउन...........पानी पर्छ ।

(ग) भाइ.............चित्र बनायो ।

(घ) गाई....... पराल देऊ ।

(ङ) श्रमजीत .............घर सिन्धुलीमा छ ।

३. रासायनिक खेती र जैविक खेतीका बिचमा के फरक छ ? सङ्क्षिप्त उत्तर दिनुहोस् ।

Draft

(५)

४. तलकामध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् : (१०)

क) वातावरण संरक्षण (ख) नेपालमा पर्यटन विकास (ग) मलाई मनपर्ने पेसा

**क्रियाकलाप २**

- गत एकाइकै साधनको प्रयोग गरी विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् ।

Draft

पाठ : दस

पाठ शीर्षक : मङ्गलाका तिन दिन विधा : दैनिकी

**एकाइगत पाठ्य वस्तु विभाजन योजना**

| क्र.स. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १ | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २ | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३ | बु“दा टिपोट र सारांश लेखन | १ |
| ४ | पठन बोध | १ |
| ५ | वर्ण विन्यास | १ |
| ६ | विभक्तिको प्रयोग र द्वित्व शब्दहरू | १ |
| ७ | सामान्य धातु, नाम धातु | १ |
| ८ | सिर्जनात्मक कार्य (दैनिकी लेखन) | १ |
| ९ | निरन्तर मूल्याङ्कन | १ |
| **जम्मा** | | ९ |

दिन : पहिलो

पाठ्य वस्तु : सस्वर वाचन र शुद्धोच्चारण

**अपेक्षित सिप विकासः बोलाइ (उच्चारण शिक्षण)**

१. **विशिष्ट उद्देश्य**

(क) पाठलाई गति, यति मिलाई सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्धस“ग उच्चारण गर्न

२. **शैक्षणिक सामग्री**

- कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका ।

Draft

### ३. सिकाइ सहजीकरण प्रक्रिया

**(क) उत्प्रेरणा**

- विद्यार्थीलाई दैनिकी लेख्ने बानी छ भनी प्रश्न गर्नुहोस् । यदि उनीहरूमा त्यस्तो बानी रहेछ भने सुनाउन अभिप्रेरित गराई दैनिकी लेखनका बारेमा केही बताएर उत्प्रेरणा जगाउन सक्नुहुन्छ ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीको बसाइलाई समावेशी गराउनुहोस् ।
- विद्यार्थीहरूलाई पालैपालो अनुच्छेद सस्वर पठन गर्न निदेर्शन दिनुहोस् । अन्य विद्यार्थीहरूलाई साथीले पढेको ध्यानपूर्वक सुन्न र हेर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- प्रत्येक अनुच्छेदको पठनपश्चात् विद्यार्थीले गरेका उच्चारणगत त्रुटिलाई विद्यार्थीहरूकै सक्रियतामा समाधान गराउनुहोस् । विद्यार्थीहरूबाट समस्या समाधान हुन नसकेमा शिक्षकले सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- पाठलाई पुरै सस्वर पठन गराई सकेपछि विद्यार्थीहरूबाट उच्चारणगत समस्या भएका शब्दहरू भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- उच्चारणगत दृष्टिले कठिन शब्दलाई विद्यार्थीहरूबिच सामूहिक छलफल गराई निराकरण गराउनुहोस् ।
- यस क्रममा आफूले शैक्षणिक सामग्रीका रूपमा लगेको शब्दपत्ती गोजी तालिकामा राखी प्रस्तुत गर्नुहोस् ।
- विभिन्न कारणले सिकाइको गति ढिला भएका विद्यार्थीहरूलाई सहपाठी सिकाइका निमित्त प्रोत्साहन गर्नुहोस् । उनीहरूलाई थप अभ्यास पनि गराउनुहोस् ।

### ४. प्रतिबिम्बन

- बोलाइ खण्डको अभ्यास न. १ व्यक्तिगत रूपमा भन्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

### ५. परियोजना कार्य

- पाठबाट आफूलाई उच्चारणगत दृष्टिले कठिन लागेका शब्दहरूको सूची बनाएर ल्याउन निर्देश गर्नुहोस् ।

Draft

दिन : दोस्रो

पाठ्य वस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास: शब्द भण्डार र वाक्य निर्माण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षणिक सामग्री**

- शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई आफूले गरेका भ्रमणको क्रममा भएका स्मरणलाई सुनाउन लगाउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको मौन वाचन गरी अर्थका दृष्टिले कठिन लागेका शब्दहरूको सूची बनाउन निर्देशन दिनुहोस् ।
- विद्यार्थीलाई अर्थगत दृष्टिले कठिन लागेका शब्दहरूलाई शैक्षणिक पाटीमा लेख्नुहोस् र छलफल गर्न लगाई कठिन शब्दको अर्थबारे धारणा स्पष्ट गर्न सहजीकरण गर्नुहोस् ।
- यदि छलफलबाटसमेत शब्दार्थको धारणा स्पष्ट हुन नसकेमा शैक्षणिक सामग्री प्रदर्शन गरी कठिन शब्द निराकरण गर्नुहोस् ।
- शब्दार्थ पत्तीमा नपरेका शब्दहरू शब्दकोशको सहायताले पत्ता लगाउन अभिप्रेरित गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठमा प्रयुक्त अर्थहरूबारे धारणा दिएपश्चात् निम्न लिखित शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

  प्रतिभा, प्रस्फुटन, अगेनो, मन्त्रमुग्ध, परिक्रमा ।

- वाक्यमा प्रयोग पछि विद्यार्थीहरूलाई कक्षा प्रस्तुति गर्न लगाई बा“की विद्यार्थीहरूलाई साथीको वाक्यमाथि टिप्पणी गर्न लगाउनुहोस् ।
- वाक्यमा प्रयोग सम्बन्धी स्पष्ट धारणाका लागि वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूबाट भएको सकारात्मक व्यवहारको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आज सिकेका महत्तवपूर्ण कुराहरू आआफ्नो कापीमा टिपेर साथीहरूस“ग अन्तर्क्रिया गर्न केही समय दिनुहोस् ।

५. गृहकार्य

- लेखाइ खण्डको अभ्यास न. ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : तेस्रो |
|---|

पाठ्य वस्तु : बु“दा टिपोट र सारांश लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठको निर्दिष्ट अनुच्छेदबाट महत्त्वपूर्ण बु“दाहरू टिपोट गर्न

(ख) निर्दिष्ट अनुच्छेदबाट शीर्षकीरण सहित एक तृतीयांशमा सारांश लेख्न ।

२. शैक्षणिक सामग्री

- पाठ्य पुस्तक, बु“दा टिपोटको नमुना, सारांश लेखनको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- मस्तिष्क मन्थनस“ग सम्बन्धित कुनै प्रश्न सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य विषय वस्तुबारे विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूको बसाइलाई धर्म, जाति, वर्ण, लिङ्ग, कान नसुन्ने, आ“खा नदेख्ने, बोल्न नसक्ने, कम जान्ने आदिका आधारमा समावेशी भएको सुनिश्चित गर्नुहोस् । सोही आधारमा समूह विभाजन गर्नुहोस् ।

Draft

- पाठको एघारौँ अनुच्छेदलाई मौन पठन गरी आशय खुल्ने गरी चार ओटा बुदा टिपोट गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।
- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा आफूले लगेका बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीका समूहहरूबिच छलफल चलाउनुहोस् ।

**क्रियाकलाप ३**

- पाठको एघारौँ अनुच्छेदबाट शीर्षकीकरण सहित एक तृतीयांशमा सारांश लेख्न १५ मिनेटको समय दिनुहोस् ।
- निर्धारित समय सकिएपछि प्रत्येक समूह नेताबाट कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् ।
- आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थी मार्फत् वाचन गर्न लगाउनुहोस् ।
- सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको समूह कार्यमा सर्वोत्कृष्ट ठानिएका दुई ओटा बुँदा टिपोट र तिन ओटा सारांश लेखनका नमुनालाई प्रदर्शन पाटीमा टाँस्न लगाई ताली बजाएर विद्यार्थीहरूलाई हौसला प्रदान गर्न निर्देश दिनुहोस् ।

५. **गृहकार्य**

- विद्यार्थीहरूलाई लेखाइ खण्डको अभ्यास न. ३ घरमा लेखेर ल्याउन निर्देश दिनुहोस् ।

| दिन : चौथो |
|---|

पाठ्य वस्तु : पठन बोध र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठ्य वस्तुस"ग सम्बन्धित प्रश्नहरूको उत्तर दिन ।

(ख) लेखाइ खण्डको अभ्यास न. १ को उत्तर लेख्न ।

२. **शैक्षणिक सामग्री**

- प्रश्नसूची, नमुना उत्तर र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूमध्येबाट समसामयिक घटनलाई प्रस्तुत गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य मुख्य विषय वस्तु शैक्षणिक पाटीमा लेख्नुहोस र यसबारे विद्यार्थीहरूलाई सङ्क्षिप्त जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- पढाइ अभ्यासको प्रश्न न. २ बाट निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रस्तुत गर्नुहोस् :

  प्रश्नहरू

  १. मङ्गला किन वनमा गएकी हुन् ?

  २. वनका रूखहरू काट्न कसको अनुमति लिनुपर्छ ?

  ३. मङ्गलाहरूले वनमा के के गरे ?

  ४. मङ्गलाका साथीहरूले के के खाजा लगेका थिए ?

  ५. मुटु छेड्ने हावा हुरी भनेको के हो ?

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठको तेस्रो अनुच्छेद मौन पठन गरी माथिका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्न १५ मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- निर्धारित समयको समाप्तीपछि विद्यार्थीहरूलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नु पर्ने पक्षमा टिप्पणी गर्न लगाउनुहोस् ।
- शिक्षकले शैक्षणिक सामग्रीको रूपमा लगेको नमुना उत्तर लेखन प्रदर्शन गर्नुहोस् । विद्यार्थीको उत्तर र नमुना उत्तरबिच तुलना गर्न लगाउनुहोस् ।

४. **प्रतिबिम्बन**

Draft

- आजको पाठ्य वस्तुमा आधारित भई विद्यार्थीका समूहहरूबिच एक समूले प्रश्न सोध्ने र अर्को समूहले उत्तर दिनुपर्ने कार्य गराई हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

**५. गृहकार्य**

- लेखाइ खण्डको अभ्यास न. १ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

दिन : पा“चौ“

पाठ्य वस्तु : भाषा तत्त्व

**अपेक्षित सिप विकास: वर्ण विन्यास**

**१. विशिष्ट उद्देश्य**

(क) नेपाली भाषामा प्रयोग हुने वर्ण विन्यासको उपयुक्त प्रयोग गर्न,

**२. शैक्षणिक सामग्री**

- पाठको चौथो र पा“चौ“ अनुच्छेदका अनुच्छेद पत्ती, फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई गत कक्षाको गृहकार्य कक्षा अगाडि आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उनीहरूको प्रयासलाई ताली बजाएर सम्मान गर्न निर्देशन दिनुहोस् ।
- आजको कक्षा क्रियाकलापको पाठ्य वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम विद्यार्थीहरूको बसाइलाई समावेशी बनाउनुहोस् । प्रत्येक बेन्चलाई एक समूह गराउनुहोस् ।
- प्रत्येक समूहलाई शैक्षणिक सामग्रीका रूपमा लगेका अनुच्छेद पत्तीहरू बाँड्नुहोस् ।
- उक्त सामग्रीलाई मौन पठन गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीका समूहबाट अनुच्छेद पत्तीहरू सङ्कलन गर्नुहोस् ।
- श्रुति लेखनका नियमहरू बताउनुहोस् ।
- श्रुति लेखनका लागि निर्दिष्ट अनुच्छेद पठन गर्नुहोस् ।

Draft

**क्रियाकलाप ३**

- श्रुति लेखन कार्य समाप्तीपछि साथीसाथी/समूह समूहबिचमा कापी साटासाट गराएर सहपाठी मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

आजको कक्षामा सिक्न अझै कठिन भएका कुरालाई साथीहरूस“ग छलफल गरी शिक्षकलाई सुनाउनका लागि केही समय दिनुहोस् ।

५. **गृहकार्य**

- पाठको लेखाइ खण्डको अभ्यास न. ९ र १० लाई घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

| दिन : छैठौ“ |
|---|

पाठ्य वस्तु : कार्यमूलक व्याकरण

**अपेक्षित सिप विकास : विभक्ति र द्वित्वको प्रयोग**

१. **विशिष्ट उद्देश्य**

(क) विभक्तिको पहिचान गरी उपयुक्त प्रयोग गर्न

(ख) द्वित्वको पहिचान गरी उपयुक्त प्रयोग गर्न

२. **शैक्षणिक सामग्री**

- अनुच्छेद पत्ती, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- चलन चल्तीमा रहेका गाउ“खाने कथा सोधी वा सोध्न लगाई मस्तिष्क मन्थन गराउनुहोस् ।
- आजको कक्षा क्रियाकलापका पाठ्य वस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**



Draft

- सर्वप्रथम विद्यार्थीहरूको बसाइलाई जाति, धर्म, वर्ण, लिङ्ग, बोल्न नजान्ने, सिकाइका गति ढिला भएका, फरक सिकाइ क्षमता भएका आदिका आधारमा समावेशी बनाउनुहोस् । प्रत्येक बेन्चलाई एक समूह गराउनुहोस् ।

- जैविक खेती पाठमा सिकेको विभक्तिका विभिन्न प्रकारहरूलाई पुनरावृत्ति गराउनुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीका रूपमा लगेको विभक्तिस"ग सम्बन्धित अनुच्छेद पत्तीलाई प्रदर्शन गर्नुहोस् ।

**उदाहरण :**

जिल्ला प्रशासन कार्यालयबाट निस्केर हामी हुलाक छेउको साइबरमा पस्यौ" । गाउ"मा मोबाइलबाट इन्टरनेट चलाउन त सकिन्छ तर साइबरमा जस्तो सुबिधा हु"दैन । त्यसैले सदरमुकाम आएका बेला साइबर नछिर्ने कुरै भएन । साइबरमा बस्नलाई हामीस"ग धेरै समय थिएन । भाउजू र मैले पालैपालो स्काइपबाट दाइस"ग कुरा गर्‍यौ" । अनुहार हेराहेर गरेर उहा"स"ग कुरा नगरेको निकै भइसकेको थियो । आज त फुकाएर कुरा गरियो । दाइले आमाबुबाको स्वास्थ्य, उहाँका साथीहरूको हाल खबर र हाम्रो पढाइका बारेमा सोधखोज गर्नुभयो । उहा"ले हामीलाई इन्टरनेटलाई पढाइस"ग जोड्नुपर्ने र साइबर अपराधदेखि सचेत हुनुपर्ने सुझाव दिनुभयो ।

- प्रस्तुत अनुच्छेदलाई समूहमा छलफल गरी विभक्ति चिह्नलाई रेखाङ्कन गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- समूह कार्यको समाप्तीपछि साथीसाथीमा कापी साटासाट गराएर सहपाठी मूल्याङ्कन गराउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् । उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- शैक्षणिक सामग्रीका रूपमा लगेको द्वित्वस"ग सम्बन्धित अनुच्छेद पत्तीलाई प्रदर्शन गर्नुहोस् ।

उदाहरण

सहरमानले साथीहरूका घर घरमा गएर उनीहरूलाई छिटो छिटो उठायो । साथीहरूले पनि हतार हतार आआफ्ना सामान झोलामा पोको पारे । ससाना झोला बोकेर उनीहरू बाटो लागे । हतार भएकाले उनीहरूले भातसात खान भ्याएनन्, बिस्कुट सिस्कुट खाएर हि"डे ।

Draft

- प्रस्तुत अनुच्छेदलाई समूहमा छलफल गर्री रेखाङ्कित द्वित्त्व शब्द कापीमा सार्न ५ मिनेटको समय दिनुहोस् ।
- समूह कार्यको समाप्तीपछि साथीसाथीमा कापी साटासाट गराएर सहपाठी मूल्याङ्कन गराउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् । उपयुक्त पृष्ठपोषण दिनुहोस् ।
- व्याकरण खण्डको अभ्यास न. ३ र ६ कक्षा कार्यका रूपमा लेख्न निर्देशन दिनुहोस् ।

**४. प्रतिबिम्बन**

- कक्षाकार्य गर्ने क्रममा भएको अनुभवलाई समूह समूहबिच छलफल चलाउनुहोस् ।

**५. गृहकार्य :**

- व्याकरण खण्डको अभ्यास न. २ र ५ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## दिन : सातौँ

पाठ्य वस्तु : व्याकरण (सामान्य र नाम धातुको पहिचान)

**अपेक्षित सिप विकास : धातु पहिचान**

**१. विशिष्ट उद्देश्य**

(क) नाम धातुको पहिचान र प्रयोग गर्न ।

**२. शैक्षणिक सामग्री**

- सामान्य र नाम धातुको शब्दपत्ती, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई घरमा रेडियो/टेलिभिजनका आधारमा मुख्य समाचार सुनाउन लगाउनुहोस् ।
- आज कक्षामा गरिने मुख्य कार्यकलापका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूको बसाइ समावेशी भएको सुनिश्चित गर्नुहोस् । प्रत्येक बेन्चको एउटा समूह बनाउनुहोस् ।
- शैक्षणिक सामग्रीका रूपमा लगेको नाम धातुको शब्दपत्ती प्रदर्शन गर्नुहोस् :

उदाहरण :

Draft

| नाम धातु | क्रिया रूप |
|---|---|
| भोकाउ + नु = भोकाउनु | भोकायो, भोकाउ“छ, भोकाउने छ, आदि । |
| रोगाउ + नु = रोगाउनु | रोगायो, रोगाउ“छ, रोगाउने छ, आदि । |
| होच्याउ + नु = होच्याउनु | होच्यायो, होच्याउ“छ, होच्याउने छ, आदि । |
| दुब्लाउ + नु = दुब्लाउनु | दुब्लायो, दुब्लाउ“छ, दुब्लाउने छ, आदि । |

**क्रियाकलाप २**

- माथि उल्लिखित उदाहरणका आधारमा समूहमा छलफल गरेर १० ओटा नाम धातु लेखी वाक्य बनाउन १० मिनेटको समय दिनुहोस् ।
- प्रत्येक समूहबाट बनेको वाक्यलाई कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । साथीको प्रस्तुति सुनी सुधारका लागि सुझाव दिन लगाउनुहोस् ।
- आवश्यक सहजीकरण गरी उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक सामग्रीका रूपमा लगेको नाम धातुको शब्दपत्ती प्रदर्शन गर्नुहोस् :

उदाहरण :

| सामान्य धातु | क्रिया रूप |
|---|---|
| हा“स् | हाँस्यो, हा“स्छ, हा“स्ने छ, आदि । |
| लेख् | लेखी, लेख्छे, लेख्ने छे, आदि । |
| हु | भयो, हुन्छ, हुने छ, आदि । |
| डुल् | डुले, डुल्छन्, डुल्ने छन् , आदि । |
| गर् | गर्नुभयो, गर्नुहुन्छ, गर्नु हुने छ, आदि । |

- माथि उल्लिखित उदाहरणका आधारमा समूहमा छलफल गरेर १० ओटा नाम धातु लेखी वाक्य बनाउन १० मिनेटको समय दिनुहोस् ।
- प्रत्येक समूहबाट बनेको वाक्यलाई कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । साथीको प्रस्तुति सुनी सुधारका लागि सुझाव दिन लगाउनुहोस् ।
- कार्यकलाप गरेको समयमा आवश्यक सहजीकरण गरी उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक समूहलाई आजको कक्षा क्रियाकलापबाट सिकेको कुरा छलफल गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

- पाठको व्याकरण खण्डको अभ्यास न. ८ र ९ लाई घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## दिन : आठौँ

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (दैनिकी लेखन)

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) आफ्नै र कुनै पनि शीर्षकमा सिलसिलाबद्ध रूपमा दैनिकी रचना गर्न

२. **शैक्षणिक सामग्री**

- दैनिकीको नमुना र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- इच्छुक विद्यार्थीहरूलाई ५ मिनेटको समय दिई स्वर नक्कल (क्यारिकेचर) गर्न लगाउनुहोस् । आजको सिकाइ विषय वस्तु बारे जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शैक्षणिक सामग्रीका रूपमा लगेको दैनिकीको नमुनालाई फलाटिन पाटीमा टाँस्नुहोस् ।
- उक्त दैनिकीलाई पालैपालो वाचन गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

- प्रदर्शित दैनिकीका आाधारमा दैनिकी लेख्ने तरिका प्रष्ट पार्नुहोस् :

**दैनिकी लेखनका तरिका :**

१. दैनिकी लेख्ने पृष्ठको सिरानमा देब्रेतिर साल, महिना, गते र बार लेख्ने, जस्तै : २०७३ वैशाख १ गते बुधबार

२. दैनिकी लेखकले सम्बन्धित दिनमा गरेका मुख्य मुख्य काम अथवा घटनालाई

सिलसिलाबद्ध वर्णन गरी एक वा आवश्यकताअनुसारका अनुच्छेदहरू राख्ने, जस्तै :

> उषाकालीन सूर्य क्षितिजपारि रहेका बखत म आफ्नै ओछ्यानको सिरकभित्र रङ्गिन सपना देखिरहेको थिए“ । गाडीको कर्कश ध्वनिले मेरो निद्रा भङ्ग भयो । आज विद्यालयबाट लगिने वनभोज कार्यक्रममा सहभागी हुनु छ । वनभोज स्थल टाढा र पहाडको बाटो भएकाले सबेरै हि“ड्ने कुरा छ । त्यसैले हतार हतार उठेर नित्य
> थर्मसकैं चिया खाएर विद्यालयतर्फ प्रस्थान गरे“ ।

३. दिनभरमा गरेका मुख्य मुख्य काम वा घटनालाई प्रथम पुरुष कथन ढा“चामा विभिन्न अनुच्छेदमा लेख्ने ।

**क्रियाकलाप ३**

- कुनै चाडपर्वको दिन शीर्षकमा दैनिकी लेखनका लागि छलफल गर्न ५ मिनेटको समय दिनुहोस् ।
- उक्त शीर्षकमा छलफल गरी दैनिकी लेख्न १५ मिनेटको समय दिनुहोस् ।
- अलमलमा परेका विद्यार्थी वा समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- निर्धारित समय सकिएपछि व्यक्तिगत वा सामूहिक रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीहरूलाई सुधारका लागि सुझाव दिन ध्यानपूर्वक सुन्नलाई निर्देशन दिनुहोस् ।
- सकेसम्म आवश्यक सुधारहरू विद्यार्थीहरूबाटै पहिल्याउन लगाउनुहोस् । सम्भव नभएमा पृष्ठपोषणसाथ निष्कर्षका रूपमा तरिकाहरू बताइदिनुहोस् ।

## ४. प्रतिबिम्बन

- आजको कक्षा प्रस्तुतीकरणमध्येबाट सर्वोत्कृष्ट तिन ओटा दैनिकीलाई छान्नका लागि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र तिनीहरू उत्कृष्ट हुनाका कारण भन्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

## ५. परियोजना कार्य

- आजको दिनका मुख्य मुख्य घटनालाई समेटी आफ्नै दैनिकी लेखेर ल्याउनुहोस् भन्ने परियोजना कार्य दिनुहोस् ।

Draft

दिन : नवौँ

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- प्रश्नपत्र, उत्तर पुस्तिका र निरन्तर मूल्याङ्कन अभिलेख ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालनबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नपत्र दिई एकाइ परीक्षा लिनुहोस् :

**एकाइ परीक्षा**

कक्षा : ९ एकाइ : मङ्गलाका तिन दिन पूर्णाङ्क :२५

विषय : नेपाली समय : ३५ मिनेट उत्तीर्णाङ्क : १०

**खण्ड क**

सुनाइ र बोलाइ

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : (५)

(क) तपाईंले सुनेको आधारमा सबभन्दा राम्रो पेसा कुन हो र किन, भन्नुहोस् । (२)

(ख) आज बिहान तपाईंले गरेका मुख्य तिन ओटा कामहरू भन्नुहोस् । : (३)

**खण्ड ख**

पढाइ र लेखाइ

२. तल दिइएका क्रियापदका नाम धातुहरू लेख्नुहोस् : (५)

भोकायो, होच्यायो, रोगायो, टोलाउ“छ,

३. तल दिइएको अनुच्छेदमा भएका कुनै पा“च ओटा क्रियापदबाट सामान्य धातु लेख्नुहोस् :(५)

उषाकालीन सूर्य क्षितिजपारि रहेका बखत म आफ्नै ओछ्यानको सिरकभित्र रङ्गिन सपना देखिरहेको थिएँ । गाडीको कर्कश ध्वनिले मेरो निद्रा भङ्ग भयो । आज विद्यालयबाट लगिने वनभोज कार्यक्रममा सहभागी हुनु छ । वनभोज स्थल टाढा र पहाडको बाटो भएकाले सबेरै हिँड्ने कुरा छ । त्यसैले हतार हतार उठेर नित्य कर्म सकेँ । चिया खाएर विद्यालयतर्फ प्रस्थान गरेँ ।

४. भविष्यमा तपाईं के बन्न चाहनुहुन्छ र किन ? आफ्नो स्वतन्त्र विचार प्रस्तुत गर्नुहोस् । (५)

५. कुनै ठाउ“मा भ्रमणमा जा“दा अनुभव गरेका रमाइला क्षणहरूको स्मरण गरी एक दिनको दैनिकी लेख्नुहोस् । (५)

**क्रियाकलाप २**

- गत एकाइहरूको आधारमा विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् ।

पाठ : एघार

पाठ शीर्षक : डाक्टर अङ्कल (कथा)

एकाइगत पाठ्य वस्तु विभाजन योजना

| क.सं. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १ | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २ | कठिन शब्द निराकरण (शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग) | १ |
| ३ | पठनबोध र प्रश्नोत्तर | १ |

| | | |
|---|---|---|
| ४ | बु“दा टिपोट र सारांश लेखन | १ |
| ५ | कथाकथन/घटनाक्रम मिलाउने | १ |
| ६ | कार्यमूलक व्याकरण (कृदन्त र तद्धितान्त शब्दहरू) | १ |
| ७ | कार्यमूलक व्याकरण (अर्पूण पक्षहरू) | १ |
| ८ | सिर्जनात्मक कार्य (कथा लेखन) | १ |
| ९ | स्वतन्त्र रचना (तार्किक शिल्प) | १ |
| १० | निरन्तर मूल्याङ्कन | १ |
| जम्मा | | १० |

दिन : पहिलो

पाठ्य वस्तु : सस्वर वाचन र शुद्धोच्चारण

**अपेक्षित सिप विकासः सुनाइ र बोलाइ (उच्चारण शिक्षण)**

**१. विशिष्ट उद्देश्य**

(क) कथालाई शुद्धस“ग भावानुकूल सस्वर वाचन गर्न ।

(ख) कथामा प्रयुक्त उच्चारणगत दृष्टिले समस्या भएका शब्दहरूको शुद्धस“ग उच्चारण गर्न

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, शब्दपत्ती र गोजी तालिका

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- आफूले सुने/ पढेका कथालाई कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई उनीहरूको कार्यको प्रशंसा गर्दै ताली बजाएर स्याबासी दिनुहोस् ।
- आजको कक्षामा गरिने मुख्य मुख्य कार्यबारे जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- शिक्षक कथाको कुनै एक अनुच्छेद गति, यति मिलाई भाव अनुकूल आदर्श वाचन गर्नुहोस् र विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद गति, यति मिलाई भावअनुसार शुद्धस“ग सस्वर वाचन गराउनुहोस् । अन्य विद्यार्थीलाई साथीले वाचन गरेका शब्दहरूको उच्चारण शुद्ध भए/नभएको ध्यानपूर्वक सुनी मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् । गल्ती भएमा वाचन कार्य रोकी सच्याउन निर्देशन गर्नुहोस् ।

**क्रियाकलाप २**

- सस्वर वाचनका क्रममा भएको उच्चारण पक्षलाई मूल्याङ्कन/निगरानी/अवलोकन गर्दै उच्चारणगत दृष्टिले कठिन भएका शब्दहरूलाई विद्यार्थीहरूबाट माग गरी शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । ती शब्दहरूको शुद्धोच्चारण गर्न विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् ।
- बोलाइ अभ्यासको प्रश्न न. १ मा दिइएको क्रियाकलाप बारम्बार गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई सुनाइ अभ्यासको प्रश्न न. १,२ र ३ को क्रियाकलाप गराई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा विद्यार्थीहरूले उच्चारण गर्न सिकेका नया“ शब्दहरूबारे साथीसाथीमा छलफल गरी सूची बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

- बोलाइ अभ्यासको प्रश्न न. ४ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गनुहोस् :

(क) निम्न लिखित टुक्काहरूको अर्थ सूची :

अगेनो, जोरजाम, भताभुङ्ग, बिचल्ली, उबारेर, मजदुरी, विगत, उत्कृष्ट ।

(ख) लेखाइ अभ्यासको प्रश्न न. २ का शब्दहरूको वाक्य निर्माण सूची ।

| दिन : दोस्रो |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : शब्द भण्डार विकास र वाक्य निर्माण**



Draft

१. **विशिष्ट उद्देश्य**

(क) पाठ र लेखाइ अभ्यासको प्रश्न न. १ मा दिइएका टुक्काहरूको अर्थ बताउन

अगेनो, जोरजाम, भताभुङ्ग, बिचल्ली, उबारेर, मजदुरी, विगत, उत्कृष्ट

(ख) लेखाइ अभ्यासको प्रश्न न. २ का शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्न ।

२. **शैक्षणिक सामग्री**

- गोजितालिका, शब्दार्थ सूची, वाक्य सूची ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्य ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आज गरिने क्रियाकलापको बारेमा सङ्क्षिप्त चर्चासहित उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- १५ मिनेटको समय दिई विद्यार्थीहरूलाई पाठको सस्वर वाचन गर्न निर्देशन गर्नुहोस् र अर्थबोध नभएका शब्द माग गरी शैक्षणिक पाटीमा टिप्नुहोस् ।

- उक्त शब्दका अर्थहरू बताउन विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट अर्थ नआएका शब्दहरूका लागि अर्थबोध विधिको उपयोग गरी शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा कठिन शब्दका अर्थहरू आआफ्नो कापीमा टिपोट गर्न निर्देशन गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई लेखाइ अभ्यासको प्रश्न न. १ को अभ्यास गर्न निर्देशन दिनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् । अर्थ नआएका शब्दहरूका लागि अर्थबोध विधिको उपयोग गरी शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई लेखाइ अभ्यासको प्रश्न न. २ को वाक्य निर्माण गर्न लगाई उनीहरूबाट निर्मित वाक्यलाई प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको प्रस्तुतीकरणलाई केही साथीहरूबाट प्रतिक्रिया लिई आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीहरूलाई उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

Draft

- विद्यार्थीका एउटा समूहबाट अर्को समूहलाई शब्दको अर्थ सोध्न लगाउने र सोही शब्दमा वाक्य निर्माण गर्न लगाउने कार्य गराई हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

५. **गृहकार्य**

- पढाइ अभ्यासको प्रश्न न. २ र ३ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गनुहोस् :

  बोध प्रश्नहरूको सूची ।

| दिन : तेस्रो |
|---|

पाठ्य वस्तु : पठन बोध र प्रश्नोत्तर

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठको मौन पठनपश्चात् निर्दिष्ट प्रश्नहरूको उत्तर लेख्न

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, बोध प्रश्नहरूको सूची र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) उत्प्रेरणा

- विद्यार्थीहरूबाट अगिल्लो दिनको गृहकार्य ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आज गरिने क्रियाकलापको बारेमा सङ्क्षिप्त चर्चासहित उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- पाठको सुनाइ खण्डको अभ्यास न. २ का प्रश्नहरू शैक्षणिक सामग्रीका रूपमा प्रस्तुत गर्नुहोस् ।

**प्रश्नहरू**

(१) सीतापुर गाउ“ कहा“ थियो ?

(२) त्यस गाउ“का मानिसहरूको पेसा के थियो ?

Draft

(३) उनीहरू किसानी बाहेक के गर्थे ?

(४) गाउ“लेहरू नुनतेल र लुगाफाटाको जोरजोम कसरी गर्थे ?

(५) **नुनतेल** र **लुगाफाटो** शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

- प्रश्न निर्माण गर्ने तरिकाका बारेमा समूह समूहमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप २**

- पाठको अठारौ“ अनुच्छेदलाई मौन पठन गर्न ५ मिनेटको समय दिनुहोस् ।

- समूहमा छलफल गरी मौन पठन गरिएको अनुच्छेदबाट क्रियाकलाप १ को ढा“चाका कुनै ५ ओटा प्रश्न निर्माण गर्न १० मिनेट समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- समूह कार्यबाट निर्मित प्रश्नहरूलाई समूह नेतामार्फत् प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उक्त प्रस्तुतिमा सुधारका लागि विद्यार्थीहरूबाटै सुझाव माग्नुहोस् । आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४**

- सबै समूहका विद्यार्थीहरूको प्रश्न समेटिने गरी कुनै पा“च ओटा प्रश्न शैक्षणिक पाटीमा लेख्नुहोस् ।

**प्रश्नहरू**

१. कथा कसले भन्दै थिए ?

२. डा. कमलले कथालाई किन छिटो टुङ्ग्याउन खोजे ?

३. ऊ कहा“ गएर भर्ना भयो ?

४. उसले कसरी क्याम्पस पढ्न थाल्यो ?

५. **भक्कानो** र **ज्यामी** शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

**क्रियाकलाप ५**

- क्रियाकलाप ४ मा उल्लिखित प्रश्नहरूलाई समूहमा छलफल गरी छोटो छरितो उत्तर लेख्न दस मिनेटको समय दिनुहोस् ।

- निर्धारित समयको समाप्तीपछि विद्यार्थीका समूह समूहबिच कापी साटेर सहपाठी मूल्याङ्कन गराउनुहोस् ।

- शिक्षकले कक्षाको अवलोकन गरी सहजीकरण गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- एउटा समूहले सोधेको प्रश्नको उत्तर अर्को समूहले १ मिनेटभित्रमा दिइसक्नु पर्ने सर्त राखी प्रश्नोत्तर गर्न निर्देशन दिनुहोस् ।

**५. गृहकार्य**

- पाठको लेखाइ खण्डको अभ्यास नं. २ र ३ घरमा लेखेर ल्याउन  निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  बु“दा टिपोटको र सारांश लेखनको नमुना ।

## दिन : चौथो

पाठ्य वस्तु : बु“दा टिपोट र सारांश लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट अनुच्छेदबाट बु“दा टिपोट गर्न,

(ख) निर्दिष्ट अनुच्छेदलाई एक तृतीयांशमा सारांश लेख्न ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, बु“दा टिपोटको नमुना र सारांश लेखनको नमुना ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- छोटो तर रोचक प्रसङ्ग सुनाउनुहोस् र त्यसका मुख्य मुख्य बु“दा बताउनुहोस् । यसका माध्यमबाट विद्यार्थीहरूको ध्यान खिची उत्प्रेरणा जगाउनुहोस् ।
- आजको घन्टीको प्रमुख कार्यहरूबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूले अघिल्ला पाठमा सिकेका बु“दा टिपोट र सारांश लेखनलाई पुनरावृत्ति गराउनुहोस् ।

Draft

पाठको तेरौँ अनुच्छेदमा आधारित बुँदा टिपोटको नमुना र सारांश लेखनको नमुना प्रस्तुत गर्नुहोस् ।

**बुँदाहरू :**

१. उसले मिहिनेत र इमानदारीसाथ पढाइलाई निरन्तरता दिन थाल्नु,

२. विद्यालयका शिक्षकहरूबाट पढाइ र मिहिनेतका कारण माया पाउनु,

३. नेपाली गुरुले 'मलाई आमाले धेरै धेरै माया गर्नुहुन्छ' शीर्षकमा अनुभव वर्णन गर्न दिनु,

४. उसलाई अनुभव वर्णन गर्न निकै सकस पर्नु ।

एक तृतीयांशमा सारांश लेखन

**वेदना**

उसले मेहनत र इमानदारीका साथ काम गरी कक्षा चारमा भर्ना भएर पढ्न थाल्यो । उसको प्रतिभाका कारण शिक्षकहरूबाट माया पायो । विद्यार्थीहरूका नेपाली अक्षर राम्रा थिएनन् । त्यसैले गुरुले 'मलाई आमाले धेरै धेरै माया गर्नुहुन्छ' शीर्षकमा अनुभव वर्णन लेख्न लगाउनुभयो । उसले वर्णन लेख्न सकेन साथीहरूले लेखेर बुझाए तर ऊ घोरिरहह्यो ।

- माथि प्रदर्शन गरिएका शैक्षणिक सामग्री निकाल्नुहोस् । विद्यार्थीहरूलाई समूहमा छलफल गरी पाठको तेरौँ अनुच्छेदबाट चार ओटा मुख्य मुख्य बुँदा टिपी सारांश लेख्न १५ मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप २**

- बुँदा टिपोट र सारांश लेखनको निर्धारित समय समाप्त भएपछि समावेशीताका आधारमा पालैपालो विद्यार्थीहरूलाई बुँदा सुनाउन लगाउनुहोस् । विद्यार्थीहरूका धारणा पनि बुझ्दै जानुहोस् । विद्यार्थीहरूबाट प्राप्त सङ्गठित बुँदालाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

- सिकाइ गति मन्द भएका विद्यार्थीसमेतलाई दृष्टिगत गरी बुँदा टिपोटका सम्बन्धमा उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पालैपालो सारांशको कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । साथीको सारांश प्रस्तुतीकरणका विषयमा प्रतिक्रिया माग्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**



Draft

- पाठको दोस्रो अनुच्छेदलाई मौन पठन गरी कक्षाकार्यका रूपमा चार ओटा मुख्य मुख्य बु"दा टिपी एक तृतीयांशमा सारांश लेख्न लगाउनुहोस् ।
- प्रतिबिम्बन कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**५. परियोजना कार्य**

- बु"दा टिपोट र सारांशलाई कार्डबोर्डमा साफी लेखन गरी ल्याउन निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  कथाका बु"दाहरू लेखिएको चार्ट ।

| दिन : पा"चौ" |
|---|

पाठ्य वस्तु : कथाकथन/घटना वर्णन

**अपेक्षित सिप विकास : बोलाइ**

**१. विशिष्ट उद्देश्य**

(क) आफूले जाने सुनेका कथा वा घटनालाई हाउभाउसहित सन्दर्भ मिलाई भन्न

(ख) कथाको कुनै प्रसङ्गमा आधारित भई कल्पनात्मक र सिर्जनात्मक शैलीमा मौखिक अभिव्यक्ति दिन ।

**२. शैक्षणिक सामग्री**

- कथाका बु"दाहरू लेखिएको चार्ट र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूको उमेर, स्तर र संवेग सुहाउ"दो छोटो तर घत लाग्दो कथा (नैतिक, उपदेशात्मक, चरित्रप्रधान आदि) सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।
- कुनै पनि विषय वस्तुको मार्मिक प्रस्तुतिपश्चात् हौसला प्रदान गर्ने संस्कारको विकास गराउन विद्यार्थीहरूलाई ताली बजाउन निर्देशन दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाई कुनै पनि जातजाति, भाषा भाषी, धर्म, संस्कृति, परम्परा, सम्प्रदाय आदिलाई आघात पर्ने वा हेप्ने होच्याउने किसिमका प्रस्तुति गर्न नपाइने आचार संहिता बारे जानकारी गराउनुहोस् ।

- बोलाइ खण्डको अभ्यास ३ लाई फलाटिन पाटीमा टा“सी छलफल गर्न ५ मिनेटको समय दिनुहोस् ।

- इच्छुक विद्यार्थीलाई प्रश्न अनुसार उर्गेन र प्रमिलाको भूमिकामा रहने गरी दुई जनाको एक समूह बनाउनुहोस् ।

- आजको कक्षा प्रस्तुतिमा सर्वोत्कृष्ट कुनै एक समूहलाई पुरस्कृत गरिने जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २**

- प्रत्येक समूहलाई कक्षाको अग्र भागमा गई हाउभाउसहितको कुराकानी गर्न प्रदर्शन गर्न ५ मिनेटको समय दिनुहोस् ।

- विद्यार्थीको समूह प्रस्तुतिपछि सुधारा लागि आवश्यक सुझाव माग्नुहोस् ।

- विद्यार्थीको सक्रियतालाई प्रोत्साहन गर्दै ताली बजाउन निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- आजको कक्षा प्रस्तुतिमा कुन समूहको प्रस्तुति किन राम्रो लाग्यो भन्नेबारेमा छलफल गराई अन्य समूहलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- क्रियाकलाप ३ मा आधारित रहेर कक्षा प्रस्तुतिको उत्कृष्ट समूह घोषणा गर्नुहोस् । उक्त समूहलाई भोलिको प्रार्थना समयमा प्रधानाध्यापकबाट पुरस्कार प्रदान गरिने जानकारी दिनुहोस् ।

५. **गृहकार्य**

- बोलाइ खण्डको अभ्यास न. ४ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  भाव विस्तार गरिएको नमुना ।

| दिन : छैठौं“ |
|---|

पाठ्य वस्तु : कार्यमूलक व्याकरण



Draft

**अपेक्षित सिप विकास : कृदन्त र तद्धितान्त शब्दहरूको पहिचान र प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) कृदन्त शब्दहरूको पहिचान गरी प्रयोग गर्न

(ख) तद्धितान्त शब्दहरूको पहिचान गरी प्रयोग गर्न

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, कृदन्त र तद्धितान्त शब्दहरूको संरचना सूची, गोजी तालिका ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) उत्प्रेरणा

- विद्यार्थीहरूलाई स्वतः स्फूर्त रूपमा आफूभित्र रहेका विशेष प्रतिभा प्रदर्शन गर्न केही समय दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलाप शैक्षणिक पाटीमा उल्लेख गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

क्रियाकलाप १

- सर्वप्रथम व्याकरण सिकाइलाई विद्यार्थीले व्यवहार गर्ने भाषामा उनीहरूको सक्रिय सहभागितामा सिकाइ सहजीकरण गर्न आफू पूर्ण रूपमा तयार रहनुहोस् । यसै क्रममा कृदन्त र तद्धितान्त शब्द निर्माण प्रक्रियाबारे सिकाइ सहजीकरणका लागि आगमन विधिलाई भरपुर रूपमा उपयोग गर्नुहोस् ।
- आफूले शैक्षणिक सामग्रीका रूपमा लगेका कृदन्त र तद्धितान्त शब्दहरूका शब्द निर्माण प्रक्रिया लेखिएको शब्दपत्ती प्रदर्शन गर्नुहोस् ।

| उदाहरण | | | |
|---|---|---|---|
| कृदन्त शब्द | निर्माण प्रक्रिया | तद्धितान्त शब्द | निर्माण प्रक्रिया |
| बुझक्कड | बुझ्+अक्कड | लेकाली | लेक+आली |
| बोलक्कड | बोल्+अक्कड | हरियाली | हरियो+आली |
| थुनुवा | थुन्+उवा | गरिबी | गरिब+ई |
| बढुवा | बढ्+उवा | बाहिरी | बाहिर+ई |
| हँसिलो | हा“स्+इलो | सुनौलो | सुन+औलो |
| पोसिलो | पोस्+इलो | ठट्यौलो | ठट्टा+औलो |

- विद्यार्थीहरूलाई शैक्षणिक सामग्रीमा आधारित भई कृदन्त र तद्धितान्त शब्दबारे छलफल गराउनुहोस् ।



Draft

**क्रियाकलाप २**

- सिकाइ सहजीकरण कार्यमूलक भएको सुनिश्चित गर्नुहोस् ।
- व्याकरण खण्डको अभ्यास न. ३ छलफल गरी समूह कार्य गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- निर्धारित समय सकिएपछि समूह समूहबिच कापी साटासाट गरी मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- विद्यार्थीका कार्यहरूको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूद्वारा गरिएका सकारात्मक पक्षलाई प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षलाई पृष्ठपोषणसहित बताउनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षा कार्यकलापलाई साफी लेखन गराई प्रदर्शन पाटमिा टा“स्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. **गृहकार्य**

- व्याकरण खण्डको अभ्यास न. ४ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  तिन ओटै कालका अपूर्ण पक्षहरूको अनुच्छेद ।

Draft

## दिन : सातौ“

पाठ्य वस्तु : कार्यमूलक व्याकरण

**अपेक्षित सिप विकास: अपूर्ण पक्षहरूको पहिचान र प्रयोग**

१. **विशिष्ट उद्देश्य**

(क) तिन ओटै कालका अपूर्ण पक्षहरूको पहिचान र प्रयोग

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, तिन ओटै कालका अपूर्ण पक्षहरूको अनुच्छेद पत्ती र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- विद्यार्थीलाई मनपर्ने कार्टुनको बारेमा बताउन लगाई उत्प्रेरणात्मक कार्य सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा सिकिने मुख्य मुख्य कार्यबारे जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूले अघिल्ला पाठमा कालका विभिन्न पक्षहरूस“ग सम्बन्धित क्रियापद पहिचान गर्न सिकिसकेका छन् । त्यसलाई पुनरावृत्ति गराउनुहोस् ।
- विद्यार्थीहरूलाई भाषिक, सांस्कृतिक, लैङ्गिक, सिकाइको गति ढिला भएका आदिका आधारमा समावेशी ढङ्गले समूह विभाजन गराउनुहोस् ।
- आफूले शैक्षणिक सामग्रीका रूपमा लगेका तिन ओटै कालका अपूर्ण पक्षहरूस“ग सम्बन्धित अनुच्छेद पत्ती समूहमा बा“ड्नुहोस् ।

**क्रियाकलाप २**

- समूहमा बाँडिएको अनुच्छेद पत्तीलाई पढी छलफल गर्दै दै/तै लागेर बनेका क्रियापदमा रेखाङ्कन गर्न १० मिनेटको समय दिनुहोस् ।
- निर्धारित समयको समाप्तीपछि अनुच्छेद पत्तीलाई समूह समूहबिच साटासाट गराई मूल्याङ्कन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीहरूलाई आवश्यक सहजीकरण गर्नु होस् ।

४. **प्रतिबिम्बन**

व्याकरण खण्डको अभ्यास न. ६ लाई कक्षाकार्य गर्न लगाई प्रतिबिम्बन लिनुहोस् ।

५. **गृहकार्य**

- व्याकरण खण्डको अभ्यास न. ७ र ८ घरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  कथाका बु“दाहरू लेखिएको कार्डबोर्ड ।

| दिन : आठौं“ |
|---|

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (कथा लेखन)

**अपेक्षित सिप विकास: लेखाइ**

Draft

१. **विशिष्ट उद्देश्य**

(क) निर्देशित बु“दाहरूका आधारमा शीर्षकीकरण गरी कथा लेख्न ।

२. **शैक्षणिक सामग्री**

- कथाका बु“दाहरू लेखिएको कार्डबोर्ड र फलाटिन पाटी ।

३. **सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई उनीहरूले सुनेका छोटो घतलाग्दो कथा भन्न लगाई उत्प्रेरणा जगाउनुहोस् । आजको घन्टीमा गरिने मुख्य क्रियाकलापको बारेमा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शैक्षणिक सामग्रीको रूपमा लगेको कथाका बु“दाहरूका आधारमा कथा सुनाई विद्यार्थीहरूलाई शीर्षकीकरण गर्न निर्देशन दिनुहोस् ।

नमुना शैक्षणिक सामग्री

**कथाका बु“दाहरू**

राजा अकबरलाई राजसभामा बस्दा बस्दै विक्रमबाट गीत सुन्ने इच्छा जाग्नु –विक्रमले उनको आज्ञा मान्नु–राजसभामा ताली बज्नु –कुनामा वीरबल चुपचाप बसेको देखेर राजाले कारण सोध्नु–राज सभामा आफ्नो कुनै काम नभएकाले आफूलाई दिक्क लागेको कुरा वीरबलले बताउनु –यसपछि राजा अकबर र मन्त्री वीरबलबिच भनाभन चल्नु –राज सभा स्तब्ध हुनु–वीरबलले आफ्नो राजको चिन्ता हटाउन म जे गर्न पनि तयार छु भन्ने बताउनु –आजको राजसभा यही अन्त्य हुनु –भोलिपल्ट राज सभामा अर्कै प्रसङ्गमा छलफल चल्नु –रात रहे अग्राख पलाउ“छ भन्ने सन्देश ।

**क्रियाकलाप २**

- पाठको सिर्जनात्मक कार्यको अभ्यास न. १ मा आधारित भएर छलफल गरी बु“दा निर्माण गर्न १० मिनेटको समय दिनुहोस् ।
- निर्धारित समयपछि उक्त बु“दाहरूमा छलफल गराउनुहोस् ।
- सबै समूहका बु“दाका भाव समेटिने गरी सङ्गठित बु“दालाई शैक्षणिक पाटीमा टिप्नुहोस् ।

**क्रियाकलाप ३**

Draft

- शैक्षणिक पाटीको बु“दाहरूको आधारमा शीर्षकीकरण सहित वर्णन गर्न १० मिनेटको समय दिनुहोस् । त्यसपछि समूह नेताबाट कक्षा प्रस्तुतीकरण गर्न निर्देशन दिनुहोस् ।
- सबै समूहबाट कथा प्रस्तुतीकरण भएपछि सुधारका लागि आवश्यक सुझाव दिनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूबाट गरिएको सकारात्मक व्यवहारको प्रशंसा गर्दै उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

आजको समूह कार्यमा रचना गरिएको उत्कृष्ट दुई ओटा कथाहरूलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् ।

५. **सिर्जनात्मक कार्य :**

- पाठको सिर्जनात्मक कार्य खण्डको अभ्यास न. २ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  तार्किक प्रश्नहरूको सूची ।

| दिन : नवौं“ |
|---|

पाठ्य वस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)

**अपेक्षित सिप विकास: लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठका प्रमुख पात्र/घटना/सन्दर्भस“ग सम्बन्धित भएर तर्कपूर्ण उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, प्रश्नहरूको सूची र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- अगिल्लो दिनको गृहकार्य/परियोजना कार्यलाई कक्षा प्रस्तुति गर्न लगाएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- आजको कक्षामा गरिने मुख्य क्रियाकलापलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**



Draft

**क्रियाकलाप १**

- कक्षाको बसाइ व्यवस्थापन सम्पूर्ण रूपमा समावेशी भएको सुनिश्चित गर्नुहोस् ।

**क्रियाकलाप २**

- शैक्षणिक सामग्रीको रूपमा लगिएको प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् । उदाहरण :

  १) डाक्टर कमलले आफ्नो व्यक्तित्व निर्माणका क्रममा गरेका सङ्घर्षबारे आफ्नो धारणा लेख्नुहोस् ।

  २) यदि तपाईं डाक्टर कमलको ठाउ“मा भएको भए के गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् ।

- माथिका प्रश्नहरूमा आधारित भएर छलफल गर्न १० मिनेटको समय दिनुहोस् ।

**क्रियाकलाप ३**

- शैक्षणिक सामग्रीको प्रश्न न. १ मा आधारित भई समूह कार्य गर्न १५ मिनेटको समय दिनुहोस् ।

- निर्धारित समय सकिएपछि कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बा“की विद्यार्थीलाई ध्यानपूर्वक सुनी सुधारका लागि टिप्पणी गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीहरूबाटै सुधारको लागि निष्कर्षमा पुऱ्याउनुहोस् ।

४. **प्रतिबिम्बन**

- शैक्षणिक सामग्रीको प्र. न. २ को उत्तर लेख्न लगाई आपसमा कापी साटासाट गरी समीक्षा गर्न निर्देशन दिएर प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

| दिन : दसौ“ |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास: पाठगत उपलब्धि परीक्षण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ॥

२. **शैक्षणिक सामग्री**

- प्रश्नपत्र, उत्तर पुस्तिका र निरन्तर मूल्याङ्कन अभिलेख ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**



Draft

- विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालनबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

**एकाइ परीक्षा**

| | | | |
|---|---|---|---|
| **कक्षा** : ९ | **एकाइ :** | डाक्टर अङ्कल | **पूर्णाङ्क** :२५ |
| | **विषय :** | नेपाली | **उत्तीर्णाङ्क** : १० |
| | | | **समय** : ३५ मिनेट |

**खण्ड क**

**सुनाइ र बोलाइ**

१. **तलका प्रश्नहरूको जवाफ दिनुहोस् : (५)**

(क) कथाको दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् : (२)

(अ) जाडाका दिन मात्रै केटाकेटीहरू ल्यापटप र आइप्याडमा झुत्ती खेल्छन् ।

(आ) सुनिताले हजुरबुबा र हजुरआमाबाट कथा सुन्न पाएकी थिइन ।

(ख) ‵डा. कमल अङ्कल’ कथालाई सारांशमा प्रस्तुत गर्नुहोस् । (३)

**खण्ड ख**

**पढाइ र लेखाइ**

२. **तलका शब्दहरूको निर्माण प्रक्रिया देखाउनुहोस् : (५)**

चम्किलो, खेलाडी, हिमाली, अंशियार, मिसावट

३. **सङ्क्षिप्त उत्तर लेख्नुहोस् :** (५)

(क) बाल बालिकाको चरित्र निर्माणमा अभिभावकको भूमिका कस्तो हुनुपर्छ ?

४. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**(५)

(क) सबै दुर्दशा खपेर भए पनि ऊ विद्यालयमा पढ्थ्यो र आफ्ना बाबुस“ग घरमा नै बस्थ्यो ।

५. **तल दिइएका बु“दाहरूका आधारमा कथा लेख्नुहोस् : (५)**

एउटा भोकाएको स्याल.....बाटामा पाकेका अङ्गुर........टिप्न धेरै कोसिस

Draft

| |
|---|
| गरेको.........असफल...........अङ्गुरलाई अमिला छन् भनेर हिँडेको.........सामर्थ्य नभएमा सबै प्रयास बेकाम हुने ।<br>**नोटः** धेरै विद्यार्थी भएको कक्षामा सुनाइ र बोलाइको परीक्षण समूह समूहबिच गराउन सकिन्छ । |

**क्रियाकलाप २**

- माथिका अन्य एकाइमा प्रयोग गरेको साधनको प्रयोग गरी विद्यार्थीको निरन्तर मूल्याङ्कनको अभिलेख राख्नुहोस् ।

### ४. प्रतिबिम्बन

- परीक्षा सकिएपछि विद्यार्थीहरूस“ग अन्तरक्रिया गरी आजको परीक्षा कार्यक्रमको बारेमा छलफल गर्नुहोस् ।

## पाठ बार

पाठ शीर्षक : आङसान सुकी (जीवनी)

**एकाइगत पाठ्य वस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | एकाग्र सुनाइ र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | १ |
| ४. | वर्ण विन्यास र शब्द भण्डार | १ |
| ५. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ६. | व्याख्या लेखन | १ |
| ७. | व्याकरण (समस्त शब्द र विग्रह पहिचान) | १ |
| ८. | व्याकरण ( सबै कालका पूर्ण पक्षहरूको पहिचान) | १ |
| ९. | सिर्जनात्मक कार्य (जीवनी लेखन) र स्वतन्त्र लेखन | १ |

Draft

| | | |
|---|---|---|
| १०. | निरन्तर मूल्याङ्कन | १ |
| | जम्मा | १० |

| दिन : पहिलो |
|---|

पाठ्य वस्तु : एकाग्र सुनाइ र शुद्ध उच्चारण

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ**

१. **विशिष्ट उद्देश्य**

(क) ‘आङसान सुकी’ जीवनीका अनुच्छेद सुनेर सोधिएका प्रश्नहरूको उत्तर दिन ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न :

स्वतन्त्रता, कार्यान्वयन, प्रजातन्त्र, स्थयित्व, प्रतिबन्ध, अन्तर्राष्ट्रिय, शरणार्थी ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक र शब्द पत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- तिन मिनेटको समय दिई व्यक्तिगत रूपमा द्रुत लेखन ९त्तगष्अप धचष्तभ० गर्न लगाउनुहोस् । जसले धेरै शब्द चाँडो लेख्यो उसलाई सबैले थपडी बजाएर सम्मान गर्न लगाउनुहोस् ।

- त्यस घन्टीभरि गरिने मुख्य क्रियाकलापहरू शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् र पाठ्य वस्तुको प्रस्तुतीकरण गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले पाठको दोस्रो अनुच्छेद सबैले सुनिने गरी ढिलो गतिमा दुई पटकसम्म पढ्नुहोस् र विद्यार्थीहरूलाई एकाग्र भएर सुन्न निर्देश गर्नुहोस् । त्यसपछि सुनाइ अभ्यासको प्रश्न न. १ को अभ्यसमा दिइएका प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

Draft

- विद्यार्थीहरूमध्येबाट पाठको चौथो र पा“चौं अनुच्छेद सबैले सुनिने गरी द्रुत गतिमा पढ्न लगाउनुहोस् र विद्यार्थीहरूलाई एकाग्र भएर सुन्न निर्देश गर्नुहोस् । त्यसपछि सुनाइ अभ्यासको प्रश्न न. २ को अभ्यसमा दिइएका ठिक बेठिक प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पाठलाई मौन वाचन गर्न निर्देशन दिनुहोस् । उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी टिपोट गर्न १५ मिनेटको समय दिनुहोस् । सोपछि विद्यार्थीलाई उच्चारणगत कठिनाइ भएका शब्दरू माग गरी शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरूको पालैपालो विद्यार्थीहरूबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउ“दा आफूले लगेको शब्द पत्ती पनि प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

- इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी कठिनाई भएका विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउ“दा उनीहरूको उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

- सुस्त श्रवण भएका विद्यार्थीको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् अथवा उनीहरूलाई ती शब्दहरूलाई अनुलेखन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ४**

- पाठको पहिलो अनुच्छेद गहन पठन गर्न २ मिनेटको समय दिनुहोस् र बोलाइ अभ्यासका प्रश्न न. २ को प्रश्न सोधी विद्यार्थीहरूलाई आआफ्नो धारणा राख्न लगाउनुहोस् ।

- विद्यार्थीले गरेका हरेक क्रियाकलापहरूको अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिई कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन**

- निम्न लिखित प्रश्नहरू सबै विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

  तपाईंले आज उच्चारण गर्न सिकेका नया“ शब्दहरूको सूची बनाई नजिकको साथीलाई सुनाउनुहोस् ।

**५. गृहकार्य**

- बोलाइ अभ्यासको प्रश्न न. ५ का लागि आवश्यक बु“दाहरू घरबाट टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको पूर्व तयारी गर्नुहोस् :

  (क) न्युज प्रिन्टमा लेखिएको निम्न लिखित शब्दहरूको शब्दार्थ सूची :

  टिप्पणी, दुर्दशा, अहोरात्र, शास्त्र, अवलम्बन, कृति, विमर्श ।

  (ख) न्युजप्रिन्टमा निम्न लिखित शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गरिएको वाक्य सूची :

  घातक, दायित्व, आह्वान, भर्त्सना, राशि, संशोधन, अभिनन्दन ।

| दिन : दोस्रो |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको अर्थ बताउन :

टिप्पणी, दुर्दशा, अहोरात्र, शास्त्र, अवलम्बन, कृति, विमर्श ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न :

घातक, दायित्व, आह्वान, भर्त्सना, राशि, संशोधन, अभिनन्दन ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, शब्दार्थ सूची, वाक्य सूची ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाई १० मिनेटको समय दिई 'आङ सान सुकी ' जीवनी मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया“ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।

- विद्यार्थीहरूले टिपोट गरेका नया“ शब्दहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा आफूले लगेको शब्दार्थ सूचीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- आफूले वाक्यमा प्रयोग गरी लगेको वाक्य सूची प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि उद्देश्य महलमा दिइएका लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् ।

- विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई आज अध्ययन गरेको पाठबाट एउटा एउटा शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् र सो काम सकेपछि कक्षाका जुनसुकै साथीलाई पनि सो शब्द दिन सकिने र सो साथीले वाक्य बनाएर सुनाउनुपर्ने नियम राखी दिनुहोस् । स्मरण रहोस् प्रत्येक विद्यार्थीको सहभागिताका लागि एक पटक प्रश्न दिएको साथीलाई पुनः अर्को साथीले प्रश्न दिन नपाइने नियम पनि राख्नुहोस् ।

- साथीले दिएको उत्तर मिल्यो वा मिलेन भन्ने निर्णय गर्न प्रश्न सोध्ने साथीलाई नै लगाउनुहोस् । कहिलेकाँही प्रश्नकर्ताको निर्णय गलत पनि हुन सक्छ । यस विषयमा अन्य साथीहरूलाई निर्णय गर्ने अधिकार दिनुहोस् ।

- यदि कक्षामा धेरै नै विद्यार्थी भएमा यस्तो क्रियाकलाप एक बेन्चले प्रश्न बनाई अर्को कुनै बेन्चलाई उत्तर दिनुपर्ने गरी प्रतिबिम्बन क्रियाकलाप सञ्चालन गर्न सक्नुहुन्छ ।

**५. परियोजना कार्य**

- पाठको परियोजना कार्य खण्डको प्रश्न नं १ को कार्य घरबाट गरेर ल्याई प्रदर्शन पाटीमा टा“स्न निर्देशन दिनुहोस् ।

Draft

दिन : तेस्रो

पाठ्य वस्तु : पठन बोध

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठका विषय वस्तु सस्वर पठन गरी सो सम्बन्धी सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- बोलाइ अभ्यासका प्रश्न न. ४,५ र ६ पढ्न निर्देशन दिनुहोस् र तीमध्ये आफूलाई मन परेका विषयमा आफ्ना मौखिक अभिव्यक्ति राख्न दुई मिनेटको समय दिई विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सुरुमा कथाका कुनै दुई अनुच्छेद शुद्ध र स्पष्टस“ग आदर्श वाचन गरी सुनाउनुहोस् । सस्वर वाचनको उपयुक्त वातावरण निर्माणका लागि गति र यतिका बारेमा आवश्यक निर्देशनहरू दिनुहोस् ।

- त्यसपछि विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद शुद्ध र स्पष्टस“ग सस्वर वाचन निर्देशन दिनुहोस् । एउटा साथीले वाचन गर्दा बा“की साथीलाई शुद्ध र स्पष्टस“ग उच्चारण गरे नगरेको ध्यानपूर्वक सुन्न र गल्ती हुनासाथ रोकेर विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पाठको आठौ“ र नवौ“ अनुच्छेद मौन पठन गर्न निर्देशन दिनुहोस् र विद्यार्थीहरूलाई पढाइ अभ्यासको प्रश्न न. ३ का प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबैको क्रियाकलापको अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । अन्त्यमा ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी पढाइ अभ्यासको प्रश्न नं ४ र ५ का क्रियाकलापहरू गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबैको क्रियाकलापको अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । अन्त्यमा ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

- विद्यार्थीले गरेका हरेक क्रियाकलापहरूको अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिई कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- आफ्नो नजिकैको साथीको कापीमा ‘आङ सान सुकी’ जीवनीबाट को, के, कहिले, कहा“, कति, कसले, कसलाई , किन, कसरी, कस्तो, प्रश्नार्थक शब्द राखी एउटा एउटा वाक्य निर्माण गर्न दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. २ को उत्तर घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :
  - (क) निम्न लिखित शब्दहरूको विपरीतार्थक शब्द पत्ती :

    शान्ति , मुक्त , मानव , नियमित , स्वतन्त्र , संस्कार , क्रम ।
  - (ख) निम्न लिखित शब्दहरूको पर्यायवाची शब्द पत्ती :

    पिता , मृत्यु , प्रारम्भ , जागिर , उद्देश्य , कृति , सङ्कलन ।
  - (ग) निम्न लिखित अनेकार्थक शब्दहरूलाई फरक फरक अर्थ आउने वाक्य पत्ती :

    बाबु , श्रीमान् , अधिकारी , काम , गाली , दल ।
  - (घ) निम्न लिखित प्राविधिक तथा पारिभाषिक शब्दहरूलाई वाक्यमा प्रयोग गरिएको वाक्य सूची

    उपनिवेश, राजदूत, नजरबन्द, समाजवाद, सरकार, सभासद् ,पुनर्बहाली ।
  - (ङ) लेखाइ अभ्यासको प्रश्न न. ७ मा भएको अशुद्ध अनुच्छेदलाई शुद्ध पारी लेखिएको चार्ट ।

दिन : चौथो

पाठ्य वस्तु : हिज्जे र शब्द भण्डार

**अपेक्षित सिप विकास : वर्ण विन्यास र शब्द भण्डार**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त हलन्त शब्द खोजी टिपोट गरी सही उच्चारण गर्न

(ख) पाठमा प्रयुक्त अन्तिम अक्षर ह्रस्व भएका शब्दहरू टिपोट गर्न

(ग) पाठबाट ॅष' लागेका शब्दहरू टिपोट गर्न

(घ) निम्न लिखित शब्दहरूको विपरीतार्थक शब्द भन्न :

शान्ति, मुक्त, मानव, नियमित, स्वतन्त्र, संस्कार, क्रम ।

(ङ) निम्न लिखित शब्दहरूको पर्यायवाची शब्द भन्न :

पिता, मृत्यु, प्रारम्भ, जागिर, उद्देश्य, कृति, सङ्कलन ।

(च) निम्न लिखित अनेकार्थक शब्दहरूलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न

बाबु, श्रीमान्, अधिकारी, काम, गाली, दल ।

(छ) पाठमा प्रयोग भएका प्राविधिक तथा पारिभाषिक शब्दहरू पहिचान गरी वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षणिक सामग्री**

- विपरीतार्थक , पर्यायवाची र अनेकार्थक शब्दहरूको शब्दपत्ती , प्राविधिक तथा पारिभाषिक शब्दहरूलाई वाक्यमा प्रयोग गरिएको नमुना वाक्य , गोजी तालिका र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा"की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा"स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**



Draft

- विद्यार्थीहरूलाई 'आङसान सुकी' पाठमा प्रयुक्त हलन्त लागेका शब्द मात्र टिपोट गर्न लगाउनुहोस् र ती शब्दहरूलाई दुई तिन पटक उच्चारण अभ्यास गराउनुहोस् ।

- पाठमा प्रयुक्त अन्तिम अक्षर ह्रस्व भएका शब्द मात्र खोजी टिपोट गर्न लगाउनुहोस् । ती अक्षरहरू ह्रस्व लेखिनुका कारणबारे छलफल गराई निष्कर्ष दिनुहोस् ।

- पाठमा प्रयुक्त 'ष' लागेका शब्द मात्र खोजी टिपोट गर्न लगाउनुहोस् । ती शब्दमा 'ष' को प्रयोग गरिनुका बारेमा छलफल गराई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप २**

- प्रत्येक विद्यार्थीलाई लेखाइ अभ्यासको प्रश्न न. ७ को क्रियाकलाप गर्नका लागि ५ मिनेटको समय दिनुहोस् र समय समाप्त भएपछि आफूले सच्याई शुद्ध पारी लेखेर लगेको समग्री प्रदर्शन गरी आआफ्नो कापीमा सच्याउन निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता पनि छान्न निर्देशन दिनुहोस् । त्यसपछि उद्देश्य महलको (घ) , (ङ) र (च) न. का क्रियाकलापहरू गर्न १० मिनेटको समय तोकी उत्तर लेखनका लागि निर्देशन दिनुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि सबै समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई लेखाइ अभ्यासको प्रश्न न. ४ को क्रियाकलाप गराउनुहोस् र आफूले लगेको प्राविधिक तथा पारिभाषिक शब्द प्रयोग भएका वाक्य सूची प्रदर्शन गरी त्यस्ता शब्दहरूका बारेमा थप जानकारी दिनुहोस् ।

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा बसी लेखाइ अभ्यासको प्रश्न न. ५ को क्रियाकलाप गर्न निर्देश गर्नुहोस् । समय समाप्त भएपछि एक अपसको समूहमा कापी साटासाट गरी मूल्याङ्कन कार्य समेत सम्पन्न गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले गरेका कार्यहरूको सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई समग्रमा  पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन**

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका नया“ कुराहरूका बारेमा आफ्नो नजिकको साथीस“ग छलफल गर्ने केही समय दिनुहोस् ।

**५. परियोजना कार्य**

- पाठ्य पुस्तकको परियोजना कार्यको प्रश्न न. २ को कार्य गरेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  जीवनी पाठबाट कुनै एक पश्नको सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

| दिन : पा“चौं |
|---|

पाठ्य वस्तु : सङ्क्षिप्त उत्तर लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) जीवनी पढेको आधारमा सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , प्रश्न सूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- मस्तिष्क मन्थन सम्बन्धी प्रश्न वा कुनै एक गाउ“खाने कथाको अर्थ सोधेर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- त्यसपछि गत दिनको परियोजना कार्य केही विद्यार्थीबाट सुनाउन लगाउनुहोस् ।
- आजको दिनमा गरिने क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देश गर्नुहोस् । आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र आवश्यक थप प्रबोधीकरण गर्नुहोस् ।
- लेखाइ अभ्यासको प्रश्न न. १ मा दिइएका (क) देखि (च) सम्मका ६ ओटा प्रश्नहरूमध्ये प्रति समूह दुई ओटा प्रश्न मात्र पर्ने गरी २० मिनेटभित्र दुबै प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।

Draft

- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई ‘आङ सान सुकी’ (जीवनी) पाठबाट कुनै एक सङ्क्षिप्त उत्तर आउने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई प्रतिबिम्बन गर्ने कार्य सम्पन्न गर्नुहोस् ।

५. **परियोजना कार्य**

- विद्यार्थीलाई तलको कार्य गर्ने परियोजना कार्य दिनुहोस् :

  समाजमा प्रचलित कुनै दुई ओटा चुट्किला खोजेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउँदो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  ‘आङ सान सुकी’ (जीवनी) पाठबाट कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरिएको नमुना

दिन : छैठौँ

पाठ्य वस्तु : व्याख्या लेखन

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) जीवनी पाठभित्रका विशिष्ट पङक्तिहरूको व्याख्या गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक र व्याख्या गरिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणात्मक क्रियाकलाप**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

Draft

- आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले लगेको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र व्याख्या गर्ने तरिकाका र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

- अन्त्यमा व्याख्या गर्ने तरिका बारेमा लघु प्रवचन दिई स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र २० मिनेटको समय तोकी प्रत्येक समूहलाई लेखाइ अभ्यासको प्रश्न न. ३ मा दिइएका दुई उद्धरणहरूको व्याख्या गर्ने काम दिनुहोस् ।

- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थी समूहबाट लिखित सामग्री एक अर्का समूहमा साटासाट गर्न निर्देशन दिनुहोस् र त्यसमा भएका वर्ण विन्यासगत त्रुटिहरू सच्याउन लगाउनुहोस् । सच्याउने क्रममा वि्यार्थीलाई पनि अलमल वा समस्या पर्न सक्छ, यस अवस्थामा शिक्षकस“ग सोधेर सच्याउन सक्ने समय दिई सहजीकरण गर्नुहोस् ।

- अन्त्यमा त्यस दिनको कक्षामा विद्यार्थीले प्रदर्शन गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूका बारेमा समग्रमा (व्यक्ति नतोकी) आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- व्याख्या गर्ने र भावविस्तार गर्ने कार्यमा के कस्तो समानता रहेछ भन्ने कुरामा विद्यार्थीहरूका बिचमा अनुभव आदान प्रदान गर्ने अवसर दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. ६ को निर्देशनअनुसारको काम घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :
  समासका प्रकारसहित समस्त शब्द र यसको विग्रह रूपका बारेको चार्ट ।

| दिन : सातौ“ |
|---|

पाठ्य वस्तु : समस्त शब्द र विग्रह पहिचान

**अपेक्षित सिप विकास : व्याकरण (शब्द निर्माण प्रक्रिया)**

१. **विशिष्ट उद्देश्य :**

(क) जीवनी पाठभित्रका विशिष्ट पङक्तिहरूको व्याख्या गर्न ।

२. शैक्षणिक सामग्री

पाठ्य पुस्तक र समासका प्रकार सहित समस्त शब्द र यसको विग्रह रूपका बारेको चार्ट ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।
- आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी १० मिनेटको समय दिई व्याकरण खण्डको प्रश्न न. १ को विषय वस्तु अध्ययन गरेर यताउति हि“ड्दै अन्तरक्रिया गर्ने ९ध्वपि बचयगलमरतबपि बचयगलम० विधिको प्रयोग गरीत्यस्तै प्रकृतिका पा“च पा“च ओटा शब्दहरू खोजेर कापीमा टिप्न निर्देशन दिनुहोस् । सो समूह कार्य हुँदै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा समासका प्रकार सहित समस्त शब्द र यसको विग्रह रूपका बारेमा लगेको शैक्षणिक सामग्री प्रदर्शन गरी समासबाट शब्द निर्माण हुने प्रक्रियालाई समेत स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र २० मिनेटको समय तोकी प्रत्येक समूहलाई व्याकरण खण्डको प्रश्न न. २, ३ र ४ मा दिइएका अभ्यासहरू गर्न निर्देशन दिनुहोस् ।

- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई आफूले लगेको समस्त शब्द र विग्रह शब्दहरू प्रदर्शन गर्नुहोस् र त्समा समस्त शब्द भए विग्रह गर्न र विग्रह भए समस्त शब्द बनाउन प्रत्येक विद्यार्थीलाई प्रश्न सोध्नुहोस् । यस्तो प्रश्नको उत्तर ठिक भए नभएको मूल्याङ्कन र सुधार गर्न विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरूले पनि उत्तर दिन नसकेको अवस्थामा आफूले सुधार गरी भन्नुहोस् ।

- अन्त्यमा त्यस दिनको कक्षामा विद्यार्थीले गरेका कार्यहरूको सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरूका बारेमा समग्रमा (व्यक्ति नतोकी) आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आज गरेका क्रियाकलापका अनुभवका आधारमा विद्यार्थीहरूलाई आज अध्ययन गरेको बाहेकका एक एक ओटा समस्त शब्द र एक ओटा विग्रह रूप सोचेर साथीको कापीमा लेख्न निर्देशन दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- फरक फरक समस्त शब्द प्रयोग भएका चार चार ओटा वाक्य लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- सबै कालका पूर्ण पक्षहरूको उदाहरण चार्ट ।

Draft

| दिन : आठौँ“ |
|---|

पाठ्य वस्तु : व्याकरण (सबै कालका पूर्ण पक्षहरूको पहिचान)

**अपेक्षित सिप विकास : भाषातत्त्व (कालका पूर्ण पक्ष)**

**१. विशिष्ट उद्देश्य**

(क) सबै कालका पूर्ण पक्षहरूको पहिचान गर्न ।

(ख) अज्ञात र अभ्यस्त पक्ष प्रयोग भएका वाक्यहरूको निर्माण गर्न ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक र सबै कालका पूर्ण पक्षहरूको उदाहरण चार्ट ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- केही विद्यार्थीहरूलाई गत कक्षाको गृह कार्य प्रस्तुतीकरण गर्न लगाउनुहोस् र त्यसका सबल पक्षहरूका बारेमा छलफल चलाई आज गरिने मुख्य क्रियाकलापहरूको जानकारी दिई उत्प्रेरणा जगाउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले लगेको कालका सबै कालका पूर्ण पक्षहरूको उदाहरण चार्ट प्रदर्शन गर्नुहोस् र अध्ययनका लागि केही समय दिनुहोस् । त्यसपछि सो सम्बन्धमा अस्पष्ट भएका कुराहरू सोध्न विद्यार्थीहरूलाई आग्रह गर्नुहोस् । विद्यार्थीहरूबाट आएका हरेक प्रश्नहरूको उत्तरलाई आवश्यक परेमा थप उदाहरणहरू समेत दिई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- क्रियाकलाप १ मा अध्ययन गरेका र पाठ्य पुस्तकमा नै दिइएका उदाहरणका आधारमा प्रत्येक विद्यार्थीलाई व्याकरण खण्डको प्रश्न न. ५, ६, ७ र ८ का क्रियाकलापहरू गर्न १५ मिनेटको समय दिनुहोस् ।

- निर्धारित समयपछि विद्यार्थीहरूले गरेका कार्यहरू ठाउ“ ठाउ“बाट भन्न लगाउनुहोस् र बा“की विद्यार्थीलाई सुधार गर्नुपर्ने भएमा टिप्पणी गर्न लगाई आआफ्नो कापीमा समेत सुधार गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गरी व्याकरण खण्डको प्रश्न न. १० को उदाहरणहरू अध्ययन गर्न र सोच्ने, जोडी बनाउने र आदान प्रदान गर्ने ९त्जष्लप उबष्च कजबचभ० विधिको प्रयोग गरी सोही प्रकृतिका एक एक वाक्य निर्माण गर्न १२ मिनेटको समय दिनुहोस् । विद्यार्थीले क्रियाकलाप गरेको समयमा प्रत्येक स्थानको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्धारित समयपछि समूहले गरेका कार्यहरू ठाउ“ ठाउ“बाट भन्न लगाउनुहोस् र बा“की समूहलाई सुधार गर्नुपर्ने भएमा टिप्पणी गर्न लगाई आआफ्नो कापीमा समेत सुधार गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

- प्रत्येक विद्यार्थीलाई व्याकरण खण्डको प्रश्न न. ११ को निर्देशनबमोजिमको क्रियाकलाप गर्न ७ मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा प्रत्येक स्थानको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्धारित समयपछि एक आपसमा कापी साटासाट गरी साथीहरूबाट नै मूल्याङ्कन र सुधार गर्न निर्देशन दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई व्याकरण खण्डको प्रश्न न. ९ को क्रियाकलाप गर्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **सिर्जनात्मक कार्य**

- आफ्नो परिवारको उन्नतिका लागि विशेष योगदान पुऱ्याउने कुनै एक व्यक्तिको जीवनी लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  पाठ्य पुस्तक र निर्देशित लेखनका निमित्त जीवनीका बु“दाहरू र सोही बु“दाहरूको आधारमा जीवनी लेखिएको नमुना ।

Draft

| दिन : नवौं“ |
|---|

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (जीवनी लेखन)

**अपेक्षित सिप विकास : सिर्जनात्मक प्रतिभा प्रस्फुटन**

१. **विशिष्ट उद्देश्य**

(क) निर्देशित बु“दाहरूको आधारमा जीवनी लेख्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, निर्देशित लेखनका निमित्त जीवनीका बु‘‘दाहरू र सोही बु‘‘दाहरूको आधारमा जीवनी लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- विद्यार्थीले गत दिनमा गरेर ल्याएको सिर्जनात्मक कार्यलाई ठाउ‘‘ ठाउ‘‘बाट भन्न लगाउनुहोस् र उनीहरूले गरेका सकारात्मक कार्यहरूको प्रशंसा गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीलाई आफूले लगेको जीवनीका बु‘‘दाहरू र सोही बु‘‘दाहरूको आधारमा एउटा जीवनी लेखिएको नमुना प्रदर्शन गर्नुहोस् र जीवनी लेख्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । सो क्रममा विद्यार्थीहरूबाट आएका जिज्ञासाहरूको पूर्ति गर्नुहोस् । अन्त्यमा आफूले निबन्धको संरचनाका बारेमा थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- सिर्जनात्मक अभ्यासको प्रश्न न. २ को निर्देशित जीवनी लेखन अभ्यास गर्न १५ मिनेटको समय तोकी विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । विद्यार्थीहरूले लेखन कार्य गरेको समयमा सबै स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- लेखनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई आफूले लेखेको जीवनी ठाउ‘‘ ठाउ‘‘बाट भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई टिप्पणी गर्न लगाई सुधार गर्नुपर्ने भए सुझाव दिन प्रोत्सहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- ‘मान्नुहोस् कि तपाई‘‘ अपाङ्गता भएको व्यक्ति देशको शिक्षा मन्त्री हुनुहुन्छ भने तपाईंले अपाङ्गहरूका हक र हितका लागि के कस्ता शैक्षणिक अवसरहरू दिनुहुन्छ ? आफ्ना निजी विचारहरू दिनुहोस् ।’ भन्ने प्रश्न विद्यार्थीहरूलाई दिनुहोस् । लिखित रूपमा विचार प्रस्तुत गर्नका लागि १५ मिनेटको समय निर्धारण गर्नुहोस् ।

- विद्यार्थीले लेख्दै गर्दा तिनीहरूको कार्यको अवलोकन गरी आवश्यक स्थानमा सहजीकरण पनि गर्दै जानुहोस् ।

- तोकिएको समय समाप्त भएपछि ठाउ‘‘ ठाउ‘‘बाट सबैले सुन्ने गरी भन्न निर्देशन दिनुहोस् । सबैको प्रस्तुतिका लागि समय नपुगेमा उक्त सामग्रीलाई प्रदर्शन पाटीमा प्रदर्शन गर्न निर्देशन दिनुहोस् ।

Draft

४. **प्रतिविम्बन**

- आजको कार्यक्रमबाट कस्तो अनुभूति भयो ? भन्ने प्रश्न राखी विद्यार्थीहरूबाट प्रतिक्रिया लिनुहोस् ।

५. **परियोजना कार्य**

- आङ सान सुकीको जीवनी पढेर आफूमा उत्पन्न भएका सकारात्मक विचारहरू बु“दाका रूपमा टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  एकाइ परीक्षाका लागि प्रश्न पत्र र निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

Draft

| दिन : दसौ“ |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

**१. विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् :

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

| | | |
|---|---|---|
| विषय : नेपाली | एकाइ : आङसान सुकी | कक्षा : ९ |
| पूर्णाङ्क : २५ | उत्तीर्णाङ्क : १० | समय : ३५ मिनेट |

**खण्ड क**

सुनाइ र बोलाइ परीक्षण

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) रेडियो, एफएम वा टिभीबाट सुनेको कुनै एक विज्ञापन भन्नुहोस् ।

(क) आङसान सुकीका कुनै दुई ओटा असल चरित्रहरू के के छन् ? भन्नुहोस् ।

(ख) निम्न लिखित शब्दहरूलाई शुद्ध उच्चारण गरी सुनाउनुहोस् :

संस्थापक, संस्कृति, अवलम्बन, पुनर्बहाली, अलेक्जेन्डर ।

**खण्ड ख**

पढाइ र लेखाइ परीक्षण

२. तलका शब्दहरू समस्त भए विग्रह र विग्रह भए समस्त शब्द बनाउनुहोस् : २

त्रिकोण, भाइलाई मारा, वारिपारि, गहुँ जस्तै गोरी ।

३. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् : ३

| शब्द | अर्थ |
|---|---|
| निष्ठा | छलफल |
| संशोधन | पालना |
| प्रतिबन्ध | निहुँ |
| दायित्व | बन्देज |
| बहाना | कर्तव्य |
| विमर्श | आस्था |
| ....... | सुधार |

४. कोष्ठकमा दिइएका धातु सङ्केत र निर्देशन अनुसार तलका वाक्यहरूलाई पुरा गर्नुहोस् : ५

(क) आदर्श पोखरा ...........। ( जा, पूर्ण वर्तमान )

Draft

(ख) यस समयमा त तिमी ........। ( निदाउ, पूर्ण भविष्यत्)

(ग) चण्डिका समयमा नै घर .........। ( पुग्, पूर्ण भूत )

(घ) रोशन सधैं आफ्नो काममा व्यस्त ......। (हु, सामान्य भूत )

(ङ) एन्जिला अध्ययनमा रुचि ..........। ( राख्,अपूर्ण वर्तमान )

५. तलका मध्ये कुनै एकको व्याख्या गर्नुहोस : ५

(क) असफता नै सफलताको सिंढीं हो ।

(ख) अरूको भलो गर्नेहरू मात्र महान् हुन्छन् ।

६. तलका बु“दाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् : ५

नाम : माधवप्रसाद घिमिरे

जन्म : वि.सं. १९७६ आश्विन ७ गते, लम्जुङको पुस्तुन गाउ“

माता / पिता : द्रोपदी/गौरीशंकर घिमिरे

“ज्ञानपुञ्ज” नामक पहिलो कविता

संलग्नता : गोरखापत्रका सहायक सम्पादक, शिक्षक अध्यापक

: रोयल नेपाल एकेडेमीका संस्थापक सदस्य र उपकुलपति समेत भएका

कृतिहरू :

कविता सङ्ग्रह : नव मन्जरी, घामपानी, सुनपङ्खी चरी आदि

काव्य : राष्ट्र निर्माता राजेश्वरी, गौरी, आदि ।

गीति नाटक : शकुन्तला, मालती मङगले, विषकन्या आदि ।

काव्यात्मक विशेषता : स्वच्छन्दतावादी, मानवतावादी, राष्ट्रवादी, परिष्कारवादी कवि तथा गीतकार

सम्मान : त्रिभुवन पुरस्कार,साझा पुरस्कार आदि थुप्रै पुरस्कार, २०५३ सालमा सार्वजनिक अभिनन्दन, २०६० मा राष्ट्रकविको पदवी ।

*नोटः धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहमा गराउन सकिन्छ ।*

Draft

**क्रियाकलाप २**

निरन्तर मूल्याङ्कन अभिलेख :

- सुनाइ र बोलाइ सिपको परीक्षण सकेपछि विद्यार्थीले प्रश्नको उत्तर लेख्दै रहेको समयमा निम्न लिखित आधारमा प्रत्येक विद्यार्थीको पाठगत निरन्तर मूल्याङ्कन अभिलेख राख्नुहोस् :

| रो. न. | विद्यार्थीको नाम | निरन्तर मूल्याङ्कनका मुख्य आधारहरू | | | | | | प्राप्त रेजा | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी हाजिरी | कक्षा कार्यमा सहभागिता | परियोजना/गृह कार्य | सिर्जनात्मक कार्य | मौखिक तथा लिखित अभिव्यक्ति | व्यावहारिक परिवर्तन | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

निरन्तर मूल्याङ्कन गर्ने तरिका

| प्रत्येक कार्यमा रेजा दिने तरिका: | प्रतिशत निकाल्ने सूत्र : | रेजाका आधारमा क, ख, ग श्रेणीमा निकाल्ने तरिका : |
|---|---|---|
| धेरै राम्रो जान्नेलाई ✓✓✓ रेजा<br>मध्यम जान्नेलाई ✓✓ रेजा<br>सामान्य जान्नेलाई ✓ रेजा | विद्यार्थीले प्राप्त गरेको रेजा ह १००<br>मूल्याङ्कनका आधार सङ्ख्या ६ह ३ | ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - **क** श्रेणी<br>४० प्रतिशतदेखि ६९ प्रतिशतसम्म - **ख** श्रेणी<br>४० प्रतिशतभन्दा तल - **ग**श्रेणी |

## ४. प्रतिबिम्बन

Draft

- परीक्षा सकिएपछि अलग्गै पाना दिएर आजको परीक्षा कार्यक्रमको बारेमा आफ्नो प्रतिक्रिया लेख्नका लागि दिनुहोस् ।

५. **परियोजना कार्य (शिक्षकका लागि)**

- कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) १२ को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (पोर्टफोलियो) मा राख्नुहोस् ।

**एकाइ १२ का लागि थप सहयोगी सामग्री**

१. **द्रुत लेखन** ९त्तगष्अप धचष्तभ० **विधि :**

कुनै विषय वस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई निश्चित् समय तोकी व्यक्तिगत रूपमा छिटोछिटो लेख्न लगाउने ।

२. **सोच्ने, जोडी बनाउने र आदान प्रदान गर्ने** ९त्जष्लप उबष्च कजबचभ० **विधि :**

कुनै विषय वस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीस“ग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

३. **यताउति हि“ड्दै अन्तरक्रिया गर्ने** ९ध्बपि बचयगलमरतबपि बचयगलम० **विधि :**

समूहका सबै विद्यार्थीहरू आफ्नो विषय वस्तु/प्रश्न सम्बन्धी प्रश्न वा समस्याको उत्तरको खोजीका लागि यताउति जता पनि हि“ड्दै दुई वा सोभन्दा धेरै जनास“ग अन्तरक्रिया गर्न सक्ने र प्रश्नको उत्तर पत्ता लगाई आफ्नै समूहमा आई साझा उत्तर बनाई लेखेर प्रस्तुतीकरण गर्ने ।

४. **समासका प्रकार पहिचान (शैक्षणिक सामग्री)**

| समासको नाम | विग्रह रूप | समस्त शब्द |
|---|---|---|
| १.तत्पुरुष समास | भाइलाई मारा, डरले छेरुवा, रातमा अन्धो | भाइमारा, डरछेरुवा, रतन्धो |
| २.कर्मधारय समास | भानिज दाइ, ठुलो दाइ, गहु“भ्कैं गोरो | भान्दाइ,ठुल्दाइ, गहु“गोरो |
| ३.अव्ययीभाव समास | डाँडाको माथि, दिन भएसम्म, यता र उता | डा“डामाथि, दिनभर, यताउता |
| ४.द्विगु समास | दुई नदीको समूह, पा“च अमृतहरूको समूह, छ कोणको समूह | दोभान, पञ्चामृत, षट्कोण |
| ५.बहुव्रीहि समास | लामो पुच्छर भएको, चन्द्रमा जस्तो | लामपुच्छ्रे, चन्द्रमुखी, चरीनङ्ग्रे |

Draft

| | | |
|---|---|---|
| | मुख भएको, चराको जस्तै नङ्ग्रा भएको | |
| ६.द्वन्द्व समास | लेखा र जोखा, न रुन न हा“स्नु, नुन र तेल | लेखाजोखा, रुनुनहा“स्नु, नुनतेल |

**१. तत्पुरुष समास :**

पछिल्लो शब्दको अर्थ प्रधान भएर अगिल्लो शब्दको विभक्ति लोप भई दुई शब्दका बिच मेल हुने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ। तत्पुरुष समासमा द्वितीया विभक्तिदेखि सप्तमी विभक्तिसम्म लोप भई शब्द निर्माण हुन्छन्।

**२. कर्मधारय समास :**

नामको नामस“ग, विशेषणको नामस“ग वा विशेषणको विशेषण शब्दस“ग मेल भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासको प्रक्रियालाई कर्मधारय समास भनिन्छ।

**३. अव्ययीभाव समास :**

अव्यय र अव्यय शब्द वा नाम र अव्यय शब्दबिच मेल भई अर्को अव्ययशब्द बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ।

**४. द्विगु समास :**

सङ्ख्यावाची विशेषण शब्दस“ग समूहवाची नाम मिलेर नया“ शब्द बन्ने प्रक्रियालाई द्विगु समास भनिन्छ।

**५. बहुव्रीहि समास :**

दुई वा दुईभन्दा बढी शब्दहरू मिली नया“ अर्थप्रधान हुने नया“ शब्द बन्ने प्रक्रियालाई बहुव्रीहि समास भनिन्छ।

६. द्वन्द्व समास :

दुई वा दुईभन्दा बढी समान महत्त्वका अर्थ भएका शब्दहरू मिलेर एकै शब्द बन्ने प्रक्रियालाई द्वन्द्व समास भनिन्छ। यसमा शब्दहरूको बिचमा रहने संयोजक लोप हुन्छन्।

**५. निर्देशित (दिइएका) बु“दाहरूको आधारमा जीवनी लेख्ने तरिका :**

- सुरुमा जसको जीवनी लेखिएको हो उसैको पुरा नाम लेखी शीर्षक दिने।
- जीवनी लेख्दा दिइएका बु“दालाई निम्न लिखित तिन भागमा संयोजन गर्ने :
  1. पहिलो अनुच्छेद वा आदि भागमा - जन्म र शिक्षाका बारेमा उल्लेख गर्ने
  2. दोस्रो अनुच्छेद वा मध्य भागमा - प्रमुख कार्यहरू तथा योगदान (प्रकाशित कृतिहरू) र विशेषता उल्लेख गर्ने

| | |
|---|---|
| ३. | तेस्रो अनुच्छेद अन्त्य भागमा - पुरस्कार, सम्मान तथा अन्त्य कालको उल्लेख गर्ने |
| - | बु“दाका घटनाहरूलाई क्रमबद्ध संयोजन गर्दै न्यूनतम तिन अनुच्छेदमा लेख्ने |
| - | जीवनीको भाषा सरल र सहज हुन आवश्यक हुन्छ । |
| - | अनावश्यक, काल्पनिक, अतिशयोक्तिपूर्ण अभिव्यक्ति समावेश गर्नुहु“दैन |
| - | तथ्यमा आधारित वस्तुपरक विश्लेषण गर्नु उपयुक्त हुन्छ । |

६. **निर्देशित जीवनी लेखनको नमुना सामग्री**

दिइएका बु“दाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : डायमन शमशेर राणा

जन्मस्थान : पाल्पा जिल्लाको तानसेन बजार

जन्ममिति : वि.सं. १९७५ असार २१

पिता : बुधशमशेर ज.ब.रा.

माता : मोहनकुमारी राणा

— पा“च वर्षको उमेरदेखि पढाइ प्रारम्भ

— म्याट्रिक परीक्षाको तयारी गर्दागर्दै पिताको देहान्त भएकाले र आफू राणा भएकाले अनिवार्य सैनिक सेवामा संलग्न

— प्रशस्त स्वाध्ययन

— मदनशमशेरस“ग श्री ३ महाराजकहा“ गएको बेला राणाहरूले नेपालको गुमेको भूभाग अङ्ग्रेजहरूबाट फिर्ता लिन नमानेको थाहा पाएपछि राणा शासनबाट विरक्तिएका

— प्रो. अनमेश रायबाट साहित्यिक प्रेरणा पाएका र राणा शासन विरुद्ध कलम चलाएका

— प्रकाशित उपन्यासहरू : वसन्ती (२००६), सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयाश (२०३८), अनीता (२०४३) र धनको धब्बा (२०५१), गृहप्रवेश (२०५९)

— ऐतिहासिक उपन्यासमा आधुनिकता ल्याउने उपन्यासकार

— ऐतिहासिक उपन्यासका माध्यमबाट प्रजातन्त्रका पक्षमा खुला वकालत गरी नेपालमा प्रजातन्त्र स्थापनार्थ योगदान

— नेपाली ऐतिहासिक उपन्यास लेखनका केन्द्रीय प्रतिभा



Draft

**ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा**

नेपाली साहित्यका उत्कृष्ट ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणाको जन्म पाल्पा जिल्लाको तानसेन बजारमा वि.सं. १९७५ असार २१ गते पिता बुधशमशेर ज.ब.रा. र माता मोहनकुमारी राणाको कोखमा भयो । उनको पढाइ पा“च वर्षको उमेरदेखि प्रारम्भ भएको थियो । तीक्ष्ण बुद्धिका डायमन शमशेरले पिताको देहावसानका कारण म्याट्रिक परीक्षाको तयारी गर्दागर्दै परीक्षा दिन पाएनन् ।

त्यस समयमा उनी राणा भएका कारणले सैनिक सेवा गर्नै पर्ने नियम थियो । पढाइ छोड्ने चाहना नहु“दानहु“दै पनि सैनिक सेवामा संलग्न भए । सैनिक सेवामा प्रवेश गरे तापनि उनले प्रशस्त स्वाध्ययन गरेर आफूलाई उत्कृष्ट साहित्यकारको पङ्क्तिमा उभ्याउन सफल भए । राणाहरूस“ग बिरक्तिएपछि प्रो. अनमेश रायबाट साहित्यिक प्रेरणा पाए र उनले राणाशासनका विरुद्ध कलम चलाउन थाले ।

डायमन शमशेरले नेपाली साहित्यको विकासका लागि अथक सेवा गरे । उनका प्रकाशित उपन्यासहरू वसन्ती (२००६), सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयास (२०३८), अनीता (२०४३) र धनको धब्बा (२०५१) गृहप्रवेश (२०५९) आदि उल्लेख्य छन् । यी औपन्यासिक कृतिहरू उनका अमूल्य साहित्यिक निधिहरू हुन् । यिनै कृतिहरूका मध्यमबाट उनी नेपालका ऐतिहासिक उपन्यासकार  र प्रजातन्त्रका पक्षमा वकालत गर्ने विशिष्ट साहित्यकारका रूपमा सुपरिचित छन् । उनलाई नेपाली ऐतिहासिक उपन्यास लेखनका केन्द्रीय प्रतिभा पनि भनिन्छ ।

ऐतिहासिक उपन्यास लेखनका शिखर प्रतिभा डायमनशमशेर राणा हाम्रा प्रेरणाका मुहान हुन् । नेपाली साहित्यका प्रेरणाका स्रोत डायमन शमशेर दीर्घायु रहून् ।

Draft

पाठ तेर

पाठ शीर्षक : सय रङ इन्द्रेनी (कविता)

एकाइगत पाठ्य वस्तु विभाजन योजना

| क्र.स. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयब्दध पठन, शुद्ध उच्चारण र श्रुति लेखन | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | भाव विस्तार | १ |
| ४. | पठन बोध र पद्यलाई गद्यमा रूपान्तरण | १ |
| ५. | सप्रसङ्ग व्याख्या र अनुच्छेद लेखन | १ |
| ६. | लेख्य चिह्नको पहिचान र प्रयोग | १ |
| ७. | व्याकरण (कालका पक्ष,अज्ञात भूत र अभ्यस्त भूत पहिचान) | १ |
| ८. | सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता) | १ |
| ९ | निरन्तर मूल्याङ्कन | १ |
| जम्मा | | ९ |

दिन : पहिलों

पाठ्य वस्तु : लयब्दध पठन, शुद्ध उच्चारण र श्रुति लेखन

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)**

१. **विशिष्ट उद्देश्य**

(क)'सय रङ इन्द्रेनी' कवितालाई लयबद्ध वाचन गर्न ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न :

आ“टोपिठो , सिर्जना , निर्माण , प्रणाम् , ऐ“चोपैंचो , हैंसे , सृष्टि , द्वन्द्व ।



Draft

(ग) पाठको चोथो र पा“चौं श्लोकको श्रुति लेखन गर्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक र शब्द पत्ती , गोजी तालिका र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

● शिक्षकले कुनै सान्दर्भिक गीत वा कविताको अंश लयबद्ध वाचन गर्दै कक्षामा क्रियाकलाप सुरु गर्नुहोस् । कुनै गीत वा कविता गाउन सक्ने विदयार्थीलाई अगाडि आएर आफ्नो प्रतिभा प्रदर्शन गर्न लगाई विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् । त्यसपछि आजको घन्टीमा अध्ययन र अभ्यास गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● शिक्षकले सबभन्दा पहिले विद्यार्थीमध्येबाट ‘सय रङ इन्द्रेनी’ कविता लयबद्ध वाचन गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट सम्भव नभएमा उनीहरूलाई ध्यानपूर्वक सुन्न निर्देश दि“दै शिक्षक आफैंले दुई तिन पटक आदर्श वाचन गरी कविता सुनाउनुहोस् ।

● यसरी लयबद्ध पठन अभ्यास गराउ“दा कविताको प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र लगत्तै विद्यार्थीलाई पनि समूहगत रूपमा लय हालेर पढ्ने अभ्यास गराउनुहोस् ।

● सो कार्यपछि दुई समूहका (भएमा केटा र केटी) बिचमा , बेन्चगत समूहमा र अन्तिममा व्यक्ति व्यक्तिमा लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

● विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । पछि विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरूको पालैपालो विद्यार्थीहरूबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउ“दा आफूले लगेको शब्द पत्ती पनि प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

● इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी कठिनाई भएका विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउ“दा उनीहरूको उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

Draft

- सुस्त श्रवण भएका विद्यार्थीको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् अथवा उनीहरूलाई ती शब्दहरूलाई अनुलेखन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप ३**

- पाठको सुनाइ अभ्यासका प्रश्न न. १ र २ का क्रियाकलापहरू कक्षाका सबै विद्यार्थीहरूलाई पालैपालो गराउनुहोस् । यसरी प्रश्नोत्तर क्रियाकलाप गराउ“दा सबैले सुन्नेगरी बिस्तारै प्रश्न गर्नुहोस् र यदि सुस्त श्रवण भएका विद्यार्थी भएमा उनीहरूलाई सोही अभ्यासको लिखित प्रश्नोत्तर गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

- पाठको सुनाइ अभ्यासको प्रश्न न. ३ को श्रुतिलेखन क्रियाकलाप सबै विद्यार्थीलाई गराई एक आपसमा कापी साटासाट गरी मूल्याङ्कन कार्य पनि विद्यार्थीहरूबाटै सम्पन्न गराउनुहोस् । विद्यार्थी अलमल परेको स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । सुस्त श्रवण भएका विद्यार्थी भएमा पाठका कुनै दुई श्लोकहरू अनुलेखन गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ५**

- पाठलाई सर्सती वाचन गरेर विद्यार्थीहरूलाई सुनाउनुहोस् र वाचन गरेको आधारमा विद्यार्थीहरूलाई बोलाइ अभ्यासको प्र.न.३ का प्रश्नहरू पालैपालो सोधी सो अभ्यास गराउनुहोस् । सुस्त श्रवण विद्यार्थीको हकमा सोही अभ्यासको लिखित प्रश्नोत्तर गर्न निर्देशन दिनुहोस्

४. **प्रतिबिम्बन**

- निम्न लिखित प्रश्न विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

आज पढेको कविताको कुनै चार हरफहरू लयबद्ध वाचन गरेर साथीलाई सुनाउनुहोस् ।

५. **गृहकार्य**

- पढाइ अभ्यासको प्रश्न न. ३ को कार्य घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  (क) शब्द र अर्थ पत्ती : पौरख, शूरवीर, सहसृजन,दोस्ती, डोब, पाछ्रा र गाछी शब्दहरू को ।

  (ख) वाक्य पत्ती : भारापर्म, ऐंचोपैंचो, सलहेश, साइनो, नासो, थातथलो, रोजीरोटी र द्वन्द्व ।

दिन : दोस्रो

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास: बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त निम्न लिखित नया“ शब्दहरूको अर्थ बताउन :

पौरख, शूरवीर, सहसृजन,दोस्ती, डोब, पाछा, गाछी ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न :

- भारापर्म, ऐंचोपैंचो, सलहेश, साइनो, नासो, थातथलो,रोजीरोटी, द्वन्द्व, ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , शब्दार्थ पत्ती , वाक्य पत्ती , गोजी तालिका र फलाटिन पाटी ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिन परियोजना कार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषयबस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई ‘सय रङ इन्द्रेनी’ कविता मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया“ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नया“ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्द पत्तीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- आफूले वाक्यमा प्रयोग गरी लगेको तिन ओटा नमुना वाक्य पत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस्

। त्यसपछि उद्देश्य महलमा दिइएका लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् :

- विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- बोलाइ अभ्यास अन्तर्गतको प्रश्न न. १, ३ र ४ का क्रियाकलापहरू प्रत्येक विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई आज अध्ययन गरेको पाठबाट एउटा एउटा शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् र सो काम सकेपछि कक्षाका जुनसुकै साथीलाई पनि सो शब्द दिन सकिने र सो साथीले वाक्य बनाएर सुनाउनुपर्ने नियम राखी दिनुहोस् । स्मरण रहोस् प्रत्येक विद्यार्थीको सहभागिताका लागि एक पटक प्रश्न दिएको साथीलाई पुनः अर्को साथीले प्रश्न दिन नपाइने नियम पनि राख्नुहोस् ।
- साथीले दिएको उत्तर मिल्यो वा मिलेन भन्ने निर्णय गर्न प्रश्न सोध्ने साथीलाई नै लगाउनुहोस् । कहिलेकाँही प्रश्नकर्ताको निर्णय गलत पनि हुन सक्छ । यस विषयमा अन्य साथीहरूलाई निर्णय गर्ने अधिकार दिनुहोस् ।
- यदि कक्षामा धेरै नै विद्यार्थी भएमा यस्तो क्रियाकलाप एक बेन्चले प्रश्न बनाई अर्को कुनै बेन्चलाई उत्तर दिनुपर्ने गरी प्रतिबिम्बन क्रियाकलाप सञ्चालन गर्न सक्नुहुन्छ ।

**५. गृहकार्य**

- लेखाइ अभ्यासको प्र. न. १ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  (क) कविताका दुई हरफहरूको भाव खुलाइएको नमुना ।

Draft

दिन : तेस्रो

पाठ्य वस्तु : भाव विस्तार

**अपेक्षित सिप विकास : लेखाइ**

**१. विशिष्ट उद्‌देश्य**

(क) ̔सय रङ इन्द्रेनी’ कविताका निर्दिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , कविताका कुनै दुई हरफको भाव विस्तार गरिएको नमुना ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत कक्षाको गृहकार्यलाई बेन्चबाटै उभिएर सबैले सुन्ने गरी विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । पत्येक विद्यार्थीको प्रस्तुतिपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्य वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई लेखाइ अभ्यास अन्तर्गतको प्रश्न न. २ पढ्न निर्देश दिनुहोस् । त्यसपछि आफूले लगेको भाव विस्तारको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र सो के कसरी लेिएको छ भन्ने सम्बन्धमा छलफल गराई लेख्ने तरिकाका बारेमा प्रशिक्षण दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाइ तिन चार जना (आवश्यकता अनुसार) को समावेशी (लिङ्गीय, जातीय, भाषिक आदि) समूहमा विभाजन गरी समूह नेता समेत तोक्न लगाउनुहोस् । ̔सय रङ इन्द्रेनी’ कविताका एउटा समूहलाई एउटा अनुच्छेद पर्ने गरी कुनै दुई पङ्क्ति दिई नमुनाअनुसार १५ मिनेटको समय दिई आशय लेख्न प्रोत्साहित गर्नुहोस् ।

**प्रश्न : तलका कविताांशको भाव विस्तार गर्नुहोस् :**

(क) मञ्जुश्रीको यलम्बरको रचनाको रस मिठो
भावनाले भिजेपछि जुनै कुरा पनि मिठो ।

(ख) सयौं भाषा भेष भूषा संस्कृतिको रस मिठो
सबै मिली होस्टे हैंसे सहसृजन जोस मिठो ।

Draft

(ग) मानिसको नाता प्यारो मिलिजुली ज्युँनु मिठो

चाचाचाची तता आमै नुनै नाता पनि मिठो ।

(घ) जुनै थातथलो जिऊँ सृष्टिरस उस्तै मिठो

वरगाछी पीपलगाछी चौतारीको शीतल मिठो ।

- विद्यार्थीहरूले समूहमा बसी भाव विस्तार लेख्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् । यदि अलमलिएको अवस्था पाइएमा आवश्यक सहयोग पुऱ्याउनुहोस् ।

**क्रियाकलाप ३**

- लेखन कार्य सकिएपछि समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् । स्मरण रहोस् टोली नेता दिनपिच्छे फरक फरक पर्ने गरी राख्न निर्देश गर्नुहोस् । धैरै विद्यार्थी भएको कक्षा भएमा आपसमा कापी साटासाट गरी मूल्याङ्कन गर्न निर्देश गर्नुहोस् ।
- थोरै विद्यार्थी भएको कक्षा भएमा समूहको प्रत्येक प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीहरूबाटै मूल्याङ्कन गराई शिक्षकले समग्रमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा स्पष्ट हुन नसकेका कुरा के छन् ? एकछिन सोच्नुहोस् र शिक्षकलाई मनमा लागेको प्रश्न सोध्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न.४ को अभ्यास घरमा गरेर ल्याउनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  मौन पठनको आवश्यकता तथा महत्त्व बारेमा दिइने लघु प्रवचनको तयारी र कविताको पहिलो श्लोकलाई गद्यमा लेखिएको नमुना तयारी ।

Draft

पाठ्य वस्तु : पठन बोध र पद्यलाई गद्यमा रूपान्तरण

**अपेक्षित सिप विकास : पढाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) कविता मौन पठन गरेको आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

(ख) पद्य कवितांशलाई गद्यमा रूपान्तरण गरी लेख्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक र पहिलो श्लोकलाई गद्यमा लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- मौन पठनको आवश्यकता र महत्त्वका बारेमा एउटा लघु प्रवचन दिएर उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- मौन पठनका लागि उपयुक्त वातावरण निर्माण गर्नुहोस् । १० मिनेटको समय दिई पाठलाई मौन पठन गरी सक्नुपर्ने र पछि किताब बन्द गरेर सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीहरूलाई दिनुहोस् । विद्यार्थीले मौन पठन गर्दै रहेको अवधिमा अवलोकन गर्दै जानुहोस् ।

- विद्यार्थीहरूलाई दिइएको समय समाप्त भएपछि लेखाइ अभ्यासको प्रश्न न. १ मा दिइएका प्रश्नहरूको उत्तरलेख्न १२ मिनेटको समय तोक्नुहोस् । विद्यार्थीले लेख्दै गर्दा उनीहरूको बेन्च बेन्चमा पुगी आवश्यक स्थानमा सहजीकरण गर्नुहोस् ।

- उत्तर लेख्ने समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट लेखिएको उत्तर भन्न लगाउनुहोस् । मिले नमिलेको र सुधार गर्नुपर्ने कुरा भएमा विद्यार्थीबाट नै मूल्याङ्कन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

- कविताको पहिलो श्लोकलाई गद्यमा रूपान्तरण गरी एक दुई पटक भनिदिनुहोस् र सोही तरिकाले कवितालाई गद्यमा रूपान्तरण गरी लेख्न सात ओटा समूहको निर्माण गरी एउटा समूहको एउटा श्लोक भागमा पर्ने गरी कविताको दोस्रोदेखि आठौं श्लोकलाई गद्यमा रूपान्तरण गरी लेख्न १० मिनेटको समय दिनुहोस् ।

Draft

- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा सम्पन्न गरिएका दुई क्रियाकलापमध्ये कुन क्रियाकलाप किन सजिलो लाग्यो ? र कुन क्रियाकलाप किन गाह्रो लाग्यो ? आपसमा विचार विमर्श गर्न ३ मिनेटको समय दिनुहोस् ।

५. **गृहकार्य**

- विद्यार्थीलाई लेखाइ अभ्यासको प्रश्न न. ५ र ७ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  कविताांशको सप्रसङ्ग व्याख्या  गरिएको नमुना ।

Draft

## दिन : पा“चौं

पाठ्य वस्तु :  सप्रसङ्ग व्याख्या

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) कविताका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या  गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, कवितांशको सप्रसङ्ग व्याख्या गरिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- कुनै एक दुई विद्यार्थीहरूमध्येबाट मुक्तक, गीत, लघु कवितामध्ये कुनै एक सुनाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज सम्पन्न गरिने मुख्य क्रियाकलापबारे  शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

- विद्यार्थीहरूले गरेको अगिल्लो कक्षाको गृहकार्य ठाउ" ठाउ"बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीले गरेका कार्यहरूमा छोटो टिप्पणी गर्दै आज गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहास् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले कविताका कुनै दुई हरफको सप्रसङ्ग व्याख्या गरेको नमुना प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूको विचारलाई सम्मान गर्दै अन्त्यमा आफूले निष्कर्ष दिई सप्रसङ्ग व्याख्या गर्ने बारेमा थप स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् । पाठको लेखाइ अभ्यासको पश्न न. ४ का (क) र (ख) मा दिइएका चार हरफहरूमा दुई विशिष्ट पङ्क्तिहरूको मात्र १५ मिनेटको समय तोकी समूहमा सप्रसङ्ग व्याख्या गर्नका लागि निर्देशन दिनुहोस् । समूह कार्यको अवलोकन गर्दै प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- निर्दिष्ट समय समाप्त भएपछि प्रत्येक समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा"की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि समय कम हुने भएमा बा"की समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टा"स्न निर्देश गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले गरेका कार्यहरूको सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ"ल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई कविताबाट कुनै दुई पङ्क्ति छनोट गर्न लगाई एक आपसमा साटासाट गरी सो पङ्क्तिको १० मिनेटको समयभित्र सप्रसङ्ग व्याख्या गर्न निर्देश गर्नुहोस् । निर्धारित समय सकिएपछि पुन: एक अर्कामा कापी साटासाट गरी मूल्याङ्कन गरी र पृष्ठपोषण दिन निर्देश गर्नुहोस् ।

- विद्यार्थीहरूले क्रियाकलाप गर्दै रहेको समयमा समूह कार्यको अवलोकन गर्दै प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

Draft

- आजको कक्षामा विद्यार्थीहरूले सप्रसङ्ग व्याख्या गरेका कार्यहरूमध्ये सबभन्दा सर्वोत्कृष्ट तिन ओटा नमुना विद्यार्थीहरूबाट नै छनोट गर्न लगाई प्रदर्शन पाटीमा प्रदर्शन गर्न निर्देश गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. ५ को कार्य घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  समसामयिक कुनै विषयमा आधारित भई एउटा अनुच्छेद लेखिएको नमुना ।

| दिन : छैठौँ“ |
|---|

पाठ्य वस्तु : अनुच्छेद लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) विभिन्न समसामयिक विषयमा आधारित भई अनुच्छेद लेख्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, अनुच्छेद लेखनको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत कक्षाको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न गगाउनुहोस् । राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आजको पाठ्य वस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सबभन्दा पहिले आफूले लगेको कुनै एक विषयमा लेखिएको एउटा अनुच्छेदको नमुना प्रदर्शन गर्नुहोस् र अनुच्छेद लेख्ने तरिकाका बारेमा अघिल्ला पाठका क्रियाकलापहरूको पनि स्मरण गराउ“दै केही समय छलफल गराई विद्यार्थीहरूलाई निष्कर्ष निकाल्न लगाउनुहोस् । दिनुहोस् ।

Draft

- विद्यार्थीहरूलाई उपयुक्त समावेशी (भाषिक , लिङ्गीय, जातीय, जान्ने र कम जान्ने आदि विद्यार्थीहरू मिलाएर) समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् ।

त्यसपछि विद्यार्थीहरूलाई १५ मिनेटभित्र कविता पाठको अध्ययनको आधार लिई तलका विषयवस्तमध्ये एक समूहलाई एउटा मात्र विषय पर्ने गरी एक एक अनुच्छेद लेख्न निर्देश दिनुहोस् :

(क) हाम्रो देश (ख) हाम्रो संस्कृति (ग) हाम्रो इतिहास (घ) हाम्रो जातीय सद्भाव

**क्रियाकलाप २**

- विद्यार्थीहरूले अनुच्छेद लेख्दै गर्दा शिक्षकले अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्दै अलमलिएका समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- लेखन कार्य सकिएपछि पालैपालो समूह नेतामार्फत प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिपछि सो समूहलाई अरू समूहले ताली बजाई सम्मान गर्ने संस्कारको विकास गराउनुहोस् ।

- अन्त्यमा सुधार गर्नुपर्ने पक्षमाथि छलफल गराई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई १० मिनेटको समय दिई लेखाइ अभ्यासको प्र.न. ६ को अनुच्छेद लेखन क्रियाकलाप एकल रूपमा लेख्न निर्देशन दिनुहोस् । अनुच्छेद लेख्दै गर्दा अवलोकनकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । समय समाप्तीपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई उपयुक्त समूह विभाजन गरी १२ मिनेटको समय दिई लेखाइ अभ्यासको प्र.न. ८ को अनुच्छेद लेखन क्रियाकलाप गर्न लगाउनुहोस् । अनुच्छेद लेख्दै गर्दा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । समय समाप्तीपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई विद्यार्थीहरूबाटै मूल्याङ्कन गर्न प्रोत्सहित गर्नुहोस् र अन्त्यमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आजका क्रियाकलापहरू गर्दा के कस्तो अनुभव भयो ? विद्यार्थीहरूलाई आआफ्नो प्रतिक्रिया भन्न लगाउनुहोस् ।

५. **परियोजना कार्य**

- लेखाइ अभ्यासको प्रश्न न. ९ कार्य गरेर ल्याउन निर्देश गर्नुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

Draft

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  पाठको व्याकरण खण्डको प्रश्न न. ३. को उत्तर लेखिएको चार्ट, न्युजप्रिन्ट वा चार्ट पेपर र साइन पेन ।

Draft

दिन : सातौँ

पाठ्य वस्तु : लेख्य चिह्नको पहिचान र प्रयोग

**अपेक्षित सिप विकास : वर्ण विन्यास मिलान**

१. **विशिष्ट उद्देश्य**

(क) नेपाली भाषामा प्रयोगमा आउने नम्न लिखित लेख्य चिह्नहरूको पहिचान गर्न :

पूर्ण विराम, अल्प विराम, अर्ध विराम, प्रश्नवाचक, उद्गार उद्धरण, निर्देश, योजक र कोष्ठक ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक,व्याकरण खण्डको प्रश्न न.३ को उत्तर लेखिएको चार्ट, न्युजप्रिन्ट वा चार्ट पेपर र साइन पेन ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई गत कक्षाको परियोजना कार्य कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य साथीलाई सम्मान गर्न निर्देश गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिई आज अध्ययन र अभ्यास गरिने पाठ्य वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई पाठको व्याकरण खण्डको प्रश्न न. १ को क्रियाकलाप गर्न बेन्चगत समूहमा वितरण गर्नुहोस् ।
- प्रत्येक समह्लाई न्युज प्रिन्ट वा चार्ट पेपर र साइन पेन वितरण गर्नुहोस् । सो प्रश्नानुसार क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।
- समय समाप्त भएपछि समूह क्रियाकलापलाई प्रदर्शन गर्न लगाउनुहोस् । प्रदर्शित क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नोत्तर क्रियाकलाप गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई ७ मिनेटको समय दिई एकल रूपमा पाठको व्याकरण खण्डको प्रश्न न. २ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् । समय समाप्त भएपछि आपसमा कापी साटासाट गरी मूल्याङ्कन कार्य विद्यार्थीबाट नै सम्पन्न गराउनुहोस् । आवश्यक परेमा मात्र हस्तक्षेपकारी कार्य गरी उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

Draft

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई व्याकरण खण्डको प्रश्न न. ३. (क) र (ख) को क्रियाकलाप दुई दुई जनाको समूहमा गर्न निर्देशन दिनुहोस् । विद्यार्थी समूहले कार्य गर्दै गर्दा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । निर्धारित समय समाप्त भएपछि आफूले सही उत्तर लेखेर लगेको चार्ट प्रदर्शन गरी आआफ्नो कार्यमा सुधार गर्नुपर्ने भएमा सुधार गर्न लगाउनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई आज पहिचान गरेका एक एक ओटा लेख्य चिह्नहरू प्रयोग गरिएको वाक्य निर्माण गर्न लगाएर साथीभाइका बिच मिल्यो मिलेन भन्ने सन्दर्भमा छलफल गर्न केही समय दिनुहोस् ।

५. **परियोजना कार्य**

- कविता पाठमा कुन कुन लेख्य चिह्नहरूको प्रयोग भएको छ ? तिनीहरूको नाम र उदाहरण वाक्य समेत टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

कालका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पक्ष पहिचान सम्बन्धी उदाहरण चार्ट ।

| दिन : आठौं" |
|---|

पाठ्य वस्तु : सामान्य, अपूर्ण , पूर्ण ,अज्ञात र अभ्यस्त पक्षको पहिचान

**अपेक्षित सिप विकास : भाषातत्त्व (कालका पक्षको पहिचान)**

१. **विशिष्ट उद्देश्य**

(क) सामान्य, अपूर्ण , पूर्ण ,अज्ञात र अभ्यस्त पक्षको पहिचान गर्न ।

(ख) अज्ञात र अभ्यस्त पक्ष प्रयोग भएका वाक्यहरूको निर्माण गर्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक र सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पक्ष पहिचान सम्बन्धी उदाहरण चार्ट

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

Draft

- केही विद्यार्थीहरूलाई गत कक्षाको सिर्जनात्मक कार्य प्रस्तुतीकरण गर्न लगाउनुहोस् र त्यसका सबल पक्षहरूका बारेमा छलफल चलाई आज गरिने मुख्य क्रियाकलापहरूको जानकारी दिई उत्प्रेरणा जगाउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले लगेको कालका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पक्ष पहिचान सम्बन्धी उदाहरण चार्ट प्रदर्शन गर्नुहोस् र अध्ययनका लागि केही समय दिनुहोस् । त्यसपछि सो सम्बन्धमा अस्पष्ट भएका कुराहरू सोध्न विद्यार्थीहरूलाई आग्रह गर्नुहोस् । विद्यार्थीहरूबाट आएका हरेक प्रश्नहरूको उत्तरलाई आवश्यक परेमा थप उदाहरणहरू समेत दिई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- क्रियाकलाप १ मा अध्ययन गरेका र पाठ्य पुस्तकमा नै दिइएका उदाहरणका आधारमा प्रत्येक विद्यार्थीलाई व्याकरण खण्डको प्रश्न न. ४, ५ र ६ का क्रियाकलापहरू गर्न १२ मिनेटको समय दिनुहोस् ।

- निर्धारित समयपछि विद्यार्थीहरूले गरेका कार्यहरू ठाउ“ ठाउ“बाट भन्न लगाउनुहोस् र बा“की विद्यार्थीलाई सुधार गर्नुपर्ने भएमा टिप्पणी गर्न लगाई आआफ्नो कापीमा समेत सुधार गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीलाई तिन तिन जनाको समूमा विभाजन गरी व्याकरण खण्डको प्रश्न न. ७ र ८ का उदाहरणहरू अध्ययन गर्न र सोही प्रकृतिका एक एक वाक्य निर्माण गर्न ६ मिनेटको समय दिनुहोस् । विद्यर्थीले क्रियाकलाप गरेको समयमा प्रत्येक स्थानको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्धारित समयपछि समूहले गरेका कार्यहरू ठाउ“ ठाउ“बाट भन्न लगाउनुहोस् र बा“की समूहलाई सुधार गर्नुपर्ने भएमा टिप्पणी गर्न लगाई आआफ्नो कापीमा समेत सुधार गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

- प्रत्येक विद्यार्थीलाई व्याकरण खण्डको प्रश्न न. ९ र १० मा दिइएका विषय वस्तु अध्ययन गरी सार्नका लागि ५ मिनेटको समय दिनुहोस् ।

- निर्धारित समयपछि विद्यार्थीहरूले गरेका कार्यहरू ठाउ“ ठाउ“बाट भन्न लगाउनुहोस् र अज्ञात र अभ्यस्त भूत पक्षका त्रियापदको संरचना सम्बन्धमा छलफल चलाउनुहोस् ।

४. **प्रतिबिम्बन**

Draft

- प्रत्येक विद्यार्थीलाई व्याकरण खण्डको प्रश्न न. ९ र १० मा दिइएका विषय वस्तु अध्ययन गरेको आधारमा प्रश्न नं ११ र १२ मा निर्देशित कार्यमध्ये पा“च पा“च ओटा मात्र वाक्य निर्माण गर्न गरी आफ्ना साथीस“ग मिल्यो मिलेन भन्ने सन्दर्भमा आपसमा छलफल गर्ने ७ मिनेटको समय प्रदान गर्नुहोस् ।

**५. सिर्जनात्मक कार्य**

- पाठको सिर्जनात्मक अभ्यास खण्डको प्रश्न न. २ मा दिइएको निर्देशन बमोजिमको सिर्जनात्मक कार्य सम्पन्न गर्न निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  मुक्त, शास्त्रीय र लोक लयमा लेखिएका कविताका नमुना, कविता प्रतियोगिताका लागि परीक्षण सामग्री र पुरस्कार दिने सामग्री ।

| दिन : नवौं“ |
|---|

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता)

**अपेक्षित सिप विकास : सिर्जनात्मक प्रतिभा प्रस्फुटन**

**१. विशिष्ट उद्देश्य**

(क) आफूलाई मन परेको लयमा ‘किसान’ शीर्षकमा कविता रचना गरी प्रतियोगितामा सहभागी हुन ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, मुक्त, शास्त्रीय र लोक लयमा लेखिएका कविताका नमुना, कविता प्रतियोगिताका लागि परीक्षण सामग्री र पुरस्कार दिने सामग्री ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीलाई आफूले लगेको मुक्त,शास्त्रीय र लोक लयमा आधारित कविताका एक एक ओटा नमुनाहरू वाचन गरी सुनाउनुहोस् । कवितामा रुचि राख्ने विद्यार्थीलाई पनि वाचन कार्यको लागि पोत्सहित गर्नुहोस् । त्यसपछि आजको कक्षामा हुने पाठ्य पुस्तकको सिर्जनात्मक खण्डको प्रश्न न. १ मा दिइएको ‘किसान’ शीर्षकमा कविता लेखन प्रतियोगिता हुने जानकारी दिनुहोस् ।

Draft

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई १० मिनेटको समय दिई पाठ्य पुस्तकको सिर्जनात्मक खण्डको प्रश्न न. १ को उदाहरणमा दिइएका विभिन्न लयका कविताहरू अध्ययन र वाचन गर्ने अवसर प्रदान गर्नुहोस् । सो क्रममा विद्यार्थीहरूबाट आएका जिज्ञासाहरूको पूर्ति गर्नुहोस् ।

**क्रियाकलाप २**

- अध्ययनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी एउटा टोली नेता पनि छान्न लगाउनुहोस् । त्यसपछि समूहलाई १५ मिनेटको समय दिई आफूलाई मन परेको लयमा ँकिसान' शीर्षकमा कविता रचना गर्न निर्देशन दिनुहोस् ।

- कविताहरूको निम्न लिखित आधारमा मूल्याङ्कन हुने जानकारी पनि दिनुहोस् :

| मूल्याङ्नका आधारहरू | लयबद्ध पठन | बोलीमा शुद्धता र स्पष्टता | हाउभाउपूर्ण प्रस्तुति | कविताको भाव | सिर्जनात्मकता | जम्मा |
|---|---|---|---|---|---|---|
| अङ्क भार | १० | १० | १० | १० | १० | ५० |
| १. समूह क | | | | | | |

- विद्यार्थीले कविता लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै आवश्यक स्थानमा सहजीकरण पनि गर्दै जानुहोस् ।

**क्रियाकलाप ३**

- तोकिएको समय समाप्त भएपछि टोली नेतालाई सबैले सुन्ने गरी हाउभाउ र लय मिलाई कविता वाचन गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीले कविता वाचन गरेको समयमा माथि दिइएको आधारमा प्रत्येक समूहको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा प्रथम, द्वितीय र तृतीय छुट्याई समूहलाई उचित पुरस्कार समेत वितरण गर्नुहोस् ।

४. **प्रतिविम्बन**

Draft

- आजको कार्यक्रमबाट कस्तो अनुभूति भयो ? भन्ने प्रश्न राखी विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् ।

**५. परियोजना कार्य**

- विद्यार्थीहरूलाई आफूलाई मनपर्ने विषयमा कुनै एक गीत वा कविता लेखेर त्याई प्रदर्शन पाटीमा टा“स्न निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

एकाइ परीक्षाका लागि प्रश्न पत्र र निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

## दिन : दसौ“

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण

**१. विशिष्ट उद्देश्य**

(क) **पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।**

**२. शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- विद्यार्थीहरूलाई निरन्तर परीक्षाको महत्त्व दर्शाउ“दै एकाइ परीक्षा सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

| | | |
|---|---|---|
| विषय : नेपाली | एकाइ : सय रङ इन्द्रेनी | कक्षा : ९ |
| पूर्णाङ्क : २५ | उत्तीर्णाङ्क : १० | समय : ३५ मिनेट |

**खण्ड क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) तपाईंले सुनेको कुनै कविताका चार हरफहरू मात्र शिक्षकलाई सुनाउनुहोस् ।

(ख) निम्न लिखित शब्दहरूलाई शुद्ध उच्चारण गरी शिक्षकलाई सुनाउनुहोस् :

प्रणाम् , ऐ“चोपै“चो , है“से , सृष्टि , द्वन्द्व ।

**खण्ड ख**

**पढाइ र लेखाइ परीक्षण**

२. छुटेको स्थानमा उपयुक्त लेख्य चिह्न राखी सार्नुहोस् : २

प्रसुनले आफ्नो भाइ सहजलाई भने ओहो तिमी मामाघरबाट भर्खर पो आएको

३. तलका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्नुहोस् : ३

पौरख, ऐ“चोपै“चो, साइनो, नासो, द्वन्द्व, गाछी ।

४. तलका वाक्यहरू कुन कालका कुन पक्षका हुन् पहिचान गरी लेख्नुहोस् : ५

(क) आदर्श सधैं“ दुधभात मात्र खान्थे । (..........कालको ............पक्ष)

(ख) अस्मिता त नया“ फिल्मकी नायिका पो बनिछिन् । (..........कालको ............पक्ष)

(ग) श्रद्धा आफ्नो गृहकार्य गर्दै छिन् । (..........कालको ............पक्ष)

(घ) उनीहरू घुम्नका लागि कञ्चनपुरबाट कपिलवस्तु आएका थिए । (..........कालको ............पक्ष)

(ङ) दुःखको बेलमा मैंले कतैबाट सहयोग पाइनँ । (......कालको ..........पक्ष)

५. तलकामध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस : ५

(क) सयौं“ भाषा भेष भूषा संस्कृतिको रस मिठो
सबै मिली होस्टे हैंसे सहसृजन जोस मिठो ।

(ख) जुनै थातथलो जिउ“ँ सृष्टिरस उस्तै मिठो
वरगाछी पीपलगाछी चौतारीको शीतल मिठो ।

६. तलकामध्ये कुनै एक विषयमा एउटा अनुच्छेद लेख्नुहोस् :
५

(क) हाम्रो संस्कृति (ख) असल संस्कार

*नोटः धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहमा गराउन*

*सकिन्छ ।*

**क्रियाकलाप २**

- निरन्तर मूल्याङ्कन अभिलेख गत एकाइकै ढा“चामा राख्नुहोस् :

## ४. प्रतिबिम्बन

- परीक्षा सकिएपछि अलग्गै पाना दिएर आजको परीक्षा कार्यक्रमको बारेमा आफ्नो प्रतिक्रिया लेख्नका लागि दिनुहोस् ।

## ५. परियोजना कार्य (शिक्षकका लागि)

- कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) २ को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

Draft

**एकाइ १३ का लागि थप सहयोगी सामग्री**

**१. सिर्जनात्मक अभ्यास गराउ“दा ध्यान दिनुपर्ने कराहरूः**

नेपाली भाषा शिक्षणको कक्षामा सिर्जनात्मक अभ्यास गराउ“दा विद्यार्थीहरूको बहुविध प्रतिभा ( :गतिष्उभि क्ष्लतभाँष्लिभलअभक) लाई सम्बोधन गर्न वा पहिचान (च्भअयनलष्कभ) दिन मूल पाठस“ग सम्बन्धित निम्न लिखित विविध खाले प्रतिभाको प्रस्फुटन र विकास हुनसक्ने अवसर प्रदान गर्नुपर्दछ :

जस्तै :

- पाठको शीर्षकमा आधारित अर्को कविता लेख्न पाइने ।
- कुनै नया“ शीर्षकमा कविता लेख्न पाइने ।
- लोकलय वा गीति भाकामा कवितालाई रूपान्तरण गर्न पाइने ।
- पाठको कवितालाई आफ्नो पहिलो भाषामा रूपान्तरण गरी सुनाउन पाइने ।
- कविताको भाव झल्कने चित्र कोर्न पाइने ।
- कविताका कुनै पात्र वा परिवेशको अभिनय गर्न पाइने ।
- कवितालाई भाषणको रूपमा रूपान्तरण गरी भन्न पाइने ।
- कविताको मुख्य सन्देशलाई बु“दामा टिपोट गरी समाचारको रूप दिएर भन्न पाइने ।
- पुस्तकालयमा गएर आफूलाई मनपर्ने कविता लेखेर ल्याई भन्न पाइने वा त्यसको भावलाई प्रस्तुत गर्न पाइने,आदि ।

Draft

पाठ चौध

पाठ शीर्षक : महिला हिंसा (संवाद)

एकाइगत पाठ्य वस्तु विभाजन योजना

| क्र.स. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | एकाग्र सुनाइ | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | हाउभाउसहित सस्वर पठन | १ |
| ४. | सङ्क्षेपीकरण | १ |
| ५. | व्याख्या लेखन | १ |
| ६. | हिज्जे र शब्द भण्डार | १ |
| ७. | वाक्यका प्रकार पहिचान | १ |
| ८. | सिर्जनात्मक कार्य (संवाद लेखन) | १ |
| ९ | निरन्तर मूल्याङ्कन | १ |
| | **जम्मा** | ९ |

Draft

दिन : पहिलो

पाठ्य वस्तु : एकाग्र सुनाइ

**अपेक्षित सिप विकासः सुनाइ**

१. **विशिष्ट उद्देश्य**

(क) 'महिला हिंसा' पाठका विभिन्न अनुच्छेद सुनेर सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- संवाद भनेको के हो ? भन्ने विषयमा छलफल गराई जीवनी अध्ययनबाट हुने फाइदा बताएर आजको विषय वस्तुबारे जानकारी दिए। विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- पाठको १ देखि ११ देखि २१ सम्मका अनुच्छेद सबैले सुनिने गरी ढिलो गतिमा दुई पटकसम्म पढ्नुहोस् र विद्यार्थीहरूलाई एकाग्र भएर सुन्न निर्देश गर्नुहोस् । त्यसपछि सुनाइ अभ्यासको प्रश्न न. १ को अभ्यसमा दिइएका प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीलाई नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूमध्येबाट पाठको १२ र पा‘‘चौं अनुच्छेद सबैले सुनिने गरी द्रुत गतिमा पढ्न लगाउनुहोस् र विद्यार्थीहरूलाई एकाग्र भएर सुन्न निर्देश गर्नुहोस् । त्यसपछि सुनाइ अभ्यासको प्रश्न न. २ को अभ्यसमा दिइएका ठिक बेठिक प्रश्नहरू विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई सुनाइ अभ्यासको प्रश्न न. ३ मा दिइएको अनुच्छेद सर्संसर्ती एक पटक पढेर सुनाउनुहोस् र विद्यार्थीहरूलाई ठाउ‘‘ ठाउ‘‘बाट प्रश्न सोध्नुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीले गरेका हरेक सुनाइ क्रियाकलापहरूको अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई अभ्यसा १, २ र ३ कै प्रश्नहरूमध्येबाट एक आपसमा प्रश्नोत्तर क्रियाकलाप गर्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- व्याकरण अभ्यासका प्रश्न न. १,२ र ३ घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ‘‘दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको पूर्व तयारी गर्नुहोस् :



Draft

(क) शुद्ध उच्चारण अभ्यासका लागि निम्न लिखित शब्दहरूको शब्दार्थ सूची :

आक्रान्त, भुङ्ग्रो, प्रथा, लैङ्गिक, उपांशु, क्रियाकलाप, स्वभाविक ।

(ख) शब्दार्थ शिक्षणका लागि निम्न लिखित शब्दहरूको शब्दार्थ सूची :

विकराल, ओहोदा, बन्देज, अविवेकी, क्रुर, प्रहार, उत्पीडन ।

(ग) वाक्य निर्माणका निम्न लिखित शब्द प्रयोग भएका वाक्य सूची :

हलचल मचाउनु, बुहार्तन खप्नु, बुझ पचाउनु, पहल, हठात्, सक्षम, समसत्ता ।

दिन : दोस्रो

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकासः बोलाइ र लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूलाई शुद्ध रूपमा उच्चारण गर्न :

आक्रान्त, भुङ्ग्रो, प्रथा, लैङ्गिक, उपांशु, क्रियाकलाप, स्वभाविक ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको अर्थ बताउन :

विकराल, ओहोदा, बन्देज, अविवेकी, क्रुर, प्रहार, उत्पीडन

(ग) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न :

हलचल मचाउनु, बुहार्तन खप्नु, बुझ पचाउनु, पहल, हठात्, सक्षम, समसत्ता ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, शब्दार्थ सूची, वाक्य सूची ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाई १० मिनेटको समय दिई ॅमहिला हिंसा ' संवाद मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया“ लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नया“ शब्दहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ सूचीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- आफूले वाक्यमा प्रयोग गरी लगेको वाक्य सूची प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि उद्देश्य महलमा दिइएका लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूले एक पटक शब्दको अर्थ भन्नुपर्ने र अर्कोपल्ट वाक्य निर्माण गर्नुपर्ने गरी तातो कुर्सी ९ज्यत अजबष्च० खेल विधिको प्रयोग गरी प्रतिबिम्बन क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

५. **परियोजना कार्य**

- पाठको पढाइ अभ्यासको प्रश्न न. ३ को उत्तर घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

| दिन : तेस्रो |
|---|

पाठ्य वस्तु : हाउभाउसहित सस्वर पठन

**अपेक्षित सिप विकासः पठन बोध**

१. **विशिष्ट उद्देश्य**

(क) पाठका विषय वस्तु हाउभाउसहित पठन गरी सो सम्बन्धी सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

- विद्यार्थीले गत दिनमा गरेको गृहकार्य ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई आफूलाई मन परेका कुनै पनि व्यक्तिको भूमिका अभिनय गरेर देखाउन समय दिनुहोस् । त्यसपछि आजको दिनमा गरिने मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई संवादलाई के कसरी हाउभाउसहित वाचन गर्ने सम्बन्धमा एकछिन छलफल गर्न लगाई एउटा कुनै पात्रको हाउभाउसहित वाचन गरेर विद्यार्थीलाई नमुना प्रदर्शन गर्नुहोस् । त्यसपछि पालैपालो हाउभाउसहित एक एक पात्रको संवाद पठन गर्न निर्देशन दिनुहोस् ।
- एउटा साथीले वाचन गर्दा मिले नमिलेको भन्ने सन्दर्भमा बा“की साथीलाई मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई बोलाइ अभ्यासको प्रश्न न. २ को क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप प्रदर्शन गरेको समयमा अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई बोलाइ अभ्यासको प्रश्न न. ३ को क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप प्रदर्शन गरेको समयमा अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- पाठका कुनै एक चरित्रको बारेमा मूल्य रेखा (ख्वगिभ ष्लिभ० विधिको प्रयोग गरी प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. २ को उत्तर घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

(क) एउटा कुनै अनुच्छेदको सङ्क्षेपीकरण गरिएको नमुना ।

| दिन : चौथो |
|---|

पाठ्य वस्तु : सङक्षेपीकरण

**अपेक्षित सिप विकास: लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) निर्दिष्ट अनुच्छेदहरूलाई एक तृतीयांश हुने गरी सङक्षेपीकरण गर्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, एउटा कुनै अनुच्छेदको सङ्क्षेपीकरण गरिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्यार्थीले गत दिनमा गरेको गृहकार्य ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । त्यसपछि सङ्क्षेपीकरणको महत्त्वको बारेमा छोटो लघु प्रवचन दिनुहोस् र आजको दिनमा गरिने मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सङ्क्षेपीकरणको नमुना प्रदर्शन गर्नुहोस् र सङ्क्षेपीकरण गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिनुहोस् ।
- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् । पाठका विभिन्न अनुच्छेदको सङ्क्षेपीकरण गर्नका लागि १५ मिनेटको समय तोकी ग्राफिटी ९न्चबाा्तष० विधिको प्रयोग गरीअभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि

Draft

समय कम हुने भएमा बा“की समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई पाठको लेखाइ अभ्यासको प्रश्न न. ४ को सङ्क्षेपीकरण गर्न १५ मिनेटको समय तोकी परस्पर शिक्षण ९च्मअष्उचयअबि तभबअजष्लन० विधिको प्रयागे गरी अभ्यास गर्न लगाउनुहोस् ।
- विद्यार्थी कार्यको अवलोकन गर्दै अलमल परेको स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- निर्दिष्ट समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- आज गरेका अभ्यासहरूका आधारमा सङ्क्षेपीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हु“दा रहेछन् भन्ने कुरालाई मनमनै सोच्नुहोस् र आफ्नो कापीमा टिप्न निर्देशन दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. १ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  (क) संवाद पाठको कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरिएको नमुना ।

Draft

| दिन : पा“चौं |
| --- |

पाठ्य वस्तु : व्याख्या लेखन

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) संवाद पाठ भित्रका विशिष्ट पङक्तिहरूको व्याख्या गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक र व्याख्या गरिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- गत दिनको गृह कार्य विद्यार्थीहरूलाई भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आजको कक्षामा गरिने मुख्य कार्य शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले कुनै एक विशिष्ट पङ्क्तिको व्याख्या गरेर लगेको नमुना शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र व्याख्या गर्ने तरिकाका र सोको संरचना सम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् । अन्त्यमा व्याख्या गर्ने तरिका बारेमा लघु प्रवचन दिई स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र २० मिनेटको समय तोकी प्रत्येक समूहलाई लेखाइ अभ्यासको प्रश्न न. ५ को (क) र (ख) मा दिइएका उद्धरणहरूको व्याख्या गर्ने काम दिनुहोस् ।

- विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गर्नुहोस् र २० मिनेटको समय तोकी प्रत्येक समूहलाई लेखाइ अभ्यासको प्रश्न न. ६ को निर्देशन अनुसारको अनुच्छेद लेखन गर्ने काम दिनुहोस् ।

- विद्यार्थीले अनुच्छेद लेख्दै गर्दा सबै समूहमा पुगी अलमल परेको स्थानमा आवश्यक सहजीकरण गर्नुहोस् ।

- निर्दिष्ट समय समाप्त भएपछि समूहको नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

Draft

४. **प्रतिबिम्बन**

- व्याख्या गर्ने तरिकाका बारेमा अघिल्ला पाठहरूमा पनि धेरै अभ्यास भइसकेको छ भन्ने कुराको स्मरण गराउ“दै अझै स्पष्ट हुन केही कुरा भए कापीमा टिपोट गरी सो टिपोट शिक्षक (आफू) लाई दिन आग्रह गर्नुहोस् ।

५. **गृहकार्य**

- लेखाइ अभ्यासको प्रश्न न. ७ को निर्देशन अनुसारको काम घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. परियोजना कार्य (शिक्षकका लागि)

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

  पाठको व्याकरण खण्डको प्रश्न न. ४ को प्रश्नको उत्तर ।

| दिन : छैठौ“ |
|---|

पाठ्य वस्तु : हिज्जे र शब्दभण्डार

**अपेक्षित सिप विकास : वर्ण विन्यास र शब्दभण्डार**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयुक्त प्रारम्भमा र अन्त्यमा ह्रस्व इकार भएका शब्दहरूको सूची तयार पार्न ।

(ख) पाठमा प्रयुक्त मध्यमा ह्रस्व इकार भएका शब्दहरूको सूची तयार पार्न ।

(ग) ‘स,श,ष’ प्रयोग भएका शब्दहरूको सूची तयार पार्न ।

(घ) निम्न लिखित शब्दहरूको विपरीतार्थक शब्दहरूको सूची तयार पार्न ।

सहज , समानता , हठात् , चेतना , विभेद ।

(ङ) निम्न लिखित शब्दहरूको पर्यायवाची शब्दहरूको सूची तयार पार्न ।

प्रथा , बन्देज , प्रहार , सरह , विकराल ।

(च) निम्न लिखित अनेकार्थक शब्दहरूलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न :

गारो, चरण, बाल, र, किन ।

२. शैक्षणिक सामग्री

पाठ्य पुस्तक, विपरीतार्थक, पर्यायवाची र अनेकार्थक शब्दहरूको शब्दपत्ती, पाठको व्याकरण खण्डको प्रश्न न. ४ को प्रश्नको उत्तर , गोजी तालिका ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

Draft

●  गत दिनको गृहकार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

●  विद्यार्थीहरूलाई ‘महिला हिंसा’ पाठमा प्रयुक्त प्रारम्भमा र अन्त्यमा ह्रस्व इकार भएका दस ओटा शब्दहरूको सूची तयार पार्न निर्देशन दिनुहोस् । ती अक्षरहरू ह्रस्व लेखिनुका कारणबारे छलफल गराई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप २**

●  पाठमा प्रयुक्त मध्यमा ह्रस्व इकार भएका दश ओटा शब्दहरूको सूची तयार पार्न निर्देशन दिनुहोस् । ती अक्षरहरू ह्रस्व लेखिनुका कारणबारे छलफल गराई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप ३**

पाठमा प्रयुक्त ‘स,श,ष’ प्रयोग भएका दश ओटा शब्दहरूको सूची तयार पार्न निर्देशन दिनुहोस् । ती शब्दहरूमा ‘स,श,ष’ प्रयोग गरिनुका कारणबारे छलफल गराई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप ४**

पाठको व्याकरण खण्डको प्रश्न न. ४ को प्रश्नको उत्तर लेख्न ५ मिनेटको समय दिनुहोस् र विद्यार्थीले लेखिसकेपछि गरिसकेपछि आफूले लगेको उत्तर (शं.सा.) प्रदर्शन गरी गल्ती भएका स्थानमा आआफ्नो कापीमा सच्च्याउन लगाउनुहोस् ।

**क्रियाकलाप ५**

●  विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता पनि छान्न निर्देशन दिनुहोस् । त्यसपछि उद्देश्य महलको (घ), (ङ) र (च) न. का क्रियाकलापहरू गर्न २० मिनेटको समय तोकी उत्तर लेखनका लागि निर्देशन दिनुहोस् ।

●  निर्दिष्ट समय समाप्त भएपछि सबै समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् ।

●  अन्त्यमा विद्यार्थीहरूले गरेका कार्यहरूको सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई समग्रमा पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन**

Draft

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका नया“ कुराहरूका बारेमा आफ्नो नजिकको साथीस“ग छलफल गर्न केही समय दिनुहोस् ।

**५. परियोजना कार्य**

- हाम्रो समाजमा महिला हिंसा हुनाका कारणबारे एउटा परियोजना कार्य तयार गर्न निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

विभिन्न प्रकारका वाक्यहरू परिवर्तन गरिएको वाक्यहरूको सूची ।

| दिन : सातौ“ |
|---|

पाठ्य वस्तु : वाक्यका प्रकार

**अपेक्षित सिप विकास : वाक्यका प्रकार पहिचान र परिवर्तन**

**१. विशिष्ट उद्देश्य**

(क) वाक्यका प्रकार (सरल,मिश्र र संयुक्त) पहिचान गर्न ।

(ख) विभिन्न प्रकारका वाक्यको प्रयोग गरी अभिव्यक्ति दिन ।

२. शैक्षणिक सामग्री

पाठ्य पुस्तक, सरल,मिश्र र संयुक्त वाक्यहरूको सूची ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) मुख्य क्रियाकलाप

क्रियाकलाप १

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी ‘महिला हिंसा’ पाठको व्याकरण खण्डको प्रश्न न. ५ मा दिइएको सामग्री पढ्नका लागि १० मिनेटको समय दिनुहोस् र सो पढेको आधारमा प्रश्न न.६ को अभ्यास गर्न निर्देहन दिनुहोस् ।

Draft

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

क्रियाकलाप २

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गर्नुहोस् । आफूले लगेको शैक्षणिक सामग्री प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूलाई ती वाक्यहरूमा भएका भिन्नताका बारेमा आपसमा छलफल गरी निष्कर्ष निकाल्न निर्देशन दिनुहास् ।

- विद्यार्थीहरूले दिएका निष्कर्षलाई सम्मान गर्दै सरल, मिश्र र संयुक्त वाक्यमा पाइने भिन्नताका बारेमा थप उदाहरणसहित स्पष्ट धारणा दिनुहोस् ।

क्रियाकलाप ३

- विद्यार्थीहरूलाई पुनः अर्को दुई दुई जनाको समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको प्रश्न न. ७ अनुसार पाठबाट तिन तिन ओटा सरल, मिश्र र संयुक्त वाक्यहरू खोजी गरी कापीमा सार्नका लागि १० मिनेटको समय दिनुहोस् ।

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

क्रियाकलाप ४

- पाठको व्याकरण खण्डको प्रश्न न. ८ को प्रश्नको उत्तर लेख्न १८ मिनेटको समय दिनुहोस् र विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- विद्यार्थीले लेखिसकेपछि गरिसकेपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

४. प्रतिबिम्बन

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका एक एक ओटा सरल,मिश्र र संयुक्त वाक्य आआफ्नो कापीमा लेख्न लगाई साथीभाइका बिचमा अन्तक्रिर्या गर्नका लागि ५ मिनेटको समय दिई प्रतिबिम्बन कार्य सम्पन्न गन

५. गृहकार्य

- पाठको व्याकरण खण्डको प्रश्न न. ९ , १० र ११ मा दिइएका अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. परियोजना कार्य (शिक्षकका लागि)

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :
  पाठ्य पुस्तक, संवादको नमुना ।

| दिन : आठौं |
|---|

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (संवाद लेखन)

**अपेक्षित सिप विकास : सिर्जनात्मक प्रतिभा प्रस्फुटन**

**१. विशिष्ट उद्देश्य**

(क) समसामयिक विषयमा संवाद रचना गर्न ।

**२. शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, संवादको नमुना ।

**३. सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- दुई दुई जना विद्यार्थीलाई कक्षा अगाडि आएर कुनै समसामयिक विषयमा आपसमा संवाद गर्नका लागि समय दिनुहोस् । यस्तो क्रियाकलाप गर्न सुरुमा कुराकानी गर्न रुचि भएका विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् । त्यसपछि आजको कक्षामा गरिने मुख्य क्रियाकलापका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले संवाद लेखी लगेको नमुना प्रदर्शन गर्नुहोस् । त्यसको संरचनात्मक पक्षका बारेमा छलफल गराउनुहोस् र अन्त्यमा उनीहरूका विचारहरूलाई समेट्दै संवाद लेखन गर्ने तरिकाका बारेमा स्पष्ट धारणा दिनुहोस् । सो क्रममा विद्यार्थीहरूबाट आएका जिज्ञासाहरूको पूर्ति गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी एउटा टोली नेता पनि छान्न लगाउनुहोस् । त्यसपछि समूहलाई १५ मिनेटको समय दिई पाठको सिर्जनात्मक खण्डको प्रश्न न. २ को विषयमा एउटा संवाद रचना गर्न निर्देशन दिनुहोस् ।

Draft

- विद्यार्थीले लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै आवश्यक स्थानमा सहजीकरण पनि गर्दै जानुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट २५ मिनेटको अवधिभित्र प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

- अन्त्यमा थप सुधार गर्नका लागि आवश्यक निर्देशन दिई निष्कर्षमा पुग्नुहोस् ।

४. **प्रतिविम्बन**

- विद्यार्थीहरूलाई संवाद लेखनका लागि वर्तमान जल्दाबल्दा विषय के के हुन सक्छन् भन्ने प्रश्न राखी उनीहरूले भनेका विषयहरू शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

५. **परियोजना कार्य**

- विद्यार्थीहरूले प्रतिबिम्बन खण्डमा तयार गरेका विषहरूमध्येबाट कुनै एक विषयमा संवाद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य) शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  एकाइ परीक्षाका लागि प्रश्न पत्र र निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

Draft

| दिन : नवौ“ |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई निरन्तर परीक्षाको महत्त्व दर्शाई एकाइ परीक्षा सञ्चालन प्रक्रियाबारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

क्रियाकलाप १

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

| | | |
|---|---|---|
| विषय : नेपाली | एकाइ : सय रङ इन्द्रेनी | कक्षा : ९ |
| पूर्णाङ्क : २५ | उत्तीर्णाङ्क : १० | समय : ३५ मिनेट |

**खण्ड क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) दुई जनाको समूहमा कुनै एक समसामयिक विषयमा आधारत भई कुराकानी गरेर सुनाउनुहोस् ।

**खण्ड ख**

पढाइ र लेखाइ परीक्षण

२. तलका वाक्यलाई शुद्ध गरी सार्नुहोस् : ३

मैले महीला हिंशाको वारेमा शसक्त अबाज उथाउने गित लेखि पर्चार गर्ने विचार गरेको छौ ।

३. तलका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्नुहोस् : २

विकराल, दाइजो, छाउपडी, पो ।

४. तल दिइएका वाक्यका प्रकार पहिचान गरी कोष्ठकको खाली ठाउ“मा लेख्नुहोस् : ५

(क) प्रज्ञा घरको सरसफाई गर्न सिपालु छिन् । (..........वाक्य)

(ख) सुलोचना घरको काम सकेर विद्यालयमा पढाउन पनि जान्छिन् । (..........वाक्य)

(ग) जो मिहिनती छ उसले सजिलै सफलता प्राप्त गर्न सक्छ । (..........वाक्य)

(घ) उनीहरू राम्रो कमाई गर्छन् तर कहिल्यै सन्तुष्ट छैनन् । (..........वाक्य)

Draft

(ङ) जसले मह काढ्छ उसले हात चाट्छ । (..........वाक्य)

(च) धिरेन्द्र धनकुटा पुगेर धन कमाई आज मात्र घर आएछ । (..........वाक्य)

(छ) ऊ मामाघर गएछ र एक दिन त्यहीँ“ बसेछ अनि दाजुको ससुरालीतिर पो गएछ । ( ..........वाक्य)

(ज) विश्वराजको नेपाली विषयमा राम्रो छ किनभने उसले पत्रपत्रिका पढ्ने बानी गरेको छ । (..........वाक्य)

(ञ) हामी कामभन्दा बढी कुरा गर्ने बानीले बिग्रेका रहेछौं । (..........वाक्य )

५. तलकामध्ये कुनै एक विषयमा दुई जनाका बिचमा हुने कुराकानीमा आधारित संवाद लेख्नुहोस् : ५

(क) स्वदेशको माया (ख) समाज सेवा

६. तलकामध्ये कुनै एकको व्याख्या गर्नुहोस् : ५

(क) आफू भलो त जगत भलो । (ख) अहिंसा नै सबभन्दा ठुलो धर्म हो ।

*नोट : धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहमा गराउन सकिन्छ ।*

क्रियाकलाप २

- निरन्तर मूल्याङ्कन अभिलेख गत एकाइकै ढा“चामा राख्नुहोस् ।

**४. प्रतिबिम्बन**

- परीक्षा सकिएपछि परीक्षा कार्यक्रमको बारेमा आफ्नो छोटो प्रतिक्रिया लेख्नका लागि दिनुहोस् ।

**५. परियोजना कार्य (शिक्षकका लागि)**

- कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) १४ को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

एकाइ १४ का लागि थप सहयोगी सामग्री

**१. तातो कुर्सी** ९ज्यत अजबष्च० **खेल विधि :**

कुनै विषय वस्तु पढ्न दिने र त्यसबाट प्रश्न बनाउन लगाउने । सहभागीहरूमध्ये केहीलाई पालैपालो अगाडि बोलाई एउटा कुर्सी (तातो कुर्सी, साङ्केतिक रूपमा)मा बस्न लगाउने । अन्य साथीहरूले पालैपालो पश्न सोध्ने र को कुर्सीमा बस्छ उसले सबैको प्रश्नको उत्तर पालैपालो दिनु पर्नेछ । उत्तर नदिएमा वा नमिल्ने उत्तर दिएमा उसले तातो कुर्सी छोड्नु

पर्दछ । फेरि अर्को साहसीले साथीलाई तातो कुर्सी लिन लगाई सोही प्रक्रिया दोहऱ्याइन्छ । सबभन्दा बढी समयसम्म तातो कुर्सीमा बसी बढी प्रश्नको उत्तर दिनेलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

२. **मूल्य रेखा** (ख्बिगभ ष्लिभ० **विधि :**

संवाद पाठको कुनै एक पात्रको चरित्र ठिक वा बेठिक भन्ने विषय वस्तु दिने । विदयार्थीहरूलाई सहमत हुनेजति एक ठाउँमा र असहमत हुने जति अर्को ठाउँमा उभिन लगाउने । हरेक समूहले तर्क राखी अर्को समूहका साथीलाई आफूतिर तान्न मौका दिने ।

३. **ग्राफिटी** ९न्चबाष्तष्० **विधि :**

समूहलाई फरकफरक कार्य दिने (न्युजप्रिन्टमा लेख्न लगाउने), केही समयपछि एउटा समूहको न्युजप्रिन्ट पालैपालो अर्को समूहलाई दिने, ती समूहले नपुग लागेको कुरा थप्ने । यसरी हरेक समूहको न्युजप्रिन्ट हरेक समूहमा पुगेर थप कुरा लेखिसकेपछि सम्बन्धित समूहलाई अन्य समूहको थप कुरासहित प्रस्तुत गर्न लगाउने ।

४. **परस्पर शिक्षण** ९च्भअष्उचयअबा त्भबअजष्लन० **विधि :**

विद्यार्थीहरूलाई समूहमा राखी कुनै विषय वस्तुका बारेमा लेखिएको सामग्री दिने । समूहका सदस्यहरूलाई पालैपालो निम्न लिखित क्रियाकलाप गर्न लगाउने ।

- अनुच्छेद पढ्ने
- सारांश निकाल्ने
- प्रश्न सोध्ने (समूहका अन्य सदस्यहरूले उत्तर दिने)
- कठिन कुरा भएमा स्पष्ट पार्ने
- अब के हुन्छ भन्ने अर्थात् अनुमान गर्न लगाउने खालका प्रश्न सोध्ने (समूहका अन्य सदस्यहरूले उत्तर दिने) ।

Draft

पाठ पन्ध्र

पाठ शीर्षक : छात्रावास (निवेदन)

एकाइगत पाठ्य वस्तु विभाजन योजना

| क्र सं. | पाठ्य वस्तुहरू | अनुमानित घण्टी |
|---|---|---|
| १. | एकाग्र सुनाइ , शुद्ध उच्चारण र शब्दार्थ | १ |
| २. | पठन बोध र वाक्यमा प्रयोग | १ |
| ३. | व्यावहारिक कागज लेखन (निवेदन) | १ |
| ४. | निवेदन लेखन थप अभ्यास | १ |
| ५. | वर्ण विन्यास (ह्रस्व दीर्घ र स-श-ष को प्रयोग) | १ |
| ६. | वर्ण विन्यास (पदयोग र ह्रस्व-दीर्घको प्रयोग) | १ |
| ७. | व्याकरण (सरल र तिर्यक रूप र क्रियाको भावका रूप पहिचान) | १ |
| ८. | व्याकरण (सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ वाक्य परिवर्तन अभ्यास) | १ |
| ९. | निरन्तर मूल्याङ्कन | १ |
| | जम्मा | ९ |

दिन : पहिलों

पाठ्य वस्तु : एकाग्र सुनाइ , शुद्ध उच्चारण र शब्दार्थ

**अपेक्षित सिप विकास : सुनाइ र बोलाइ**

**१. विशिष्ट उद्देश्य**

(क) 'छात्रावास' निवेदन सुनेर सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिन ।

(ख) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको शुद्ध रूपमा उच्चारण गर्न :

अध्यक्ष, स्थानीय, सिर्जना, पर्यटकीय, लाभान्वित, प्रविधियुक्त, सार्थक ।

(ग) पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको अर्थ भन्न :

सद्भाव, पाठ्यक्रम, सक्षमता, परामर्श, प्रबर्धन,परिचालन ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, उद्देश्य महलको (ख) र (ग) मा भएका शब्दहरू पत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

**(क) उत्प्रेरणा**

- निवेदन भनेको के हो ? भन्ने विषयमा छलफल गराई निवेदन अध्ययनबाट हुने फाइदा बताएर आजको विषय वस्तुबारे जानकारी दिई विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले विद्यार्थीहरूलाई पाठका अनुच्छेदहरू सबैले सुनिने गरी ढिलो गतिमा दुई पटकसम्म पालैपालो पढ्न निर्देशन दिनुहोस् र बा“की विद्यार्थीहरूलाई एकाग्र भएर सुन्न निर्देश गर्नुहोस् । विद्यार्थीले पढ्दै गर्दा आफूले अवलोकन गर्दै उनीहरूलाई उच्चारणमा समस्या देखिएका शब्दहरू जहाँ आउँछ त्यसै ठाउ“मा पढ्न रोकी सो शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।
- अन्त्यमा आफूले लगेको शैक्षणिक सामग्री प्रदर्शन गरी शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई सुनाइ अभ्यासको प्रश्न न. ३ र १ को अभ्यासमा दिइएका प्रश्नहरू पालैपालो सोध्नुहोस् । उत्तर मिले नमिलेको सम्बन्धमा अन्य विद्यार्थीबाट नै मूल्याङकन र सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- पाठ्य पुस्तक बन्द गर्न (नहेर्न) निर्देशन दिई विद्यार्थीहरूमध्येबाट कुनै एक जनालाई पाठको अन्तिम अनुच्छेद सामान्य गतिमा पढ्न र बा“की विद्यार्थीहरूलाई श्रुति लेखन गर्न लगाउनुहोस् ।
- अन्त्यमा पाठ्य पुस्तक हेरेर सो लेखेको मिले नमिलेको हेर्न लगाई सच्च्याउन पर्ने भए सुधार गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

Draft

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजित गराउनुहोस । आफूले लगेको शब्दार्थ सम्बन्धी शब्दहरू मात्र प्रदर्शन गर्नुहोस् र १० मिनेटको समय दिई ती शब्दहरूको अर्थ पाठबा पढेर पत्ता लगाउन लगाउनुहोस् ।

- ती शब्दहरू अर्थ पालैपालो विद्यार्थीहरूबाट नै भन्न गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट अर्थ पत्ता लगाउन नसकेका शब्दहरूलाई आफूले लगेको अर्थ पत्ती प्रदर्शन गरी शब्दार्थ शिक्षण गर्नुहोस ।

- विद्यार्थीले गरेका हरेक क्रियाकलापहरूको अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिई कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

**४. प्रतिबिम्बन**

- निम्न लिखित प्रश्नहरू सबै विद्यार्थी समक्ष राखेर प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् :

तपाईंले आज उच्चारण गर्न सिकेका नया“ शब्दहरूको सूची बनाई नजिकको साथीलाई सुनाउनुहोस् ।

**५. गृहकार्य**

- बोलाइ अभ्यासको प्रश्न न. २ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको पूर्व तयारी गर्नुहोस् :

(क) न्युज प्रिन्टमा निम्न लिखित शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गरिएको वाक्य सूची :

परामर्श, प्रबर्धन, अनुदान, सार्थक, सद्भाव ।

दिन : दोस्रो

पाठ्य वस्तु : वाक्यमा प्रयोग र पठन बोध

**अपेक्षित सिप विकास :बोलाइ र लेखाइ**

**१. विशिष्ट उद्देश्य**

(क) निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न :

परामर्श, प्रवर्धन, अनुदान, सार्थक, सद्भाव

(ख) पाठका विषय वस्तु भावानुकूल पठन गरी सो सम्बन्धी सोधिएका प्रश्नहरूको उत्तर दिन ।

**२. शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, वाक्य पत्ती , गोजी तालिका ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) उत्प्रेरणा

● विद्यार्थीले गत दिनमा गरेको गृहकार्य ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई कुनै चुट्किला, मुक्तक, कविता, गीत आदि कक्षा अगाडि आएर भन्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● विद्यार्थीहरूलाई १० मिनेटको समय निर्धारण गरी निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न दिनुहोस् :

परामर्श, प्रवर्धन, अनुदान, सार्थक, सद्भाव ।

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- विद्यार्थीहरूबाट निर्मित वाक्यहरूलाई पालैपालो नै भन्न गर्न प्रोत्साहित गर्नुहोस् । अन्त्यमा आफूले लगेको वाक्य पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई १० मिनेटको समय निर्धारण गरी बोलाइ अभ्यासको प्रश्न न. ३ को क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप प्रदर्शन गरेको समयमा अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । अन्त्यमा ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी १० मिनेटको समय दिई बोलाइ अभ्यासको प्रश्न न. ४ को क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप प्रदर्शन गरेको समयमा अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । अन्त्यमा ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई निष्कर्ष दिनुहोस् ।

**क्रियाकलाप ४**

● विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी ७ मिनेटको समय दिई पढाइ अभ्यासको प्रश्न न. २ र ३ को क्रियाकलाप गर्न लगाउनुहोस् । विद्यार्थीले क्रियाकलाप प्रदर्शन गरेको समयमा अवलोकन गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् । अन्त्यमा प्रस्तुतीकरण गर्न लगाई निष्कर्ष दिनुहोस् ।

Draft

- विद्यार्थीले गरेका हरेक क्रियाकलापहरूको अवलोकन गरी मूल्याङ्कन कार्य गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण दिई कक्षा क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई आजको कक्षामा सिकेका मुख्य मुख्य कुरा आआफ्नो कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य :**

- लेखाइ अभ्यासको प्रश्न न. १ र ३ को उत्तर घरबाट लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

- आउ“दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

(क) निवेदनको संरचना पक्षको धारणा दिनका लागि आवश्यक प्रश्न सूची र खाली खामहरू

| दिन : तेस्रो |
|---|

पाठ्य वस्तु : व्यावहारिक कागज लेखन (निवेदन)

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) समसामयिक विषयमा निवेदन लेख्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, निवेदनको संरचना पक्षको धारणा दिनका लागि आवश्यक प्रश्न सूची र खाली खामहरू ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीलाई पाठमा दिइएको विषय जस्तै अन्य कुन कुन विषयमा निवेदन लेख्न सकिन्छ भन्ने विषयमा छलफल गराउनुहोस् र उनीहरूले भनेका विषयहरूको सूची पनि शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आजको दिनमा गरिने मुख्य क्रियाकलापका बारेमा जानकारी दिनुहोस् ।

Draft

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठमा भएको निवेदनको संरचनाका पक्षमा निम्न लिखित प्रश्नोत्तर क्रियाकलाप गराई अन्त्यमा निवेदन लेख्ने तरिकाका बारेमा प्रशिक्षण दिनुहोस् :

  प्रश्नोत्तरका लागि प्रश्न

  (क) यो निवेदन कसले कसलाई लेखेको हो ?

  (ख) निवेदन लेख्नुको मुख्य कारण के देखिन्छ ?

  (ग) निवेदनमा मिति कुन ठाउ“मा लेख्नुपर्ने रहेछ ?

  (घ) निवेदनमा सबभन्दा पहिले सम्बोधन कसलाई गर्नुपर्ने रहेछ ?

  (ङ) सम्बोधनको ठिक मुनि कुन कुरा उल्लेख गर्नुपर्ने रहेछ ?

  (च) निवेदनको मुख्य विषय कस्तो हुनुपर्ने रहेछ र यसलाई कहा“निर लेख्नुपर्ने रहेछ ?

  (छ) के निवेदनको मुख्य विषयलाई निवेदनको बिच भागमा पनि लेख्न सकिन्छ ?

  (ज) विषयपछि कार्यालय प्रमुखलाई थप सम्बोधन के लेखेर गर्नुपर्ने रहेछ ?

  (झ) निवेदन लेख्न खोजेको विषय वस्तुलाई कसरी र कतिसम्म लेख्नु पर्दो रहेछ ?

  (ञ) निवेदनलाई कसरी टुङ्ग्याउनु पर्ने रहेछ ?

- प्रश्नोत्तर क्रियाकलापका क्रममा विद्यार्थीहरूबाट आएका हरेक जिज्ञासाहरूको पूर्ति समाधान गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी टोली नेता पनि छान्न लगाउनुहोस् । त्यसपछि समूहलाई १५ मिनेटको समय दिई उत्प्रेरणात्मक क्रियाकलापमा विद्यार्थीहरूले नै उठाएका विभिन्न विषयमध्ये कुनै एक विषयमा आधारित भई निवेदन लेख्न निर्देश गर्नुहोस्

- विद्यार्थी समूहले निवेदन लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि समूह समूहबाट १५ मिनेटको अवधिभित्र प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

- अन्त्यमा थप सुधार गर्नका लागि आवश्यक निर्देशन दिई निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ३**

Draft

- प्रत्येक समूहलाई एउटा एउटा खाली खाम वितरण गर्नुहोस् र त्यसमा प्रापक र प्रेषक खण्डमा लेख्नुपर्ने कुराको नमुना शैक्षणिक पाटीमा लेखेर नमुना प्रदर्शन गरी प्रशिक्षण दिनुहोस् । त्यसपछि आआफ्नो विषय सम्बन्धित भएर खामको अग्र भागमा लेख्न लगाई त्यसैभित्र निवेदन राखी सो बन्दी खाम प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- विद्यार्थीहरूलाई आफ्नै विद्यालय, गाउ“ वा टोलका वास्तविक समस्या के छन् ? त्यसतो विषयमा एकछिन सोच्ने समय दिई आफैंले निवेदन लेख्नु परेमा कुन विषयमा निवेदन लेख्नुहुन्छ भन्ने प्रश्न राखेर सो सोचेको विषय आआफ्नो कापीमा टिप्न प्रोत्साहित गरी प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **परियोजना कार्य**

- विद्यार्थीहरूले प्रतिबिम्बन खण्डमा तयार गरेका विषयहरूमध्येबाट कुनै एक विषयमा निवेदन लेखेर ल्याउन लगाउनुहोस् ।

| दिन : चौथो |
|---|

पाठ्य वस्तु : निवेदन लेखन थप अभ्यास

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा दिइएका निवेदन लेखन सम्बन्धित थप अभ्यास गर्न

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीमध्येबाट रेडियो, टिभी, एफएम आदिमा बज्ने कुनै विज्ञापनको नक्कल गरेर सुनाउन केही समय दिनुहोस् र विज्ञापनको महत्त्वका बारेमा जानकारी गराउ“दै उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् । आजको दिनमा गरिने मुख्य क्रियाकलापका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- विद्यार्थीहरूलाईसमूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न. २ को उत्तर लेख्न ७ मिनेटको समय दिनुहोस् ।
- विद्यार्थी समूहले निवेदन लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि समूहलार्य प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न. ५ को उत्तर लेख्न ७ मिनेटको समय दिनुहोस् ।
- समूहले निवेदन लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि समूह समूहलाई प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न. ६ को उत्तर लेख्न १५ मिनेटको समय दिनुहोस् ।
- समूहले लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाईसमूहमा विभाजन गरी लेखाइ अभ्यासको प्रश्न न. ७ को उत्तर लेख्न ७ मिनेटको समय दिनुहोस् ।
- समूहले लेख्दै गर्दा समूह कार्यका अवलोकन गर्दै सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि समूहमा प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- विद्यार्थीहरूलाई कुनै पनि निवेदन लेख्नका लागि अझै अलमल परेका कुरा भएमा सानो कागजमा लेखेर शिक्षकलाई दिन प्रोत्साहित गरी प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

Draft

५. **परियोजना कार्य**

- विद्यार्थीहरूलाई लेखाइ अभ्यासको प्रश्न न. ३ मा दिइएको कार्य घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ‘‘दो कक्षाका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  पाठको व्याकरण खण्डको अभ्यास न. १ र २ मा दिइएका प्रश्नको उत्तर सूची ।

| दिन : पा‘‘चौ‘‘ |
|---|

पाठ्य वस्तु : वर्ण विन्यास (ह्रस्व-दीर्घ र स-श-ष को प्रयोग)

**अपेक्षित सिप विकास : उपयुक्त हिज्जे र वर्णको प्रयोग**

१. **विशिष्ट उद्देश्य**

(क) विभिन्न शब्दमा प्रयोग हुने ह्रस्व-दीर्घको पहिचान गर्न

(ख) विभिन्न शब्दमा स-श-ष वर्णको प्रयोग पहिचान गर्न

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक पाठको र व्याकरण खण्डको अभ्यास न. १ र २ मा दिइएका प्रश्नको उत्तर सूची ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्यलाई केही विद्यार्थीहरूबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा‘‘की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा‘‘स्न लगाउनुहोस् । आज अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. १ मा दिइएको सामग्री पढेर उत्तर लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

- समय समाप्त भएपछि समूहगत प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. २ मा दिइएको सामग्री पढेर उत्तर लेख्नका लागि १५ मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- अन्त्यमा शिक्षकले आफूले तयार गरेर लगेको प्रश्न न. १ र २ को उत्तर सूची प्रदर्शन गरी उदाहरणसहित थप स्पष्ट पार्नुहोस् ।

**४. प्रतिबिम्बन**

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका नया“ कुराहरू के के छन् भन्ने प्रश्न राखी ती कुराहरू आआफ्नो कापीमा टिप्न लगाउनुहोस् ।

**५. गृहकार्य**

- पाठको लेखाइ अभ्यासको प्रश्न न. ९ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**६. परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  पाठको व्याकरण खण्डको अभ्यास न. ३ र ४ मा दिइएका प्रश्नको उत्तर ।

Draft

| दिन : छैठौ“ |
|---|

पाठ्य वस्तु : वर्ण विन्यास (पदयोग र ह्रस्व दीर्घको प्रयोग)

**अपेक्षित सिप विकास : पदयोग र उपयुक्त हिज्जेको प्रयोग**

**१. विशिष्ट उद्देश्य**

(क) विभिन्न शब्दमा हुने पदयोगको प्रयोग पक्षको पहिचान गर्न ।

(ख) विभिन्न शब्दमा प्रयोग हुने ह्रस्व दीर्घको पहिचान गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक र पाठको व्याकरण खण्डको अभ्यास न. ३ र ५ मा दिइएका प्रश्नको उत्तर ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिनको गृहकार्य केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् । आज अध्ययन गरिने मुख्य पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. ३ मा दिइएको सामग्री पढेर उत्तर लेख्नका लागि १० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् । सोही समयमा आफूले लगेको शैक्षणिक सामग्री पनि प्रदर्शन गरी विद्यार्थीलाई सो सम्बन्धी थप जिज्ञासा भए सोप्रश्न सोध्न लगाई पद योग र वियोगका सम्बन्धमा शैक्षणिक पाटीका माध्यमबाट थप उदाहरणसहित स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. ४ को अध्ययन गरेर प्रश्न न. ५ को उत्तर लेख्नका लागि लागि २० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि एक आपसमा कापी साटासाट गराई मूल्याङ्कन र पृष्ठपोषणका लागि समय दिनुहोस् ।

**क्रियाकलाप ३**

Draft

- अन्त्यमा शिक्षकले आफूले तयार गरेर लगेको प्रश्न न. ५ (क) र (ख) को उत्तर प्रदर्शन गरी आआफ्नो कापीमा सच्याउन निर्देश गर्नुहोस् । सो क्रममा विद्यार्थीबाट उठाइएका जिज्ञासाहरूलाई शैक्षणिक पाटीका माध्यमबाट थप उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

४. **प्रतिबिम्बन**

- आजको कक्षामा विद्यार्थीहरूले सिकेका नया" कुराहरू के के छन् भन्ने प्रश्न राखी ती कुराहरू आआफ्नो कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य**

- पाठको व्याकरण अभ्यासको प्रश्न न. ९ को विषय वस्तु मात्र अध्ययन गरेर आउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ"दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

सरल र तिर्यक कारक प्रयोग भएका वाक्य सूची र इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक वाक्यहरूको सूची, गृहकार्यका लागि प्रश्न सूची ।

## दिन : सातौ"

पाठ्य वस्तु : वाक्यका सरल र तिर्यक रूप र क्रियाको भावका रूप (इच्छार्थक,आज्ञार्थक र सम्भावनार्थक) पहिचान ।

**अपेक्षित सिप विकास : कारक र क्रियाको भाव पहिचान ।**

१. **विशिष्ट उद्देश्य**

(क) वाक्यका सरल र तिर्यक रूप पहिचान गर्न ।

(ख) इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक वाक्यहरूको पहिचान गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, सरल र तिर्यक कारक प्रयोग भएका वाक्यहरूको सूची, इच्छार्थक,आज्ञार्थक र सम्भावनार्थक वाक्यहरूको सूची ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

Draft

- गत दिनको गृहकार्यको अध्ययनबाट सिकेका कुराहरू केही विद्यार्थीहरूलाई मौखिक रूपमा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । आज अध्ययन गरिने मुख्य पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले सरल र तिर्यक कारकको प्रयोग भएका वाक्यहरूको सूची प्रदर्शन गरी ती वाक्यहरूमा पाइने अन्तरका विषयमा छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका निष्कर्षलाई समेट्दै वाक्यका सरल र तिर्यक रूपको पहिचान सम्बन्धी स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. ६,७ र ८ मा दिइएका अभ्यास गर्नका लागि २० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा मात्र हस्तक्षेपकारी निर्णय दिनुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक वाक्यहरूको सूची प्रदर्शन गरी ती वाक्यहरूमा पाइने अन्तरका विषयमा छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका निष्कर्षलाई समेट्दै इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक वाक्यहरूको पहिचान सम्बन्धी स्पष्ट धारणा दिनुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. १०,११ र १२ मा दिइएका अभ्यास गर्नका लागि २० मिनेटको समय दिनुहोस् ।
- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा मात्र हस्तक्षेपकारी निर्णय दिनुहोस् ।

Draft

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई एक एक ओटा सरल, तिर्यक, इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थ वाक्य आफ्नो कापीमा बनाउन निर्देशन दिँदै सो काम सकेपछि आपसमा कापी साटासाट गरी गल्ती भएमा सच्च्याउन समय दिनुहास् ।

५. **गृहकार्य**

- तलका प्रश्नहरू घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् :

१. तलका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देशनअनुसार परिवर्तन गर्नुहोस् ।

(क) ऊ मलाई माया गर्छ । (तिर्यक वाक्य)

(ख) विजयबाट गल्ती गरियो । (सरल वाक्य)

(ग) हामी सबैको कल्याण हुन्छ । (इच्छार्थक)

(घ) त“ छिटो काम गर्छस् । (आज्ञार्थक)

(ङ) प्रज्ञा छिट्टै घर फर्किन्छिन । (सम्भावनार्थक)

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  पाठ्य पुस्तक, दिन आठौ“को क्रियाकलाप १,२ र ३ मा दिइएका प्रश्नहरूको सूची ।

Draft

## दिन : आठौ“

पाठ्य वस्तु : सामान्यार्थक,इच्छार्थक,आज्ञार्थक र सम्भावनार्थक वाक्य परिवर्तन ।

**अपेक्षित सिप विकास : क्रियाको भावको आधारमा वाक्य परिवर्तन ।**

१. **विशिष्ट उद्देश्य**

(क) सामान्यार्थक, इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक वाक्यहरूमा परिवर्तन गर्न ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, क्रियाकलाप १,२ र ३ मा दिइएका प्रश्नहरूको सूची ।

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

(क) **उत्प्रेरणा**

- गत दिनको गृहकार्यको केही विद्यार्थीहरूलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र मूल्याङ्कन तथा पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । आज अध्ययन

गरिने मुख्य पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखी जानकारी दिएर उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी तल दिइएको अभ्यास गर्नका लागि १० मिनेटको समय दिनुहोस् ।

१. तलका वाक्यहरू कुन भाव वा अर्थ बुझाउने वाक्य हुन् ? लेख्नुहोस् ।

(क) म स्कुल जान्छु ।

(ख) हामी काठमाडौ“ जाऔ“ ।

(ग) राम स्कुल जाला ।

(घ) तिमी कहा“ जान्छौ ।

(ङ) ऊ खाना खाओस् ।

(च) उनीहरू वनभोज खान जाऊन् ।

(छ) उनीहरू आज आउलान् ।

ज) त“ भाग्यमानी भएस् ।

(झ) म पाठ पढू“ ।

(ञ) रीता पास होलिन् ।

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा मात्र हस्तक्षेपकारी निर्णय दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी तल दिइएको अभ्यास गर्नका लागि १० मिनेटको समय दिनुहोस् :

२. कोष्ठकमा दिइएका धातु र सङकेतका आधारमा वाक्य पुरा गर्नुहोस् ।

(क) ऊ घर ............................... (जा, सम्भावनार्थ)

(ख) हामी काठमाडौ“ ........................(जा, इच्छार्थ)

(ग) म विद्यालयबाट ............................ (आउ, सामान्यार्थ)

Draft

(घ) त“ पढ्न ................................ (जा, आज्ञार्थ)

(ङ) त“ पढ्न ................................ (जा, इच्छार्थ)

(च) कामदारहरू छिटै मेलो सकेर ...... ...(फर्की, इच्छार्थ)

(छ) केशव घरैमा ............................ (बस, सम्भावनार्थ)

(ज) सीता ट्यूसन ............................ (पढ्, इच्छार्थ)

(झ) विवेक घर ...............................(पुग्, सम्भावनार्थ)

(ञ) तिमी दिनभरि पढेर ......................(बस्, आज्ञार्थ)

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा मात्र हस्तक्षेपकारी निर्णय दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी तल दिइएको अभ्यास गर्नका लागि १० मिनेटको समय दिनुहोस् ।

३. तलका वाक्यहरूलाई कोष्ठकमा दिइएका सङकेतका आधारमा परिवर्तन गर्नुहोस् :

(क) म गृहकार्य गर्छु । (सम्भावनार्थ)

(ख) उनीहरू पिकनिक जान्छन् । (इच्छार्थ)

(ग) त“ ठुलो मानिस हुन्छस् । (इच्छार्थ)

(घ) तिमी विद्यालय गयौ । (आज्ञार्थ)

(ङ) त“ घर जा । (आज्ञार्थ)

(च) तिनीहरू खाना खान्छन् । (सम्भावनार्थ)

(छ) म सबेरै उठ्छु । (सम्भावनार्थ)

(ज) सबै मानिसहरू साक्षर हुन्छन् । (इच्छार्थ)

(झ) उनीहरू पढ्न जालान् । (सामान्यार्थ)

(ञ) ईश्वर सबैको कल्याण गरुन् । (सामान्यार्थ)



Draft

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा मात्र हस्तक्षेपकारी निर्णय दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई दुई दुई ओटा समान्यार्थक, इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थ वाक्यमा परिवर्तनका लागि प्रश्न बनाई बनाउन निर्देशन दिँदै सो काम सकेपछि आपसमा कापी साटासाट गरी उत्तर लेख्ने कार्य गर्न १० मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् ।

५. **गृहकार्य**

- अर्को दिन हुने एकाइ परीक्षाका लागि आवश्यक तयारी गर्न निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  यस एकाइको निरन्तर मूल्याङ्कन गर्ने प्रश्नपत्र र उत्तर पुस्तिका ।

| दिन : नवौ“ |
|---|

पाठ्य वस्तु : निरन्तर मूल्याङ्कन

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

१. **विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षामा पालन गर्नुपर्ने नियमहरूका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**



Draft

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

विषय : नेपाली एकाइ : छात्रावास (निवेदन) कक्षा : ९

पूर्णाङ्क : २५ उत्तीर्णाङ्क : १० समय : ३५ मिनेट

**खण्ड क**

**सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५

(क) कुनै गुनासो गरेर कार्यालयहरूमा निवेदन गर्दा गर्दा के फाइदा हुन्छ ?

(ख) निवेदन लेख्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ ?

**खण्ड ख**

**पढाइ र लेखाइ परीक्षण**

२. तलका वाक्यलाई शुद्ध गरी सार्नुहोस् : ३

उसकि भाउजू र मेरि दिदि मीतिनि हुन तर पनी उनिहरको वोलचाल छइन ।

३. तलका शब्दहरूमा पदयोग र वियोग नमिलेको ठाउ“मा मिलाएर सार्नुहोस् : २

ऊ स“ग पैसा न भएकाले मामाघर तिर लाग्यो । त्यहा“बाट चा“डैनै घर फर्केछ ।

४. तलका वाक्यहरू सरल वा तिर्यक कुन रूपमा छन् पत्ता लगाई लेख्नुहोस् : ५

(क) ऊबाट केही काम हु“दैन ।

(ख) हामी मन लगाएर काम गर्छौं ।

(ग) फलफुल म ज्यादै मन पराउ“छु ।

(घ) यो केटो ज्यादै असल छ ।

(ङ) सहजले प्रसुनलाई धेरै माया गर्दैन ।

५. तल दिइएका वाक्यलाई कोष्ठकमा दिइएको निर्देशन अनुसार परिवर्तन गरी लेख्नुहोस् : ५

(क) प्रज्ञा घरको सरसफाइ गर्छिन् । ( इच्छार्थक )

(ख) सुलोचना घरको काम सक्छिन् । ( आज्ञार्थक )

(ग) जो मिहिनती छ उसले सजिलै सफलता प्राप्त गरोस् । ( सामान्यार्थक )

Draft

(घ) उनीहरू राम्रो कमाई गर्छन् । ( सम्भावनार्थक )

(ङ) विश्वराजको नेपाली विषयमा राम्रो छ । ( इच्छार्थक )

६. तलकामध्ये कुनै एक विषयमा निवेदन लेख्नुहोस् : ५

(क) आफ्नो गाउ“ नजिकको वन फ“डानी हु“दै गएको र त्यसलाई समयमा नै नियन्त्रण गर्न जिल्ला वन कार्यालयलाई लेख्ने निवेदनको नमुना तयार गर्नुहोस् ।

(ख) आफ्नो टोलमा मादक पदार्थको सेवन गरी रातको समयमा होहल्ला गर्नेको सङ्ख्या बढ्दै गएकाले त्यसलाई समयमा नै नियन्त्रण गर्न वडा प्रहरी कार्यालयलाई लेख्ने निवेदनको नमुना तयार गर्नुहोस् ।

*नोटः धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहमा गराउन सकिन्छ ।*

क्रियाकलाप २

- निरन्तर मूल्याङ्कन अभिलेख गत एकाइकै ढा“चामा राख्नुहोस् :

**४. प्रतिबिम्बन**

- परीक्षा सकिएपछि परीक्षा कार्यक्रमको बारेमा आफ्नो छोटो प्रतिक्रिया लेख्नका लागि दिनुहोस् ।

**५. परियोजना कार्य (शिक्षकका लागि)**

- कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) १५ को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

Draft

**शिक्षकका लागि थप सहयोगी सामग्री :**

१. क्रियाका भावहरू

**(क) सामान्यार्थ**

क्रियापदले कुनै कार्य घटना वा स्थितिको बारेमा जानकारी गराउ“दा निश्चित वा सामान्य ढङ्गको अभिव्यक्ति भए सामान्यार्थ वा निश्चयार्थ भनिन्छ । यसले वाक्यमा क्रियाको कार्यव्यापार सकारात्मक र नकारात्मक साथै प्रश्नार्थक रूपमा रहेर समेत कार्य गर्छ ।

जस्तै :

(क) म राम्रो अक्षर लेख्न जान्दिन ।

(ख) म कविता लेख्छु ।

(ग) विद्यार्थीहरू पढ्दै छन् ।

(घ) ऊ भोलि काठमाडौ“ जान्छ ।

(ङ) साथीहरू सिनेमा हेर्न गए ।

(च) ऊ विद्यालय किन आएन ?

(छ) तिमी कहा“ गएका थियौ ?

**(ख) आज्ञार्थ**

द्वितीय पुरुष कर्ता (त“, तिमी र तपाईं) को आज्ञा, आदेश वा अनुरोध बुझाउन आउने क्रियापदलाई नै आज्ञार्थ भनिन्छ । जस्तै :

(क) त“ परीक्षाको समयमा मामाघर नजा ।

(ख) तिमी छिटो खाजा खाऊ ।

(ग) तपाईं आजै पोखरा जानुहोस् ।

(घ) तिमीहरू छिटो काम सक ।

(ङ) तपाईंहरू आफ्नो काम आफैं गर्नुहोस् ।

**(ग) इच्छार्थ**

वक्ताको आसिक, सराप, कामना, वा इच्छाको मनोभाव बुझाउने क्रियापदलाई इच्छार्थ भनिन्छ ।

जस्तै :

(क) म घर जाउ‘ॅ । म लेखू“ । म बोलू“ । म यही बसू“ । म आउ‘ॅ । म खाउ‘ॅ ।

(ख) हामी जाऔ“ । हामी लेखौ“ । हामी बोलौ“ । हामी यही बसौ“ । हामी खाऔ“ ।

Draft

(ग) त“ गएस् । तैंले खाएस् । त“ पढेस् ।

(घ) तिमी घर गए । तिमीहरू पढे ।

(ङ) ऊ घर जाओस् । राम विद्यालयबाट आओस् । ऊ पढोस् ।

(च) उनीहरू जाऊन् । उनीहरू आऊन् । उनीहरू पढून् ।

**(घ) सम्भावनार्थ**

क्रियापदले बुझाउने वक्ताको अनुमान, अड्कल वा सम्भावनाको मनोभावलाई सम्भावनार्थ भनिन्छ । यिनीहरूले निश्चित अर्थ नदिने भएकाले अनिश्चयार्थ पनि भनिन्छ ।

जस्तै :

(क) म परीक्षा दिउ“ला ।

(ख) हामी घर जाऔ“ला ।

(ग) त“ खेल्लास् ।

(घ) तिमी पढौला ।

(ङ) तिमीहरू नाचौला ।

(च) आज पानी पर्ला ।

**(ङ) सङ्केतार्थ**

कारणले कार्यलाई देखाउने वा सङ्केत गर्न आउनेलाई क्रियाको भाव वा अर्थलाई सङ्केतार्थ भनिन्छ । यसले निश्चित अभिव्यक्ति नगर्ने भएको हुनाले अनिश्चियार्थ पनि भनिन्छ ।

जस्तै :

(क) हावा चले शीतल हुन्थ्यो ।

(ख) पढ्यो भने पास होइन्थ्यो ।

(ग) पानी परे बाली सप्रन्थ्यो ।

(घ) ऊ आए म जान्थें ।

(ङ) सहर गए सिनेमा हेरिन्थ्यो ।

Draft

Draft

पाठ - १६

पाठ शीर्षक : बन्धनबाट मुक्ति विधा : कथा

एकाइगत पाठ्य वस्तु विभाजन योजना

| क्र सं. | पाठ्य वस्तुहरू | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | सङ्क्षिप्त उत्तर लेखन | १ |
| ४. | कथा कथन तथा घटना वर्णन | १ |
| ५. | सप्रसङ्ग व्याख्या | १ |
| ६. | सिर्जनात्मक कार्य (कथा लेखन) | १ |
| ७. | स्वतन्त्र रचना (तार्किक शिल्प) | १ |
| ८. | व्याकरण (वाच्यका प्रकार पहिचान र वाच्य परिवर्तन अभ्यास) | १ |
| ९. | एकाइ परीक्षा | १ |
| | **जम्मा** | ९ |

Draft

दिन : पहिलो

पाठ्य वस्तु : सस्वर वाचन र शुद्ध उच्चारण

**अपेक्षित सिप विकास : बोलाइ (उच्चारण शिक्षण)**

१. **विशिष्ट उद्देश्य :**

(क) कथाका अनुच्छेदहरूलाई शुद्धस“ग सस्वर वाचन गर्न ।

(ख) कथामा प्रयुक्त निम्न लिखित शब्दहरूलाई शुद्धस“ग उच्चारण गर्न :

शुभेच्छुक, व्यवस्थापन, मिर्गौला, आशीर्वाद, माड्साब, न्यास्रिंदै, अप्रत्याशित, बग्रेठो ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, शब्दपत्तीहरू र गोजी तालिका ।

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणात्मक क्रियाकलाप

- मस्तिस्क मन्थन सम्बन्धी कुनै प्रश्न विद्यार्थीबाट नै राख्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र शैक्षणिक पाटीमा आजको मुख्य विषय वस्तु लेखी जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- सुरुमा कथाका कुनै दुई अनुच्छेद शुद्धस“ग आदर्श वाचन गरी सुनाउनुहोस् र विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । शुद्धस“ग सस्वर वाचनको उपयुक्त वातावरण निर्माणका लागि आवस्यक थप निर्देशनहरू दिनुहोस् ।

- विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद शुद्धस“ग सस्वर वाचन निर्देशन दिनुहोस् र बा“की विद्यार्थीलाई साथीले वाचन गर्दा शब्दहरूलाई शुद्धस“ग उच्चारण गरेनगरेको ध्यानपूर्वक सुन्न र गल्ती हुनासाथ रोकेर सच्याउन निर्देश गर्नुहोस् ।

- विद्याथीले वाचन गरेको उच्चारणगत पक्षलाई राम्ररी अवलोकन गर्दै विद्यार्थीको उच्चारणगत समस्या भएका शब्दहरूलाई आफूले पनि टिपोट गर्दै जानुहोस् ।

- अन्त्यमा आफूले लगेको अपेक्षित शब्दहरूको शब्दपत्ती गोजीतालिका मार्फत प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास बारम्बार गराउनुहोस् ।

- दोस्रो भाषा नेपाली भएका र ढिलो सिकाइ क्षमता भएका विद्यार्थीको उच्चारणगत समस्यामा विशेष संवेदनशील भई आवश्यक थप अभ्यास गराई सहयोग पुऱ्याउनुहोस् ।

**क्रियाकलाप २**

- अनुरोध विधि (त्जभ चभत्रगभकत उचयअभमगचभ० को प्रयोग गरी पाठका विभिन्न अनुच्छेदहरू पठन अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई सुनाइ अभ्यासको प्रश्न न. १, २ र ३ का क्रियाकलापहरू गराउनुहोस् । विद्यार्थीले प्रश्नोत्तरका क्रममा गल्ती गरेको पाइएमा तत्काल सुधार गर्न विद्यार्थीहरूलाई नै प्रोत्सहित गरी आवश्यक परेमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिबिम्बन

- बिचमा कलम विधिको प्रयोग गरी विद्यार्थीको शुद्ध उच्चारण सम्बन्धी मूल्याङ्कन एवम् प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।



Draft

५.   **गृहकार्य/परियोजना कार्य**

- बोलाइ अभ्यासको प्रश्न न. २ मा दिइएका शब्दहरूलाई शुद्ध उच्चारण गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

६.   **परियाजना कार्य (शिक्षकका लागि)**

- आगामी कक्षाको लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

(क)  निम्न लिखित शब्दहरूको अर्थ पत्ती:

विधुर, निदान, महापात्र, याचक, गुरुता, बह, वरण ।

(ख)  निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरिएको वाक्य पत्ती :

प्रतिष्ठित, कुलत, अन्धविश्वास, भुक्तानी, असहाय, प्रलय, वृतान्त ।

Draft

| दिन : दोस्रो |
|---|

पाठ्य वस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

**अपेक्षित सिप विकास : बोलाइ र लेखाइ**

१.   **विशिष्ट उद्देश्य**

(क)  पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूको अर्थ बताउन :

विधुर , निदान, महापात्र, याचक, गुरुता, बह, वरण ।

(ख)  पाठमा प्रयुक्त निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न :

प्रतिष्ठित, कुलत, अन्धविश्वास, भुक्तानी, असहाय, प्रलय, वृतान्त ।

२.   **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्य पत्ती, गोजी तालिका र फलाटिन पाटी ।

३.   **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- गत दिन गृहकार्यलाई केही विद्यार्थीहरूलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न लगाउनुहोस् । यस प्रकार

उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गरी आज अध्ययन गरिने विषयबस्तुका बारेमा जानकारी
दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई पाठको कथा मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नया" लागेका शब्दहरू आफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीहरूले टिपोट गरेका नया" शब्दहरू शिक्षक आफुले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- ती सङ्कलित शब्दका अर्थ विद्यार्थीहरूमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्द पत्तीबाट प्रदर्शन गरी अर्थ स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्य पत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण गर्ने सम्बन्धी विषयमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि उद्देश्य महलमा दिइएका अपेक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १५ मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् :
- विद्यार्थीले समूह कार्य गर्दा उपयुक्त स्थानमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी बोलाइ अभ्यासको प्रश्न न. २ मा दिइएका शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गर्न १५ मिनेटको समय दिनुहोस् ।
विद्यार्थीले अभ्यास गरिरह"दा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

- समूह कार्य सकिएपछि ठाउ" ठाउ"बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- ‘तातो कुर्सी’ खेल विधिको प्रयोग गर्दै शब्दार्थ र वाक्य प्रयोग कार्यको मूल्याङ्कन तथा प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।



Draft

५. **गृहकार्य**

- पाठको पढाइ अभ्यास अन्तर्गत प्र. न. २ को अभ्यास घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  सङ्क्षिप्त **उत्तर** लेखिएको नमुना ।

| दिन : तेस्रो |
|---|

पाठ्य वस्तु : सङ्क्षिप्त उत्तर लेखन

**अपेक्षित सिप विकास : लेखाइ**

१. **विशिष्ट उद्देश्य**

(क) कथा पढेको आधारमा सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन ।

२. **शैक्षणिक सामग्री**

- पाठ्य पुस्तक , सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- बोलाइ अभ्यासको प्रश्न न. ३ को क्रियाकलाप गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गरी उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् र आजका विषय वस्तुबारे विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देश गर्नुहोस् । आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र आवश्यक थप प्रबोधीकरण गर्नुहोस् ।

- लेखाइ अभ्यासको प्रश्न न. ४ का प्रश्नहरू गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी १२ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।

Draft

- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप २**

- सबै विद्यार्थीलाई ७ मिनेटको समय निर्धारण गरी लेखाइ अभ्यासको प्रश्न न. १ को क्रियाकलाप गर्न निर्देशन दिनुहोस् र ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई अन्त्यमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई ‘बन्धनबाट मुक्ति’ (कथा) पाठबाट कुनै एक सङ्क्षिप्त उत्तर आउने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई विद्यार्थी प्रतिबिम्बन गर्ने कार्य सम्पन्न गर्नुहोस् ।

५. **परियोजना कार्य**

लेखाइ अभ्यासको प्रश्न न. ३ को प्रश्नको उत्तर घरबाट ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- अर्को दिनमा गरिने कथा कथनका क्रियाकलापका लागि कथाका बु“दाहरूको तयारी गर्नुहोस् ।

| दिन : चौथो |
|---|

पाठ्य वस्तु : कथा कथन र घटना वर्णन

**अपेक्षित सिप विकास : बोलाइ**

१. **विशिष्ट उद्देश्य**

(क) आफूले जानेसुनेका कथा वा घटना सिलसिला मिलाई भन्न ।

(ख) कथाको कुनै अंशमा आधरित भएर थप कुराहरू राखी काल्पनिक कथा भन्न ।

२. **शैक्षणिक सामग्री**

- कथा कथनका लागि कथाका बु“दाहरू ।

३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणात्मक क्रियाकलाप**

- शिक्षकले विद्यार्थीहरूलाई आफुले जानेको कुनै सानो तर घतलाग्दो कथा सुनाई विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् र विद्यार्थीले पनि आफूले जानेसुनेका कथाहरू वा अविस्मरणीय घटना सिलसिला मिलाई भन्नुपर्ने विषय वस्तुको जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई आफूले जानेसुनेका कथाहरू सिलसिला मिलाई भन्नका लागि केही समय सोच्नका लागि दिनुहोस् र जुनसुकै जातजाति,धर्म,भाषा, सम्प्रदायका कथा भन्न पाइने तर अर्को पक्ष वा वर्गलाई होच्याउने कथा भन्न नपाइने सर्त राख्नुहोस् ।

- कतिपय विद्यार्थीलाई कथा भन्न रुचि नलाग्ने हुन सक्छ त्यस्ता विद्यार्थीलाई आफूले बाल्यकालमा देखेका, सुनेका तथा भोगेका सुख वा दुखका अविस्मरणीय घटनाहरू सिलसिला मिलाई भन्न लगाउनहोस् । यसो गराउ“दा आफूले घटना वर्णनको एउटा नमुना सुनाएर विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप २**

- पालैपालो कथा कथन वा घटना भन्न लगाउनुहोस् र बा“की विद्यार्थीलाई साथीले भनेको कथा वा घटनालाई राम्ररी सुनेर साथीको कथा वा घटना वर्णन समाप्त भएपछि त्यसको बारेमा टिप्पणी गर्नुपर्ने प्रावधान राख्नुहोस् ।

- कथा कथन क्रियाकलापको अन्त्यमा साथीहरूको भनेको कथाको भाषा, शैली, सिलसिला, आदिको बारेमा टिप्पणी गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- निर्देशित पढाइ/सोचाइ क्रियाकलाप ९म्ष्चभअतभम चभबमष्लनरतजष्लपष्लन बअतष्खष्तथ० विधिको प्रयोग गरी कुनै विषय वस्तु वा कथाको केही भाग विद्यार्थीहरूलाई पढ्न लगाई विद्यार्थीको पढाइ र सोचाइमा विकास गराउने क्रियाकलाप गराउनुहोस् ।

- सो क्रममा विद्यार्थीले क्रियाकलापमा सक्रियतापूर्वक भाग लिएको नलिएको अवलोकन गरी कुनै विद्यार्थीमा अलमलको स्थिति देखापरेमा त्यस्ता विद्यार्थीलाई उत्प्रेरित गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय भएमा अर्को कथा कथन क्रियाकलाप पनि गराउन सक्नुहुन्छ । यस्तो क्रियाकलाप गराउ“दा विशेष गरी बोलाइ सिपको विकासमा पछिपरेका विद्यार्थीलाई बढी सक्रिय गराउने पक्षमा विशेष ध्यान दिनुहोस् ।

Draft

- अन्त्यमा विद्यार्थीहरूले प्रदर्शन गरेका सकारात्मक व्यवहारहरूको प्रशंसा गर्दै थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन मूल्याङ्कन**

- आजको कथा कथन कार्यक्रम कस्तो लाग्यो सो अनुभूतिलाई आफ्नो कापीमा लेख्न निर्देश गरी प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य**

- व्याकरण अभ्यासको प्रश्न न. न. ७, ८ र ९ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  कथाको कुनै एक विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गरिएको नमुना ।

| दिन : पा“चौं |
|---|

पाठ्य वस्तु : सप्रसङ्ग व्याख्या

**अपेक्षित सिप विकास : लेखाइ अभिव्यक्ति**

१. **विशिष्ट उद्देश्य**

(क) कथाका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक , कथाको कुनै एक विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गरिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- कुनै मुक्तक , गीत, लघु कथामध्ये कुनै एक सुनाई उत्प्रेरणात्मक क्रियाकलाप सम्पन्न गर्नुहोस् । आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- कथाका कुनै कुनै एक विशिष्ट पङ्क्तिकोसप्रसङ्ग व्याख्या गरिएको नमुना शैक्षणिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र सप्रसङ्ग व्याख्या गर्ने तरिकाका बारेमा

विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई सप्रसङ्ग व्याख्या गर्ने तरिकाका बारेमा थप स्पष्ट पार्नुहोस् ।

- विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् । पाठको लेखाइ अभ्यासको प्रश्न न. ७ का दुई विशिष्ट पङ्क्तिहरूमध्ये एउटा समूहमा एकको मात्र पर्ने गरी कार्य विभाजन गर्नुहोस् र १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २**

- निर्दिष्ट समय समाप्त भएपछि तिन चार ओटा समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि समय कम हुने भएमा बा“की समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देश दिनुहोस् । पाठको लेखाइ अभ्यासको प्रश्न न. ५ र ६ का अभ्यास गर्नका लागि १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषणका दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि समय कम हुने भएमा बा“की समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टा“स्न निर्देशन दिनुहोस् ।

- अन्त्यमा विद्यार्थीहरूले आजको कक्षामा गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औ“ल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन**

- प्रत्येक विद्यार्थीलाई ‘बन्धनबाट मुक्ति’ (कथा) पाठबाट कुनै एक पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्ने प्रश्न लेख्न लगाउनुहोस् । सो प्रश्न आफ्नो नजिकको साथीलाई दिने र सो साथीको प्रश्न आफूले समाधान गरी आआपसमा पृष्ठपोषण लिनेदिने कार्य गर्न निर्देशन दिई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

**५. परियोजना कार्य**

- आआफ्नो धर्म,संस्कृति र परम्परामा आधारित कुनै एक कथा आफूभन्दा अग्रजबाट सुनी त्यसलाई आफ्नै भाषामा लेखी ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  कथाका बु“दाहरू र त्यसका आधारमा कथा लेखिएको नमुना र अर्को एक कथाका बु“दाहरू मात्र ।

| दिन : छैठौं |
|---|

पाठ्य वस्तु : सिर्जनात्मक कार्य (कथा लेखन)

**अपेक्षित सिप विकास : सिर्जनात्मक लेखन**

१. **विशिष्ट उद्देश्य**

(क) निर्देशित (दिइएका) बु“दाहरूको आधारमा कथा लेखेर प्रस्तुतीकरण गर्न ।

२. **शैक्षणिक सामग्री**

पाठ्य पुस्तक, कथाका बु“दाहरू र त्यसका आधारमा कथा लेखिएको नमुना र अर्को एक कथाका बु“दाहरू मात्र ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूलाई ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् र आजको मुख्य पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखी मुख्य क्रियाकलापका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- शैक्षणिक सामग्रीको रूपमा लगिएको कथाका बु“दाहरू र त्यसका आधारमा लेखिएको कथाको नमुना प्रदर्शन गर्नुहोस् र निर्देशित बु“दाहरूका आधारमा कथा लेख्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । विद्यार्थीहरूबाट आएको निष्कर्षलाई समेटी लेख्ने तरिकाका बारेमा आफूले थप स्पष्ट पार्नुहोस् ।

Draft

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र पाठको सिर्जनात्मक खण्डमा दिइएको निर्देशित कथा लेखनका लागि १५ मिनेटको समय निर्धारण गर्नुहोस् ।
- विद्यार्थीहरूले लेखन कार्य गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले लेखेका कथाहरू टोली नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीहरूलाई प्रतिक्रिया र टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि आवश्यक  पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र आफूले लगेको कथाका बु“दाहरू प्रदर्शन गर्नुहोस् र कथा लेखनका लागि १० मिनेटको समय निर्धारण गर्नुहोस् ।
- विद्यार्थीहरूले लेखन कार्य गरेको समयमा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले लेखेका कथाहरू ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीहरूलाई प्रतिक्रिया र टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै थप सुधारका लागि आवश्यक  पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थी समूहले लेखेका कथाहरूलाई एक अर्को समूहमा साटासाट गरेर लेखाइ पक्षका सम्बन्धमा आपसी पृष्ठपोषण आदानपद्रान गर्न ५ मिनेटको समय दिनुहोस् ।

५. **परियोजना कार्य**

- विद्यार्थीले जानेसुनेको कुनै एउटा कथालाई बु“दा बु“दामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियाजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

तार्किक अभिव्यक्तिमूलक मौलिक नमुना रचना ।

Draft

पाठ्य वस्तु : स्वतन्त्र रचना (तार्किक शिल्प)

**अपेक्षित सिप विकास : स्वतन्त्र र मौलिक लेखन**

## १. विशिष्ट उद्देश्य

(क) दिइएको विषय वस्तु वा प्रश्नमा आधारित भएर आफ्नो स्वतन्त्र र मौलिक विचारहरू अभिव्यक्त गर्न ।

## २. शैक्षणिक सामग्री

- तार्किक अभिव्यक्तिमूलक मौलिक नमुना रचना ।

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणा**

- गत दिनको परियोजना कार्य विद्यार्थीहरूमा नै एक आपसमा साटासाट गरी अनुभव आदान प्रदान गर्न लगाई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् र आजको मुख्य पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखी मुख्य क्रियाकलापका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- आफूले लगेको पाठको कुनै पात्रमा आधारित काल्पनिक तथा मौलिक रचना प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् । स्वतन्त्र तथा तर्किक विचारहरू कसरी प्रस्तुत गर्ने सम्बन्धमा केही समय छलफल गराई लघु प्रवचन दिई लेखन सिपका बारेमा थप स्पष्ट पार्नुहोस् । यस क्रममा विद्यार्थीहरूबाट आएका हरेक जिज्ञासाको परिपूर्ति गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई निम्न लिखित प्रकृतिका प्रश्नहरूमध्ये मौलिक चिन्तन र तर्कमा आधारित भएर एउटा कुनै एक प्रश्नको मात्र उत्तर लेख्न निर्देशन दिनुहोस् ।

<u>स्वतन्त्र तथा तार्किक लेखनका नमुना प्रश्नहरू:</u>

(क) चोआलालका कान्छा छोरा कुलतमा फस्नुका कारणहरू के के हुन सक्छन् ? 'बन्धनबाट मुक्ति' कथाका आधारमा अनुमान गरी लेख्नुहोस् ।

(ख) चोआलालका विदेशमा बसेका छोराहरू स्वार्थी प्रवृत्तिका भए पनि बुहारीहरूमध्ये कुनै एउटी सहृदयी र असल प्रवृत्तिकी भएकी भए चोआलालको जीवनमा के कस्तो परिवर्तन आउँथ्यो होला ? आफ्ना विचारहरू



Draft

| |
|---|
| प्रस्तुत गर्नुहोस् । |

- विद्यार्थीहरूले लेख्दै गर्दा अलमल र समस्या देखिएका स्थानमा पुगी आवस्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३**

- विद्यार्थीले गरेका कार्यलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की विद्यार्थीहरूलाई प्रतिक्रियाका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आउ“दा दिनमा थप सुधार गर्नुपर्ने पक्षहरू देखिएमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन**

- साथीहरूले प्रस्तुत गरेका रचनाहरूमध्ये आफूलाई ज्यादै घत लागेको कुनै एउटा कुरा विद्यार्थीलाई भन्न लगाउने र त्यो कुरा मन पर्नुको कारण समेत खुलाउन निर्देशन दिई प्रतिबिम्बन कार्य सम्पन्न गनुहोस् ।

५. **परियोजना कार्य**

- ‘आमाबाबुप्रति छोराछोरीको कर्तव्य’ शीर्षकमा एउटा स्वतन्त्र रचना लेखेर ल्याउने परियोजना कार्य दिनुहोस् ।

६. **परियाजना कार्य (शिक्षकका लागि)**

- आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

  कर्तृ ,कर्म र भाव वाच्यका उदाहरणहरू , वाच्य परिवर्तनका नमुना वाक्यहरू ।

| |
|---|
| दिन : आठौ“ |

पाठ्य वस्तु : वाच्यका किसिम पहिचान र परिवर्तन ।

**अपेक्षित सिप विकास : वाच्यका प्रकार छुट्याउने ।**

१. **विशिष्ट उद्देश्य**

(क) वाक्यका कर्तृ, कर्म र भाव वाच्य पहिचान गर्न ।

(ख) वाच्य परिवर्तन गर्न ।

२. शैक्षणिक सामग्री

- पाठ्य पुस्तक, कर्तृ, कर्म र भाव वाच्यका उदाहरणहरू, वाच्य परिवर्तनका नमुना वाक्यहरू ।

३. **सिकाइ सहजीकरण प्रक्रिया**

(क) **उत्प्रेरणा**

● गत दिनको परियोजना कार्य केही विद्यार्थीहरूलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र मूल्याङ्कन तथा पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । प्रस्तुति गर्न बा“की सामग्री प्रदर्शन पाटीमा प्रदर्शन गर्न निर्देश गर्नुहोस् । आज अध्ययन गरिने मुख्य पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखी जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

● शिक्षकले व्याकरण अभ्यासको प्रश्न न. १ को सामग्री अध्ययन गर्नका लागि ५ मिनेटको समय दिनुहोस् । विद्यार्थीले पढिसकेपछि उनीहरूबाट आएका जिज्ञासाहरूको पूर्ति गर्नुहोस् ।

● विद्यार्थीहरूलाई कर्तृ ,कर्म र भाव वाच्यका उदाहरणहरू प्रदर्शन गरी ती वाक्यहरूमा पाइने अन्तरका विषयमा छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका निष्कर्षलाई समेट्दै वाक्यका कर्तृ, कर्म र भाव वाच्य पहिचान सम्बन्धी धारणालाई आवश्यक परेमा थप उदाहरणसमेत दिई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

● विद्यार्थीहरूलाई तिन तिन जनाको समूहमा विभाजन गरी व्याकरण खण्डको अभ्यास न. २ ,३ र ४ मा दिइएका अभ्यास गर्नका लागि २० मिनेटको समय दिनुहोस् ।

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

● समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप ३**

- शिक्षकले आफूले लगेको वाच्य परिवर्तन गरिएका नमुनाहरू प्रदर्शन गर्नुहोस् र वाच्य परिवर्तन गर्ने तरिकाका बारेमा स्पष्ट पार्नुहोस् । यस क्रममा विद्यार्थीहरूलाई कुनै जिज्ञासा भएमा राख्न लगाई त्यसको परिपूर्ति गर्नुहोस् ।

**क्रियाकलाप ४**

- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी पाठको व्याकरण खण्डको अभ्यास न. ५ मा दिइएका अभ्यास गर्नका लागि ७ मिनेटको समय दिनुहोस् ।

- विद्यार्थीले क्रियाकलाप गरेको समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

- समय समाप्त भएपछि ठाउ“ ठाउ“बाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बा“की समूहलाई मूल्याङ्कन र पृष्ठपोषण आदान प्रदान गर्न प्रोत्साहित गर्नुहोस् ।

४. **प्रतिबिम्बन**

- विद्यार्थीहरूलाई दुई दुई ओटा कर्तृ ,कर्म र भाव वाच्यहरू आफ्नो कापीमा बनाउन निर्देशन दि“दै सो काम सकेपछि आपसमा कापी साटासाट गरी गल्ती भएमा सच्च्याउन समय दिनुहास् ।

५. **गृहकार्य**

तलका प्रश्नहरू घरमा गरेर ल्याउन निर्देशन दिनुहोस् :

१. कोष्ठकमा दिइएको सङ्केतको आधारमा वाच्य परिवर्तन गर्नुहोस् :

(क) आफू त दिनभर घरमै बसिन्छ । (कर्तृवाच्य)

(ख) रमेश दिनहु“ विद्यालय जान्छ । (भाववाच्य)

(ग) हरिले रमेशलाई पिट्यो । (कर्मवाच्य)

(घ) भरियाहरू काम गर्न रुचाउ“छन् । (कर्मवाच्य)

(ङ) हरि सधै“ छिटो छिटो हि“ड्छ । (भाववाच्य)

(च) हरिद्वारा बसबाट खसियो । (कर्तृवाच्य)

(छ) बद्री दिउ“सै निदाउ“छ । (भाववाच्य)

(ज) भाइहरू धुरुधुरु रुन्छन् । (भाववाच्य)

(झ) प्रदीपद्वारा मस्त हाँसिन्छ । (कर्तृवाच्य)

(ञ) आज फुटबल खेल खेलिदै छ । (कर्तृवाच्य)

६. **परियोजना कार्य (शिक्षकका लागि)**

आउ“दो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

दिन : नवौ“

Draft

पाठ्य वस्तु : एकाइ परीक्षा (निरन्तर मूल्याङ्कन)

**अपेक्षित सिप विकास : पाठगत उपलब्धि परीक्षण**

**१. विशिष्ट उद्देश्य**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

**२. शैक्षणिक सामग्री**

- एकाइ परीक्षाका लागि प्रश्न पत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

**३. सिकाइ सहजीकरण प्रक्रिया**

**(क) उत्प्रेरणा**

- विद्यार्थीहरूलाई एकाइ परीक्षामा पालन गर्नुपर्ने नियमहरूका बारेमा जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप गर्नुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

*विषय : नेपाली* *एकाइ : बन्धनबाट मुक्ति (कथा)* *कक्षा : ९*

*पूर्णाङ्क : २५* *उत्तीर्णाङ्क : १०* *समय : ३५ मिनेट*

***खण्ड क***

***सुनाइ र बोलाइ परीक्षण***

*१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् : ५*

*(क) तल दिइएका शब्दहरूलाई शुद्ध उच्चारण गरी सुनाउनुहोस् :*

*शुभेच्छुक, आशीर्वाद, माङ्साब, न्यास्रिँदै,अप्रत्याशित ।*

Draft

(ख)   तपाईंले सुनेको कुनै एउटा नया“ घटना भन्नुहोस् ।

**खण्ड ख**

पढाइ र लेखाइ परीक्षण

२.   तलका शब्दलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :   ३

हिम्मत, राहत, नि ।

३.   तलका शब्दहरूको मिल्दो अर्थस“ग जोडा मिलाएर सार्नुहोस् :   २

| **शब्द** | **अर्थ** |
|---|---|
| याचक | उपचार |
| निदान | मनको पिर |
| बह | चेला |
| शिष्य | पत्ता लगाउनु |
| ....... | माग्ने |

४.   तल दिइएका वाच्यलाई कोष्ठकमा दिइएको निर्देशन अनुसार परिवर्तन गरी लेख्नुहोस् : ५

(क) मैले यो काम गरें । ( कर्म वाच्य )

(ख) ऊबाट घरहरू पोतिए । (कर्तृ वाच्य )

(ग) भोलि पोखरा गइएला । ( कर्तृ वाच्य )

(घ) तपाईंले धेरै गीतहरू गाउनु भएको थियो । ( कर्म वाच्य )

(ङ) म त सधैं“ पशुपति जान्छु । ( भाव वाच्य )

५.   तल दिइएका दुई उद्धरणमध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) ‘पतिपत्नी स“गस“गै जान त चाहन्छन् तर एउटाले बिजोग बेहोर्नै पर्छ ।’

(ख) ‘अब म यो संसारको बन्धनबाट मुक्त भएको छु ।’

६.   तलकामध्ये कुनै एक प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् : ५

(क)   चोआलालका छोराहरूले आफ्ना बाबुआमाप्रति गर्नुपर्ने कर्तव्यलाई कसरी निर्वाह गर्नुपर्थ्यो ?

(ख)   बन्धनबाट मुक्ति कथाबाट के कस्तो शिक्षा लिन सकिन्छ ?

नोटः धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहमा गराउन सकिन्छ ।

Draft

**क्रियाकलाप २**

- निरन्तर मूल्याङ्कन अभिलेख गत एकाइकै ढा“चामा अभिलेख राख्नुहोस् ।

**४. प्रतिबिम्बन**

- परीक्षा सकिएपछि परीक्षा कार्यक्रमको बारेमा आफ्नो अनुभूति लेख्नका लागि अलग्गै कापीको पाना दिनुहोस् ।

**५. परियोजना कार्य (शिक्षकका लागि)**

- कक्षाका सबै विद्यार्थीहरूको पाठ (एकाइ) १६ को निरन्तर मूल्याङ्कन अभिलेख तयार पारी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

**एकाइ १६ का लागि थप सहयोगी सामग्री**

**१. अनुरोध विधि** ९त्जभ चभत्रगभकत उचयअभमगचभ०

विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषय वस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एक जनाले पढ्ने अर्काले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बा“की अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने (यसमा सारांश निकाल्नु पर्दैन) ।

**२. निर्देशित पढाइ/सोचाइ क्रियाकलाप** ९म्ष्चभअतभम चभबमष्लनरतजष्लपष्लन बअतष्खष्तथ०

कुनै विषय वस्तुको केही भाग विद्यार्थीहरूलाई पढ्न लगाउने, त्यस बारेमा प्रश्न सोध्ने, त्यसपछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने, त्यसै गरी बा“की भागहरू पढ्न लगाउने त्यही प्रक्रिया दोहोऱ्याउने ।

**३. वाच्य र वाच्य परिवर्तन :**

वाच्यको सामान्य अर्थ ‘भनाइ’ हो । एक किसिमको भनाइलाई अर्को भङ्गितमा प्रस्तुतीकरण गर्नु नै वाच्य परिवर्तन हो । व्याकरण-प्रयोजनका आधारमा क्रिया र नामको सम्बन्ध व्यक्त गर्ने वाक्यको विधान वा प्रकारलाई वाच्य भनिन्छ । वाच्यमा क्रियाको विषय वा भनाइ केस“ग प्रधानता छ भन्ने कुरा देखाइन्छ । कुनै पनि वाच्यको मुख्य भनाइको सम्बन्ध क्रियास“ग हुने हु“दा क्रियाको रूप अर्थात् लिङ्ग, वचन, पुरुष आदिबाट वाच्यलाई चिन्न सकिन्छ ।

नेपाली भाषा-व्याकरणअनुसार वाच्य तिन किसिमका छन् :

१. कर्तृवाच्य २. कर्मवाच्य ३. भाववाच्य

तल तिन नै किसिमका वाच्यहरूलाई क्रमशः समूह **क** , **ख** र **ग** गरी प्रस्तुत गरिएको छ । ती वाक्य समूहको अध्ययन गरौं :

समूह **क**

Draft

१. हरिले रमेशलाई पिट्यो । (सकर्मक)

२. दिनेश खेत खन्छ । (सकर्मक)

३. विनोद विद्यालय जाँदै छ । (अकर्मक)

४. सीताले घर पोती । (सकर्मक)

५. हामीहरू दिनभर सुत्छौं । (अकर्मक)

समूह **ख**

हरिद्वारा रमेश पिटियो ।

दिनेशबाट खेत खनिन्छ ।

सीताद्वारा घर पोतियो ।

समूह **ग**

विनोदद्वारा विद्यालय गइँदै छ ।

हामीहरूद्वारा दिनभर सुतिन्छ ।

माथिको **क** समूहमा दिइएका ५ ओटा वाक्यमा न. १,२,४ का वाक्यहरू सकर्मक क्रियाले बनेका छन् भने न. ३ र ५ का वाक्यहरू अकर्मक क्रियाले बनेका छन् । कर्तृवाच्यमा भएका वाक्यहरूमध्ये सकर्मक जति कर्मवाच्य समूहमा छन् र अकर्मक जति भाववाच्य समूहमा बदलिएका छन् । फेरि, माथि समूह **क** मा दिइएका वाक्यहरूमा कर्ता प्रधान छ । यसमा प्रयोग भएका क्रियाहरू सकर्मक तथा अकर्मक दुबै छन् । क्रियाहरू कर्ताअनुसारको लिङ्ग, वचन, तथा पुरुषको आधारमा छन् । क्रियाको असर र फल कर्तामा परेको छ । यस अर्थमा ती वाक्यहरू कर्तृवाच्य भएका हुन् ।

समूह **ख** मा दिइएका वाक्यहरू कर्मप्रधान छन् । कर्मवाच्यहरूमा सकर्मक क्रिया मात्र प्रयोग भएको छ अर्थात् सकर्मक कर्तृवाच्यबाट मात्र कर्मवाच्य बनेका छन् । कर्मवाच्यमा प्रयोग भएका क्रियाहरू कर्मअनुसारका लिङ्ग, वचन, तथा पुरुषस“ग मेल खाने छन् । क्रियाको व्यापार र फलको असर कर्ममा परेको छ । यस अर्थमा ती दुबै वाक्यहरू कर्मवाच्य हुन् ।

समूह **ग** मा दिइएका वाक्यहरू कर्ता र कर्म प्रधान नभई भावप्रधान छन् । दुबै वाक्यका क्रियाहरू अकर्मक छन् । क्रियाहरू एकवचन र तृतीय पुरुषका छन् । क्रियाको व्यापार फल पनि क्रियाको भावमा परेको छ । यस अर्थमा ती दुबै वाक्यहरू भाववाच्य हुन् ।

अतः कर्तृवाच्य सकर्मक, अकर्मक दुबै हुन सक्छन् । वाच्य परिवर्तन गर्दा कर्तृवाच्य सकर्मक भए कर्मवाच्य बनाइन्छ, अकर्मक भए भाववाच्य बनाइन्छ । त्यस्तै वाच्य परिवर्तन गर्दा कर्म वा भाववाच्यलाई कर्तृवाच्यमा रूपान्तरण गरिन्छ । वाच्य परिवर्तन गर्ने तरिकालाई तलको तालिकाले पनि स्पष्ट पार्दछ :

Draft

वाच्य परिवर्तन-तालिका




४. **वाच्य परिवर्तन गर्ने तरिका :**

कर्तृवाच्यबाट कर्मवाच्य वा भाववाच्यमा :

१. कर्तृवाच्यमा भएको ‘ले’ विभक्ति चिह्न हटाएर त्यसको सट्टा ‘द्वारा’ वा ‘बाट’ राख्नुपर्छ। जस्तैः

(क) गुञ्जमानले औषधी खायो ।

गुञ्जमानद्वारा औषधी खाइयो ।

(ख) मैले त्यो काम सम्पन्न गरें ।

मबाट त्यो काम सम्पन्न गरियो ।

२. वाक्यमा भएका विभिन्न पक्ष वा भावका धातुमा ‘इ’ थपेर कालअनुसारका रूप चलाउनुपर्छ। जस्तै :

(क) रमेश खेत खन्दै छ ।

रमेशद्वारा खेत खनिदै छ ।

(ख) सुनिता घर जालिन् ।

सुनिताबाट घर गइएला ।

(ग) विनोदले रूख ढाल्यो ।

विनोदद्वारा रूख <u>ढालियो</u> ।

३. आज्ञार्थ तथा इच्छार्थ क्रियाको धातुमा भने ‘इयोस्’ थपिन्छ। साथै इच्छार्थक तथा आज्ञार्थ वाक्यको धातुमा ‘इयून्’ थपेर पनि वाच्य परिवर्तन गर्न सकिन्छ। जस्तैः

किताबहरू पढ ।          आ“खा बन्द गर ।

Draft

किताबहरू पढियून् ।                          आ“खा बन्द गरियून् ।

४. कर्तृवाच्यमा कर्ता ‘म त’ भएमा वाच्य परिवर्तन गर्दा त्यसको सट्टा ‘आफू त’ राखिन्छ । जस्तै :

(क) म त तिमीले भनेको मान्दिनँ ।

आफू त तिमीले भनेको मानिँदैन ।

(ख) म त चाँडै घर जान्छु ।

आफू त चा“डै घर गइन्छ ।

५. कर्मवाच्यमा बहुवचनिक कर्मपद भएमा क्रियापद पनि (कर्मअनुसार) बहुवचनिक नै प्रयोग गर्नुपर्छ । जस्तै :

लखनले गाईहरू लखेट्यो ।

लद्वारा गाईहरू लखेटिए ।

## ५. निर्देशित कथा नमुना शैक्षणिक सामग्री

**निम्न बु“दाको आधारमा छोटो कथा लेख्नुहोस् ।**

एउटा छोडाको बछेडो - आमाले उसलाई एक बोरा गहु“ खोलापारि गई विजेर ल्याउन अह्राउनु - बाटामा एउटा नदी भेट्याउनु

उसले एउटा गोरुलाई नदी तर्न सकिन्छ कि सकि“दैन भनी सोध्नु - गोरुले पानी धेरै छैन तर्न सकिन्छ भन्नु - बाटामा लोखर्के पनि भेटिनु - लोखर्केले पानीमा डुबिने कुरो बताइ नदी तर्न नदिनु - बछेडो अलमल्ल परी घर फर्कनु र आमालाई सबै कुरा भन्नु - आमाले गोरु अग्लो र लोखर्के सानो भएको कुरा बताइ बुद्धि लगाउनु भन्नु -बछेडोले कुरा बुझ्नु -ऊ नदी तरी पारी पुग्नु र आफ्नो काम गरी फर्कनु ।

<u>**कुरा सुन्नु बूढाको**</u>

धेरैधेरै वर्ष पहिले एकादेशमा सडक र यातायातको अभाव भएको गाउ“मा एउटा धनी परिबार बस्थे । त्यस परिबारमा घोडाहरू पनि पालेका थिए । त्यस परिबारको सबारी साधन र ढुवानी गर्ने साधनको रूपमा घोडाहरू थिए ।

एक दिन घोडीले आफ्नो बछेडोलाई एक बोरा गहु“ खोलापारि लगी घट्टमा पिँधेर ल्याउन अह्राई । खोलावारि घट्ट थिएन । बछेडो गहुँ बोकेर घट्टमा पिँध्न जादै थियो । बछेडालाई खोलो तर्न सकि“दैन कि भन्ने डर र शङ्का लागेको थियो ।बाटामा उसले एउटा गोरुलाई भेट्यो । गोरुलाई सोध्यो,“ए गोरु दाइ १ त्यो नदी तर्न सकिन्छ कि सकिदैन ?गोरुले भन्यो,”त्यो नदीमा पानी धेरै छैन सजिलै तर्न सकिन्छ ।” बछेडो आँट र साहसका साथ खोलो तर्नै लाग्दा लोखर्केलाई भेट्यो र सोध्यो, “ए लोखर्के १ यो नदी तर्न सकिन्छ ?”

लोखर्केले भनेछ,"अहो १ बछेडो भाइ १ यो नदी त ठुलो छ । यहाँ त चुर्लुम्मै डुबिन्छ,खोला नतर।" लोखर्केका कुरा सुनेर बछेडो अलमल्ल परी घर फर्कियो र आमालाई सबै कुरा सुनायो ।

उसकी आमाले भनिन्,"बाबू, गोरु अग्लो र बलियो हुन्छ । त्यो नदीको पानीले उसलाई केही गर्न सक्दैन,सजिलै तर्न सक्छ । तिमी गोरुभन्दा साना छौ र त्यति बलिया पनि छैनौं । त्यसैले गोरुलाई सजिलो भएको काम तिमीलाई गाह्रो पनि हुन सक्छ ।लोखर्के तिमीभन्दा सानो छ । उसले गर्न नसक्ने काम तिमी सहजै गर्न सक्छौ । त्यसैले काम गर्दा आफ्नो बुद्धि
लगाउनुपर्छ । कुरा बुझ्यौ बाबु ? तिमी खोला तर्न सक्ने भएर नै मैले तिमीलाई पठाएको हो ।"

आमाले भनेको कुरा बछेडाले राम्ररी बुझ्यो । अनि उसले कसैको कुरा नसुनी सजिलोस""ग नै खोला तर्‍यो र गहुँ पनि पिनेर ल्यायो । यसैले धेरै अरूका कुरा नसुनी आफ्नो बुद्धि पनि लगाउनुपर्छ र बूढा बाबुआमाको  कुरालाई सुन्नुपर्छ भन्ने यस कथाले शिक्षा दिन्छ ।

**समाप्त**

Draft